२८९

# भक्तपुर मासिक

Bhaktapur Monthly
मङ्सिर २०७७
ISSN 2705-4454






# किम इल सङ्को संस्मरण
# शताब्दीका साथ



रसायनिक मल सहज उपलब्ध गराउन कृषिमन्त्री घनश्याम भुषालसँग सांसद प्रेम सुवाल, प्रमुख सुनिल प्रजापतिलगायतको टोलीबाट ध्यानाकर्षण (मङ्सिर ७ गते)



भक्तपुर क्यान्सर अस्पताल सञ्चालन कार्यविधिमा भएको अस्पष्टता सम्बन्धमा स्वास्थ्यमन्त्री भानुभक्त ढकालसँग सांसद प्रेम सुवाल,प्रमुख सुनिल प्रजापतिलगायतको टोलीबाट ध्यानाकर्षण (मङ्सिर ७ गते)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१०  फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì{ #* ☆ cÆ ! ☆ g}; ❘!$! ☆ |j=; ❘@)&&d|; / ☆ A.D.2020

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)





'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

## ‘राष्ट्र भाषा हाम्रो सार्वजनिक सम्पत्ति हो, सबैले सुरक्षित राख्नुपर्छ यो सबैको हृदयको ध्वनि हो ।’– लक्ष्मीप्रसाद देवकोटा

### यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
| --- | --- | --- | --- |
| १) | नेपाल संवत् ११४१ को शुभारम्भमा | – | ३ |
| २) | नेपाल संवत् र यसको महत्त्व | प्रो. माणिकलाल श्रेष्ठ | ८ |
| ३) | कोरोनाविरुद्ध लड्न एकीकृत शक्तिको खाँचो | सुनिल प्रजापति | ११ |
| ४) | सुशासन कि स्थानीय तहमाथि नियन्त्रण ? | विवेक | १३ |
| ५) | काठमाडौंको रानीपोखरी पुनःनिर्माणमा भक्तपुरको योगदान | सुमन | १५ |
| ६) | गरे के हुँदैन ? हेरौं भक्तपुर नगरपालिका | भैरव रिसाल | १९ |
| ७) | नेपालको प्राचीन र मध्यकालीन इतिहास जान्ने स्रोतसामग्रीहरू | डा. बलराम कायस्थ | २१ |
| ८) | रणजित मल्लको अन्तिम प्रयास | ओम धौभडेल | २६ |
| ९) | खेलकुद र भक्तपुर नगरपालिका | श्यामकृष्ण खत्री | २९ |
| १०) | ज्यापू जातिको बालककालीन जीवनमा गरिने विभिन्न संस्कारहरू–२ | डा. हरिराम सुवाल | ३१ |
| ११) | योजनाबद्ध विजययात्राको प्रारम्भ | हउ याङ्छी | ३५ |
| १२) | नाटक र भालु नाचबारे सङ्क्षिप्त चर्चा–२ | विगोल | ३७ |
| १३) | अल्फ्रेड बर्नहार्ड नोबेल | राजेन्द्रबहादुर कायष्ठ | ४२ |
| १४) | प्राङ्गारिक र रासायनिक मल | सबिन ख्याजू | ४५ |
| १५) | किम इल सङको संस्मरण : शताब्दीका साथ – भाग ९ | – | ४७ |
| १६) | ‘सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धार’ सचित्र पुस्तकबारे केही चर्चा | कृतिका प्रजापति | ५३ |
| १७) | भक्तपुर नपाको आइसोलेसन केन्द्र एक अविस्मरणीय अनुभव | नरेश शाक्य | ५४ |
| १८) | भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय | – | ६३ |
| १९) | एङ्गेल्सको द्वि शताब्दीऔँ जयन्ती : एङ्गेल्सका कृतिहरूमाथि परिचर्चा | – | ६७ |
| २०) | प्रदूषण गर्ने उद्योग स्थानान्तरणबारे प्रमुख प्रजापतिसँग कार्यदलका संयोजक रेग्मीको भेट | – | ६८ |
| २१) | कीर्तिपुर र दक्षिणकाली नपाको टोली भक्तपुरमा | – | ६९ |
| २२) | इन्टरनेट युद्ध : नयाँ प्रविधिबाट क्युवाली क्रान्तिलाई परास्त गर्ने संरा अमेरिकी योजना | – | ७३ |
| २३) | प्रजिअ हुमकला पाण्डेको बिदाइ | – | ७५ |
| २४) | रासायनिक मल उपलब्ध गराउन कृषि मन्त्रीको ध्यानाकर्षण | – | ७७ |
| २५) | निर्णय कार्यान्वयन नभएसम्म वातावरण प्रदूषण नियन्त्रण सम्भव छैन | – | ७८ |
| २६) | ‘भाषा बोल्ने जनता नभएपछि भाषा पनि बिलाउने’ | – | ८० |
| २७) | भक्तपुर अस्पतालमा आइसीयु कक्ष र पीसीआर प्रयोगशाला उद्घाटन | – | ८३ |
| २८) | भक्तपुर क्यान्सर अस्पतालका कर्मचारी समस्याबारे स्वास्थ्यमन्त्रीसँग छलफल | – | ८४ |
| २९) | सहकारी संस्थाहरूको वार्षिक साधारणसभाबारे छलफल | – | ८४ |
| ३०) | ‘कोभिडको महामारी परेका श्रमिकहरूको व्यवस्थापनमा स्थानीय तहको भूमिका’ बारे छलफल | – | ८७ |
| ३१) | भक्तपुर क्यान्सर अस्पताल अब सरकारी अस्पतालसरह | – | ८९ |
| ३२) | प्रकोप व्यवस्थापन कोषलाई आर्थिक सहयोग जारी | – | ९२ |
| ३३) | विद्यालय सञ्चालनको विषयमा सरोकारवालाहरूसँग छलफल | – | ९३ |
| ३४) | म्याराडोनाको निधनमा विश्वका नेताहरूद्वारा श्रद्धाञ्जली | – | ९४ |
| ३५) | संरा अमेरिकाका नवनिर्वाचित राष्ट्रपति र उपराष्ट्रपति | – | ९६ |
| ३६) | भक्तपुर नगरका सहकारी संस्थाको विवरण | – | ९८ |
| ३७) | ‘भक्तपुर’ वर्ष ३७ को विषय सूची | – | १०७ |
| ३८) | भ्रष्टाचारमा नेपाल नम्बर एक (सम्पादकको पृष्ठ) | – | ११२ |

**साथमा** : बसिबियाँलो–१४/भक्तपुर औद्योगिक क्षेत्रबाट प्रदूषण गर्ने उद्योग दर्ता खारेजीको माग–२०/बजार अनुगमन–५६/तस्बिरमा केही गतिविधि (रगीन पृष्ठ)–५७/म एकान्त कुमारी हुँदा–सानुमैया शाक्य–६१/हनुमन्ते खोलामा रसायनयुक्त तरल पदार्थ मिसाएकोमा स्थानीयको विरोध–७१/कालदहचा र इन्द्रायणी पीठ ढुङ्गे धारामा सरसफाइ–७१/नर्सिङ र सिभिलका विद्यार्थीहरूलाई मार्गनिर्देशन–७२/भक्तपुर जिल्लामा कोरोना–७५/रासायनिक मल समयमै उपलब्ध गराउन आग्रह–७६/विश्व दीर्घ दम खोकी दिवसको अवसरमा प्रवचन –७९/कोभिड नियन्त्रणबारे ज्ञापनपत्र हस्तान्तरण–८५/कोरोना रोकथामबारे विनेभासाका पदाधिकारीहरूसँग छलफल–८५/कोभिड १९ रोकथाम, नियन्त्रण तथा उपचारबारे छलफल–८६/वागीश्वरी माविको नयाँ भवन शिलान्यास–८८/ध्वनि र धुवाँ प्रदूषण गर्ने उद्योग स्थानान्तरणबारे छलफल–९०/‘कर्मचारीको मूल्याङ्कन प्रमाणपत्रले नभई व्यवहारमा जनताले गर्ने’–९१/नगर प्रमुख प्रजापति र नगर विकास कोषका कार्यकारी निर्देशक सापकोटाबीच भेट–९१/नेपालमा कोरोना सङ्क्रमण–१०२/विश्वमा कोभिड–१९ कोस्थिति–१०३/स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (१३)–१०५/Henry Ambrose Oldfield's(55)-106/

# नेपाल संवत् ११४१ को शुभारम्भमा

(नेपाल संवत् ११४१ न्हू दँको अवसरमा नेपाल भाषा साहित्य त:मुंज्याले अनलाइनमार्फत कार्तिक ३० गते गरेको शुभकामना आदानप्रदान कार्यक्रममा व्यक्त केही विचारहरू यहाँ दिइएको छ ।)

## 'हरेक भाषा मानव सभ्यताको सम्पत्ति हो'

– नारायणमान बिजुक्छेँ (रोहित)
अध्यक्ष, नेपाल मजदुर किसान पार्टी



सहभागी साथीहरू तथा मजदुर र किसान जनतामा नेपाल संवत् ११४१ नयाँ वर्षको अवसरमा शुभकामना व्यक्त गर्दछु ।

भाषा नै नभए हामीले कसरी बोल्ने ? मनको कुरा कसरी बताउने ? एउटा भाषा विकास गर्न सयौँ, हजारौँ वर्ष लाग्छ । हरेक भाषा मानव सभ्यताको सम्पत्ति हो । यसकारण हरेक भाषा संरक्षणमा ध्यान दिनु जरुरी छ । भाषाको विकासबाट साहित्यको पनि विकास हुन्छ । साहित्यले जनतालाई उठाउन सजिलो हुन्छ, नयाँ नयाँ विकास गर्न सजिलो हुन्छ । हडप्पा सभ्यता, मोहेनजोडारो र मिश्रको सभ्यताको अक्षर, लिपि भए पनि मान्छे नभएकोले भाषा रहेन । भाषा नरहे धेरै कुरा हराउँछ । मानव हरायो भने भाषा हराउने भएकोले हामीले मानिस जिउनुपर्ने भन्दै आएका हौँ । यसमा सरकारले जति ध्यान दिनुपर्ने हो त्यति ध्यान दिएको छैन । हामी जनताले पनि बुझ्न सकेनौँ ।

हामीलाई रुघा लागेसरि कोभिड-१९ रोग रहिरहे कुनै पनि बेला धेरै मान्छे मर्न सक्छन् । यो रोगले दुई तीन परिवारका सबै सदस्य मरेको हामीले अखबारबाट थाहा पाएका छौँ । रोग लागे पनि मान्छेले पत्तो पाउन सकेको हुँदैन । रुघा लाग्दा र छाती दुख्दा पनि तुरुन्तै अस्पताल जान नसक्नु र अस्पतालले पनि बिरामीलाई सहजै भर्ना नलिँदा मानिस अकालमा मरिरहेका छन् । यसमा उपत्यकाका जनताले धेरै ध्यान दिनु आवश्यक अनुभव हुँदै छ । किनभने यहाँ जनसङ्ख्याको घनत्व बढी छ ।

नगर विकास गर्छु भनेर बाहिरबाट आउने इन्जिनियरहरू नै काठमाडौँ उपत्यका विनाशका दोषी हुन् । हामीले देशको सन्तुलित विकास गर्नुपर्छ, सबै जनतालाई एकै ठाउँमा राख्नु हुन्न भन्नेमा जोड दिँदै आएका छौँ । सबै अण्डा एउटै टोकरीमा राख्दा केही गरी टोकरी खस्यो भने सबै अण्डा फुटेजस्तै सबै मान्छे एकै ठाउँमा राख्दा महामारीमा धेरै मानिस मर्न सक्ने र सभ्यता नै समाप्त हुने सम्भावना हुन्छ । नगर विकासको नाममा ठूलठूला घर बनाउने र निर्माण सामग्री उद्योगीबाट कमिसन खाने तथा करोडपति र अर्बपति हुने अनि जनता मार्नेमात्र जानेका छन् शासकहरूले । भोलि आउनसक्ने सङ्कटको बारे यिनीहरूले ध्यान दिएनन् । हामीले २०/३० वर्षदेखि नै यस्तो विषयमा संसदमा आफ्नो विचार राख्दै आएका छौँ । यो स्थिति आउला भनी उनीहरूले विचारै गरेनन् । यसकारण हामीले सङ्घर्ष नगरी नहुने भयो ।

गत वैशाखको बिस्केट पर्वपछि हामीकहाँ कोरोना सङ्क्रमण बढ्यो । बाहिरबाट धेरै मान्छे उपत्यका प्रवेश गरेका कारण हलमुल बढ्दो छ । कसैमा रोग छ कि छैन हेरेर थाहा हुन्न । पहिला घेरभेटीलाई रोग सऱ्यो, त्यसपछि टोलका मान्छेमा र नातागोता, दाफा, भजनमा भेटिएका मान्छेलाई रोग सऱ्यो । रोगी व्यक्तिले छोएको ठाउँमा अर्को मान्छेले छुँदा अरूलाई पनि रोग सर्ने भयो । त्यसकारण दुई मिटरको दूरी कायम गरी बस्नुपर्ने र हात धोइराख्नुपर्ने हो । घरमा आएका कोही रोगीबाट रोग सर्न सक्छ । यो रोग नयाँ र अत्यन्तै सङ्क्रामक भएकोले यसको बारेमा अनुसन्धान भइरहेको छ । रोगीसँगै बसेर भोज खाँदा पनि रोग सारेको पाइन्छ । भक्तपुरका वडाध्यक्ष साथीहरूले घर-घरमा गएर जनतासँग प्रत्यक्ष भेटघाट गरिरहेको कारण हाम्रा साथीहरूलाई पनि यो रोग सऱ्यो । त्यसकारण हामी सतर्क हुनुपर्छ ।

नेवारी समुदायमा पहिला-पहिला बाहिरबाट

आउनेहरूलाई छुट्टै बसाल्ने र परदेशबाट आएका सदस्यलाई घरमै अलग सुताउने परम्परा थियो । यस विषयलाई हामीले बिर्स्यौं । बाहिरबाट कुनै धातुको वस्तु घरभित्र लग्नुअघि आगोमा छुवाउने परम्परा थियो । विदेशबाट आएको मान्छे कपाल खौरेर, नुहाएर सफा भई घर छिर्ने चलन थियो । खाना पनि अलग दिइन्थ्यो । यो रोगबाट बच्न पनि त्यसो गर्नुपर्नेरहेछ ।

अहिले तलदेखि बुइँगलसम्म जुत्ता लगाउने चलन हुँदै आएको छ, यो राम्रो होइन । बरु पहिलेकै चलन राम्रो थियो । हामीले मासुलगायतका खानेकुरा बाहिरबाट ल्याउँदा एक्कासि भान्सामा लाँदैनथ्यौँ । केही समय बाहिर राखेर वा सामान पखालेरमात्र भित्र लैजाने चलन थियो । मासुमा बेसार दलेर भित्र लग्ने चलन थियो । यस्तो कुरा जान्ने ज्येष्ठ नागरिकहरू आज कम छन् । स्वास्थ्यको बारेमा हामी सचेत बन्नुपर्छ । बरोबर साबुन पानीले हात धुने बानी बसाल्ने, दूरी कायम गरेर बस्ने, मुखमा मास्क लगाउने गर्नुपर्छ । चिकित्सकहरूको सल्लाहअनुसार अहिले कोरोनाको महामारी रहेसम्म कसैकोमा भोज नजाने, कसैलाई भोज पनि नबोलाऔँ र दाफा भजनमा जाने पनि ठीक होइन ।

बेलायतबाट हिन्दुस्तान गएको एकजना सिने कलाकारले पुगेकै दिन एउटा होटेलमा भोज बोलाएको थियो । सबैसँग हात मिलाएछ । त्यहीँबाट धेरैलाई कोभिड- १९ सरेको थियो । हामीले पनि यो महामारीको बेलामा कसैलाई भोज बोलाउनु भनेको रोग सार्नुजस्तै हुन जान्छ । यसकारण चाडबाडमा हामी सतर्क होऔँ ।

औद्योगिक क्षेत्रमा रहेका कारखानाहरूले तेजावजस्तै रसायनिक पदार्थ बगाइरहेका छन् । त्यस्ता रसायन ढलमा मिसिन्छ । ढलबाट खोलामा जान्छ । हामीले खोलाको पानी हातमुख धुन, खेतबारीमा सिचाइँ गर्न र कपडा धुन प्रयोग गरेका छौँ । सरकारले जानाजान गरिब जनतालाई मार्ने योजना बनाउँदै छ । यहाँका किसान मारेर खेतबारी सस्तोमा लिने उनीहरूको सोच छ । यसकारण सघन बस्तीबीचको औद्योगिक क्षेत्रमा रहेका त्यस्ता कारखानाहरू बन्द गर्नुपर्छ । नेपाली कांग्रेसको सरकारकै बेला यस्तो गल्ती भएको थियो । नेपाली कांग्रेसले हिन्दुस्तानबाट आएका केही मारवाडीहरूसँग पूँजी लिएर उद्योग चलाउन दियो । ती मारवाडीहरूलाई यहाँका मान्छेहरू मर्नुसँग कुनै मतलब हुँदैन । उनीहरूले वर्षको ८/१० हजार रुपैयाँ बहाल तिरेर हाम्रो करोडौँ पर्ने जमिन कब्जा गरिरहेका छन् । हस्तकला उद्योग सञ्चालन गरेर यहाँका मान्छेलाई काम दिने भनेर सस्तोमा जमिन लिएर बनाइएको थियो 'सानो उद्योग क्षेत्र' । अहिले करोडपति, अर्बपतिलाई उद्योग चलाउन दिएर सरकारले गल्ती गर्‍यो । नेपाली कांग्रेसका हरेक कार्यकर्तालाई हामीले भन्नुपर्छ, तिमीहरूले गर्दा हाम्रो देशले दुःख पाएको हो । अहिले एमाले र माओवादीको नेकपा सरकारले पनि त्यही काम दोहोर्‍याइरहेको छ । उपत्यकावासीलाई जातीय हिसाबले नै उठिबास लगाउन यिनीहरू ठूलो षड्यन्त्र गर्दैछन् । शासक वर्गहरू जहाँका भए पनि हत्यारा नै हुन्छन् । दास व्यवस्थामा पनि यस्तै थियो । अहिले नेपालका शासक वर्ग सङ्कीर्ण छ । अरूलाई उनीहरू उठ्नै दिँदैनन् । अहिलेको सरकार पनि जातिवादी छ । यहाँका जनताको पिरमर्कामा यिनीहरू हेर्दै हेर्दैनन् । यसकारण जानेर वा नजानेर सरकारमा गएका पार्टी कार्यकर्ताहरूले आफ्नो खुट्टामा बन्चरो हानिरहेका छन् ।

वर्तमान शासक वर्गले आफ्नो जात र धर्मबाहेकका अरू सबैलाई सानो ठानेको छ । यिनीहरूमा बडाराष्ट्र अहङ्कारवादको घमण्ड छ । नेपाली कांग्रेस, एमाले, माओवादी, राप्रपा सबै सङ्कीर्ण बडाराष्ट्र अहङ्कारवादीहरू हुन् । हिटलर र मुसोलिनीले जस्तै यिनीहरू अरू धर्म, जात, भाषा संस्कृतिलाई देखी सहँदैनन् । अमेरिकामा काला मानिसलाई समातेर घाँटी थिचेर मारियो । त्यहाँ ठूलो उपद्रव तथा आन्दोलन भयो । यहाँका जनता सहेर बसेका छन् ।

सरकार १० लाख रुपैयाँ पर्ने जग्गालाई १ लाखमा अधिग्रहण गर्न खोज्छ । फास्टट्र्याकमा पनि जनताको जग्गा कौडीको मोलमा लिएर जनताको उठिबास गर्न खोजिरहेको छ । सबै मान्छे काठमाडौँमा केन्द्रित गरिँदा एउटा एटम बम खसालियो भने लाखौँ लाख मान्छे मर्न सक्छन् । यहाँ हिरोसिमा र नागासाकीको नियति हुनसक्छ । मानव बस्तीनजिक सेनाको व्यारेक राख्नुहुन्न । नगर वा बस्तीभन्दा कमसेकम २० किलोमिटर टाढा राख्नुपर्छ । लडाइँ भएको बखत सबभन्दा पहिले सैन्य व्यारेकमा आक्रमण हुन्छ । भारत र अमेरिकाले जहाँ पनि बम आक्रमण गर्नसक्छन् । लडाइँमा आक्रमण हुन्छ । त्यसकारण सबै मान्छे एकैठाउँमा जम्मा गर्नु हुन्न, टाढा टाढा राख्नुपर्छ, देशको सन्तुलित विकास गर्नुपर्छ भनेर हामीले संसदमा २५ वर्षभन्दा पहिले आवाज उठायौँ तर शासकहरूले सुनेनन् । जसरी पनि काठमाडौँ उपत्यका ध्वस्त गर्ने उनीहरूको यस्तो सोच गलत हो ।

रोगव्याधीको समयमा पैसा हुनेहरूले त उपचार गर्नसक्छन् तर पैसा नहुने गरिबहरू मर्नेछन् । बरु, सबै प्रदेश राजधानीमा बजार, उद्योग, कलेज, विद्यालय, अस्पतालको विकास गर्नुपर्ने हो, प्रदेश सरकारले त्यसो गरेन । अहिलेसम्मका सबै प्रधानमन्त्री र सरकार यसका दोषी छन् । सिंहदरबारमा जुन जुन प्रधानमन्त्रीहरूको फोटो झुन्ड्याइएको छ, उनीहरूलाई त कठघरामा राखे बराबर हो । प्रधानमन्त्री भएर सरकारमा गएर गलत काम गर्नेहरूमध्ये बाँचेकाहरू पनि मरे बराबर

हुन् । मरिसकेका र जिउँदा लासजस्ता सबै पूर्वप्रधानमन्त्रीहरू आजको देशको स्थितिको निम्ति जिम्मेवार छन् ।

अमेरिकामा अन्य सबै जातजातिहरूलाई दबाउने ट्रम्पले गरेको व्यवहारको कारण अमेरिकी जनता विरोधमा उत्रिएका थिए र जनता मिलेर ट्रम्पलाई हराएका हुन् । तर, ट्रम्पको जस्तै बुद्धि भएका, अरूलाई उठ्नै नदिनेहरू प्रतिक्रियावादीहरू अहिले पनि छन् । हामीकहाँ पनि यस्तै हो । हिन्दुस्तानका मोदी सरकार उस्तै छ । त्यहाँ हिन्दू धर्म बाहेकककालाई मार्ने, काट्ने, दबाउने काम भइरहेका छन् । नेपालीहरू पनि त्यहाँ छन् । नेपालीहरूलाई 'तिमीहरू वीर' भनेर लडाईंमा अगाडि राख्छन्, पाकिस्तानसँग लड्नु परे पनि र चीनसँग लड्नु परे पनि अगाडि राख्ने गर्छन् । अङ्ग्रेजहरू पनि त्यस्तै गर्छन् । उनीहरू आफू बाँच्नको निम्ति अरूलाई बलि चढाउने गर्छन् ।

अन्त्यमा, जनताको भाषा भएन भने यस्ता कुरा कसरी बुझ्ने ? यसकारण भाषा आवश्यक छ । हामी जनता नै रहेनौं भने भाषा पनि रहँदैन । अरूका भाषा पनि हामीले सिक्नुपर्छ, अन्य भाषामा राम्रा राम्रा पुस्तक र साहित्यहरू भए अनुवाद गर्नु आवश्यक छ । मैथिली, भोजपुरी, तामाङ, राई, लिम्बु आदि सबै भाषाको जगेर्ना गर्नु जरुरी छ । विद्यालयमा त्यस्ता भाषा जान्नेहरू हुनुपर्छ । हामी कर्मचारी भएर तराईतिर गयौं भने त्यहाँका जनताले यहाँको भाषा नबुझ्न सक्छन् । अन्य ठाउँमा पनि त्यस्तै हो । उनीहरूको भाषामा बुझाउन सकियो भने राम्रो हुन्छ । यो सबै कुरा बुझेर साथीहरू अगाडि बढ्नु हुने आशा गर्दछु ।

# नेपाल संवत् र नेपालभाषाः मानव सभ्यता र संस्कृतिको महत्त्वपूर्ण श्रृङ्खला

– प्रेम सुवाल
सचिव, नेपाल मजदुर किसान पार्टी तथा सांसद




नेपाल संवत् ११४१ नयाँ वर्षको अवसरमा देश र विदेशमा बसेका सबै नेपाली दिदी बहिनी र दाजु भाइहरूलाई शुभकामना व्यक्त गर्दछु । ११४१ वर्ष पुगेको नेपाल संवत्मा मानव सभ्यता र संस्कृतिको महत्त्वपूर्ण श्रृङ्खला छ । राणा प्रधानमन्त्री चन्द्र शमशेरले आफू शासन सत्तामा पुगेको दोस्रो कार्यकाल अर्थात् विक्रम संवत् १९६० यतामात्र नेपालमा विक्रम संवत् सुरु गरेका हुन् । सरकारले विसं १९५८ देखि गोरखापत्र पत्रिका प्रकाशन गरेको हो । त्यसबेला गोरखापत्रमा नेपाल संवत् १९५८ भनी उल्लेख गरियो । यसरी उल्लेख गर्ने काम १९५९ र १९६० सम्म भयो । विक्रम संवत् सुरु भएपछि पनि सरकारी कागजपत्रमा विक्रम संवत्कै मितिमा ईति संवत् भनी उल्लेख गरिएको थियो । विक्रम संवत् भारतीय राजाको नामबाट बनाइएको र प्रचलनमा ल्याइएको हुँदा नेपालमा यो संवत् अप्ठेरो मानी ईति संवत्कै नाममा सुरु गरिएको हुनुपर्छ । यसबारे प्राध्यापक माणिकलाल श्रेष्ठले २०६४ साल कार्तिक २३ गतेको गोरखापत्रमा लेख प्रकाशित गर्नुभएको छ ।

नेपालले सन् १९५५ मा संयुक्त राष्ट्र सङ्घको सदस्यता प्राप्त गर्न नेपाली लिपिको रूपमा नेपालभाषाको 'रञ्जना लिपि' पेश गरेको हो । ऐतिहासिक र कूटनीतिक महत्त्व भएको यो लिपिबारे सरकारले सबै विद्यालयमा अध्यापन गर्न गराउन पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्नु आवश्यक छ ।

प्राध्यापक श्रेष्ठले 'नेवार को हुन् ?' लेखमा नेवारको पुरानो भाषा तामाङ भएको र पछि नेवारहरूले तामाङ भाषा छाडेर नेपालभाषाको विकास गरेको पनि उल्लेख गर्नुभएको छ । यसकारण, नेपाल संवत् र नेपालभाषाको विकासबारे हाम्रो नयाँ पुस्ताले अध्ययन एवम् अनुसन्धान गर्नु आवश्यक छ । स्थानीय सरकार काठमाडौं उपत्यकाका नगरपालिकाहरूले यसबारे अगुवाइ गर्नु उपयुक्त हुनेछ ।

**देशको असन्तुलित विकाससँगै सांस्कृतिक सम्पदाको विनाश**

काठमाडौं उपत्यकामा सांस्कृतिक सम्पदाको विनाश बढ्दो छ । यसको मुख्य कारण देशको सन्तुलित विकास नगरिएको र उपत्यकामै देशको जनसङ्ख्या केन्द्रिकृत गरिनु हो । जनसङ्ख्या केन्द्रित गरिएसँगै काठमाडौं उपत्यकामा खानेपानी, फोहोरमैला व्यवस्थापन, ध्वनि, धुवाँ एवम् रसायन प्रदूषणको समस्या र अपराधको सङ्ख्या पनि बढ्दो छ । यसकारण सरकारले देशका सन्तुलित विकास गर्नु आवश्यक छ ।

भारतको राजधानी दिल्लीमा ध्वनि, धुवाँ प्रदूषणबाट त्यहाँका मानिसलाई श्वास फेर्न गाऱ्हो भएको समाचार पुरानो हो। काठमाडौँ उपत्यकामा यही गतिमा प्रदूषण बढे यहाँका मानिसहरूलाई पनि श्वास फेर्न गाऱ्हो हुनेछ र फोक्सोको रोगी बढ्नेछ।

नेपाल सरकारको हालका प्रम केपी ओली र अर्थमन्त्री विष्णुप्रसाद पौडेलले ल्याएको आव २०७३/७४ को बजेट वक्तव्यमा काठमाडौँ उपत्यकाका औद्योगिक क्षेत्रलाई काठमाडौँ उपत्यकाबाहिर स्थानान्तरण गर्ने प्रतिबद्धता गरिएको थियो। कर्पोरेटहरूको दबाब आएपछि सरकारले यो प्रतिबद्धता पूरा गरेको छैन। सरकारले केही कर्पोरेटहरूको स्वार्थ पूरा गर्न आम जनताको स्वास्थ्यमा हानि पुऱ्याउँदै छ। यो ठीक होइन।

नेपाल सरकारले विसं २०३६ सालमा मित्र देश जर्मनीको सहयोगमा भक्तपुरको परम्परागत सीपमा आधारित घरेलु उद्योग प्रबर्द्धन गर्न भक्तपुर साना औद्योगिक क्षेत्र स्थापना गरेको हो। हाल यो क्षेत्रमा ध्वनि, धुवाँ, रसायन प्रदूषण फाल्ने टेक्सटायल, डाइङ, रङ्गरोगन, प्लास्टिकजन्य उद्योग सञ्चालन गराइएको छ। यहाँको प्रदूषणबाट भक्तपुरवासीकै स्वास्थ्यमा हानि पुगिरहेको छ भने विश्व सम्पदास्थल भक्तपुरको लायकु दरबार र पर्यटन उद्योगलाई हानि पुगिरहेको छ। स्थानीय सरकार भक्तपुर नगरपालिकाले सरकारी प्रतिबद्धताअनुसार मानव बस्तीको बीचमा परेको यो औद्योगिक क्षेत्र स्थानान्तरण गर्न र प्रदूषण फाल्ने उद्योग अविलम्ब बन्द गराउन सङ्घीय सरकारसँग आग्रह गरेको छ। पीडित जनता पनि लामो समयदेखि प्रदूषण फाल्ने यी उद्योग हटाउन आवाज उठाउँदै छन्। केही सरकारी अधिकारीहरू प्रदूषण फाल्ने उद्योगलाई संरक्षण दिई व्यापक जनताको विरोधमा लागिरहेकै पनि बेठीक हो।

### कोभिड-१९ सङ्क्रमणबाट सुरक्षित हुनेबारे

मद्यपान, धूमपान गरेकाहरूलाई कोभिड-१९ सङ्क्रमण बढेको, दसैँ मनाउने क्रममा स्वास्थ्य सुरक्षाको उपायमा लापरबाही भएको, तिहार मनाउने नाममा पनि यस्तै लापरबाही भइरहेको हुँदा तिहारपछि सङ्क्रमित बिरामी बढ्ने विज्ञहरूको मत रहेको छ। हामीले सङ्क्रमित बिरामीको परीक्षण र उपचार नि:शुल्क हुनुपर्ने आवाज उठाउँदै आएका छौँ। सङ्क्रमणबाट सुरक्षित हुन २ मिटरको भौतिक दूरीमा बस्ने, मास्क लगाउने, बरोबर साबुन पानीले हात धुने र हुलमुल नगर्नेलगायत स्वास्थ्य सुरक्षाका उपायलाई पालना गर्नु आवश्यक छ।

नेपाल संवत् ११४१ को शुभकामना आदानप्रदान गर्ने यो अनलाइन कार्यक्रममा सहभागी हुने अवसरको निम्ति नेपाल भाषा साहित्य त:मुंज्याका सबै साथीहरूलाई धन्यवाद दिन चाहन्छु।

# 'भाषा र संस्कृतिको संरक्षण गर्नु राज्यको दायित्व हो'


– सुनिल प्रजापति
केन्द्रीय सदस्य, नेपाल मजदुर किसान पार्टी
तथा प्रमुख, भक्तपुर नगरपालिका


नेपाल संवत् ११४१ नयाँ वर्षको उपलक्ष्यमा सम्पूर्ण नेपाली जनतामा देश र जनताको हितमा निरन्तर काम गर्न सकून् भनी शुभकामना व्यक्त गर्दछु।

हरेक वर्ष आजको दिन सांस्कृतिक बाजा ऱ्यालीसहित हाम्रा साथीहरूले विभिन्न कार्यक्रमहरूसाथ नेपाल संवत्को नयाँ वर्ष मनाउँदै आएका हुन्। विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरसका कारण जनताको स्वास्थ्यलाई ध्यानमा राखेर यो वर्ष त्यस्ता कार्यक्रमहरू गर्न सम्भव भएन।

नेपालभाषाका ४ खम्बामध्ये मास्टर जगतसुन्दर मल्ल पनि एक हुनुहुन्थ्यो। मातृभाषाबाट पढ्ने अवसर पाए छिट्टै सिक्न सकिन्छ भनी मातृभाषालाई जोड दिने उहाँले विभिन्न साहित्यहरू नेपालभाषामा अनुवाद गर्नुभयो र नेपालभाषालाई समृद्ध बनाउन मद्दत गर्नुभयो। नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरू भक्तपुर नगर पञ्चायतमा निर्वाचित भएपछि उहाँको जन्मस्थान खौमामा उहाँको सालिक राख्ने निर्णय गऱ्यो। तर, तत्कालीन पञ्चायती व्यवस्थाको लागि त्यो मान्य भएन। सालिक अनावरणकै दिन सरकारले राति 'चोरेर' लग्यो। त्यसको विरोधमा त्यसबेला जनताले सशक्त विरोध गरे। २०४६ सालको आन्दोलनबाट पञ्चायती व्यवस्था समाप्त भएपछि मात्रै उहाँको सालिक फिर्ता भयो र सोही ठाउँमा स्थापना गरी हरेक वर्ष नेपाल संवत् नयाँ वर्षको अवसरमा माल्यार्पण गरी कार्यक्रम हुँदै आएको हो।

अहिले नेपालभाषा बोल्ने जनसङ्ख्या दिनानुदिन कम हुँदै गएको तथ्याङ्कले देखाउँछ। यसको अर्थ जात नेवार भए पनि नेपालभाषा बोल्न छोड्दै जानु हो। जब हामी आफ्नो भाषा बोल्दैनौँ, संस्कृति मान्दैनौँ भने ती बिस्तारै लोप भएर जानेछन्। भाषा र संस्कृति लोप भयो भने हामीसँग आफ्नो भन्नु केही बाँकी रहनेछैन।

अहिले काठमाडौँ उपत्यकामा तीव्ररूपमा बस्ती विकास हुँदै गएको छ। बस्ती विकाससँगै हाम्रो भाषा, कला-संस्कृति र सम्पदामाथि पनि अतिक्रमण हुँदैछ। विश्व सम्पदामा सूचीकृत



७ ओटा सम्पदा यही काठमाडौं उपत्यकामा छन्। राज्यले उपत्यकालाई नै सांस्कृतिक संरक्षित केन्द्रको रूपमा विकास गर्नुपर्ने हो। त्यसको विपरीत अहिले सरकारले १ लाख रोपनीको १ ओटा, १० हजार रोपनीको ३ ओटा गरी ४ ओटा आधुनिक सहर विकास गर्ने घोषणा गरेर निर्माण कार्यलाई अगाडि बढाउँदै छ। अहिले नै खानेपानीको हाहाकार, अपराध सङ्ख्यामा वृद्धि, यातायात जाम, धूलो, धुँवा र ध्वनि प्रदूषणले काठमाडौं उपत्यका बस्न अयोग्य बन्दै गएको छ। सरकारले काठमाडौं उपत्यका सुन्दर होइन कुरूप बनाउँदै छ। हामीले स्थानीय तहको स्वीकृतिबिना ठूला सहरहरू बनाउनु हुँदैन भनी त्यसको विरोध गर्दै आइरहेका छौं।

हाम्रो भाषा र संस्कृति देशकै सम्पत्ति हुन्। त्यसको संरक्षणको लागि नयाँ पुस्तालाई हस्तान्तरण गर्नु आवश्यक छ। भक्तपुर नगरपालिकाले अहिले नगरभित्र सञ्चालित ९२ वटा विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागू गरेको छ। त्यसले कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरूले भक्तपुरको कला–संस्कृति र सम्पदाको महत्त्वबारे बुझ्दै छन्। यो हाम्रो निम्ति खुसीको कुरा हो।

भक्तपुर नगरपालिकाले नेपालभाषाको रञ्जना लिपि ४ महिने प्रशिक्षण दिंदै आएको छ। कोभिड १९ को कारण उत्पन्न विशेष परिस्थितिले हाल उक्त लिपि कक्षाहरू बन्द गरिएका छन्।

हाम्रो कला संस्कृति संरक्षण गर्न धेरै संस्कृतिकर्मीहरूले आफ्नो जीवनको महत्त्वपूर्ण समय योगदान गर्नुभएको छ। ती संस्कृतिकर्मीहरूलाई नगरपालिकाले क्रमशः सम्मान गर्दै आएको छ। प्रत्येक वर्ष एउटा वडाबाट २ जनाका दरले सम्मान गर्दै आएकोमा यो वर्ष विशेष परिस्थितिले हालसम्म गर्न सकेका छैनौं। अनुकूल वातावरणपछि पुनः त्यसले निरन्तरता पाउनेछ।

हाम्रो संस्कृति संरक्षणको लागि हरेक वर्ष एउटा सांस्कृतिक विधाको प्रतियोगिता गर्दै आएको हो। त्यसले संस्कृति संरक्षणको साथै हाम्रो संस्कृति पुरानो पुस्ताबाट नयाँ पुस्तामा हस्तान्तरण पनि भएको छ। भक्तपुर नपाले धाँ बाजा, बाँसुरी बाजा, धिमे बाजाजस्ता प्रतियोगिताहरू गरेर त्यसको उदाहरण प्रस्तुत गर्दै आएको छ।

नेपालभाषा संरक्षणको लागि नगरपालिकाबाटै एउटा पत्रिका प्रकाशन गर्नु उपयुक्त हुने साथीहरूको सुझाव आएपछि आजभन्दा २ वर्षअघि आजकै दिनबाट **'ख्वप पौ'** पाक्षिक प्रकाशन सुरु गरिएको हो। त्यसमा संस्कृतिविद्हरूको लेख, रचना एवम् नगरपालिकाका गतिविधिहरू प्रकाशित भइरहेको छ। नेपालभाषा प्रवर्द्धनको लागि **'ख्वप पौ'** ले पनि मद्दत पुऱ्याउने हाम्रो विश्वास छ।

नेपाल सरकारले कार्तिक २७ गते भक्तपुर क्यान्सर अस्पताल सञ्चालनसम्बन्धी गठन आदेश जारीको समाचार सार्वजनिक गऱ्यो। भक्तपुर क्यान्सर अस्पताल जनताको हो र जनताकै बनाउनुपर्छ भनी हामी लड्दै आयौँ। स्थानीय तहमा जनप्रतिनिधि नभएको बेला एउटा एनजीओले विभिन्नरूपमा आफ्नो निजी सम्पत्तिझैँ सञ्चालन गऱ्यो। त्यहाँ भ्रष्टाचार भएको धेरै समाचारपत्रहरूमा आइसकेपछि नगरपालिकाले त्यसको अध्ययन गऱ्यो। त्यो सार्वजनिक सम्पत्ति हो, सार्वजनिक नै बनाउनुपर्छ भनेर आजभन्दा १ वर्ष अगाडिदेखि नगरपालिका अघि सऱ्यो। नगरपालिकाले छुट्टै व्यवस्थापन समिति गठन गरी कार्य गर्दै आएकोमा अदालतको अन्तरिम आदेशपछि नगरपालिकाको औपचारिक काम गर्न मिलेको थिएन। स्थानीय जनता त्यसको बचाउको लागि लड्दै आएकोमा अहिले सरकारको गठन आदेशपछि सरकारीसरह हुने भएको छ। यसको विस्तृत जानकारी सार्वजनिक भएपछि थप छलफल गरौँला। तर, जनताको सम्पत्ति संरक्षणको लागि लडेकोमा त्यो एक पाइला अगाडि बढेको भने पक्कै हो। सार्वजनिक सम्पत्ति संरक्षण गर्ने काममा भक्तपुर नगरपालिका निरन्तर लागिरहनेछ।

अन्त्यमा, कोरोना रोगले हामीलाई सताइरहेको छ। रोगको सङ्क्रमणबाट बच्न मास्क लगाउने, स्यानिटाइजर प्रयोग गर्ने र सामाजिक दूरी कायम गर्नेतर्फ सबैले ध्यान दिन अनुरोध गर्दछौँ र रोग लागेपछि उपचार गर्नुभन्दा रोग नै लाग्न नदिनेतिर ध्यान देऔँ। आफू सुरक्षित भएपछि मात्रै हामी अरूको सुरक्षाको निम्ति लड्न सक्छौँ। सबैले सुरक्षा विधि अपनाएरमात्रै व्यवहार गरौँ। नेपाल संवत् ११४१ को नयाँ वर्षको सम्पूर्ण जनतामा शुभकामना !

# नेपाल संवत् र यसको महत्त्व

– प्रो. माणिकलाल श्रेष्ठ



... नेपालमा कहिले कहिले कुन कुन संवत् प्रयोग गरे भनी इतिहासतिर ध्यान दिँदा खास खास सन्दर्भमा अरू संवत्हरू प्रयोग गरे पनि (उदाहरणार्थ अन्तर्राष्ट्रिय सम्बन्धमा इस्वी संवत्, त्यसैगरी विशेष धार्मिक सन्दर्भमा बुद्ध संवत् आदि) राज्यले औपचारिक रूपले प्रयोग गरेका संवत्हरू क्रमिकरूपले सबभन्दा पहिले शक संवत्, त्यसपछि मानदेव संवत्, अनि नेपाल संवत्, फेरि शक संवत् र हालसालै विक्रम संवत् प्रयोग गरिएको छ ।

१) **शक संवत् :** (आजसम्म प्राप्त भएका कागजातहरू, ग्रन्थहरू, ताम्रपत्र, शिलालेख आदिमा औपचारिकरूपमा प्रयोग गरिएका संवत्मध्ये सबभन्दा पुरानो शक संवत् हो । लिच्छविकालका अभिलेखहरूमा शक संवत् ३८१ देखि ५२६ सम्म अविच्छिन्नरूपले र त्यसपछि फेरि एकफेरा शक संवत् ५३५ उल्लेख भएको पाइन्छ । जे होस् शक संवत् ३८१ देखि केही वर्षपहिलेदेखि यो संवत् नेपालमा पनि प्रयोग भयो भनी अनुमान गरी ५२६।२७ सम्म चलेको हिसाब गर्दा पहिलो पटक यो संवत् करिब डेढ सय वर्ष यहाँ प्रचलनमा रहेको पाइन्छ । त्यसपछि मानदेव संवत् र अनि नेपाल संवत् गरी जम्मा झन्डै साढे एघार, पौने बाह्र सय वर्ष चलिसकेपछि पृथ्वीनारायण शाहले फेरि शक संवत्लाई राज्यगतरूपमा चलाए । पृथ्वीनारायण शाहद्वारा गोरखा राज्य विस्तारको अभिभावकको क्रममा वर्तमान नेपालको ठूलो भाग कब्जा गरिसकेपछि तिनले आफ्नो राज्यभित्र फेरि शक संवत् लागू गरे । दोस्रोपटक शक संवत् १३५ वर्ष (१६९० देखि १८२५ सम्म) चल्यो र शक संवत्को १८२५ (विक्रमको १९६०) मा चन्द्रशमशेरले विक्रम संवत् चलाएका थिए । यसरी पहिलोपटक करिब डेढ सय वर्ष र दोस्रोपटक १३५ वर्ष गरी जम्मा पौने तीन सय वर्ष नेपालमा शक संवत् प्रचलित रह्यो । यी दुवै अवधिमा नेपालमा शक संवत् व्यापक रूपमा चलेको थियो ।

प्राचीनकालमा भारतमा (खासगरी भारत वर्ष वा उत्तरी भारतभरि) शक संवत् प्रचलित रहेको र आजकाल फेरि भारतको स्वतन्त्रतापछि भारत सरकारले यसलाई राष्ट्रिय संवत्को रूपमा मान्यता दिएको यो संवत् (शक संवत्) भारतमा चैत्रादि संवत्, अर्थात् चैत महिना सकिएर वैशाख सुरू हुँदा संवत् फेरिन्छ अर्थात् नव वर्षारम्भको दिन पर्दछ, तर नेपालमा भने शक संवत् नै चलेको भए पनि शकको प्रचलनको पहिलो अवधिमा (अघिल्लो लिच्छविकालमा शक संवत् चलेको बेला यो संवत् फेरिने दिन (नव वर्षारम्भको दिन) कार्तिक शुक्ल प्रतिपदा (कछलाथ्व प्रतिपदा) मा पर्दछ । दोस्रो अवधिमा ( पृथ्वीनारायण शाहले फेरि शक संवत्लाई नै लागू गर्दा) भने नेपालमा पनि भारतमा झैँ वैशाखमा नै नव वर्ष सुरू हुने गरियो ।

(२) **मानदेव संवत्** : लिच्छविकालमा लिच्छवि राजा शिवदेवपछि केही समय राज गरेका गैर लिच्छवि अंशुवर्मा (लिच्छवि राजपरिवारका भानिज) ले राजा मानदेव प्रथमको नामबाट चलाएको मानदेव संवत् अङ्कित अभिलेखहरू शक संवत् ५२६ को लगत्तै पछि स्थापना गरिएका देखिन्छन् । राजा मानदेवले नै चलाएको नभई पछि अंशुवर्माले मानदेवको राज्यारोहणको बर्सेनि सुरू हुने गरिएको यो संवत् २९ देखि चलाएको पाइन्छ । अहिलेसम्म प्राप्त अभिलेखहरूमा यो सभ्यता २९ देखि ३०४ सम्मका पाइएका छन् अर्थात् यो संवत् करिब पौने तीनसय वर्ष प्रचलनमा रहेको देखिन्छ । यो संवत् पनि कार्तिकादि संवत् हो र यसको नव वर्ष आरम्भ पनि शक संवत्को (पहिलो अवधिमा) झैँ कार्तिक शुक्ल प्रतिपदा नै देखिन्छ ।

**नेपाल संवत् :** मानदेव संवत् ३०४ सकिएर ३०५ सुरू हुने दिन (शक संवत् ८०२ सकिएर ८०३ सुरू हुनुपर्ने दिन) मा नेपाल संवत्को स्थापना भएको देखिन्छ । **यसप्रकार नेपाल संवत् स्थापना भएको दिन ईस्वी सन् ८७९ अक्टोबर २० तारिख हो ।** त्यस दिनदेखि ८८८ वर्षसम्म अविच्छिन्नरूपले चलेको नेपाल संवत्लाई पृथ्वीनारायण शाहले हटाएर नेपालमा राज्यगत रूपमा फेरि शक संवत्लाई प्रयोगमा

ल्याइयो । सरकारी प्रशासनिक कार्यमा शक संवत् प्रयोग गरिए पनि धार्मिक र सांस्कृतिक कार्यमा भने धेरै पछिसम्म नेपाल संवत् नै चलिरहेको देखिन्छ ।

(४) **विक्रम संवत्:** रामकृष्ण कुँवर क्षेत्रीका सन्तान जङ्गबहादुरले नेपालको शासनसत्ता कब्जा गरेपछि आफूलाई पहिले कंवर क्षेत्रीबाट कुँवर ठकुरी र पछि फेरि राणा भन्ने थर लेख्न थाले । पछि राणा प्रधानमन्त्री (श्री ३ महाराज) चन्द्र शमशेरले आफ्नो परिवार राणाको सम्बन्ध भारतको राजस्थानका राजपुत राणाहरूसँग जोड्ने क्रममा भारतको मूलको विक्रम संवत्लाई (भारतको राजस्थानको उज्जैनका राजा भनिएका विक्रमादिको राज्यारोहणदेखि सुरू भएको भन्ने विश्वास गरिसकेको) विक्रम संवत्लाई नेपालको राज्यगत सरकारी कामकाजको संवत् बनाए । आफू शासनारूढ भएको (वि.सं. १९५९) एक वर्षछि शक संवत् १८२५ को ठाउँमा विक्रम संवत्लाई लागू गरे । त्यसो त त्योभन्दा पहिले जङ्गबहादुरको पालादेखि नै विक्रम संवत् प्रयोग गरिए पनि शक संवत्लाई औपचारिक संवत्बाट हटाइएको थिएन । नेपाल संवत्को स्थापना र यसका संस्थापकः विभिन्न स्रोतका भाषा वंशावलीहरूमा सबैले एकै स्वरले नेपाल संवत्का संस्थापक शङ्खधर साख्वाल भनी लेखेको पाइन्छ । ने. सं. ९५० देखि ९९० भित्र लेखिएका विभिन्न स्रोतमा आधारित गरी शाहकालको सुरूतिर खसभाषा (पर्वतिया भाषा भनी लेखिएको) मा अनुवाद गरी यी भाषा वंशावलीहरू लेखिएका हुन् । यसरी नेपाल संवत्को स्थापनाको झन्डै एकहजार वर्षपछिका स्रोतमा आधारित गरी लेखिएका भाषा वंशावलीहरूलाई विश्वसनीय छैन भनी **गोपाल राजवंशावली**लाई अघि सारेर नेपाल संवत्का संस्थापक शङ्खधर होइनन्, लिच्छवि राजा राघवदेव हुन् भन्नेहरू पनि छन् । तिनीहरूले प्रस्तुत गरेको आफ्नो तर्कलाई प्रस्तुत गर्न आधार बनाइएका र इशाका चौधौँ शताब्दीमा तयार गरिएको गोपाल राजवंशावली र त्यही समयको एउटा अर्को वंशावली (केशर शमशेरको सङ्कलनमा रहेको हस्तलिखित वंशावली) मा लेखिएका शब्दहरू केलाएर हेरौँ । यी दुवैमा करिब करिब उही कुरा लेखिएको छ । केशर वंशावलीमा नेपाल संवत्बारे लेखिएको कुरा यस्तो छ **'राजा श्री राघवदेव वर्ष ६३ मास छ ।। श्री पशुपति भट्टारके संवत्सर प्रवृत्ति कृता ।।'** (अर्थात् राजा श्री राघवदेवको उमेर ६३ वर्ष ६ महिना पुगेको बेला पशुपतिमा संवत् फेर्ने काम सम्पन्न भयो ।) राजा राघवदेव आफैले नयाँ संवत् स्थापना गरेको भए तिनले गरेका अरू कार्यहरूमा लेखिएझैं 'तेन कृता' (तिनले गरे) भनी लेखिन्थ्यो होला, 'संवत्सर प्रवृत्तिकृता' लेखिएको मतलब तिनको राज्यकालमा भएका महत्त्वपूर्ण घटनामध्ये एउटा घटना नयाँ संवत्को स्थापना भएको घटना थियो । त्यस सामन्ती युगमा वंशावलीमा एकजना सामान्य रैतीको नाम उल्लेख नगरिनु स्वाभाविक थियो । राघवदेवको पालामा स्थापना भएको नयाँ संवत्को नामपछि पछिका अभिलेखहरूमा नेपाल संवत् भनी उल्लेख गरिएको छ । आजभन्दा करिब दुई सय वर्षअघि (नेपाल संवत्को स्थापनाको नौ सय वर्षभन्दा पछि) मात्र लेखिएको भए पनि पुराना स्रोतहरूमा आधारित गरी तयार गरिएको **राइट वंशावली** (पण्डित गुणानन्द शाक्यले सङ्कलन गरी प्रस्तुत गरिएको र डानियल राइटद्वारा सम्पादित वंशावली) मा लेखिएअनुसार **शङ्खधरले नेपाल संवत् स्थापना गरेपछि पशुपतिमा आफ्नो सालिक र आफ्नो घरनिर एउटा चैत्य स्थापना गरेका थिए । स्थानीय जनताले शङ्खचैत्य भन्ने गरेको एउटा प्राचीन चैत्य लखुतीर्थ नजिकै विष्णुमती किनारमा अझै खडा छ ।** त्यसैगरी, एउटा भाषावलीमा शङ्खधरले नयाँ संवत् चलाउनको लागि मानिसहरूको ऋण तिरिदिँदा प्रयोग गरेको शिला (ढुङ्गा) 'भक्तपुर जाने बाटोको बागमतीपारि हुलाकी बस्ने सत्तलदेखि ३०-३२ हात जति पूर्वतिर' अद्यापि छ भनी लेखिएको छ । त्यस शिला रहेको टोलको नाम शिलामुगल (शिला रहेको ठाउँ) भनिन्छ र हाल त्यस ठाउँलाई 'शिलामुगल' बाट 'सिनामुगल' भनिने गरिएको छ । यी पुरातात्त्विक वस्तुहरूको प्रमाणबाट शङ्खधर भन्ने मानिस कुनै काल्पनिक व्यक्ति होइन ऐतिहासिक पुरूष हुन् भनी सिद्ध हुन्छ ।

**नेपाल संवत्को महत्त्व :** नेपालमा विभिन्न समयमा राज्यस्तरमा प्रचलित माथि उल्लेखित चारवटा संवत्मध्ये दुई ओटामात्र (मानदेव संवत् र नेपाल संवत्) नेपालभित्रै जन्म भएका संवत् हुन् । साथै नेपाल संवत्मात्र आफ्नो देशको नामबाट नामकरण गरिएको संवत् हो । विक्रम संवत् एक विदेशी राजाको नाममा स्थापित संवत्, मानदेव संवत् पनि स्वदेशी भए पनि एकजना सामन्त (राजा) को नामबाट स्थापना गरिएको संवत्, शक संवत् भारतमा व्यापक प्रचलन हुँदा नेपालमा पनि सरेको (कुनै एक जातिको भारत प्रवेश भई उत्तर भारतमा हालिमुहाली हुँदा प्रचलनमा ल्याइएको) संवत् हुन् । ती सबको विपरीत नेपाल संवत् एक सामान्य रैतीले स्थापना गरेको र ती संस्थापकले पनि आफ्नो नामबाट नराखी आफ्नो देश नेपालको नामबाट नामकरण गरिएको संवत् हो । यसको स्थापना पनि ऋणमा परी दासतामा जकडिएका मानिसहरूको ऋण तिरी उनीहरूलाई मुक्त गरेको परोपकारी कार्यको स्मृतिमा स्थापित पवित्र संवत् हो । यो संवत् शङ्खधरको दानशीलता, उदारता, समष्टिवादी भावना

र देशप्रेमको मूर्तरूप हो र यसले नेपाली मात्रलाई परोपकारी भावना र स्वाधीनताको प्रेमको भावना प्रेरित गर्दछ । अर्को महत्त्वपूर्ण कुरा के हो **नेपालमा सबभन्दा लामो समयसम्म राज्यगतरूपमा चलेको संवत्** यो हो । माथि चर्चा गरिएझैँ शक संवत् गर्दा जम्मा पौने तीन सय वर्षजति चलेको, मानदेव संवत् पनि करिब करिब त्यत्तिकै ।

त्यसो त गोरखापत्र संस्थानले नेपाल संवत्को राष्ट्रिय महत्त्व महसुस गरेर केही समयदेखि यसका प्रकाशनहरूमध्ये 'मधुपर्क' र 'युवामञ्च' बाहेक अरू प्रकाशनहरूले (दैनिक 'गोरखापत्र', दैनिक 'द राइजिङ नेपाल' र मासिक 'मुना' ले) नेपाल संवत्को प्रयोग गरेका छन् । यहाँनिर एउटा निकै घतलाग्दो कुरा उल्लेख गरौँ । गोरखापत्रको जन्म हुँदा वा प्रकाशन हुँदा (वि.सं १९५८) सालमा आफ्नो अङ्कहरूमा **मिति विक्रम संवत्मा लेखिए पनि त्यसमा वि.सं. नभनी नेपाल संवत् १९५८, १९५९, १९६० भनी कैयौँ वर्षसम्म लेखे ।** सायद त्यसबेलाको राणा शासकहरूले (वा तिनका सल्लाहकार पण्डितहरूले) भारतीय मूलको विक्रम संवत् प्रयोग गरे पनि त्यसलाई 'नेपाल संवत्' भनी नामकरण गरेका थिए । अनि केही वर्षपछि नेपालमा सरकारी कागजातहरूमा विक्रम संवत् प्रयोग गर्दा संवत्को नाम नलेखी इति संवत् यति, उति भनी लेख्न थाले र धेरै पछिमात्र विक्रम संवत् भनी उल्लेख गरे ।

विक्रम संवत् त अहिले भर्खर एक सय वर्षमात्र नाघेको हो भने नेपाल संवत् स्थापनादेखि झन्डै नौसय वर्ष (संवत् १ देखि ८८८ सम्म) अविछिन्नरूपले राज्यस्तरमै चलेको र त्यसपछि पनि अहिलेसम्म धार्मिक र सांस्कृतिक क्षेत्रमा प्रयोग गरिरहेको संवत् हो । राष्ट्रिय स्तरको कुरा छोडौँ देशबाहिर पनि यो संवत्लाई निकै महत्त्व दिई प्रयोग गरिएको देखिन्छ । नेपाल संवत् ७५३ (इ. सन् १६३३) मा भारतको त्यसबेलाको एउटा राज्य कूचविहार (हाल पश्चिम बङ्गालमा परेको) का राजा प्रा. नारायणले ने.सं. ७५३ अङ्कित गरी एउटा असर्फी (आफ्नो स्वर्ण मुद्रा) निकालेको थियो । त्यसैगरी चीनका मिनवंशीय बादशाहले ने. सं ५६५ मा नेपालका एक महासामन्त शक्तिसिं रामबर्द्धनलाई लेखेको पत्रमा मिति ने.सं. मा लेखेको पाइएको छ । सन् १९५३ मा भएको अखिल भारतीय इतिहास सम्मेलनको अवसरमा कलकतामा गरिएको ऐतिहासिक सामग्रीको प्रदर्शनमा यो पङ्क्तिकार आफैले देखेअनुसार बृटिस भारतको अङ्ग्रेज सरकारलाई (सम्भवतः इस्ट इन्डिया कम्पनीको सरकारलाई तिब्बतको कास्या (दलाई लामाको मन्त्रिमण्डल) ले उपहार दिएको एक थाङ्का (पौभा) चित्रमा नेपाल संवत्को मिति अङ्कित छ । यस्तो राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वको नेपाल संवत् निश्चय पनि नेपालको एउटा गौरवशाली मौलिक संवत् हो ।

*स्रोत : गोरखापत्र, कार्तिक २३, २०६४ (नोभेम्बर ९, २००७)/मजदुर, कार्तिक ३०, २०७७*


# भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी–२, भक्तपुर

# विपद् व्यवस्थापन कोषमा सहयोगसम्बन्धी सूचना

संसारभरि तीव्ररूपमा फैलिरहेको नोवेल कोरोना भाइरस कोभिड–१९ को सङ्क्रमणको रोकथाम, नियन्त्रण, उपचारलगायतको व्यवस्थापन गर्न यस नगरपालिकाले खडा गरेको **विपद् व्यवस्थापन कोष**मा सहयोग गर्न चाहने इच्छुक व्यक्ति, सङ्घ, संस्थाहरूले **नेपाल बैंक लिमिटेड**, कमलविनायक भक्तपुर शाखाको **खाता नं. ०१९००१०६६३७८५८००००००१** मा रकम जम्मा गर्नुहुन र जिन्सी सहयोग गर्नुहुनेहरूले यस नगरपालिकाको कार्यालयमा उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

साथै सबै **दाताहरूको नामावली** यस नगरपालिकाको वेब साइट र फेसबुक पेजबाट सार्वजनिक गरिरहेको व्यहोरासमेत अनुरोध गरिन्छ ।

**भक्तपुर नगरपालिका**

# कोरोनाविरुद्ध लड्न एकीकृत शक्तिको खाँचो

– सुनिल प्रजापति,
प्रमुख, भक्तपुर नगरपालिका



विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरसको कारण मारमा परेका श्रमिकहरूको व्यवस्थापनबारे देशको सर्वोच्च निकाय संसदको एक जिम्मेवार समिति उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले यो बैठकको आयोजना गरेकोमा सभापतिज्यूलगायत सम्पूर्ण माननीय सदस्यहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यो बैठक नेपालमा कोभिडको प्रारम्भमै बस्न सकेको भए बढी फलदायी हुने थियो । यद्यपि ढिलै भए पनि स्थानीय तहका जनप्रतिनिधिहरूले गर्दै आएका कार्यहरू र गर्नुपर्ने कार्यहरूको विषयमा छलफलको लागि अवसर दिनुभएकोमा हामी अत्यन्त खुशी छौँ ।

★ नेपालको संविधान २०७२ को धारा २३२ ले सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ । तर देशमा कोरोनाको कारण भयावह स्थिति आउँदासमेत संविधानले निर्दिष्ट गरेबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वयको अभाव महसुस गर्दैछौँ । कोरोनाविरुद्ध लड्न एकीकृत शक्तिको खाँचो छ । सबै एक भएर अघि बढेमात्रै कोरोनाविरुद्धको लडाइँमा छिट्टै विजय हासिल गर्न सक्छौँ ।

★ कोरोनाबाट समाजलाई जोगाउन हामी स्थानीय तहका जनप्रतिनिधिहरू सक्रियतापूर्वक लागिरहेका छौँ । स्रोत र साधन अभावबीच पनि जनप्रतिनिधिहरूले आ–आफ्नो क्षमताअनुसार काम गरिरहनुभएको छ । भक्तपुर जिल्लामा कार्तिक २३ गतेसम्ममा ६६७३ जना पोजिटिभ देखिएकोमा ५३८७ जना निको भइसकेको र ८३ जनाको कोरोनाको कारण ज्यान गइसकेको जिल्ला जनस्वास्थ्य केन्द्रको रेकर्डले देखाएको छ । त्यसैगरी भक्तपुर नगरपालिकामा २६४९ जना कन्ट्याक्ट ट्रेसिङ, १४८५ जनामा कोरोना पोजिटिभ देखिएको र ११९६ जना निको भइसकेका छन् भने घरमा आइसोलेसनमा बसेका १८६ जना र अस्पतालमा आइसोलेसनमा बसेका ६५ जना रहेको जानकारी गराउन चाहन्छौँ । हालसम्म भक्तपुर नगरपालिका क्षेत्रभित्र ३५ जनाको ज्यान गइसकेको छ ।

★ भक्तपुर घना बस्ती भएका सहर भएको हुँदा जनचेतनालाई नै प्राथमिकतामा राखेर दैनिक माइकिङ गर्ने, टोल टोलमा साबुन पानीले हात धुने व्यवस्था र मानिसहरू जम्मा हुने ठाउँहरूमा नियमित रूपमा क्लोरिन छर्ने कार्य गर्दै छौँ ।

★ भक्तपुर एक सांस्कृतिक नगर भएको हुँदा समय–समयमा हुने चाडपर्व जात्राहरूमा भीडभाड हुने र सङ्क्रमणको सम्भावनालाई ध्यानमा राखेर भक्तपुरको प्रसिद्ध बिस्का जात्रा, गाईजात्रा, यन्याँपुन्ही, गुँला पर्व, पन्चदानजस्ता सबै पर्वहरूलाई सामान्य औपचारिकतामा सीमित गर्‍यौँ । दशैंको बेला तलेजुलगायत सबै शक्ति पीठहरूमा हुने बलि रोक्ने आह्वान गर्‍यौँ । ती सबै कार्यहरूमा जिल्ला प्रशासन कार्यालय, गुठी संस्थान, सरोकारवालाहरूको बैठकले निर्णय गर्ने गरेको हुँदा स्थानीय जनताको अत्यन्त साथ र सहयोग प्राप्त भएको छ ।

★ नेपाल सरकारले कोरोनाको कारण विदेशमा बसेका नागरिकहरूलाई नेपाल फर्काउने तयारी गरेसँगै भक्तपुर नगरपालिकाले विदेशमा बस्नेहरूका लागि अनलाइन फाराम भर्न लगायो । त्यसको आधारमा होटल, घर र नगरपालिकाको क्वारेन्टाइनको व्यवस्था गर्‍यो । हालसम्म १७ वटा मुलुकबाट १६९ जना विदेशबाट फर्केका नागरिकहरूले क्वारेन्टाइन सुविधा प्राप्त गर्नुभएको छ ।

★ काठमाडौं उपत्यकामा कोरोना सङ्क्रमण फैलिने सम्भावनालाई ध्यानमा राखेर हामी उपत्यकाका नगर प्रमुखहरूले गृहमन्त्री र सङ्घीय मामिला मन्त्रीज्यूले बोलाउनुभएको बैठकहरूमा उपत्यका छिर्ने नाकाहरू कडाइ

गर्नुपर्ने माग गऱ्यौं तर उहाँहरूले हाम्रो आग्रहलाई त्यति ध्यान दिनुभएन । परिणाम आज काठमाडौं उपत्यका कोरोनाको केन्द्रको रूपमा अगाडि बढ्दैछ । यो कतिसम्म रहन्छ अनिश्चित छ ।

★ सङ्क्रमण दर बढ्दै गएपछि भक्तपुर जिल्लामा नेपाल विद्युत प्राधिकरणको तालिम केन्द्र खरिपाटीमा २०० शय्याको आइसोलेसन केन्द्र निर्माण गरियो भने भक्तपुर नगरपालिकाले ७५ शय्याको छुट्टै आइसोलेसन केन्द्र बनाएर चलाइरहेको छ । नगरपालिकाद्वारा सञ्चालित आइसोलेसन केन्द्रमा ८८ जना नगरवासीहरूले सेवा प्राप्त गर्नुभएको छ । आइसोलेसन केन्द्रमा बस्नेहरूमा अनलाइनमार्फत चिकित्सक, मनोचिकित्सक, आर्युवेदिक चिकित्सक, नर्स, फिजियोथेरापिष्ट र जनप्रतिनिधिहरूबाट नियमित परामर्श सेवाको व्यवस्था छ । घरमै आइसोलेसनमा बस्नेहरूको लागि ७२ घण्टाको एकपटक छुट्टै टोलीले फोहोर सङ्कलन गर्ने व्यवस्था, स्वास्थ्य परामर्शको लागि २ जना चिकित्सक र अन्य व्यवस्थापनको लागि ३ जना कर्मचारीहरूलाई सम्पर्क व्यक्ति तोकी सार्वजनिक गर्दै आएका छौं ।

★ टोल टोलमा रहेका व्यायामशालाहरू बन्द भएको कारण अनलाइनमार्फत शारीरिक व्यायाम तालिम सञ्चालन गरिरहेका छौं । बिहान ६:३० बजेबाट सुरु हुने उक्त तालिम प्रभावकारी हुँदै गइरहेको छ ।

★ भक्तपुर नगरपालिका क्षेत्रभित्र पीसीआर परीक्षण सुरु गर्न प्रदेश सरकारसँग बारम्बारको आग्रहपछि मेसिन आइपुगेको छ । तर त्यसको पार्टपूर्जा नपुग भएको भन्दै दुई हप्तादेखि मेसिन थन्किरहेको छ । नागरिकहरूले परीक्षण गर्न नपाएर समस्या भोगिरहेका छन् ।

★ कार्तिक २ गतेदेखि पीसीआर परीक्षणको शुल्क लिने नेपाल सरकारको निर्णयले जनताले थप दुःख व्यहोर्नुपर्यो । सरकारी स्वामित्वमा रहेको टेकु प्रयोगशालाले समेत प्रतिव्यक्ति रु. २०००।– मागेपछि थप अन्योल भयो । प्रदेश सरकारअन्तर्गतको धुलिखेल प्रयोगशालाका जिम्मेवार पदाधिकारीहरू 'मन्त्रीले बोलेर मात्रै हुन्छ ? आवश्यक केमिकल पठाउनुपऱ्यो' भन्नुहुन्छ । जनताको जीवनप्रति जिम्मेवार पदाधिकारीहरू संवेदनशील हुन नसक्दा गरिब जनताको अकालमा ज्यान गइरहेको छ ।

★ भक्तपुर नगरपालिकाका जनस्वास्थ्य केन्द्रहरूले नियमित रूपमा जनतालाई सेवा प्रदान गरिरहेका छन् । कोभिडको यो जटील अवस्थामा पनि चिकित्सकहरूलाई पालो मिलाएर दैनिक ३०० भन्दा बढी बिरामीहरूलाई सेवा प्रदान गर्दै आएका छन् ।

★ नेपाल सरकारको कोभिड सङ्क्रमित बिरामीहरूले उपचार खर्च नागरिक स्वयम्ले व्यहोर्नुपर्ने निर्णय सम्मानपूर्वक बाँच्न पाउने र आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्ने संविधानप्रदत्त मौलिक हक तथा मौलिक हक कार्यान्वयनको लागि बनेको स्वास्थ्यसम्बन्धी ऐन २०७५ र सर्वोच्च अदालतको आदेशसमेतको विपरीत भएको भन्दै जनताले विरोध गरिरहेका छन् । यसमा सम्मानित यस समितिको ध्यान जाने नै छ भन्ने आशा गर्छौं ।

★ कोभिडले सबै क्षेत्र अस्तव्यस्त बनाएको छ । त्यसमध्ये श्रम गरेर जीविका चलाउने श्रमिकहरू बढी मारमा परेका छन् । हामीले २०७६ साल चैत्र महिनामा लकडाउन सुरु हुनासाथ एकपटक राहत वितरण गऱ्यौं । केही दिनपछि नै हामीले विकास निर्माणका कार्यहरू सुरु गऱ्यौं । हामीले राहतको सट्टा नियमानुसार ज्याला दिने घोषणा गऱ्यौं । त्यसरी बेरोजगार नागरिकहरूलाई काम दिन थालेपछि राहत वितरणको समस्या भएन र काम पनि सहज रूपमा अगाडि बढ्यो ।

★ भक्तपुर तरकारी उत्पादन गर्ने महत्त्वपूर्ण क्षेत्र भएको हुँदा नगरवासीहरूलाई निश्चित समय दिएर लकडाउनको समयमा पनि तरकारी बजारको व्यवस्थापन गरेको हुँदा किसानहरूको उत्पादन खेर गएन । सबै नागरिकहरू एकैसाथ बाहिर नआउन् भनी प्रत्येक घरमा अति आवश्यक कामको लागि मात्रै भनी पासको वितरण गऱ्यौं त्यसले पनि व्यवस्थापन गर्न मद्दत गऱ्यो ।

★ राज्यले जनताको गुनासो सुन्ने र समाधानको लागि पहल गर्नुपर्छ । यस्तै सङ्कटमा जनप्रतिनिधि र कर्मचारीहरूको परीक्षण हुन्छ ।

हामी सबै मिलेर कोरोनाबाट समाजलाई बचाउने प्रयत्न गरौं । भक्तपुर नगरपालिकाको गतिविधिबारे जानकारी दिने अवसर दिनुभएकोमा सभापतिज्यूलगायत सम्पूर्ण समिति सदस्यहरूलाई भक्तपुर नगरपालिकाको तर्फबाट धन्यवाद दिन चाहन्छौं ।

*(प्रतिनिधिसभाअन्तर्गत उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको आयोजनामा कोभिड १९ महामारीको मारमा परेका श्रमिकहरूको व्यवस्थापनका लागि काठमाडौं उपत्यकाका स्थानीय तहहरूले गरेको व्यवस्था सम्बन्धमा कार्तिक २४ गते बसेको बैठकमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको मन्तव्य)*

# सुशासन कि स्थानीय तहमाथि नियन्त्रण ?

**विवेक**

सङ्घीय तथा सामान्य प्रशासन मन्त्रालयले २०७७ साल कार्तिक २८ गते मन्त्रीस्तरीय निर्णय गरेर देशभरका ७५३ स्थानीय तहमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतहरूलाई १८ बुँदे प्रतिबद्धता पत्रमा हस्ताक्षर गराएको छ। प्रतिबद्धता पत्रमा भ्रष्टाचार नगर्ने र अरुलाई पनि गर्न नदिने, राजनीतिप्रति तटस्थ र सेवाप्रति प्रतिबद्ध रहने, सुशासन कायम गर्ने, कर्मचारीहरूलाई जिम्मेवार बनाउने लगायतका बुँदाहरू समावेश छन्।

सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले लागू गरिएको दाबी गरिए पनि वास्तविकता भने **देशभरका स्थानीय तहहरूमाथि केन्द्रले प्रमुख कार्यकारी अधिकृतमार्फत नियन्त्रण गर्ने प्रयास हो भन्ने बुझ्न गाह्रो छैन।** स्थानीय तह संवैधानिक रूपमा स्वायत्त संस्था हो। स्थानीय जनताको आवश्यकतालाई प्राथमिकतामा राखेर जनप्रतिनिधिहरूले योजना बनाई कार्यान्वयन गर्छन्। त्यस्तो कार्यमा प्रमुख प्रशासकीय अधिकृत सहयोगी बन्नु पर्ने हो तर कतिपय पालिकाहरूमा आफू सङ्घको प्रतिनिधि भएको बताउँदै योजनाहरू कार्यान्वयनमा बाधक बनेका समाचारहरू प्रकाशित भएका छन्। संविधान र कानूनको भावना विपरीत जनप्रतिनिधिहरू जान खोजिए त्यसलाई रोक्ने वा कानून बमोजिम काम सम्पन्न गर्न सहयोग गर्नु प्रमुख प्रशासकीय अधिकृतको कर्तव्य हुन आउँछ।

काठमाडौं, भक्तपुर, ललितपुर, कीर्तिपुर, मध्यपुर, संखरापुरलगायत प्राचीन र सांस्कृतिक महत्त्व बोकेका नगरपालिकाहरूमा पठाइने प्रमुख प्रशासकीय अधिकृतहरू सम्पदाहरूको ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्व बुझेका हुनुपर्छ। जागिर खान वा पैसा कमाउने उद्देश्य लिई सरकारी सेवामा प्रवेश गर्नेहरूले सम्पदाको महत्त्व बुझ्दैनन् वा बुझे पनि बुझ् पचाउँछन्। त्यस्ता अधिकारीहरूले जथाभावी नक्सापास गर्ने गर्दा उपत्यकाका सम्पदाहरू एक एक गरी समाप्त हुँदै गए। अहिले काठमाण्डौं उपत्यका कुरूप शहर हुनु त्यसैको परिणाम हो। उपत्यकाका सांस्कृतिक सम्पदाहरू नष्ट गर्नुमा नेपाल सरकारद्वारा नियुक्त गरिएका प्रशासकीय अधिकृतहरू अधिक जिम्मेवार छन्। १५ वर्षसम्म जनप्रतिनिधि नभएको बेला कार्यकारी अधिकृतलाई नगरपालिका बोर्डको एकल अधिकार दिइएको कारण पनि आजको स्थिति आएको हो भन्न सकिन्छ।

संविधान र कानूनले तोकेका कार्यहरू जनताको हितमा शीघ्र सम्पादन गर्नु प्रत्येक जनप्रतिनिधि र कर्मचारीको परम कर्तव्य हो। कसैले पनि 'म भ्रष्टाचार गर्छु' भनेर सपथ लिएर जागिर खाएको हुँदैन तर समाजमा व्यापक भ्रष्टाचार भइरहेको छ। अहिले प्रतिबद्धता जनाएपछि अब स्थानीय तहहरूमा भ्रष्टाचार हुँदैन भनी सोच्न सकिने कुनै आधार छैन। यो नैतिक प्रश्न हो। मानिसहरू नैतिकवान नभएसम्म यो भ्रष्टाचार नगर्ने प्रतिबद्धताले रोक्ने विषय होइन। पूँजीवादी व्यवस्थामा भ्रष्टाचार छायाँ बराबर हुने हुँदा न्युनीकरण गर्न सकिए पनि अन्त्य गर्न सम्भव छैन। नेपालमा भ्रष्टाचार व्यापक हुँदै जानुको कारण दण्डहीनता हो। जतिसुकै ठूलो भ्रष्टाचारी भए पनि राज्यको पहुँच भएकाहरूले कुनै सजाय भोग्नु पर्दैन। बालुवाटार, सिंहदरबार, धुम्बाराही, सानेपा दरबारमा पहुँच पुग्नेहरूको लागि अहिले 'पंच खत' माफ छ। कानून विपरीत काम गर्नेहरूलाई कारबाही गर्न के ले रोकेको छ ?

अपराध गर्नेहरू जनताबीच खुल्ला रूपमा छाती फर्काएर हिँडिरहेका छन्। अनि सुशासन कायम भएन भन्दै आफ्नो प्रतिनिधिमार्फत जनप्रतिनिधिहरूको कार्यमा नियन्त्रण गर्न खोज्नु मन्त्रालयको हस्तक्षेप हो। यो विगतमा स्थानीय निकायमाथि सरकारको प्रतिनिधिले गरेको नियन्त्रणको पुनरावृत्ति हो। यसता विषयहरू जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृतबीच द्वन्द निम्त्याउने कारक बन्न सक्छन्। यसबारे मन्त्रालयले बेलैमा सोच्नुपर्छ।

राम्रो र नराम्रो सबैतिर हुन्छन्। न सबै जनप्रतिनिधिहरू राम्रा छन् न त सबै कर्मचारीहरू नै। समाजमा सबै राम्रा भएको भए कानून, अड्डा–अदालत, प्रहरीको आवश्यकता नै पर्दैनथ्यो होला। समाजमा अपराध हुन्छ र त्यसलाई नियन्त्रणको लागि विभिन्न कानून र कानून बमोजिम कारबाहीको लागि संरचनाहरू बनाइएका हुन्छन्। अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धिकरण आयोग, राष्ट्रिय अनुसन्धान विभाग आदि त्यसका उदाहरणहरू हुन्। तर ३३ किलो सुन काण्ड, बालुवाटारको जग्गा, वाइडबड्डी काण्ड जस्ता राज्यका जिम्मेवार पदाधिकारीहरू संलग्न भएका मुद्दाहरू पहुँचको आधारमा कसैलाई मुद्दा चलाउने कसैलाई नचलाउने गर्दा राज्यप्रति विश्वास घट्दै गएको हो।

प्रमुख प्रशासकीय अधिकृतहरू 'राजनीतिमा तटस्थ र सेवाप्रति प्रतिबद्ध रहनुपर्ने' बुँदा सुन्नमा कर्णप्रिय भए पनि

के प्रतिबद्धता जनाउँदैमा त्यो सम्भव होला ? सबै मन्त्रालयहरूमा कर्मचारी युनियनहरू छन् । ती युनियनहरूले आफ्नो पार्टीको झण्डा बोक्ने कर्मचारीहरूलाई छानी छानी बढुवा, पायक पर्ने ठाउँमा सरुवा, विभिन्न सुविधाहरू उपलब्ध गराउन सिफारिस गर्ने गर्छन् । हाम्रा मन्त्रीहरू कर्मचारी युनियनको सिफारिसअनुसार चल्नु पर्ने अवस्था छ । जतिसुकै योग्य भएपनि युनियनको नजिक नपुगेकाहरू अहिले महत्त्वपूर्ण पदमा पुग्ने सम्भावना न्यून छ ।

जुलुस, सभा गर्न निषेध सिंहदरबार भित्र कर्मचारीहरूले नाराबाजी गर्छन् । सत्ता नजिकका भएकाले कसैले कारबाही भोग्नु पर्दैन । नासु तहको कर्मचारी जो युनियनको पदाधिकारी छन् भने उनले मन्त्रीलाई थर्काउँछन्, धम्क्याउँछन् । केही वर्ष अगाडि एकजना मन्त्रीले आफू मन्त्री पदमा बहाल भएकै दिन एकजना नासु तहका कर्मचारी खुसुक्क आएर आफ्नो परिचय दिँदै मिलेर काम गर्न सल्लाह दिएको र सल्लाह बिना काम गरे मन्त्रीज्यूलाई 'गाह्रो हुन्छ' भनी धम्क्याएको सार्वजनिक गरेका थिए । सुशासन कायम गर्ने हो भने सर्वप्रथम ट्रेड युनियनहरू खारेज गर्नुपर्छ ।

भ्रष्टाचार बढ्नुमा कर्मचारीहरू जनताका इमानदार सेवक बन्न सकेनन् । मन्त्री वा जनप्रतिनिधिहरूले गलत काम गर्न दबाब दिएमा त्यसलाई अस्वीकार गर्नुको सट्टा तिनीहरू सरकारमा जाने दलहरूलाई खुशी पार्नमै व्यस्त देखिए । भागबण्डामा कर्मचारी नियुक्ति गर्ने संस्कारले यी सबै बिग्रेका हुन् । हुँदा हुँदा जनताको 'आस्थाको केन्द्र' भनी पहिचान भएको न्यायालयमा समेत भागबण्डामा पार्टीको झण्डावालहरूलाई नियुक्ति गर्न थालेपछि स्वच्छ न्याय पाउन अब जनता कहाँ जाने ?

जबसम्म व्यक्तिमा हृदयदेखि नै जनताको सेवा गर्ने भावना हुँदैन तबसम्म कागजमा १०० पटक प्रतिबद्धता जाहेर गरेपनि सुशासनको कल्पना गर्न सकिँदैन । सुशासन मुखले हल्ला गर्ने विषय होइन काम गरेर देखाउने हो ।

राजनीति सचेत मानिसले गर्ने हो । कर्मचारीहरू पनि सचेत नागरिक भएकोले उनीहरू पनि राजनीतिबाट अलग हुन सक्दैनन् । राजनीति देश र जनताको इमानदारीपूर्वक सेवाको निम्ति हुनुपर्थ्यो तर अहिले व्यक्तिगत फाइदाको निम्ति राजनीतिको दुरूपयोग भइरहेको छ । पक्षपात र गुण्डागर्दीलाई पनि राजनीतिको बिल्ला भुण्ड्याइ दिएको छ । यसले राजनीतिको बदनाम भएको छ र जनतामा राजनीतिप्रति वितृष्णा जागेको छ । जनता राजनीतिबाट टाढा हुनु पुनः देश लुट्नेहरूको लागि अवसर प्रदान गर्नु हो । सामन्त र पूँजीवादीहरू यही अवसर खोजिरहेका हुन्छन् ।

सङ्घीयताको चर्को वकालत गर्ने हृदेश त्रिपाठी यतिबेला सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्री छन् । सङ्घीयताको अर्थ प्रदेश, स्थानीय तहको आकार, जनसङ्ख्या र नाम होइन अधिकार हो । सङ्घीयतामा अधिकारको विकेन्द्रीकरण र स्वायत्तता नै मूल विषय हो । संविधान र कानूनले प्रदान गरेका अधिकारहरूमाथि विभिन्न बहानामा नियन्त्रण गर्न खोज्नु सङ्घीयता विरोधी मात्रै होइन संविधान विपरीत पनि छ ।

स्थानीय तहले गरेको स्वमूल्याङ्कन जाँच गर्ने जिममेवारी जिल्ला समन्वय समितिलाई दिने पनि मन्त्रालयले निर्णय गरेको सार्वजनिक भएको छ । संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको कल्पना गरेको छ । जिल्ला समन्वय समितिलाई सामान्य समन्वयकर्ताको रूपमा मात्रै राखिएको छ । यसर्थ स्थानीय तहको मूल्याङ्कन माथि जाँच गर्ने अधिकार जिल्ला समन्वयलाई दिनु संविधानको मर्म विपरीत छ ।

प्रधानमन्त्री के.पी. ओलीले कहिले सङ्घीयता नेका र एमालेको माग नै होइन भन्छन् त कहिले प्रदेशहरू सङ्घका प्रशासनिक एकाइ मात्रै भएको बताउँछन् । त्यससँग मिल्ने गरी सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय पनि अगाडि बढेको देखिन्छ । चर्चामा आउनका लागि कुनै निर्णय गर्नुभन्दा जनताका हितमा सानो काम गर्नु नै बुद्धिमानी हुनेछ ।

## बासिबियाँलो



दिइएकोजस्तो चारवटा गोलो घेरा के सीसाकलम नउठाई, अर्को घेराको लाइनमा नखप्ट्याई, लाइन नकाटी लेख्न सकिन्छ ? (उत्तर ८०पृष्ठमा)

# काठमाडौंको रानीपोखरी पुन:निर्माणमा भक्तपुरको योगदान

● सुमन



रानी पोखरी बन्दै गर्दा र बनिसकेपछि (इन्सेट)

*'पहिलेकै अवस्थामा फर्किने भयो रानी पोखरीः भक्तपुरका सिपालु डकर्मीले शुरु गरे पुन:निर्माण'* (मिडिया एनपी, २०७५ फागुन २२)

*'रानी पोखरी पुन:निर्माणमा भक्तपुर नगरपालिकाले सहयोग गर्ने'* (महानगर खबर, २०७५ फागुन २२ गते)

*'प्राचीन प्रविधिबाट रानी पोखरी पुन:निर्माण गर्न भक्तपुर नगरपालिकाले ४० जना प्राविधिक उपलब्ध गराउने'* (दामोदर न्यौपाने, २०७५ फागुन २२ गते )

*'रानी पोखरी पुन:निर्माण भक्तपुरको हातमा आएको जिम्मेवारी'* (पहिलो पोष्ट,२०७५ फागुन २८ गते)

*'रानी पोखरी बनाइरहेका दिदीहरू भन्छन्: काठमाण्डौ आफ्नै जस्तो लाग्न थाल्यो'* (शान्ति तामाङ, सेतोपाटी, २०७५ चैत्र २२ गते)

*'भक्तपुरे दिदीहरू दङ्गः रानी पोखरीमा पानी अडियो'* (सविना श्रेष्ठ, सेतोपाटी, २०७६ असार २० गते)

*'रानी पोखरी जोगाउन भक्तपुरदेखि'* (राजु स्याङ्तान, नयाँ पत्रिका, २०७६ साउन ४ गते)



भक्तपुर नपाको आयोजनामा काठमाडौं, ललितपुर महानगरपालिका, कीर्तिपुर र मध्यपुर नगरपालिकाका प्रमुखहरूको बैठक

माथिका समाचार शीर्षकहरू केही प्रतिनिधिमुलक मात्रै हुन् । राष्ट्रिय पत्रिकाहरूमा छापिएका उपरोक्त समाचार शीर्षकहरूले ऐतिहासिक र सांस्कृतिक महत्त्व बोकेको काठमाण्डौंको रानी पोखरी पुन:निर्माणमा भक्तपुरका जनताको योगदानलाई प्रष्ट पारेका छन् । रानी पोखरी पुन:निर्माणको काम शुरुदेखि अन्तसम्म भक्तपुरको चर्चा चलिरहयो । त्यसरी देशको सम्पदा संरक्षणमा भक्तपुरले सहयोग गर्न पाउनु निश्चय पनि सबै भक्तपुरवासीको लागि खुशीको कुरा हो । तर रानी पोखरीमा नियमित काम गर्ने कालिगडहरू भने उद्घाटन कार्यक्रममा आफूहरूलाई औपचारिक जानकारीसम्म नभएको बताउँछन् । 'तीन जनालाई फोनमार्फत उपस्थितिको लागि बोलाइएको थियो । हामीलाई कुनै पत्र दिइएको थिएन । हामी कार्यक्रम स्थल पुग्दा सुरक्षाकर्मीहरूले प्रवेश नै गर्न दिएनन्'– मौखिक निमन्त्रणा पाएकामध्ये एक जना कालिगडले उद्घाटन कार्यक्रममा सहभागी हुन काठमाण्डौंसम्म पुगेर पनि कार्यक्रम स्थलमा प्रवेश नपाएकोमा दुखेसो पोख्दै भने । उनी भन्छन् – 'त्यो त व्यवस्थापनकै कमजोरी हो । कि नबोलाइएको भए हुन्थ्यो, बोलाइसकेपछि औपचारिक निमन्त्रणा गर्नु पर्थ्यो ।'

काठमाडौंको रानीपोखरी मौलिक स्वरूपमै पुन:निर्माण सम्पन्न भयो । २०७७ कार्तिक ५ गते राष्ट्रपतिबाट उद्घाटन भयो । तर उद्घाटन कार्यक्रममा पोखरीलाई मौलिक स्वरूपमै फर्काउन महत्त्वपूर्ण योगदान गर्ने भक्तपुरका कालिगडहरूलाई औपचारिक जानकारीसम्म नगर्नुलाई भने व्यवस्थापनको कमजोरी मान्न सकिन्छ ।

तत्कालीन राजा प्रताप मल्लले पत्नीलाई पुत्र शोकबाट मुक्त गर्न सान्त्वना दिन १७ औँ शताब्दीमा रानी पोखरी बनाएको इतिहास छ । २०७२ सालको भूकम्पले रानी पोखरीमा नराम्ररी क्षति पुगेको थियो ।

रानी पोखरी मौलिक स्वरूपमा निर्माण गर्नेबारे सुरुमा निकै विवाद भयो । स्वीमिङ पुल निर्माण गर्ने, कफीसपसहितको पोखरी निर्माण गर्ने योजना अगाडि बढेपछि केही सम्पदा प्रेमीहरूले पुरानै शैलीमा फर्काउन अगुवाइ गरे र त्यसमा सबै पक्षको सहमति पछि पुन:निर्माण प्रकृया अगाडि बढ्यो । काठमाडौं महानगरपालिकाका उपमेयरले ताला लगाउने र मेयरले ताला तोड्नेजस्ता घटनासमेत भयो ।

आधुनिक शैलीको पोखरी निर्माण गर्न थालेदेखि नै महानगरले सम्पदाप्रेमीहरू र सर्वसाधारणको पनि चर्को विरोध सुन्नुपऱ्यो । विवादबीच २०७५ साल साउन महिनामा 'रानीपोखरीलगायत महत्त्वपूर्ण सम्पदाहरू सेनालाई पुन:निर्माणको जिम्मेवारी दिने' समाचार प्रकाशित भयो । त्यस समाचारलाई गम्भीरतापूर्वक लिएर भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २०७५ साउन १३ गते काठमाडौं, ललितपुर महानगरपालिका, कीर्तिपुर र मध्यपुर नगरपालिकाका प्रमुखहरूको बैठक बोलाउनुभयो । बैठकमा सम्पदा पुन:निर्माण र जीर्णोद्धारको जिम्मेवारी सेना वा ठेकेदारलाई दिन नहुने, मौलिकता जोगाउन स्थानीय जनताकै सहयोगमा स्थानीय प्रविधिको प्रयोगलाई जोड दिनुपर्ने तथा सेना वा ठेकेदारलाई दिएको खण्डमा जनप्रतिनिधिहरूको औचित्यमाथि प्रश्न उठ्ने र मौलिक स्वरूपलाई जोगाइराख्न गाह्रो हुनेलगायतका विषयमा व्यापक छलफल भयो ।



निर्णयहरु

आज मिति २०७५ श्रावण १३ गते आईतबार काठमाण्डौं उपत्यकाका पांचवटा ऐतिहासिक नगरपालिकाहरु भक्तपुर नगरपालिका, काठमाण्डौं महानगरपालिका, ललितपुर महानगरपालिका, किर्तिपुर नगरपालिका र मध्यपुर थिमी नगरपालिकाका प्रमुखहरुको संयुक्त बैठक भक्तपुर नगरपालिकाको सभाकक्षमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो :

१. काठमाण्डौं उपत्यकामा अवस्थित पुरातात्विक, ऐतिहासिक तथा सांस्कृतिक महत्व बोकेका संरचनाहरु जनसहभागिता जुटाई पुनः निर्माण गर्न जोड दिने ।

२. काठमाण्डौं उपत्यकामा रहेका ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरु प्राप्त ऐतिहासिक प्रमाणहरुको आधारमा अध्ययन अनुसन्धान गर्दै परम्परागत मौलिक शैलीमा नै पुनः निर्माण गर्न जोड दिने ।

३. काठमाण्डौं उपत्यकाका प्राचीन शहरहरु समेटेर सांस्कृतिक संरक्षित केन्द्र घोषणा गराउन सबै नगरपालिकाहरुले आ–आफ्नो क्षेत्रबाट पहल गर्ने ।

४. काठमाण्डौं उपत्यकाका ऐतिहासिक नगरपालिकाहरुबीच अन्तर नगर सांस्कृतिक आदान प्रदानमा जोड दिने ।

उपत्यकाका नपा प्रमुखहरूको बैठक निर्णय

बैठकले उपत्यकामा अवस्थित पुरातात्त्विक, ऐतिहासिक तथा सांस्कृतिक महत्त्व बोकेका संरचनाहरू जनसहभागिता जुटाई पुन:निर्माण गर्ने, काठमाडौं उपत्यकामा रहेका ऐतिहासिक तथा पुरातात्त्विक महत्त्व बोकेका सम्पदाहरूको प्राप्त ऐतिहासिक प्रमाणहरूको आधारमा अध्ययन अनुसन्धान गरी परम्परागत मौलिक शैलीमा पुन:निर्माणमा जोड दिने, काठमाडौं उपत्यकाका प्राचीन सहरहरू समेटेर सांस्कृतिक संरक्षित केन्द्र घोषणा गराउन

सबै नगरपालिकाले आ–आफ्नो क्षेत्रबाट पहल गर्ने र नगरपालिकाहरूबीच सांस्कृतिक आदानप्रदानमा जोड दिनेलगायत निर्णय गऱ्यो । रानी पोखरीलाई मौलिक स्वरूपमा फर्काउन भक्तपुरमा बसेको त्यो बैठकको निर्णयले महत्त्वपूर्ण भूमिका खेल्यो । उक्त निर्णय भएको केही दिनपछि नै रानी पोखरी पुन:निर्माणको जिम्मा सेनालाई नदिने समाचार सार्वजनिक भयो ।



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति र पुन:निर्माण प्राधिकरणका प्रमुख सुशील ज्ञवालीबीच छलफल

विवादको कारण रानीपोखरी झाडीको रूपमा रूपान्तरण भइरहेको थियो । त्यसबीच नेपाल सरकारको २०७५ माघ १४ गते बसेको मन्त्रिपरिषद्को बैठकले रानीपोखरी पुन:निर्माणको जिम्मेवारी राष्ट्रिय पुन:निर्माण प्राधिकरणलाई दिने निर्णय गऱ्यो । भक्तपुर नगरपालिकाले सम्पदा पुन:निर्माणमा उत्कृष्टता हासिल गरेका जानकार पुन:निर्माण प्राधिकरणका प्रमुख सुशील ज्ञवाली भक्तपुर नगरपालिकाको सम्पर्कमा पुग्नुभयो । फागुन ११ गते प्राधिकरणका प्राविधिकहरूको टोलीसहित भक्तपुर पुग्नु भएका उहाँलाई नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुरमा स्वागत मात्रै गर्नु भएन, भक्तपुर नपाले पुन:निर्माण गरिरहेको भाज्या पुखु, सिद्धपोखरी र अन्य सम्पदा क्षेत्रहरू दरबार क्षेत्र, टौमढी क्षेत्र र दत्तात्रय क्षेत्रमा रहेका पुन:निर्मित, निर्माणाधीन र भूकम्पबाट क्षतिग्रष्ट विभिन्न सम्पदाहरू समेतको अवलोकन गराउनुभयो ।

प्राधिकरण प्रमुखको एउटै उद्देश्य थियो, पोखरी पुन:निर्माणमा दक्षता हासिल गरेका कालिगडहरूको व्यवस्थान । उहाँले नगर प्रमुखसँग पोखरी पुन:निर्माणमा दक्ष जन शक्ति उपलब्ध गराइ दिन पटक पटक आग्रह गर्नुभयो । 'के तपाइँ आवश्यक परेमा भाजु पोखरीमा काम गरिरहेका वा अन्य त्यस्तै कालिगडहरू रानी पोखरी पुन: निर्माणको लागि पठाउन सक्नुहुन्छ ?' नगर प्रमुखले सहज जवाफ दिनुभयो– 'किन नसक्नु ? रानी पोखरी काठमाडौंको मात्रै होइन, सारा नेपाली



जनप्रतिनिधिहरूबाट इमानदारीपूर्वक काम गर्न रानी पोखरीमा काम गर्ने कामदारहरूलाई निर्देशन दिनुहुँदै का.रोहित

जनताको साझा सम्पत्ति हो । देशकै महत्त्वपूर्ण सम्पदा हो । तपाईँलाई चाहिने कालिगड, प्राविधिक, कामदार र अन्य परम्परागत शैलीको निर्माण सामग्रीसमेत उपलब्ध गराउन भक्तपुर तयार छ । तपाइँ ढुक्क हुनुहोस्, भक्तपुरले इमानदारीपूर्वक त्यस कार्यमा सहयोग गर्नेछ । सम्पदा पुन:निर्माणको काम स्थानीय जनताबाट गठित उपभोक्ता समितिमार्फत गर्दा संरचना गुणस्तरीय हुने र स्थानीय जनतामा सम्पदाप्रति अपनत्व हुने हाम्रो अनुभव छ ।'



रानी पोखरी पुन:निर्माणमा भक्तपुरका कामदारहरू

नगर प्रमुखबाट आश्वासन पाएपछि प्राधिकरण प्रमुख ज्ञवाली ढुक्क देखिनुभयो । आफ्ना टोलीमा सहभागीहरूलाई सम्बन्धित व्यक्तिहरूको फोन नम्बर र नाम टिप्न निर्देशन दिनुभयो । त्यसबेला वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीलगायत हुनुहुन्थ्यो ।

भक्तपुर नगरपालिका र प्राधिकरणबीच भएको सहमतिअनुसार प्राधिकरणले स्थानीय अजय राज स्थापितको संयोजकत्वमा उपभोक्ता समिति गठन गऱ्यो । यता भक्तपुरका कामदारहरू कुनै पनि दिन जान तयार भएर बसिरहेका थिए । सहमतिअनुसार शिवरात्रीका दिन ४० जनाको समूहले त्यस

कामको थालनी गऱ्यो । पछि आवश्यकताअनुसार त्योभन्दा पनि बढी कामदारहरू पठाएर सहयोग गऱ्यो । झाडी पन्छाउने, पहिले बनाइएका कंक्रित हटाउने, कालीमाटी भर्ने, पानी चुहिनबाट जोगाउनेलगायत सबै प्रकारका कामहरू झन्डै ८ महिनामा सम्पन्न गरे । भक्तपुरका कामदारहरूले रानी पोखरी जीर्णोद्धार गर्न थालेपछि जनतामा विश्वास जाग्यो– 'अब रानीपोखरी पुरानै स्वरूपमा फर्किनेछ ।'



कालिगडहरूलाई उत्साहित गर्न भक्तपुर नपाका प्रमुखलगायत जनप्रतिनिधिहरूले रानी पोखरीको काम भइरहेकै बेला स्थलगत अवलोकन

इमानदारिता र पारदर्शितालाई भक्तपुर नगरपालिकाले निरन्तर जोड दिँदै आएको छ । रानी पोखरीमा काम गर्ने कामदारहरूलाई कुनै किसिमको कमी कमजोरी नहोस् भनी पटक पटक कार्यरत कामदारहरूको भेला गरी नेमकिपाका अध्यक्ष रोहित र जनप्रतिनिधिहरूले इमानदारीपूर्वक काम गर्न निर्देशन दिनुभयो । भेलामा नगर प्रमुखले 'काठमाडौंको रानीपोखरी पुनःनिर्माण राज्यले भक्तपुरवासीलाई गरेको विश्वासको रूपमा लिएर काम गर्ने एउटा ऐतिहासिक अवसर भएको बताउनु भएको थियो ।

रानी पोखरी पुनःनिर्माणमा आवश्यक जनशक्तिको व्यवस्थापनको जिम्मेवारी वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले गर्नु भयो । उहाँले स्थानीय कृष्णप्रसाद दुमरुको नेतृत्वमा महिला, पुरुष आवश्यक जनशक्तिको व्यवस्थापन गर्नुभयो । ऐतिहासिक रानीपोखरी मौलिक स्वरूपमै पुनःनिर्माण सम्पन्न भएकोमा भक्तपुरवासीहरू खुसी छन् । देशका सम्पदाहरू पुनःनिर्माणमा हरतरहले सहयोग गर्ने भक्तपुरवासीको भावना रानी पोखरी पुनःनिर्माणमा पनि प्रष्ट देखियो ।

रानी पोखरीको काम भइरहेकै बेला कालिगडहरूलाई उत्साहित गर्न नगर प्रमुखलगायत जनप्रतिनिधिहरूले पटक पटक स्थलगत अवलोकन गर्नुभयो । उहाँहरूले कालिगडहरूले भोग्नुपरेका समस्याबारे बुझ्ने र सम्बन्धित पदाधिकारीहरूसम्म पुऱ्याउने गर्नुभयो । कहिले ज्याला ढिलो दिएको, कहिले शौचालयको व्यवस्थापन नभएको तथा कहिले खानेपानीको समस्याजस्ता अतिआवश्यक र आधारभूत विषयहरूमासमेत कार्यरत कालिगडहरूले गुनासो गर्ने गरेको र त्यसबारे तुरुन्तै सरोकारवालाहरूसम्म पुऱ्याउने र समाधान हुने गरेको कार्यरत मजदुरहरूको भनाइ छ ।



भक्तपुर नपा र रानी पोखरी पुनःनिर्माण उपभोक्ता समितिबीच छलफल

रानी पोखरी काठमाण्डौं महानगरपालिकाले नै पुनःनिर्माण गरेका भए अझ राम्रो हुने भक्तपुरका जनप्रतिनिधिहरूको भनाइ छ । पुनःनिर्माणको जिम्मा सेनालाई दिने समाचार बाहिरानासाथ अगुवाई गरेर उपत्यकाका प्राचीन नगरका नगर प्रमुखहरूको बैठक बोलाउने भक्तपुरले महानगरले नै गरेको भए झनै खुसी भएर सहयोग गर्ने थियो– एक जनप्रतिनिधिले भन्नुभयो । 'जनप्रतिनिधि हरेक मोर्चामा अघिल्लो पङ्क्तिमा बसेर काम गर्नुपर्छ' –उहाँको भनाइ थियो ।

पत्रकारहरूले प्राधिकरणका प्रमुख ज्ञवालीसँग रानी पोखरी पुनःनिर्माणबारे सोधिएको एक प्रश्नको जवाफमा भन्नुभएको थियो– 'भक्तपुर नगरपालिका र त्यहाँका कालिगडहरू धन्यवादका पात्र छन् । हामी एउटा कार्यक्रम गरेर सबै कालिगडहरूलाई रानीपोखरी हेर्न निम्ता गर्नेछौं । (असोज ९ सेतोपाटी, असोज १० कान्तिपुर)

तर उद्घाटनका दिन कालिगडहरूलाई औपचारिक निमन्त्रणासम्म नगरी फोनमार्फत तीनजना व्यक्ति तोकेर बोलाउनु र गएकाहरूलाई कार्यक्रम स्थल छिर्न नदिएकोमा भने आयोजकहरू प्रति कालिगडहरूले गुनासो गरेका छन् । आयोजकहरूले पुनःनिर्माण प्राधिकरणको भावना बुझ्न नसकेका हुन् कि ? जे जस्तो भए पनि काठमाडौंको रानी पोखरी पुनःनिर्माणमा भक्तपुरवासीको योगदानलाई बिर्सन सक्ने छैन । भक्तपुरको गौरव बढाउन त्यस कामले थप इँटा थपेको भक्तपुरवासीहरू महसुस गर्छन् ।

# गरे के हुँदैन ? हेरौँ भक्तपुर नगरपालिका

– भैरव रिसाल



सानु सहर अनगिन्ती सम्पदा ! यी सम्पदा, कला, संस्कृति, सभ्यता र संस्कारका उत्कृष्ट नमुना भएका छन् । भक्तपुर सहर बसाल्दादेखि नै पुर्खाले सुदूर भविष्यसम्मलाई सोची सहरका चारैतिर ठूलठूला पोखरी निर्माण, ठूला आकारका बलिया इनार, घाम ताप्न, ठण्डा हावामा श्वास फेर्न, भजन गर्न, समसामयिक घटना, दुर्घटना, विपत्ति, उत्सव, जात्रापात्राबारे उन्मुक्त एवं खुला सार्वजनिक ठाउँमा खुला जम्मा गर्न बस्तीका बीचबीचमा सत्तल, पाटी–फल्चा बनाएर कत्रो बुद्धिमानी गरेका ! मान्छेको बस्ती भएपछि आगोको भय हुनु स्वाभाविकै भयो । साथै खान र सरसफाइका लागि पनि सफा र सुरक्षित पानी चाहिने नै भयो । स्रोत भएका ठाउँमा ढुङ्गे धारा, नत्र गहिरा इनार, कुवा, मन्दिर, सत्तलजस्ता सार्वजनिक सम्पदाको जोहो गरेर कत्रो गुण लगाएका ! धन्य पुर्खा ! विक्रम संवत् ०७४/०७५ देखिका सम्पदा, लिच्छवि कालदेखिका यी दुर्लभ सम्पदाको मर्मत सम्भार, जीर्णोद्धार गरी यथावतरूपमा राख्नु पनि दुर्लभजस्तो भएको छ । यस्तो युगमा कलाकृतिको सङ्ग्रहालयजस्ता अमूल्य निधिको रूपमा पाएको पितृप्रसाद पूर्ववत्‌रूपमा सुरक्षित राख्न सकेकोमा भक्तपुर नगरपालिका, पुरातत्त्व विभाग, स्थानीय जनताको जति प्रशंसा गरे पनि थोरै हुन्छ । आजको चुनौती भनेको यी सम्पदाको यथावतरूपमा सुरक्षित राख्नु हो । नगरपालिका मुख्य जिम्मेदार हुनुपर्छ ।

**यस्तो जनशक्ति कसरी तयार पार्ने ?**

भक्तपुर नगरपालिका, पुरातत्त्व विभाग र स्थानीय जनताको क्रियाशिलता र उमङ्गले जीर्णोद्धार, पुनःनिर्माण भएका यी सम्पदाले भक्तपुरको जीवन्तता बढेको छ । यसरी पूर्वरूपमा कायम गरिएका सम्पदामा कुवा, पोखरी, पाटी, मन्दिर, ढुङ्गेधारा, देवघर, इनार, पीठ सुधार, ऐतिहासिक भवन, ढुङ्गे मन्दिर, ऐतिहासिक सत्तल, मण्डप, घाट, भाजु पोखरी, खट, महाकाली पीठ, पुल, परापूर्व कालदेखिका तीर्थ, मसान पाटी, सिद्धिगणेश मन्दिरहरू छन् । सयौँ वर्ष पुराना यस्ता सम्पदाको मर्मत सम्भार त्यति सरल, सहज र खतरामुक्त छैनन् । पुनःनिर्माणका सामग्री पाउन पनि दुर्लभ छ । टौमढीको पाँचतले मन्दिरको मर्मत सम्भार कति कहालीलाग्दो छ । तलबाट हेर्दै कहाली लाग्छ । त्यो मन्दिरको टुप्पोमा गजुर राख्दा कस्तो होला ? अबका हाम्रा कलेज, विश्वविद्यालयमा हुने वास्तुशास्त्रमा स्नातकोत्तरमा सफल हुने युवालाई त्यो गजूर जडान गर्ने खटमा त्यो युवाको परिवारले त्यो गजूर जडान गर्न जान अनुमति देला ? तसर्थ यस्ता खतरायुक्त काम गर्न तयार सक्षम नयाँ पुस्ता उत्पादन गर्न ख्वप कलेजको ध्यानाकर्षण जरूरै भएको होला । नभए ध्यान दिने कि ?

**नेमकिपा नेतृत्वको विशेषताः**

अन्यत्र धेरैजसो जिल्ला र स्थानीय तहमा पनि उपभोक्ता समिति गठन गरिन्छ । त्यस्ता योजनामा कति खर्च लाग्छ भनी लगत इष्टिमेट गरिएको हुन्छ । सोअनुसार पैसो निकासा हुनु स्वाभाविक नै भयो । तर, प्रायः ती आयोजना त्यति रकमले तयार भएको पाइँदैन, पैसो थप्नुपर्छ । परियोजना दुब्लाउँछन् । उपभोक्ता समितिका मान्छे मोटाउँछन् । समयमा काम पनि पूरा हुँदैन । उपभोक्ता समितिहरूले खर्च भएको हिसाब पनि समयमा दिँदैनन् । प्रायः योजना अधुरा नै रहन्छन् । हिसाब बेरूजु नै रहन्छ । तर, भक्तपुर नगरपालिकामा त्यस्तो हुँदैन । त्यस्ता मर्मत सम्भारका काम उपभोक्ता समितिहरूले समयभन्दा अघि नै सम्पन्न गर्छन् । धेरैजसोमा प्राविधिज्ञले गरेको लगत इस्टमेटअनुसारको सबै रकम पनि खर्च हुँदैन । काम पनि गुणस्तरीय हुने गर्छ । हिसाब पनि समयमै आउँछ । बेरूजु हुँदैन । सक्कली उपभोक्ता समितिमार्फत काम हुनु भनेको

चुहावट नहुनु हो । यसरी काम हुँदा जनप्रतिनिधिउपर लाञ्छना पनि लाग्दैन । त्यस्ता जनप्रतिनिधि अर्को निर्वाचनमा पनि विजयी हुन्छन् । भक्तपुर नगर पञ्चायत हुँदा होस्, नगरपालिका हुँदा होस् यही हो विगत नेपाल मजदुर किसान पार्टी नेतृत्वको नगरपालिका, गाउँपालिका वा जिल्ला विकास समिति होस् ।

**खस्याङ खुसुङ तऱ्यो, बिर्स्यो !**

गऱ्यो भने के हुँदैन भन्ने उदाहरण भक्तपुर नगरपालिकालाई लिन सकिन्छ । भक्तपुर नगर पञ्चायत छँदा नै कला संस्कृतिको सम्पदा आज पनि जीवन्त छ, जीवन्तता छ । अझै पनि आफ्नै आर्जनबाट संरक्षित हुने उपाय खोज्ने क्रममा भक्तपुर नगरको सम्पदा हेरेर सन्तुष्टि लिनेहरूबाट केही सहयोग लिने नीति लियो । फलस्वरूप नेमकिपा नेतृत्वको भक्तपुर नगर आफ्नै आम्दानीबाट ख्वप विश्वविद्यालयसमेत सञ्चालन गर्ने अवस्थामा पुग्यो । तर, त्यसबेलादेखि आजसम्मका विभिन्न नाम र सिद्धान्तका राजनीतिक दलका सरकारहरूले ख्वप विश्वविद्यालय सञ्चालनको अनुमति नदिएर भक्तपुर नगरपालिकाको गम्भीर अपमान गरिरहेको छ । यसको नमीठो प्रतिफल ती दल र तिनका सरकारले भोग्नुपर्नेछ । भक्तपुर नगरपालिकाले अहिले पनि विभिन्न विधाका ख्वप कलेज सुचारूरूपले चलाइआएको छ । पढाइ स्तरीय हुनु, शुल्क औधि सस्तो हुनु विशेषता हो । ती कलेजहरूमा अहिले नेपालका मनाङ जिल्लाबाहेक ७६ जिल्लाका युवा-युवती स्तरीय शिक्षा उपार्जन गरिरहेका छन् । 'गऱ्यो भने किन हुँदैन' भन्ने स्पष्ट उदाहरण छ भक्तपुर नगरपालिका । ख्वप कलेजहरूको अवलोकनका लागि प्रधानमन्त्री, शिक्षामन्त्रीहरू सबै गएका छन् । खासाङखुसुङ र हनुमन्ते खोलो तरेपछि ख्वप कलेज नै बिर्सन्छन् । ख्वप विश्वविद्यालय त कता कता ? तर, भक्तपुर नगरपालिकाले एक दिन विजय पाउने पक्का छ । सङ्घर्ष छोड्नु हुन्न ।

*स्रोत : मजदुर, २०७७ मंसिर २*

## भक्तपुर औद्योगिक क्षेत्रबाट प्रदूषण गर्ने उद्योग दर्ता खारेजीको माग

भक्तपुरका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईलाई भक्तपुर औद्योगिक क्षेत्रको ध्वनि, धुवाँ-धूलो र दृष्य प्रदूषणबारे भक्तपुर नगरपालिकाका कर्मचारीहरूको तर्फबाट करिब ४०० जनाको हस्ताक्षरसहितको निवेदन नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुर नगरपालिका एकाई समितिका अध्यक्ष गौतमप्रसाद लासिवाले मंसिर १४ गते जिल्ला प्रशासन कार्यालयमा पेश गर्नुभयो । ज्ञापनपत्र बुझाउने टोलीमा एशोसिएसनका दिलकृष्ण माक, रामकृष्ण प्रजापति, विकास प्रजापति र रज्जु वैद्य सहभागी रहेको थियो ।

ज्ञापनपत्र बुझाउनुहुँदै अध्यक्ष लासिवाले साना औद्योगिक क्षेत्र यहाँका किसानहरूसँग सस्तोमा जग्गा अधिग्रहण गरी परम्परागत सीपलाई व्यवसायिक रूप दिन भक्तपुर साना उद्योग क्षेत्र स्थापना भएको, हाल उक्त क्षेत्रमा डाईङ, टेक्साटाईल, प्लाष्टिक उद्योग र रङ कारखानाले गर्दा धुवा, धूलो र ध्वनि प्रदूषणले स्थानीय जनतालाई मर्का पर्नुका साथै सँगै रहेको भक्तपुर नगरपालिकाको भवन र त्यहाँ कार्यरत करिब चार सय कर्मचारी र दैनिक सयौँमा आउने सेवाग्राहीलाई समस्या परेको बताउनु भयो ।

उहाँले कर्मचारीहरूले शान्त र स्वस्थ वातावरणमा कार्य गर्न नपाएको, सेवाग्राहीहरूलाई समस्या परेको, उद्योगहरूबाट जनस्वास्थ्यमा हानि पुगिरहेको, पीडित जनता दिनभरि नै ५-६ रेक्टरको भूकम्प गएको जस्तो कम्पनको पीडामा छन् भने विद्यालय र कलेज बन्द रहेको बेला विद्यार्थीहरूको अनलाइन



कक्षा र स्वअध्ययनमा समेत बाधा पुगरिहेको साथै २०५७ जेठ २ गते सरोकारवालाहरूको बैठक बसी त्यस्ता उद्योगहरू हटाउने निर्णय भएको थियो भने २०७३/०७४ को बजेट वक्तव्यमा समेत काठमाण्डौं उपत्यका बाहिर स्थानान्तरण गर्ने घोषणा भएको बताउनु भयो ।

प्रदुषण फाल्ने र मानव स्वास्थ्यलाई हानि पुऱ्याउने उद्योगहरू अविलम्ब हटाउने व्यवस्थाको लागि उक्त निवेदनको बोधार्थ तथा कार्यार्थ प्रधानमन्त्री कार्यालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भक्तपुर नगरपालिका, उद्योग विभाग, औद्योगिक क्षेत्र व्यवस्थापन लि. केन्द्रीय र भक्तपुर कार्यालयलाई पनि दिइएको छ ।

# नेपालको प्राचीन र मध्यकालीन इतिहास जान्ने स्रोतसामग्रीहरू



डा. बलराम कायस्थ

इतिहास विगत समयमा भएका घटना र त्यससँग सम्बन्धित विभिन्न व्यक्तिहरूकाबारे तथ्य सङ्कलन गरेर विवेचना गरिने विद्या भन्ने बुझिन्छ । यसैले इतिहास कोरा कल्पनामा आधारित कथा होइन । तिथिमितिसहितको सत्यतथ्यमा आधारित प्रामाणिक घटना विवरण नै इतिहास हो । मानव समुदायको मूल्याङ्कन गर्ने सही आधार पनि इतिहास नै हो । अतः इतिहासबाट धेरै कुरा सिक्न सकिन्छ । इतिहासले वितेका कुराको आधारमा वर्तमानमा रही भविष्यको लागि आफ्नो विचार व्यक्त गर्दछ । इतिहास निरन्तर चलिरहने एउटा प्रक्रिया हो । यसर्थ कुनै पनि सत्य इतिहास जान्नका लागि विविध तथ्यपूर्ण ऐतिहासिक स्रोतसामग्रीहरूको आवश्यकता पर्दछ । त्यस्ता स्रोतसामग्रीहरू विभिन्न प्रकारका हुन्छन्, जसलाई यहाँ पुरातात्त्विक र समकालीन साहित्यिक गरी दुई भागमा राखेर अध्ययन गरिन्छ । पुरातात्त्विक स्रोत अन्तर्गत पुराना भग्नावशेष, पुराना मठमन्दिर, दरबार, पाटीपौवा, ढुङ्गेधाराहरू, मुद्रा, अभिलेखहरू आदि पर्दछन् भने समकालीन साहित्यिक स्रोतहरूमा वंशावली, पुराणहरू, हस्तलिखित ग्रन्थहरू, थ्यासफू, पुराना सरकारी कागजपत्रहरू, विदेशी स्रोतहरू आदि रहेका छन् ।

## अ) पुरातात्त्विक स्रोत–

**१) पुरातात्त्विक स्रोत–** पुरातात्त्विक स्रोत इतिहास लेखनका लागि एउटा महत्त्वपूर्ण स्रोत मानिन्छ । पुरातात्त्विक स्रोत अन्तर्गत पुराना भग्नावशेषहरू, प्राचीन र मध्यकालीन समयमा बनेका विभिन्न मठमन्दिरहरू, दरबारहरू, पाटीपौवा, ढुङ्गेधाराहरू, चित्रकला, मूर्तिकलाहरू, पुरातात्त्विक उत्खननबाट प्राप्त सामग्रीहरू आदि भन्ने हुन्छ । पुरातात्त्विक दृष्टिले महत्त्वपूर्ण विभिन्न क्षेत्रहरू जस्तो– कपिलवस्तु, लुम्बिनी, मकवानपुर, काठमाडौंको हाँडीगाउँ, लाजिम्पाट, धुमवाराही आदि क्षेत्रहरूको पुरातात्त्विक उत्खनन गरेर निक्कै नयाँ कुराहरू थाहा पाउन सकिएको छ । जस्तै– राणा प्रधानमन्त्री वीर शम्शेरका भाइ खड्ग शम्शेरलाई इतिहास र पुरातत्त्व विषयप्रति विशेष रुची थियो । यसैले पाल्पाको बडा हाकीम छँदा उनले जर्मनीका पुरातत्त्वविद् डा. फ्युररसँग मिलेर कपिलवस्तुमा पुरातात्त्विक उत्खनन कार्य गरे । जसबाट भगवान गौतम बुद्धको जन्मथलो लुम्बिनी हो भन्ने कुरा प्रमाणित गरिदिए । यसअघि मानिसहरूलाई बुद्धको जन्म लुम्बिनीमा भएको भन्ने कुरा त थाहा थियो, तर यो लुम्बिनी कहाँ पर्छ भन्ने चाहिं थाहा थिएन । तर यस उत्खननबाट लुम्बिनी नेपालमा पर्छ भन्ने कुरा स्पष्ट भयो । त्यस्तै नेपालको मध्यकालीन क्षेत्रीय इतिहासमा महत्त्वपूर्ण भूमिका खेल्ने सेनवंशी राजाहरूबारे जानकारी पाउन मकवानपुरको पुरातात्त्विक अन्वेषणबाट निक्कै सजिलो भएको छ । हालैमात्र पश्चिम नेपालको बुटवल क्षेत्रमा गरिएको पुरातात्त्विक अन्वेषणबाट प्राप्त रामापिथेकस मानव अवशेष र तिनले प्रयोग गरेका ढुङ्गे हतियारबाट **नेपालमा एक करोड दश लाख वर्ष पहिलेदेखि नै मानव बसोवास भएको तथ्य स्पष्ट भएको छ ।** यसरी पुरातात्त्विक स्रोत इतिहास लेखनका लागि एउटा महत्त्वपूर्ण स्रोत मानिन्छ । तर यस स्रोतले राजनीतिक इतिहासभन्दा तत्कालीन आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक आदि पक्षहरूको बारेमा बढी जानकारी दिन्छ ।

**२) मुद्रा–** पुरातात्त्विक स्रोत अन्तर्गत पर्ने अर्को स्रोत मुद्रा हो । मुद्रा पनि इतिहास लेखनका लागि एउटा महत्त्वपूर्ण स्रोत मानिन्छ । नेपालमा पाँचौं शताव्दीदेखिका विभिन्न मुद्राहरू पाइएका छन् । जस्तै– **मानाङ्क, गुणाङ्क, अंशुवर्माका मुद्राहरू, पशुपति मुद्राहरू, महेन्द्रमल्ली मोहर** आदि । यद्यपि नेपालमा माटाका मुद्रा, छालाका मुद्रा पनि चलेका थिए भन्ने सुनिन्छ । तर ती प्राप्त छैनन् ।

यी मुद्राहरूमा सबभन्दा प्राचीन मुद्रा प्रसिद्ध लिच्छवि राजा मानदेव प्रथमको मानाङ्क मुद्रा हो । तामाका विभिन्न आकारमा पाइएका यी मुद्राहरू हाल राष्ट्रिय मुद्रा सङ्ग्रहालय काठमाडौंमा सङ्ग्रहित छन् । मानाङ्क मुद्राको एकापट्टि श्री मानाङ्क लेखिएको छ भने अर्कातिर भोगिनी भनेर लेखिएको छ । भोगिनी मानदेवकी बडामहारानी भएको बुझिन्छ । त्यस्तै गुणाङ्क मुद्रा नामको आधारमा राजा गुणकामदेवको हो भन्ने देखिए पनि यसबारे स्पष्ट रूपमा केही भन्न सकिंदैन । अंशुवर्माका विभिन्न प्रकारका मुद्राहरू पाइएका छन् । जस्तै– अंशुवर्माको शासनको शुरु समयतिरको मुद्रामा अंशुवर्मामात्र लेखिएको छ । शासनको मध्यतिरको मुद्रामा श्रीअंशु भनेर लेखिएको छ भने शासनको अन्तिम समयतिरको मुद्रामा महाराजाधिराज अंशुवर्मा

भनेर लेखिएको छ । यसबाट के कुरा थाहा पाइन्छ भने तत्कालीन राजनीतिमा अंशुवर्माको उदय अप्रत्याशित रूपमा भएको नभई क्रमिकरूपमा हुँदै गएको देखिन्छ । साथै नेपालको इतिहासमा सर्वप्रथम महाराजाधिराजको पदवी लिने अंशुवर्मा नेपालका प्रथम शासक देखिन्छन् । पशुपति मुद्रा कसले चलाएको भन्ने कुरा थाहा पाउन सकिएको छैन ।

मध्यकालीन कान्तिपुरका प्रसिद्ध राजा महेन्द्रमल्लले मोहरसिंह भन्ने व्यक्तिको सल्लाहमा आठ मासाका चाँदीका मोहरहरू चलनचल्तीमा ल्याए । जसलाई महेन्द्रमल्ली मोहर भनियो । यस मुद्राको गुणस्तरका कारणले पछिबाट तिब्बती बजारमा समेत यसको निर्यात हुन थाल्यो । यस अतिरिक्त अन्य विभिन्न किसिमका मुद्राहरू पनि मल्लकालमा निकालिएका थिए ।

यसका साथै मुद्राको अध्ययनबाट इतिहासका सम्बन्धमा निम्न कुराहरू थाहा पाइन्छ । जस्तै– तत्कालीन आर्थिक अवस्था– मुद्रा कुन धातुमा ढालिएको हो, अथवा सुन, चाँदीमा ढालिएको छ भने त्यसबेलाको आर्थिक अवस्था राम्रो रहेको देखाउँछ । होइन, कमसल धातुमा ढालिएको छ भने त्यसबेलाको आर्थिक अवस्था नराम्रो रहेछ भन्ने थाहा पाइन्छ । त्यस्तै मुद्रामा कुँदिएका विभिन्न देवदेवीका चित्रहरूबाट तत्कालीन समयको धार्मिक, सांस्कृतिक परम्पराको बोध हुन्छ । जस्तै– मध्यकालीन भक्तपुरका मुद्राहरूमा तलेजुको चित्र अङ्कित रहेको पाइन्छ भने कान्तिपुरकोमा कुमारी र ललितपुरकोमा करुणामय मच्छेन्द्रनाथ रहेको पाइन्छ । यसबाट सम्बद्ध राज्यका शासकहरूको सम्बन्धित देवदेवीप्रति ठूलो आस्था रहेको तथ्य जान्न सकिन्छ । यसका साथै मुद्राको अध्ययनबाट तत्कालीन शासकको नाम, शासनकाल, शासित प्रदेश आदि बारे पनि थाहा पाइन्छ । ध्यान दिनुपर्ने कुरा के छ भने मुद्राले कहिले पनि आफैले इतिहास बताउँदैन बरु यसले सदैव अन्य ऐतिहासिक स्रोतसामग्रीहरूलाई समर्थन गर्ने कार्यमा मद्दत पुऱ्याउँदछ । साथै, अर्को कुरा यहाँ मुद्रा भन्नाले धातुका सिक्का वा टक भन्ने बुझ्नु पर्दछ, न कि कागजी मुद्रा । तर यस्तो महत्त्वपूर्ण स्रोत हुँदाहुँदै पनि नेपाली इतिहास लेखनमा मुद्राले थोरै मात्र सहयोग पुऱ्याएको देखिन्छ ।

**३) अभिलेख–** विभिन्न धातु, काठ, ढुङ्गामा लेखिएका अथवा कुँदिएका घटना विवरणलाई अभिलेख भनिन्छ । अभिलेख नेपाली इतिहास निर्माणको एउटा प्रमुख आधार हो । सुवर्णपत्र, ताम्रपत्र, रजतपत्र, शिलालेख आदि अभिलेखका विभिन्न स्वरूपहरू हुन् । अभिलेखको अध्ययनबाट नेपालको विगत समयको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक आदि पक्षहरूको बारेमा यथार्थ जानकारी प्राप्त गर्न सकिन्छ । नेपालका अभिलेखहरू प्रकाशन गर्ने कार्यमा भारतीय नागरिक भगवानलाल इन्द्रजीको नाम अग्रिमपङ्क्तिमा आउँछ । उनको 'Twenty three Inscription from Nepal…' (सन् १८८५) भन्ने पुस्तक निक्कै प्रसिद्ध छ । त्यस्तै सेसिल बेण्डाल, सिल्भाँ लेभी, धनवज्र वज्राचार्य, योगी नरहरिनाथ, नयराज पन्त आदिको नाम पनि अभिलेख प्रकाशन गर्ने कार्यमा उल्लेखनीय रहेका छन् ।



मानदेव प्रथमको चाँगुनारायणको अभिलेख

नेपालमा अहिलेसम्म प्राप्त अभिलेखहरूमा सबभन्दा प्राचीन र प्रख्यात अभिलेख प्रसिद्ध लिच्छवि राजा मानदेव प्रथमको संवत् ३८६ अर्थात् वि.सं. ५२१ को चाँगुनारायणको अभिलेख हो । तर हालै काठमाडौंको माली गाउँमा पनि एउटा सालिकमा अङ्कित अभिलेख पाइएको छ । त्यसमा 'संवत् २०७ श्री परमदेवाङ्ग महाराजस्य जयवर्म्मण' भन्ने उल्लेख भएको छ । जसकोआधारमा यो सालिक र अभिलेख राजा जयवर्माको भएको बुझिन्छ । यसबाट नेपालमा प्राप्त पहिलो अभिलेख यही ठहर्छ । तथापि ऐतिहासिक दृष्टिकोणबाट मानदेव प्रथमको

चाँगुनारायण अभिलेखकै महत्त्व ज्यादा देखिन्छ । वास्तवमा यस अभिलेखबाट राजा मानदेव, उनका बाबु धर्मदेव, बाजे शंकरदेव गरी तीन पुस्ताको इतिहास विस्तृत रूपले थाहा पाउन सकिएको छ । जस्तै– राजा धर्मदेवको अकस्मात मृत्यु हुँदा मानदेव सानै उमेरका थिए । आमा राज्यवती बाबु धर्मदेवसँगै सती जान खोज्दा बालक मानदेवले ज्यादै रोइकराइ गरी आत्महत्या गर्ने समेत धम्की दिएपछि राज्यवतीले सती नगएर छोरा मानदेवलाई राजकाजमा सहयोग गरेर बस्न थालीन् । यसबाट त्यसबेला नेपाली समाजमा सतीप्रथा प्रचलित रहेतापनि अनिवार्य थिएन भन्ने कुरा थाहा पाइन्छ । साथै केन्द्रमा राजा धर्मदेवको अकस्मात मृत्यु भएको खबरले गर्दा पूर्व र पश्चिमका सामन्तहरूले विद्रोह गरी स्वतन्त्र हुने प्रयास गरे । तर मानदेव कमजोर थिएनन् । उनी योग्य र कुशल सेनानायक थिए । यसैले उनले विद्रोही सामन्तहरूलाई शक्तिद्वारा दमन गरे । त्यसबेला पूर्वमा सुनकोशी र तामाकोशीको बीचको भूभागमा किरातहरू र पश्चिम गण्डकीपारि मल्लहरू रहेको तथ्य यसै अभिलेखबाट जान्न सकिन्छ । साथै यसै अभिलेखबाट मानदेवको पारिवारिक स्थिति पनि बुझ्न सकिन्छ । जस्तै– उनको परिवारमा तीनवटी रानीहरू भोगिनी, गुणवती र क्षेमसुन्दरी तथा छोरा महीदेव र छोरी विजयवती रहेको थाहा पाइन्छ ।

मानदेवको चाँगुनारायणको अभिलेखपछि अर्को प्रसिद्ध अभिलेख लिच्छवि राजा जयदेव द्वितीयको वि.सं. ७९० को पशुपति अभिलेख हो । यस अभिलेखमा लिच्छवि वंशको गौरव बढाउने प्रसिद्ध लिच्छवि राजाहरूको नामावली दिइएको छ । त्यस्तै अर्को प्रसिद्ध अभिलेख हो पश्चिमका खसराजा पृथ्वीमल्लको वि.सं. १४१४ को दुल्लु अभिलेख । यस अभिलेखबाट मध्यकालमा नेपालको पश्चिमी कर्णाली प्रदेशमा शासन गर्ने खस राजाहरूको वंशावली थाहा पाइएको छ । साथै त्यसबेला त्यहाँको सम्पूर्ण अवस्थाबारे यसले सविस्तार वर्णन गरेको छ । वि.सं. १४१६ को ललितपुरको पिंबहाल अभिलेख र वि.सं. १४२९ को स्वयम्भू अभिलेखमा नेपालमा मुसलमानी आक्रमण भएको कुरा उल्लेख छ । यसका अतिरिक्त काठमाडौं उपत्यका वरपर जस्तै– सांगा, नाला, पलान्चोक, खोपासी, लेले, टिस्टुङ आदि क्षेत्रहरूमा प्रशस्त लिच्छविकालीन अभिलेखहरू पाइएका छन् । यसबाट ती स्थानहरू हाल त्यति विकसित नभएता पनि लिच्छविकालमा निक्कै महत्त्वपूर्ण बस्ती थिए भन्ने कुरा थाहा लाग्दछ ।

लिच्छविकालीन अभिलेखहरू संस्कृत भाषामा लेखिएको हुनाले लिच्छविकालमा संस्कृत भाषा राजभाषाको रूपमा रहेको देखिन्छ । त्यस्तै मल्लकालीन अभिलेखहरू नेवार भाषामा लेखिएको हुनाले त्यसबेलाको राष्ट्रभाषा नेवार भाषा रहेको थाहा हुन्छ । सुदूर पश्चिमको दुल्लु अभिलेख प्राचीन नेपाली भाषामा लेखिएको छ । त्यस्तै संवत्का सम्बन्धमा पनि मानदेवको चाँगुनारायण अभिलेखमा शक संवत् प्रयोग भएको पाइन्छ । जुन शक संवत् ३८६ मा लेखिएको हो । अंशुवर्माको अभिलेखमा मानदेव संवत् प्रयोग भएको छ । यस्तै मल्लकालीन अभिलेखहरूमा नेपाल संवत् प्रयोग भएको पाइन्छ । यताबाट समय, परिस्थितिअनुसार नेपालमा फरक–फरक संवत् चलेका थिए भन्ने कुरा थाहा लाग्दछ ।

यसरी अभिलेख पनि इतिहास लेखनको विशेषगरेर प्राचीन र मध्यकालीन नेपाली इतिहास लेखनको एउटा प्रमुख आधार हो भन्ने देखिन्छ ।

### आ) समकालीन साहित्यिक स्रोतहरू–

समकालीन साहित्यिक स्रोत भन्नाले त्यस्ता स्रोतहरू हुन्, जुन तत्कालीन समयमा लेखिएका हुन्छन्, जसले नेपालको इतिहासबारे पनि प्रकाश पारेको हुन्छ । समकालीन साहित्यिक स्रोत अन्तर्गत वंशावली, पुराणहरू, हस्तलिखित ग्रन्थहरू, थ्यासफू, पुराना सरकारी कागजपत्रहरू, विदेशी स्रोतहरू आदि पर्दछन् ।

**१) वंशावली–** सामान्यतयाः वंशावली भन्नाले कसैको वंशबारे गरिएको वर्णन भन्ने बुझिन्छ । नेपालमा अहिलेसम्म प्राप्त वंशावलीहरूमा गोपालराज वंशावली, भाषा वंशावली, नेपाल देशको इतिहास नामक वंशावली आदि प्रमुख वंशावली हुन् । वंशावलीमा राजाहरूको वंशक्रम, तिनीहरूको शासनकालमा घटेका महत्त्वपूर्ण घटनाहरू, मन्दिर निर्माण, मूर्ति स्थापना जस्ता कुराहरू लेखिएका हुन्छन् ।

हालसम्मको अध्ययनबाट **गोपालराज वंशावली नै नेपालमा प्राप्त सबभन्दा प्राचीन वंशावली मानिएको छ ।** यो वंशावली मध्यकालीन प्रसिद्ध राजा जयस्थितिमल्लको पालामा तयार पारिएको हो । र यो संस्कृत र नेवार भाषामा लेखिएको छ । यस वंशावलीलाई सर्वप्रथम खोजेर पत्ता लगाउने व्यक्ति अंग्रेज विद्वान सेसिल बेण्डाल थिए । यस वंशावलीमा प्राचीन समयमा नेपालमा शासन गर्ने गोपाल वंश, महिषपाल, किरात, लिच्छवि आदि राजवंशहरूको बारेमा सविस्तार वर्णन गरिएको छ । जस्तो– नेपालमा शासन गर्ने पहिलो राजवंश गोपाल वंश भएको, यस वंशका ८ जना राजाहरूले नेपालमा ५०५ वर्षसम्म शासन गरेको, त्यसपछि महिषपाल वंशका ३ जना राजाहरूले १६१ वर्ष शासन गरे अनि किराती वंशका ३० जना राजाहरूले १७०१ वर्ष शासन गरे । त्यसपछि लिच्छवि वंशको शासन शुरु भयो भन्ने तथ्य जानकारी यसबाट जान्न सकिन्छ । यसैले यो निक्कै महत्त्वपूर्ण र प्रामाणिक छ । अन्य वंशावलीहरू निक्कै पछि आएर नेपाली भाषामा लेखिएका हुनाले तिनलाई भाषा वंशावली भनिन्छ ।

यो भाषा वंशावली त्यति भरपर्दो छैन ।

जुनबेला इतिहास लेख्ने परम्पराको विकास भएको थिएन, त्यतिबेला वंशावलीले नै इतिहासको काम गरेको हुन्थ्यो । वास्तवमा वंशावली पनि इतिहास जस्तै हो । यसमा राजाहरूको वंशक्रम, तिनीहरूको शासनकालमा घटेका महत्त्वपूर्ण घटनाहरू रहेका हुन्छन् । वंशावली र इतिहासमा फरक यति मात्र हो कि वंशावलीमा केवल राजाहरूको गौरवगाथा, गुणगान, प्रशंसा गरिएको हुन्छ । जनताका कुनै कुरा उल्लेख गरिएको हुँदैन । तर इतिहासमा राजा जनता सबैका सबै पक्षहरूको बारेमा उल्लेख गरिएको हुन्छ ।

**२) पुराणहरू–** विभिन्न समयमा लेखिएका पुराणहरूबाट पनि नेपालको प्राचीन समयको इतिहासबारे अध्ययन गर्न सकिन्छ । यी पुराणहरूमा स्कन्ध पुराण, पशुपति पुराण, नेपाल महात्म्य, स्वयम्भू पुराण, वराह पुराण आदि प्रमुख पुराणहरू हुन् ।

पशुपति पुराण र स्कन्ध पुराणको हिमवत्खण्डले लिच्छविहरूले किरातीहरूलाई पराजित गरी नेपालमा आफ्नो शासन शुरु गरे भन्ने वर्णन उल्लेख गरेको छ । साथै यी लिच्छविहरूको पुरानो थलो भारतको वैशाली राज्य थियो भन्ने कुरा पनि यी पुराणमा उल्लेख पाइन्छ । अन्य पुराणहरूले पनि केही न केही रूपमा प्राचीन नेपालको इतिहासबारे वर्णन गरेका हुन्छन् । तर पुराणहरूकै आधारमा मात्र इतिहास अध्ययन गर्न सकिँदैन । किनभने पुराणहरूका कतिपय वर्णनहरू दन्त्यकथा जस्तो पनि भेट्टिन्छ ।

**३) हस्तलिखित ग्रन्थहरू–** नेपालमा छापाखानाको प्रयोग सर्वप्रथम राणा प्रधानमन्त्री जङ्गबहादुरको पालादेखि भएको हो । यसैले त्यसभन्दा पहिलेका सरकारी कागजपत्रहरू लगायत पुस्तक, ग्रन्थ आदि सबै हस्तलिखित अवस्थामा थिए । यस्ता हस्तलिखित ग्रन्थहरूको अन्तिम पृष्ठतिर पुष्पिका वाक्य भनेर सो ग्रन्थ लेख्ने वा सार्नेको नाम, तत्कालीन शासकको नाम, महत्त्वपूर्ण घटनाहरू उल्लेख गरिएका हुन्छन् । जसबाट तत्कालीन समयका महत्त्वपूर्ण ऐतिहासिक तथ्यहरू पत्ता लाग्ने गरेको छ । जस्तै– उदाहरणका रूपमा ने.सं. २६८ अर्थात् वि.सं. १२०४ मा लेखिएको **प्रज्ञापारमिता** नामक बौद्ध ग्रन्थमा यस्तो उल्लेख भएको छ – 'ने.सं. २६८ पौष शुक्लपूर्णिमा सोमवारका दिन श्री आनन्ददेव राजाले जम्मै पृथ्वीलाई पालना गरिरहनु भएको बेलामा यो प्रज्ञापारमिता लेखियो ।' त्यस्तै वि.सं. १८२० मा लेखिएको रामायण ग्रन्थको पुष्पिका वाक्यमा यस्तो उल्लेख गरिएको छ– 'वि.सं. १८२० आषाढ महिनामा यो रामायण कथा लेखेको वर्ष गोरखाका राजा पृथ्वीनारायण शाहले नेपाल उपत्यका बाहेक सबैतिर राज्य गरी, सबैतिर छेकी, अलिकता कपास, अलिकता नुनसम्म पनि भित्र पस्न दिइएन र नेपाल उपत्यकामा नुन खानै नसकिने भयो....... यस्तो बेलामा यो किताब लेखियो ।'

यसरी हस्तलिखित ग्रन्थहरूको माध्यमबाट सामान्य रूपले प्राचीन र विशेष रूपले मध्यकालीन नेपालको इतिहास अध्ययन गर्न सजिलो भएको छ । विविध विधाका असङ्ख्य हस्तलिखित ग्रन्थहरू आजपनि राष्ट्रिय अभिलेखालय काठमाडौँमा सङ्ग्रहित रहेका छन् भने कतिपय महत्त्वपूर्ण ग्रन्थहरू विदेशतिर पनि पुऱ्याइसकेका छन् । लुसियानो पेटेक र डि.आर. रेग्मीले मध्यकालीन नेपालको इतिहास लेखनमा हस्तलिखित ग्रन्थहरू उपयोग गरेका थिए ।

**४) थ्यासफू–** पट्याएर पत्रपत्र पारिएको डायरी जस्तो एक किसिमको पुस्तकलाई नेवाल भाषामा थ्यासफू भनिन्छ । थ्यासफूको अर्थ हुन्छ– पट्याइएको पुस्तक । मल्लकालमा काठमाडौं उपत्यकाका खासखास नेवारहरूका घरघरमा थ्यासफू लेख्ने चलन थियो । थ्यासफूहरूमा तत्कालीन समयका महत्त्वपूर्ण घटनाहरू टिपिन्थ्यो । जस्तै– प्रतापमल्लले आफ्नै बाबु राजा लक्ष्मीनरसिंहलाई कैद गरी राजगद्दीमा बसेको, त्यसबेला भएका भूकम्प, हैजा, महामारी जस्ता घटनाहरू थ्यासफूबाट जान्न सकिन्छ । देशभित्रका घटना मात्र नभएर देश बाहिरका घटनासमेत यहाँका थ्यासफूहरूमा टिप्ने गरिन्थ्यो । जस्तै– मुगल सम्राटले काशीको विश्वनाथ मन्दिर भत्काएको घटना पनि थ्यासफूहरूमा टिपिएका छन् । किनकि उपत्यकाका नेवारहरू बर्सेनि तीर्थयात्राका निम्ति काशी जाने गर्दथे, तर एक साल त्यहाँ पुगेर पनि तिनले विश्वनाथको दर्शन गर्न पाएनन् । यही कुरालाई थ्यासफूमा टिपिएको हो ।

थुप्रै थ्यासफूहरू पाइएका छन् । जसको मद्दतले मध्यकालीन नेपालको इतिहास जान्न सजिलो भएको छ । डि. आर. रेग्मीले Medieval Nepal पुस्तक लेख्दा प्रशस्त थ्यासफूहरू प्रयोग गरेका थिए ।

**५) पुराना सरकारी कागजपत्रहरू–** कुनै पनि देशको पुरानो सरकारी कागजपत्रले त्यस देशको इतिहासको बारेमा केही न केही कुरा बताएको हुन्छ । मध्यकाल र आधुनिककालका पुराना सरकारी कागजपत्रहरू, आर्थिक कारोबारका तमसुकहरू, दुई देशबीच भएका सन्धि सम्झौता र त्यससम्बन्धी लेखापढी र चिठ्ठीपत्रहरूले इतिहासका विविध पक्षहरूको बारेमा जानकारी प्रदान गर्दछ । कौशीतोषाखाना, कुमारीचोक अड्डा, मुन्सीखाना, मुलुकीअड्डा, जंगीअड्डा, गठीसंस्थान, राष्ट्रिय अभिलेखालयका साथै विभिन्न जिल्ला सदरमुकाममा छरिएर रहेका कागजपत्रले नेपालको इतिहास लेखनमा सहयोग पुऱ्याइरहेको छ ।

**६) विदेशीहरूको वर्णन–** विदेशीहरूको वर्णन पनि नेपाली इतिहास निर्माणको एउटा प्रमुख स्रोत हो। जस्तै– सातौं शताब्दीमा नेपालभ्रमणमा आएका चिनियाँ यात्री हु यन साङले तत्कालीन नेपाल र अंशुवर्माको शासनबारे आफ्नो यात्रा विवरणमा उल्लेख गरेका छन्। त्यस्तै आठौं शताब्दीको शुरुतिर नेपाल भएर मगध (भारत) आउने जाने गरेका चिनियाँ दूत वाङ्ग हि युन त्सेले चिनियाँ ताङ वृतान्तमा नेपालबारे उल्लेख गरेका छन्। जस्तै– लिच्छवि राजा उदयदेवलाई उनैका भाइ ध्रुवदेवले जिष्णुगुप्त नामक भारदारको सहयोग लिएर राज्यच्युत गरेको, त्यसपछि उदयदेव सपरिवार तिब्बतमा शरण लिन पुगेको, अनि यसको २० वर्षपछि उदयदेवका छोरा नरेन्द्रदेवले तिब्बती सहयोग लिएर नेपाल फर्की युद्धद्वारा आफ्नो गुमेको राज्य फिर्ता लिएको साथै यी दूतलाई भारतमा अपमानित गर्दा राजा नरेन्द्रदेवले सात हजार घोडचढी सैनिकहरू उपलब्ध गरेर सहयोग गरेको जस्ता वर्णन त्यसमा उल्लेख पाइन्छ। अंशुवर्माद्वारा निर्मित कैलाशकूट भवनको भव्यताबारे पनि त्यस वृत्तान्तमा वर्णन गरिएको छ।

यसैगरेर भारतीय स्रोतहरूमा पनि नेपालबारे उल्लेख भएका पाइन्छन्। जस्तै– ईसापूर्व तेश्रो शताब्दीतिर कौटिल्यले लेखेको **अर्थशास्त्र**मा पनि नेपालको उल्लेख भएको पाइन्छ। जसअनुसार त्यसबेला नेपालमा बनेका ऊनका सामानहरू मगधको राजधानी पाटलीपुत्रमा निक्कै माग थियो। अनि प्राचीन भारतका प्रसिद्ध गुप्त सम्रात समुद्रगुप्तको इलाहाबादस्थित प्रयागस्तम्भ अभिलेखमा नेपाललाई छिमेकी राज्य भनेर उल्लेख गरेको पाइन्छ। काश्मिरका विद्वान कल्हणले आफ्नो प्रसिद्ध ग्रन्थ राजतरंगिणीमा काश्मीरका राजा विनयादित्यले पश्चिम नेपालका राजा अरमुडीसँग युद्ध गरेको र युद्धमा नेपाल विजय भएको उल्लेख गरेका छन्।

यसका अतिरिक्त मल्लकालमा इसाई धर्म प्रचारका लागि आएका यूरोपियनहरू जस्तो– फादर डेसिडेरी, फादर गेसेपो, ग्रोवर, माइकल एन्जेलो आदिले तत्कालीन नेपालबारे उल्लेख गरेका छन्। बेलाबेलामा नेपाल भ्रमणमा आउने विदेशीहरूले पनि नेपालबारे विभिन्न लेख रचनाहरू प्रकाशित गरेका छन्। तर तिनमा अनेकौं त्रुटिहरू पाइन्छन्। तर त्यसो भएता पनि तत्कालीन समयका मौलिक कुराहरू जान्न त्यसले सहयोग पुर्‍याउँदछ।

**७) मौखिक कथनहरू–** तत्कालीन समयका महत्त्वपूर्ण घटनाहरूलाई स्थानीय लोक भाषामा एक पुस्ताले अर्को पुस्तालाई भन्दै जाने जुन परम्परा छ, त्यसलाई मौखिक कथन भनिन्छ। मौखिक कथन अन्तर्गत विभिन्न जनश्रुतिहरू, लोककथा, गाउँखाने कथा, उखानटुक्का आदि पर्दछन्। यी मौखिक कथनहरू सुनी–सुनाइ र भन्ने–भनाइबाट अघि सर्दै आएको हुन्छ। जस्तै– बाजेले छोरालाई, छोराले नातिलाई, नातिले पनातिलाई एवम् रीतले भन्दै आएको हुन्छ। यसबाट ऐतिहासिक दृष्टिकोणले महत्त्वपूर्ण प्राचीन समयका विविध घटनाहरू जस्तो– राजा महाराजाका कथाहरू, विभिन्न देवदेवीको उत्पत्ति सम्बन्धी कथाहरू, विविध अवस्थाबारे जान्न सकिन्छ। 'उहिले बाजेको पालामा मोहर गन्थे डालामा, अहिले हाम्रो पालामा मकै छैन डालामा' यस भनाइबाट पहिलेको समृद्ध आर्थिक स्थिति बोध गर्न सकिन्छ। यसरी यी मौखिक कथनहरूबाट पनि ऐतिहासिक कुराहरू थाहा पाउन सकिन्छ।

यसप्रकार इतिहासका स्रोतहरूलाई पुरातात्त्विक र साहित्यिक गरी दुई भागमा राखेर अध्ययन गर्न सकिन्छ। एउटा कुरा के भने पुरातात्त्विक स्रोतहरू उपलब्ध नभएको अवस्थामा साहित्यिक स्रोतकै आधारमा पनि इतिहास अध्ययन गर्नुपर्ने हुन्छ। जस्तै– नेपालमा लिच्छवि राजा मानदेव प्रथमको चाँगुनारायणको अभिलेख प्राप्त भएपछि मात्र पुरातात्त्विक स्रोतका आधारमा इतिहास अध्ययन गर्ने परम्परा थालिएको हो, जबकि त्यसभन्दा पहिलेको नेपालको प्राचीन इतिहासबारे अध्ययन गर्न आजसम्म पनि वंशावली र पुराणहरूमै भरपर्नु पर्ने बाध्यता कायमै रहेको छ। किनकि त्यतिखेरका मुद्रा, अभिलेख जस्ता पुरातात्त्विक स्रोतसामग्रीहरू केही पनि प्राप्त हुन सकेका छैनन्।

## सन्दर्भग्रन्थ सूची–


१) कर्कपेट्रिक, विलियम, **एन एकाउन्ट अफ दि किङडम अफ नेपाल**, न्यू दिल्लीः मञ्जुश्री पब्लिसिङ हाउस, ई.सं. १९६९।

२) जोशी, सत्यमोहन, **नेपाली राष्ट्रिय मुद्रा**, ललितपुरः साझा प्रकाशन, वि.सं. २०४२।

३) दाहाल, पेशल, **नेपालको इतिहास**, काठमाडौंः एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स, ई.सं. २००५।

४) नाथ, योगी नरहरी, (सं.), **स्कन्दपुराण**, हिमवत्खण्ड, बनारसः गोरक्षटिल्ला, वि.सं.२०१३।

५) **नेपाल महात्म्यम्**, वाराणसीः चौखम्बा अमरभारती प्रकाशन, वि.सं. २०३३।

६) रिसाल, मधुसुदन(अनु.) **पशुपति पुराण**, काठमाडौंः नेपाल एकेडेमी, वि.सं. २०२९।

७) रेग्मी, डी. आर., **मेडियभल नेपाल**, भाग ३ र ४, कलकत्ताः के.एल. मुखोपाध्याय, ई.सं. १९६६।

८) वज्राचार्य, धनवज्र, **लिच्छविकालका अभिलेख**, काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.सं. २०३१।

९) वज्राचार्य, धनवज्र र मल्ल, के.पी.(सं.), **दि गोपालराज वंशावली**, काठमाडौंः नेपाल रिसर्च सेन्टर, ई.सं. १९८५।

१०) शर्मा, बालचन्द्र, **नेपालको ऐतिहासिक रूपरेखा**, वाराणसीः कृष्णकुमारीदेवी, वि.सं. २०३३।

# रणजित मल्लको अन्तिम प्रयास



ओम धौभडेल

पृथ्वीनारायण शाहले तत्कालीन उपत्यकाका तीन राज्यहरू जित्नुमा तीन राज्यको बेमेलले जति ठूलो भूमिका खेलेको थियो, भक्तपुर जित्नुपछाडि त्यतिकै भूमिका रणजित मल्ल र उनका मठ्याहा सात छोराहरू बीचको फाटोले ठूलो भूमिका खेलेको देखिन्छ। भक्तपुरका अन्तिम मल्ल राजा रणजित मल्ल (ने.सं. ८४२-८९०) लाई नेपालको इतिहासमा एकजना सोझा, सिधा, सादा धार्मिक प्रवृत्तिका राजाको रूपमा चित्रण गरिएको पाइन्छ। तर नेपालको इतिहासमा विशेषगरि भक्तपुरको इतिहासमा यो राजाको समयलाई अति सूक्ष्म ढङ्गले केलाउनु पर्ने विभिन्न कारणहरू छन। त्यसमा उपत्यका वरपरका ठाउँहरूमा गोरखाली सेनाले जित्दै जाने क्रममा जब वि.सं १८२५ भाद्र शुदि १४ आइतबारको दिन कान्तिपुरमाथि एक्कासी घेरा हाली कब्जा जमाए, त्यसको केही दिनपछि अर्थात त्यही सालको आश्विन बदि ११ बुधबार को दिन ललितपुरमाथि पनि बिनायुध्द विजय प्राप्त गरे। त्यसपछि जयप्रकाश मल्ल र तेजनरसिंह मल्ल दुवैजना भक्तपुरको शरणमा आएका थिए। गोरखाली सेनाले त्यसको लगत्तै भक्तपुरमा आक्रमण गर्ने आँट गरेन। भक्तपुरमा वि.सं १८२६ मार्ग शुदि १२ शुक्रबारको दिनमात्र भक्तपुरमा आक्रमण गरेको र त्यसको दुई दिनपछि अर्थात वि.सं.१८२६ मार्ग शुदि १४ आइतबारको दिन विजय प्राप्त गरे। यसरी गोरखाली सेनाले कान्तिपुर र ललितपुर जितेको करिब एक वर्षभन्दा बढी समय भक्तपुरका राजा रणजित मल्ल के गरी बसे भन्ने अहिलेसम्म जानकारी अगाडि आउन सकेको छैन। यसको लागि विशेषतः रणजित मल्लको पारिवारिक अवस्था र सात बहाले राजकुमारहरू बारे प्रथम ध्यान दिनसके त्यतिबेलाको अरु धेरै महत्त्वपूर्ण तथ्यहरू प्रकाशमा आउनसक्ने प्रवल सम्भावना छ। रणजित मल्लको बृद्धि लक्ष्मी, ऋद्धि लक्ष्मी, जय लक्ष्मी, बुद्धि लक्ष्मी र मन मैजु गरी पाँच रानीहरू र वीरनरसिंह मल्ल (देवेन्द्र मल्ल), मनोरथसिंह मल्ल, अजितसिंह मल्ल, अवधुतसिंह मल्ल, अच्युतसिंह मल्ल, जयनारायण मल्ल र लक्ष्मीनरसिंह मल्ल नामका सात छोराहरू भएको देखिन्छ। यसमा जय लक्ष्मीका छोरा अजितसिंह मल्ल र बृद्धि लक्ष्मीका छोरा वीरनरसिंह मल्लको विशेष उल्लेख छ। अन्य राजकुमारहरू कुन-कुन आमाका छोरा हुन् स्पष्ट उल्लेख छैन।

जन्मले कान्छा भएपनि वीरनरसिंह ब्याइतेतर्फको सन्तान थियो भने मठ्याहातर्फको राजकुमार अजितसिंह जन्मले जेठो थियो। यसमा युवराज बनाउने कुरामा दुवै पक्षबीच विवाद भयो। दरबारमा को यो कचिङ्गलमा घिउ थप्ने कार्य यसअघि नै गोरखाका युवराज पृथ्वीनारायण शाहले गरिसकेको आभाष मिल्दछ। कुटनैतिक चातुर्यता भएका पृथ्वीनारायणको लागि वीरनरसिंहसँग मित लगाउनु जति लाभप्रद थियो, त्योभन्दा भक्तपुर दरबारमा बढेको कलह यहाँको वस्तुस्थिति बुझ्न सजिलो माध्यम बनिरहेको थियो। वास्तवमा पृथ्वीनारायण आफै युवराज हुने क्रममा ठूलो विवादमा परेको व्यक्ति थियो र गोरखा दरबारमा युवराज हुने क्रममा गर्भले जेठा वृन्दकेशर शाह र जन्मले जेठो पृथ्वीनारायण शाहबीच कसलाई युवराज बनाउने भन्ने विवादले एकपटक गोर्खा दरबार नराम्रोसँग हल्लिएको थियो। पछि वृन्दकेशरको मृत्युपछि यो प्रश्न सधैंको लागि समाधान भई पृथ्वीनारायण युवराज भएको विगत गोरखासँग छँदै थियो। पृथ्वीनारायण र वीरनरसिंहको समस्या उस्तै उस्तै थियो। यो भएर पनि वीरनर सिंहले आफ्नो बुबा राजा रणजित मल्ल, अन्य दाजुभाइ, भाइ भारदारहरूभन्दा पनि मित पृथ्वीनारायणप्रति बढी नै विश्वास गरेको देखिन्छ। एकातिर



मितलाई युवराज बन्ने पालो तिम्रै हो भनेर मन्त्रणा फुक्ने अर्कोतिर आफ्ना भारदार रामकृष्ण कुँवरलाई भक्तपुर पठाई तेखाचोमा बसिरहेका मठ्याहा राजकुमारहरूलाई युवराज बनाउन उक्साउने उही गोर्खाली युवराज थियो।

यसैबीच ने. सं. ८६६ भदौ १८ गते पृथ्वी नारायणले दोलखा राज्य जिती भक्तपुरलाई दिएको अवस्थामा रणजित मल्लले आफ्नो जेठो छोरो अजितसिंहलाई त्यहाँको शासक बनाएर पठाएपछि भक्तपुर दरबारभित्रको यो कलह एकातिर केही समयको लागि शान्त हुन पुग्यो भन्ने अर्कोतिर अन्य राजकुमारहरू पृथ्वीनारायणप्रति अझ बढी आस्वस्त हुन पुग्यो। यता यही समयमा उमेर बढ्दै गएको युवराज वीरनरसिंहले आफ्नो आमा बृद्धि लक्ष्मीको नामसहित ठाउँ ठाउँमा कृतिहरू राख्न लगाएको छ । यता युवराज बन्न नपाएका राजकुमारहरू गोर्खालीबाट दोलखाजस्तै अरु राज्य पाउने आसमा अझ बढी आस्वस्त हुन पुगे। उता गोर्खालीहरूले एकपछि अर्को गर्दै कान्तिपुर, पाटनसमेत हात पार्दै लगे। अन्तत कान्तिपुरका जयप्रकाश मल्ल र ललितपुरका तेजनरसिंहमल्लको भगुवा अवस्था देखेर रणजित मल्ल अधिक चिन्तित बन्न पुगे। कसरी हुन्छ, गोरखालीहरूलाई धपाउने उपायको खोजीमा लागे। यसको एउटै ठूलो प्रमाणबारे इतिहास मौन छ। राजा रणजित मल्लले लेखेको पत्रबाट तत्कालीन समयको अवस्थाबारे धेरै थाहा पाउन सकिन्छ। भक्तपुरका राजा रणजित मल्लले *प्युठानका राजकुमारहरूलाई लेखेको उक्त पत्र यस्तो छ–*

*स्वस्ति श्रीमत्पशुपतिचरणात्यादि श्रीमहाराजधिराज श्रीश्री*
*जयरणजित मल्लदेवानां सदासमरविजयिनां लि*
*स्वस्तिश्री गिरिराजेत्यादि श्रीमहाराजकुमार श्रीभुजवंल*
*साहि तथा श्रीसुरत साहि श्रीसुदन साहिकेषु यथोचित्*
*पूर्वकपत्रमिदं इहाकुशल चाहिते परम श्रा*
*नन्द होई आगे इहाको समाचार निको छ उप्रान्त पिउथा*
*नि भादगाउँ एकघर एकघा हो हिजो पनि ताहाको दया*
*ले मेरो इजत रह्यो आजका अर्थ इहासम्म भैरहेछ बाकि*
*रहायका कामकन जौना प्रकारले चाडो पुग्छ सो*
*प्रकार गर्नु चाहिन्छ पत्र देषतै दलबल सुद्धा काम पुग*
*इा गरी फौद लिइकन चाडो गोर्षा चलाई गर्नु होला इहाका अ*
*र्थ ज्या बोलनु बोली चुक्यो सन्देह छैन विसेष अर्थ पत्रवा*
*राको सहि इति कार्तिक सुदि ६ मोकाम श्री भक्तपट्टन*
*प्रधानको सेवा*

यो पत्रको हरेक हरफ उत्तिक्कै महत्त्वपूर्ण छ। विशेषगरि भक्तपुरको प्युठानसँगको सम्बन्ध पहिलेदेखि नै रहेको कुरा यसपत्रबाट स्पष्ट हुन्छ। प्युठान चौबिसे राज्यको एक राज्य हो। त्यहाँ पहिले मगरहरूले शासन गर्दै आएकोमा उनै मगरहरूसित मिलेर पछि ठकुरीहरूले शासन चलाउन पुगे। चन्दवंशीय ताराचन्दले वि.सं. १५५० मा प्युठानको भित्रीकोट राज्य स्थापना गरेको त्यसपछि क्रमशः मधुचन्द, लालचन्द, शिवधरचन्द, पालृचन्द, ज्ञानचन्द, कृपतचन्द, विरुचन्द, पृथ्वीपतिचन्द, शीरुचन्द, महिचन्द, माणिकचन्द, मोतिचन्द, दीपप्रतापचन्द, रुद्रप्रतापचन्द राजा भएको इतिहास छ। रणजित मल्लको समयमा प्युठानमा माणिकचन्द राजा भएको देखिन्छ। तर यो पत्रमा प्युठानका राजाको कुनै नाम परेको छैन। बरु प्रधानको सेवा भनी भूजबल साही, सुरत साही र सुदन साहीको नाम उल्लेख छ। तत्कालीन समयमा प्युठानमा बालक राजा माणिकचन्द भएको हुँदा त्यहाँका प्रधानहरू भूजबल साही, सुरत साही र सुदन साहीको नाममा यो पत्र लेखेको देखिन्छ। गोरखाली सेनाले कान्तिपुर र ललितपुर जितीसके पछि भक्तपुरमाथि पनि आक्रमण गर्ने निश्चित थियो। तर मितको नाताले चाँडै आक्रमण गर्ला भनी भक्तपुरले सोचेको थिएन। उता पृथ्वीनारायण भने जयप्रकाश मल्ल जस्ता सूरा अनि महात्त्वाकाङ्क्षी व्यक्ति भक्तपुरमा भएकोले उनको योजनाबाट डराएर हतपत आक्रमण नगरी बरु नाकाबन्दीमा पारी सकस पार्ने दाउमा थियो। भनिन्छ, त्यतिबेला भक्तपुरले नाकाबन्दीको कारण ठूलो अभाव एवम मूल्यवृद्धिको सामना गर्नुपरेको थियो। यस्तो अवस्थामा वर्ष दिन बितेपछि वि.सं.१८२६ को हिउँदमा भक्तपुरवासी खेतमा लगाएको धान काट्न जाने समय आउँदै गरेको अवस्थामा पृथ्वीनारायणले भक्तपुरमाथि निगरानी गर्न खटाएका केहरसिंह बस्न्यातलाई लेखेको अर्को पत्र झनै महत्त्वपूर्ण छ । जुन यस्तो छ –

*स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायर्णे त्यादि विविध विरुधावली विराजमान मान्योनत श्रीमहाराजधिराज श्रीश्रीश्री मत् पृथ्वी नारायण शाहदेवानां सदा समरविजयिनाम*

*स्वस्ति श्री राजभारा सामर्थ कहर बस्न्यात के आशिष ञ्हा कुशल तहाँ कुसल चाइये पत्र आयो अर्थ मालुम भयो ञ्हाको समाचार भलो छ, उप्रान्त गोकर्न चाँगुतिरको सैसमाचर विंति गरि पठाइछस विस्तर सुनिउ बाकि ञ्हाको समाचार भैगाल्याका षनाल कन बाली लुटाउना र ठाना हालि भादगाउँलाई सकस लगाउन मोहर गरि पठायाको छु बाँकी भैमाल्याका षनाल बोलाई चाँजो मिलायोस् तहाका प्रजा बालीका बहुतै संभार गर, किमधिकन मिति आश्विन सुदि २ रोज् मुकाम कान्तिपुर शुभम्।*

यस पत्रको आधारमा भक्तपुरमाथि आक्रमण गर्नु पूर्व भक्तपुरलाई चारैतिरबाट गौंडा गौंडामा ठाना हाली नाकाबन्दी गरेको थियो। लामो समयसम्म नाकाबन्दीमा परेपछि भक्तपुरका जनता आजित भएका थिए। त्योभन्दा पनि वर्षभरि मेहनत गरी पाकेको अन्न घर भित्र्याउने समयमा गोरखाली सेनाले

बालीमा आगो लगाएको यो पत्रबाट थाहा हुन्छ। यी सबै अमानवीय कार्यपछि भक्तपुरले आफनो सुरक्षाको लागि रणजित मल्लको अन्तिम प्रयास स्वरूप आफना भरपर्दो गुप्तचर मार्फत प्युठानका राजकुमारहरूलाई पत्र लेखेको देखिन्छ।

रणजित मल्लले लेखेको पत्रको एक ठाउँमा **'प्युठान भक्तपुर एकघर एकघा हो'** भनी उल्लेख छ। यसबाट भक्तपुर र प्युठानबीच धेरै पहिलेदेखि नै सुमधुर सम्बन्ध रहेको बुझिन्छ। प्युठानमा नेवार बस्तीहरू यद्यपि छ। जुन विशेषतया भक्तपुरकै हुन्। भक्तपुरबाट कहिले कसरी नेवारहरू प्युठान पुगे यसको अध्ययन बाँकी नै छ। पूर्व लागेका भक्तपुरेहरू बढी ओखलढुङ्गा, सिन्धुपाल्चोक, खोटाङतिर बसोबास गर्न पुगे। पश्चिमतर्फ लागेका भक्तपुरेहरू बाग्लुङ, बन्दिपुर, पोखरा, तानसेन, सल्यान, प्युठानलगायतका ठाउँहरूमा पुगेको छ। इतिहासमा प्युठान पुग्ने पहिलो भक्तपुरे शिवबहादुर नकर्मी भनिएको छ। बहादुर शाहले पश्चिम नेपाल एकीकरण गर्ने क्रममा बन्दुक बनाउने काममा उनलाई प्युठान पठाएको उल्लेख छ। तर रणजित मल्लको यो पत्रानुसार रणजित मल्लको समयभन्दा धेरै अगाडि भक्तपुर र प्युठानबीच सम्बन्ध भैसकेको ज्ञात हुन्छ। १५ औं शताब्दी ताकाका मणि मुकुन्द सेनको पालामै भक्तपुरको पश्चिम नेपालका मगरहरूसित राम्रो सम्बन्ध रहेको थियो। उनले काठमाण्डौं उपत्यकाको ठाउँठाउँमा भयंकर आक्रमणको दौरान भक्तपुर एउटा राज्यमा मात्र आक्रमण गरेन। यसको आधारमा भक्तपुरको सम्बन्ध राम्रो थियो। यो सम्बन्ध रणजित मल्लको समयसम्म कायम नै थियो। यसकारण उक्त पत्रमा प्युठान भक्तपुर एकघर एकघा भनिएको हो।

पत्रको अर्को महत्त्वपूर्ण पाटो पत्रमा उल्लेख भएको **'हिजो पनि ताहाको दयाले मेरो इजत रह्यो'** हो। यो वाक्यको अर्थ खोज्नु नै यो लेखको मूल आशय हो। वास्तवमा एकजना राजाले अर्को राजप्रतिनिधिलाई प्रयोग गर्ने शब्द होइन। अझ भक्तपुरजस्तो सुन्दर, कलात्मक, वैभवशाली राज्यका रणजित मल्ल जस्तो कुशल राजाले कुनै पनि हालतमा यी शब्द प्रयोग गर्नु सम्भव छैन। तर परिस्थिति यस्तो बन्न पुग्यो कि पत्रमा यी शब्दहरू अति मार्मिकताले उपयोग हुनपुग्यो। यसको अर्थ हिजो पनि भक्तपुरको इज्जत प्युठानले जोगाएको थियो, भक्तपुरको इज्जत जोगाउने काम प्युठानले गरेको प्रष्ट हुन्छ। तर यहाँ कहिले कुन अवस्थामा भक्तपुरको इज्जत प्युठानले जोगाएको थियो, त्यो खुलस्त छैन। यस सम्बन्धमा एक समयमा भक्तपुरलाई आफ्नो राज्य जोगाउन धौ धौ परेको अवस्था स्वयम् रणजित मल्लले ब्यहोर्नु पऱ्यो। विशेषतया कान्तिपुर र ललितपुर मिली भक्तपुरको दक्षिण पश्चिमको एउटा महत्त्वपूर्ण भाग वाँभू किल्लामा आँखा गाडिरहेको अवस्थामा गोरखा, तनहुँसमेत भई आक्रमण गर्न पुग्दा रणजित मल्लले प्रतिक्रमण गर्न सकेनन्। यस्तो अवस्थामा राजा रणजित मल्लले जुक्ति लगाई प्युठानले गोरखामाथि आक्रमण गर्न उक्साए। यता प्युठानले आक्रमण गर्ने सुइँक्को पाएर गोरखा र तनहुँका थोरै सेना उपत्यकामा राखी धेरै सङ्ख्याका सेना फर्केपछि भक्तपुरका बोडे, थिमि, नगदेश, चोपुरका जनता उठाई रणजित मल्लले कान्तिपुर र ललितपुरलाई वाँभूबाट भगाए। वाँभू जितेकोमा सवैभन्दा बढी खुशी भई राजाले थिमि, बोडे, नगदेश, चोपुरका जनतालाई विभिन्न प्रशस्ति दिए। भक्तपुरस्थित श्री तलेजु भवानीकोमा एउटा ताम्रपत्रसमेत राखे। तत्कालीन समयमा भक्तपुरको इज्जत बचाएको कुरा लामो समयसम्म रणजित मल्लले गुपचूप राखे। तर जब अन्तिम समयमा गोरखाले भक्तपुरमाथि आक्रमण गर्ने निश्चित भएपछि पुनः प्युठानलाई लेखेको पत्रमा यो कुरा उल्लेख गर्न रणजित मल्ललाई कुनै हिच्किचाहट भएन। हिजो प्युठानको दयाले आफनो इज्जत जोगेको सम्झना दिलाउन खोजेको पाइयो। पत्र देख्नासाथै चाँडै पुग्दो दलबल लिई गोरखामाथि आक्रमण गरोस् भन्ने नै रणजित मल्लको मुख्य आशय थियो। कान्तिपुर र ललितपुर जितेपछि गोरखाली सेना यही मुकाम गरी बसेपछि अझ भक्तपुर माथि नाकाबन्दी लगाउने, ठाना हाली बस्ने, जनताको खेतमा पाकेको बालीमा आगो लगाउने र चाँडै आफूमाथि आक्रमण गर्न सक्ने छाँट देखिएपछि रणजित मल्लले अन्तिम प्रयास स्वरूप प्युठानलाई गोरखामाथि आक्रमण गर्न लगाउने उद्देश्यले यो पत्र पठाएको पुष्टि हुन्छ। गोरखामाथि पहिले जसरी प्युठानले आक्रमण गरे काठमाण्डौंबाट गोरखाली सेना गोरखा फर्कन बाध्य हुनेछ। आफ्नो राज्य जोगिन्छ भन्ने उनको रणनितिक चाल यो पत्रमा देखिन्छ। यो पत्र एकजना पत्रबाहक जो दरबारकै कुनै विश्वासिलो भारदार प्युठान गएको थियो। उनले यो पत्र प्युठानका राजकुमारहरूमा पुऱ्याएको पनि स्पष्ट हुन्छ। **यो पत्र प्युठानको भित्रीकोटको भैरवमन्दिरका पुजारीसित रहेकोबाट यसमा कुनै द्विविधा छैन।** तर रणजित मल्लले पत्रमा उल्लेख गरेबमोजिम प्युठानले गोरखामाथि आक्रमण गरेको देखिंदैन। बरु यो चिठ्ठी पठाएको महिना दिनपछि गोरखाले भक्तपुर आक्रमण गऱ्यो। रणजित मल्लको अन्तिम प्रयास मात्र प्रयासमा सीमित भयो।

**सन्दर्भ सामग्री**


१. **प्रज्ञा**, अङ्क ८१

२. **भक्तपुर** मासिक अङ्क १९३

३. **पृथ्वीपत्र सङ्ग्रह**

४. **पृथ्वीजयन्ती स्मारिका**–२०५८

५. **भक्तपुर** मासिक अङ्क २८६

# खेलकुद र भक्तपुर नगरपालिका



श्यामकृष्ण खत्री

भक्तपुर नगरपालिकाको युवा तथा खेलकुद समितिले खेलकुदको माध्यमबाट समाजमा अनुशासन कायम राख्न, असल चरित्रवान देशभक्त इमानदार युवा तयार गर्न, धुम्रपान, मद्यपान र लागुपदार्थ सेवन तथा छाडा संस्कृतिबाट युवाहरूलाई बचाउन कार्य गर्दै आएको छ । स्थानीय सरकार सञ्चालन ऐन अनुसार खेलकुद नीति तथा खेलकुद विकास नियमावलीको मर्म र भावनाअनुसार समुचित विकास तथा विस्तारका लागि मूलआधारको रूपमा रहेको विद्यालय क्षेत्रलाई केन्द्रबिन्दु बनाई खेलकुद प्रतिभाको खोजी गर्दै देशको सार्वभौमिता रक्षा गर्न र स्वस्थ प्रतिस्पर्धाको भावना विकास गर्न, विद्यालय-विद्यायलबीच, खेलाडी खेलाडीबीच मित्रवत भावना जागृत गराउन, नगरपालिका नगरपालिकाबीच खेलकुदको माध्यमबाट मित्रवत सम्बन्ध राख्न क्रियाशील रहँदै आएको छ । साथै नगरको सरसफाइमा खेलकुद सङ्घ र वडा खेलकुद समितिहरू, परिचालन गर्न, नगरवासीहरूलाई नागरिक भावनाप्रति सचेत बनाउन, प्रदेश स्तरीय, राष्ट्रिय स्तरीय, अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने खेलाडी उत्पादन गरी नमुना नगरको रूपमा विकास गर्ने उद्देश्यले भलिबल, फुटबल, टेबुलटेनिस, कराते, बक्सिङ्ग, जिम्नास्टिक खेलको प्रशिक्षण दिँदै आएको छ । विद्यालय स्तरको खेललाई प्राथमिकतामा राखी २ जना प्रशिक्षकहरू पूर्णकालीन सेवा नियुक्ति गरी विद्यालय विद्यालयमा प्रशिक्षणको व्यवस्था गरिएको छ ।

समाजको आमूल परिवर्तका लागि भक्तपुर नगरपालिकाले जनताको छोरा छोरीहरूलाई शारीरिक र मानसिक रूपमा स्वच्छ र तन्दुरुस्त बनाउन भूमिका खेल्दै आइरेको छ । खेलकुदको माध्यमबाट विद्यार्थी र युवाहरूलाई उनीहरूको उमेरअनुसारको प्रशिक्षण र प्रतियोगिताका साथै खेल सामग्री वितरण गर्दै आएको छ ।

खेलडीहरूलाई अनुशासन, सामूहिक भावना, लगनशीलताका साथ विद्यालयस्तर देखि विद्यालयका छात्रा विद्यार्थीहरूलाई महिला हिंसाबारे चेतना जगाउने र आवश्यक परे प्रतिकार गर्न सक्ने बनाउन आत्मरक्षा सम्बन्धी तालिम सञ्चालन गरेको छ ।

भक्तपुर नगरपालिका भित्रका र देशको विभिन्न भागका खेलाडीहरूलाई पनि उपयुक्त खेलको छनौट गरी प्रशिक्षण दिँदै आएको छ ।

स्थानीय तहको चुनावमा नेपाल मजदुर किसान पार्टीको घोषणापत्रअनुसार नगरपालिका नगरपालिकाबीच भाइचारा राख्ने उद्देश्यका साथ भलिबल, कराते, एथ्लेटिक्स खेलको अन्तर नगर प्रतियोगिता सम्पन्न गरेको छ ।

खेलकुद सबै वडा वडा र वर्ग, क्षेत्रसम्म पुऱ्याउने उद्देश्यले प्रत्येक वडामा वडा स्तरीय खेलकुद समिति गठन गरी नगरवासीहरूको शारीरिक स्वास्थ्यको लागि मात्र नभई मानसिक बौद्धिक र सामाजिक स्वास्थ्यका लागि गतिविधि गर्दै आएको छ । खेलकुद समिति गठन गर्न जति सजिलो छ त्यसलाई बिना व्यवधान सफलतापूर्वक अगाडि बढाउन त्यति नै गाऱ्हो हुनेगर्छ ।

नगर भित्र दशै (१०) वडाहरूमा व्यायाम स्थलहरू निर्माण गरी जेष्ठ नगारिक, युवालगायत सबै उमेरका नागरिकहरूलाई शारीरिक र मानसिक स्वास्थ्यको लागि फाइदा पुगेको छ ।

जनप्रतिनिधिहरूको अनुभवमा खेलकुद क्षेत्रमा त्यस्तो कुनै पनि समस्या हुनै सक्दैन जुन कहिले समाधान नहोस् । त्यसको लागि विभिन्न सङ्घ, प्रशिक्षक, खेलाडी र खेलप्रेमीहरूको सकृयता, लगनशीलता, अनुशासन, आपसमा सहकार्य, मित्रवत व्यवहारको आवश्यकता छ । भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिले भक्तपुर जिल्लाका खेलाडीहरूको मनोबल बढाउने उद्देश्यले वर्षका उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडी, रेफ्रि र प्रशिक्षक, अन्तराष्ट्रिय प्रतियोगितामा सहभागी भई मेडल जित्न सफल तथा सहभागीहरूलाई पुरस्कृत, सम्मान गर्दै आइरहेको छ ।

खेलकुद र विद्यालय एक अर्काका पर्यायबाची शब्द हुन् भन्दा अत्युक्ति नहोला । केही वर्ष अघिसम्म पढ्ने मान्छेले खेल्नु हुँदैन वा खेलेर पढाइ बिग्रन्छ भन्ने मान्यता हाम्रो समाजमा कायम थियो । तर बदलिंदो परिस्थिति र आधुनिक परिवेशसँग खेलकुद र विद्यालय एक अर्काका परिपुरककै रूपमा रहेका कारण भक्तपुर नगरपालिकाले नगर भित्रका विद्यालयहरूमा प्रशिक्षकहरूको व्यवस्था गरी पाठ्यक्रम, पाठ्य पुस्तकका आधारभुत सीपहरू विकास गर्न तथा  विद्यार्थीहरूको सिर्जनात्मक क्षमता विकास गराउन खेलकुद तथा अतिरिक्त क्रियाकलापलाई महत्त्व दिँदै आएको छ । साथै खेलकुदको नियममा कुनै समसामायिक परिवर्तनबारे जाकारी दिलाई भक्तपुर नगरपालिकाको नीति तथ कार्यक्रमको आधारमा विद्यालयमा खेलकुद प्रशिक्षकमार्फत् प्रशिक्षणको व्यवस्था गरिएको छ ।

खेलकुदले स्वास्थ्य राम्रो बनाउनुका साथै शारीरिक रूपमा पनि स्फूर्ति दिँदै विद्यार्थीहरूलाई स्वच्छ मनोरञ्जनसमेत प्रदान गर्दछ । यसले विद्यार्थीहरूलाई पढाइतर्फ आकर्षित भई अघि बढ्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अभिप्रेरित गरिरहेको हुन्छ । यसैको परिणाम खेलकुद क्षेत्रमा हुने हरेक गतिविधिमा नगरपालिका

र विद्यार्थीहरूको घनीभूत सहभागिता देख्न सकिन्छ । विद्यार्थीहरूमा सामूहिक भावना, अनुशासन र आज्ञापालन गर्ने बानीको विकास गर्न भक्तपुर नगरपालिकाले मार्चपास प्रतियोगिताका साथै खेलकुद, शुभकामना र्‍याली, अन्तर नगर खेलकुदमा शुभकामना र्‍यालीले गर्दा विद्यार्थीहरूमा निरन्तर अभ्यास गर्ने बानीको विकास हुने आशा एवं विश्वास लिएको छ ।

भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिले स्थानीय स्तरदेखि खेल प्रतिभाको खोजी, विद्यालयहरूलाई केन्द्रबिन्दु बनाई खेलकुद प्रतिभाको संरक्षणका साथै स्थानीय, प्रदेश र सङ्घ स्तरीय खेलाडी तयार पार्न २०७४ कार्तिक ९ गतेदेखि १४ गतेसम्म ४७ वटा विद्यालयहरू, २०७५ कार्तिक ११ देखि १७ गतेसम्म ६७ वटा विद्यालयहरू बीच प्रतिस्पर्धा भएको थियो भने २०७६ कार्तिक १७ गतेदेखि २३ गतेसम्म ७२ विद्यालयका २१०० विद्यार्थीहरूले सहभागिता जनाएका थिए ।

यसरी खेलकुदप्रति युवा, विद्यार्थी, कलेज र जनताको चाख बढ्दै गएको छ । खेलकुदको अझ विस्तार र विकासका लागि स्कुल  कलेजहरूको पठ्यक्रमहरूमा समेत समावेश गर्नुपर्ने आवश्यकता महसुस गरी स्थानीय तह सञ्चालन ऐन २०७४ले माध्यामिक शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई दिएको छ । स्थानीय आवश्यकतालाई ध्यानमा राखेर कसिमला पाय पाठ्यक्रममा समावेश गरेर प्रतियोगितासमेत सम्पन्न गरिसकेको छ । स्थानीय निकायहरूले खेलकुद विकासमा अलिकति मात्र चासो राखिदिएमा ठूलो प्रगति हुँदो रहेछ भन्ने कुरा भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिको गतिविधि र उपलब्धीहरूबाट प्रष्ट देखिन्छ ।

भक्तपुर नगरपालिकाको दोस्रो नगर सभा (विसं २०७४) बाट पारित नीति तथा कार्यक्रम अनुसार विभिन्न जनप्रतिनिधिहरू रहने गरी युवा तथा खेलकुद समिति र त्यस अन्तर्गत रहने गरी वडा खेलकुद समिति, विभिन्न सङ्घ, खेलाडी र खेलप्रेमीहरूबाट प्रतिनिधित्व हुने गरी आवश्यकताअनुसार वडा समितिहरू गठन, पुनः गठन र विघटन गर्न सक्ने गरी युवा तथा खेलकुद समिति, विविध विषयमा आवश्यक सहयोग र सल्लाहको लागि खेलकुद क्षेत्रमा हुने हरेक गतिविधिमा योगदान पुऱ्याउन खेलकुद विज्ञहरूको समिति र त्यसको सल्लाह र सुझावअनुसार खेलकुद प्रशिक्षण सञ्चालन, प्रतियोगिताको आयोजना गर्दै आइरहेको छ ।

भक्तपुरवासीहरूले पुर्खादेखि खेल अभ्यास र प्रतियोगिता सञ्चालन गर्दै आएको सिद्धपोखरीको उत्तरतर्फको खेलमैदान सेना सँग समन्वय गरी घेराबारको व्यवस्थापन गरिसकेको छ । फुटबल, एथ्लेटिक्स खेलको अभ्यास गर्ने गरी व्यवस्था गरिसकेको छ भने अन्य खेलहरूको पनि प्रशिक्षण र प्रतियोगिता गर्न सक्ने गरी तयार भैसकेको छ । साथै  महेश्वरी खेलमैदान र शहीद स्मृति खेलमैदान स्तर वृद्धिको तयारी भैरहेको छ । लिवाली क्षेत्रमा कभर्डहल उपभोक्ता समिति मार्फत प्राथमिकताका साथ निर्माण कार्य भइरहेको छ । बेखाल कभर्डहललाई २५० जना दर्शक बस्न मिल्ने इन्डोर हल निर्माण गर्ने र कमलविनायक कभर्ड हललाई स्तर वृद्धिको तयारी गर्दै छ ।

भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिको नीति, उद्देश्य, कार्यविधिअनुसार  १० वटै वडाहरूमा वडा कार्यालयको मातहतमा रहने गरी वडा खेलकुद समितिहरू, नगर भित्रका अन्य टिम क्लबहरू र सङ्घ संस्थाहरू लाई प्रतियोगिता सञ्चालन गर्न आर्थिक, भौतिक, नैतिक सहयोग, खेलकुदसम्बन्धी गोष्ठि, युवाहरूलाई सचेतना मूलक कार्यक्रम, खेलकुद प्रतियोगितामा सहभागी हुन तालिमको व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागु गरी दण्ड, सजाय तथा पुरस्कार व्यवस्था आदि लगायतका विभिन्न महत्त्वपूर्ण कार्यहरू गरिएको छ ।

कुनै पनि राष्ट्रको विकासमा शारीरिक व्यायाम र खेलकुदको योगदान रहेको हुन्छ । जबसम्म राष्ट्रको नागरिक निरोगी तथा अनुसाशित हुँदैन तबसम्म त्यो राष्ट्र विकास हुँदैन । शारीरिक व्यायाम र खेलकुद एउटा यस्तो शारीरिक कृयाकलाप हो जसको माध्यमबाट कुनै पनि नागरिक निरोगी, स्वस्थ तथा अनुशासित बन्न सक्छ ।

भक्तपुर नगरपालिकामा कुल ५४ वटा सङ्घ संस्था वा टीम क्लबहरू दर्ता भएको छ । यसरी दर्ता भएका टिम क्लब पुस्तकालय वाचनालयहरूबाट खेलकुदबाहेक नगरपालिकाको अन्य विविध कार्यक्रममा पनि उल्लेखनीय साथसहयोग प्रापत हुँदै आइरहेको छ । प्रत्येक महिनाको १ गते र १५ गतेको सरसफाइ कार्यक्रम होस् या वडा वडामा हुने सरसफाइ कार्यक्रम, स्वास्थ्य शिविर, विभिन्न चाड पर्व, सांस्कृतिक कार्यक्रम, खेलकुद प्रतियोगिताहरूमा स्वयम् सेवक व्यवस्था, विश्व महामारीको रूपमा फैलिएको कोभिड–९ कोरोना भाइरस फैलन नदिन नगरवासीहरूलाई घरैमा बन्दाबन्दी रूपमा बस्न अनुरोध, विभिन्न चाड पर्वहरू औपचारिकतामा सीमित गरी मनाउने कार्यलगायत नगरपालिकाको आयोजनामा भएका बाँसुरी बाजा, धाँ बाजा, धिम्य बाजा प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्ने टीम क्लब, खेलाडी र खेलप्रेमीहरूबाट नगरपालिकालाई प्राप्त सहयोग उल्लेखनीय छन् । त्यस्तै नगरपालिकामा दर्ता भएका टिम क्लब, विद्यालय, सङ्घ संस्थाहरूले कुनै पनि खेलको आयोजना गर्छ र आर्थिक सहयोग माग हुन्छ भने ५०००।– देखि ५०,०००।– सम्म र सोभन्दा पनि बढी आर्थिक सहयोग गर्नुपर्ने भएमा नगरपालिकाको बोर्डमा अनुरोध गरी सक्दो आर्थिक सहयोग गर्न सक्ने नीति नियममा उल्लेख गरिएको छ । भक्तपुर नगरपालिकाले खेलकुद सामग्री वितरण, प्रतियोगिता आयोजना र आर्थिक सहयोग गर्ने मात्र नभई देशका अन्य नगरपालिकाहरूले आयोजना गर्ने खेल प्रतियोगिताहरूमा नगरपालिका अर्न्तगतका खेलाडीहरू मात्र नभईकन नगर, जिल्ला र अन्य जिल्लाका खेलाडीहरूलाई सहभागी गराउँदै आइरहेको छ ।

देशको खेलकुद क्षेत्र विकास गर्न र आवश्यक योग्य र सक्षम खेलाडी उत्पादन गर्न सबैबाट पूर्ववत साथ र सहयोगको अपेक्षा सदा रहने छ ।

# ज्यापू जातिको बालककालीन जीवनमा गरिने विभिन्न संस्कारहरु-२



डा. हरिराम सुवाल

**मचाबु लहिके वानेगु (सुत्केरीमा माइती बस्न जाने)**

बच्चा जन्माएको करिब एक महिनाभित्र सबै चेलीबेटीहरूले लाः बजि नक वेगु (चिउरा खुवाउन आउने) गरिन्छ । त्यसपछि सुत्केरीलाई स्याहार्नको लागि माइतीका परिवारका सदस्यहरू आएर पाल्न लान्छन् । यसरी करिब एक महिनासम्म पाल्न लाने चलनलाई नै मचाबु लहिके वानेगु (सुत्केरी पाल्नको लागि माइती बस्न जाने) भनिन्छ । यसरी गएको एक हप्तापछि नै सासु आफ्नो बुहारीलाई बजि (चिउरा), ला (मासु) थ्वँः (जाँड) लिएर आई बजि नके गर्नु (चिउरा खुवाउन) आउँछिन् । सुत्केरी आमा र बच्चालाई लोग्नेको घरमा मात्र स्याहारेर नपुग्ने भएकाले माइतीमा पनि लगेर स्याहार्ने चलन छ । यस बेलामा पनि परिवारले सुत्केरीलाई औषधी हालेर पकाएको चाकु, मासु राखेर दिनको तीनपटक नै भात खुवाउने गरिन्छ । साथै समय समयमा सासु, ससुरा र लोग्ने पटकपटक भेट्ने आउने चलन छ ।

**चिपं छिकेगु (अन्नप्राशन, पास्नी)**

हिन्दु संस्कारमा अन्नप्राशन पनि एक महत्वपूर्ण संस्कार हो । बच्चा पाँच/छ महिना भएपछि आमाको दूधले नपुग्ने भएकाले बच्चालाई ठोस पदार्थ खुवाउने चलनलाई नै अन्न प्राशन भनिन्छ । **राजबलि पाण्डे**का अनुसार,

Feeding the child with solid food was the next important stage in the life of the child. So long it was on the mother's milk. But after six or seven months its body developed and required greater amount and different types of food, while the quantity of the mother's milk diminished. So, for the benefit of the child should be weaned away from the mother and some substitute for her milk should be given to the baby. Thus this Samskara was connected with the satisfaction of the physical need of the child. (**Pandey**, 2013, p. 90)

(अन्नप्रासन बच्चाको जीवनमा महत्त्वपूर्ण क्षण हो । शारीरिक वृद्धिसँगै आमाको दूधमात्र नपुग्ने भएपछि अन्न बच्चालाई खुवाइने गरिन्छ । त्यसैले यो संस्कार बच्चाको शारीरिक आवश्यकतासँग सम्बन्धित छ ।) बच्चाको शारीरिक वृद्धिसँगै पौष्टिक आहारलाई पनि बढाउनु पर्ने आवश्यकता भएकाले अन्नप्राशन संस्कारको महत्त्व हिन्दु धर्ममा रहेको छ ।

बच्चाको उमेर पाँच/छ महिना भएपछि बच्चालाई 'चिपं छिकेगु' (पास्नी) गर्ने चलन ज्यापू जातिमा पनि रहेको छ । छोरी भएमा पाँच महिनामा र छोरा भएमा छ महिनामा चिपं थिकेगु (अन्नप्राशन/पास्नी) चलन छ । कसै कसैको तीन महिनामा नै चिपं छिकेगु चलन छ । बच्चा तीन महिना भएपछि यदि बीचमा नै कुनै चाडपर्व परी घरमा भोज आएमा त्यही भोज खुवाएर पनि चिपं छिकेगु चलन छ । नेवार बौद्ध समाजमा प्रथमपटक शिशुलाई विधिवत रूपले अन्न खुवाउने संस्कार अन्नप्राशन हो (**वज्राचार्य**, २०६५, पृ. ९३) ।

बच्चा बिस्तारै ठूलो हुँदै गएपछि आमाको दूधले मात्र पुग्दैन र बच्चालाई बिस्तारै पोषिलो खानेकुरा पनि खुवाउनु पर्ने हुन्छ । त्यसैले बिस्तारै बच्चालाई दूधका अतिरिक्त अरू ठोस खाद्य पदार्थ पनि खुवाउन सुरु गरिन्छ (**राजवंशी**, २०६५, पृ. १७) । यसरी सुरुवात गर्नुको लागि चिपं छिकेगु चलन (अन्नप्राशन, पास्नी) चलेको हुनुपर्दछ भने धारणा रहेको छ । चिपं छिकेगुको दिनमा हाँसको एउटा अण्डा, चामल एक माना, पचास रूपैयाँ नयाँ काय्‌भुमा (एक प्रकारको चरेसको भात खाने थाल) मा लिएर तलेजुमा गई पूजा गरिन्छ । त्यसपछि त्यहीँबाट बच्चालाई खुवाउनको लागि भात र भोजमा हुने परिकारहरू त्यही थालमा दिएर पठाउने गरिन्छ र त्यही चिज बच्चालाई खुवाउने गरिन्छ । वर्तमान समयमा वहयागु भु (चाँदीको थाल) मा राखेर लगी चाँदीकै चम्चाले चिपं छिकेगु चलन चलेको छ । त्यस दिनबाट बच्चालाई आमा वा अरू कसैले पनि बच्चालाई जुठो खुवाए पनि हुन्छ र बच्चालाई अरूले खानेकुरा मुखमा राखी टुक्रा टुक्रागरि खुवाइदिने गरिन्छ । कसैकसैले बिहानै आफ्नो लागाको मन्दिरमा वा आफूले सोचेको कुनै ठाउँका मन्दिरमा गई पूजा गर्छन् र पूजा गर्न जाँदा नै बच्चालाई साथैमा लगेर पूजाकै क्रममा मन्दिरमा चढाइराखेको कुनै प्रसाद खुवाउने गर्छन् । यसरी खुवाउने चलन नै चिपं छिकेगु (जुठो खुवाउने) हो । आफ्नो लागाभन्दा बाहिरको मन्दिरमा गएर चिपं छिकेगु गर्नु हुँदैन । यसपछि त्यही दिनदेखि नै बच्चालाई ठोस खाद्य पदार्थ खुवाउने गरिन्छ । यसभन्दा अगाडि बच्चालाई कुनै ठोस पदार्थ वा कसैको जुठो खुवाउने गरिँदैन ।

## जन्मन्हि हनेगु (जन्मदिन मनाउनु)



जन्मदिनको तयारी

बालक एक वर्ष पुगेपछि जन्मदिन मनाउने चलन छ। तर ज्यापू जातिमा बालक दुई वर्ष नाघेर तीन वर्ष लागेको उपलक्ष्यमा जन्मदिन मनाउने चलन छ। ज्यापू जातिमा बालक दुई वर्ष पुगेको हो कि होइन भनेर थाहा पाउनको लागि तिथिको आधारमा जोशीकहाँ चिना देखाउन गएर दुई वर्ष पुगे नपुगेको थाहा पाउँछन्। अहिले पनि बूढापाकाहरू जोशीकहाँ देखाउन गएर नै सोही दिनमा बालकको जन्मदिन मनाउँछन्। 'तर बालक वा बालिका दुई वर्ष पुगेपछि पहिलाचोटि जन्मदिन मनाइन्छ' (**राजवंशी**, २०६५, पृ. १७)। त्यसपछि भने हरेक वर्ष जन्मदिन मनाइन्छ। नेवार ज्यापूहरूले एक वर्ष पुगेको दिनमा जन्मदिन मनाउने संस्कार छैन। सम्भवत वर्ष दिनमा जन्मदिन नमनाउनुको विशेष कारण भेटिँदैन्। नेवार ज्यापूहरूसँग एक वर्षमा जन्मदिन नमनाउनु र दुई वर्षमा जन्मदिन मनाउनुको वैज्ञानिक कारण बुझ्न खोज्दा कुनै जवाफ आएन। व्यवहारिकरूपमा यसको कारण खोजीगर्दा पनि खासै कुनै तथ्यपरक कारण फेलापरेको छैन।

जन्मदिनको बेला माइतीपट्टिबाट बालकको लागि प्वाक्लँचा (एक प्रकारको भोटो), धौ (दही) र खें (अण्डा) लिएर आउँछन्। बालकको जन्मदिन परेको दिन सबेरै उठेर घरको मूली आइमाईले कुल देवताकहाँ पूजा गर्न जानको लागि मिलाउँछन्। साथै बालकलाई पनि अगाडि राखी पूजाको सामानहरू मिलाउँछन्। त्यसपछि घरको मूली आइमाई नजिकैको मन्दिरमा पूजा गर्न जान्छन्। त्यसरी जानु अघि बच्चालाई स्वगं दिने (स्वगं भनेको थालीमा लुगा, कपडा, दही, चामल, फूलहरू राखेर पूजाजस्तै सगुन दिने चलन) चलन छ। साथै अण्डा ल ल्हाय (सम्मान गरेर अण्डा दिने) पनि गरिन्छ। त्यहाँबाट आएर बच्चाको पनि पूजा गरिन्छ। पूजा सकेपछि बच्चा कहिले बिरामी नहोस्, राम्ररी पढ्न सकोस्, कुलतमा नलागोस् भन्ने आशीर्वाद दिई दही चिउरा मुछेर बालकको टाउकोले ढोग्न लगाई बाहिर अरु बच्चालाई बाँड्न लगिन्छ। यसरी मुछेको दही चिउरा बाँड्न लाग्दा बालकको सबै रोग दही चिउरासँगै अरु बच्चालाई रोग पनि सर्छ र आफ्नो बालक सधैं निरोगी रहन्छ भन्ने भनाइ पाइन्छ। बालकलाई योमरीको माला लगाई दिने चलन पनि छ। योमरीको माला एउटा जातीय पहिचान पनि हो। तीन वर्षमा लाग्ने भएकाले मालामा दुई वटा साना साना योमरी बनाई लगाइदिने चलन अद्यापी बाँकी नै छ। त्यस योमरीभित्र हाम्हो, चाकुको ठाउँमा चामल दुई गेडा हालेर बनाइएको हुन्छ। त्यस दिन बालकलाई मनपरेको खेलौना किनेर उपहार दिने चलन अहिले चलिसकेको छ। साथै कसैकसैले केक काटेर जन्मदिन मनाउने आधुनिक चलन पनि चलाइसकेका छन्।

## पेदा पुन्हि (चार वर्षको जन्मदिन)

बच्चा चार वर्ष पुगेर पाँच वर्ष लाग्ने दिनमा पनि बच्चाको जन्मदिन मनाउने चलन छ। यही चलनलाई नै पेदा पुन्हि भनिन्छ। पेदा पुन्हिको दिन बिहानै पूजा राखी आफ्नो लागाको मन्दिर अर्थात् गणेशको मन्दिरमा जान्छन्। बच्चालाई बिहानै नुहाई दिने र गणेशको मन्दिरबाट आएपछि लल्हाये गर्ने र दही चिउरा बाँड्ने गरिन्छ। त्यस दिन माइतीबाट छोराको जन्मदिन भएमा गा (खास्तो), लुगाहरू, अण्डा, चिउरा, दही ल्याउने गरिन्छ। छोरीको जन्मदिन भएमा घाँघर (एक प्रकारको फरिया किसिमको लुगा), दही, चिउरा, अण्डा ल्याउने चलन छ। यसरी स्वगं ल्याएका माइती खलकलाई राम्रोसँग स्वागत गरिन्छ। पहिले पहिले भए यसरी पेदा पुन्हि गर्न आएका अतिथिहरूलाई गुन्द्रुक र रोटी खुवाएर पठाइन्थे भने हाल दही राखेर भोज नै खुवाउने चलन चलिसकेको छ।

## इहि यायेगु (इहि गर्ने)

नेवार ज्यापूमा बालिकाको पहिलोपल्ट ब्य (एक किसिमको फल जसलाई बेल भनिन्छ) सँग गर्ने विवाहलाई नै इहि यायेगु भनिन्छ। बालिका सात वा नौ वर्ष वा जोशीले भनेको उमेर भएपछि इहि गर्ने चलन छ। नेवार बौद्ध समाजमा महिला वर्गलाई मात्रै सम्पन्न गरिने कर्महरूमा इहि एउटा प्रमुख कर्म हो। (**वज्राचार्य**, २०६५, पृ. १३२) इहि गर्ने दिनको सम्बन्धमा जोशीकहाँ जाँदा जोसीले दान गर्नको लागि भनेमा दान दिने चलन पनि छ। यसरी दान दिनु भनेको बालिकाको जीवनमा कुनै बाधा व्यवधान आउन सक्ने सम्भावना भएमा त्यसलाई पन्छाउनको लागि गर्ने गरिन्छ। जोशीले चिना हेरेर नै त्यस्तो दान दिनु पर्ने नपर्ने निधो गरिन्छ। बालिकालाई इहि गर्ने केही दिन अगाडि मामा घरमा र अन्य नातेदारहरूकहाँ



का वें गरिन्दै

ईंमचा नक छ्वयगु (भात खुवाउन पठाउने) गरिन्छ । यसरी ईमचा नके पठाउँदा सबैभन्दा पहिले जेठो परिवारकहाँ पठाइन्छ । त्यस दिन जेठो परिवारमा पनि मूल आइमाईले घरमै सुकुन्दामा पूजा गरि ईमचालाई (इहि गर्ने केटीलाई) स्वगं दिने चलन छ । त्यसपछि मात्र अर्को घरमा ईमचा नके पठाउने गरिन्छ । यसरी ईमचा नके पठाउने भनेको खासमा इहि गर्ने केटीलाई घरमा खाना नखुवाई ईष्टमित्रहरू कहाँ भात खुवाउन पठाउने चलन हो ।

यो इहि संस्कार दुई दिनको संस्कार हो । पहिलो दिनलाई दुसः र दोश्रो दिनलाई कन्यादान भनिन्छ । (**राजवंशी**, २०६५, पृ. १९-२०) पहिलो दिनमा सबै प्रकारको वस्तुहरू स्थापना गर्ने गरिन्छ । त्यसैले त्यसलाई दुसः भनेको हो । दोश्रो दिनमा बच्चाको श्रवण कुमारसँग विवाह गरिन्छ, त्यसैले त्यसलाई कन्यादान भनिन्छ । इहिको पहिलो दिनमा बिहानै बालिकालाई नुहाई दिने गरिन्छ । साथै धबो अर्थात् नैवेद्य (चिउरा र मिठाई मिसाइएको), पटु (दही राख्ने सानो माटोका गोलाकार वस्तु), केगु (केराउ), कागोरा (धागो), सलापांचा (माटाको भाँडा), जनकोख (धागोको माला), स्वं (फूलहरू), फलफूल राखेर पूजा राखिन्छ । त्यसपछि बालिका लिएर परिवारका मानिस इहि जग्गे गरेको ठाउँमा जान्छन् । यसरी जानेक्रममा का वें (तीनओटा लठ्ठी तीन ठाउँमा राखेर धागोले एक आपसमा बाँधेर माला जस्तै बनाउने चलन) गर्न तीनओटा लठ्ठी लिएर पनि जान्छन् । कसै कसैले दुईओटा मात्र लठ्ठी लिएर जान्छन् । त्यहाँ किसली, धबो, सलापांचा पालैपालो लिन आउँछन् । तीनओटा लठ्ठीमा बालिकालाई का वाकेगु गरिन्छ । त्यस दिन जग्गेमा आचाजु हुन्छन् । त्यहाँ विभिन्न मन्त्र पाठ गर्दछन् । इहि जग्गे गरेको ठाउँमा खसीको मासु र भात खुवाउने गरिन्छ । त्यसपछि बालिकालाई घरमा ल्याउने गरिन्छ । नेवार बच्चीलाई पाँच वा सात वर्षमा इहि गरिन्छ । देवता प्रतिष्ठा गरि सामूहिक इहि गरिन्छ । 'पाँचजना साना केटीहरूलाई एकै ठाउँमा राखेर आफ्नी छोरीलाई मूल बनाई इहि गर्ने चलन पनि छ ।' (**राजवंशी**, २०६५, पृ. १९-२०)

दोस्रो दिन पनि पहिलो दिन जस्तै पूजा राखिन्छ । पूजासके लगत्तै बालिकालाई नयाँ लुगा लगाई दुलही जस्तै सजाई दिन्छन् । त्यसपछि बालिकालाई ई जग्गे गरेको ठाउँमा लिएर जान्छन् । त्यस दिन पनि जग्गेमा पूजा पाठहरू हुन्छन् । आमाबुबालाई बालिकाको अगाडि बस्नको लागि भनिन्छ । अब कन्यादान गर्ने काम सुरु हुन्छ । बुबाको दाहिने हातलाई छोरीको हात मुनि राख्नको लागि भनिन्छ । बालिकाको हातमाथि ब्य (बेल) राखिन्छ । त्यही बेललाई बालिकाको लोग्ने मानिन्छ । त्यही बेलमा सुनको टीका, सिनं लगाइदिइन्छ । बेललाई सुवर्ण कुमार पनि भनिन्छ । यो विष्णुको अर्को रूप मानिन्छ । त्यो सबै कार्य बुबाको बायाँ हातले गर्ने गरिन्छ । यसरी पूजा सकेपछि कोखा (हातका औँलाहरूमा राखेर एक आपसमा बाँडेर माला जस्तै बनाउने चलन ।) लगाई दिन्छ । जग्गेका ब्राम्हणले बुबालाई टीका लगाई दिन्छन् । बालिकालाई बाहुनीहरूले सिन्दुर, टीका र फूल लगाई दिन्छन् । यसपछि विवाह भएको मानिन्छ । त्यसपछि ईमचालाई बारां छुके गरिन्छ । वाकी जाकी (मिसेको चामल र धान) दिने र एक आपसमा मीत लगाउने कार्य पनि गरिन्छ । वर्तमान समयमा मीत लगाउने चलन निकै कम भइसकेको छ । मीत लगाउँदा किसली (माटोको पालामा चामल राखी त्यसमाथि सुपारी राखी राखेको पालाचालाई किसली भनिन्छ ।) एक आपसमा आदान प्रदान गरि त्वे चिंके (मीत लगाइदिने कार्य) गरिन्छ । त्यसपछि दही र दूध खुवाइन्छ र आमा बुबालाई नास्ता गराई पठाइन्छ । त्यसपछि बालिकालाई घरमा ल्याइन्छ । घरमा ल्याउनेक्रममा पिखालाखी (कुमार) भएको ठाउँमा राखी घरको परिवार र इष्टमित्रहरूले बारां छुके (पिखालाखीमा बच्चालाई राखी चामलले तीनचोटि ढोग्न लगाएर सलापांचामा राख्ने चलन) गरिन्छ । सुकुन्दा बाली पाथीमा पिखालाखी (कुमार) र स्वाँ (फूलहरू) राखी चढाउने कार्य घरको मूली आइमाईले गर्दछिन् । घरबाट हाकु पटासी (एक प्रकारको कालो फरिया), गा (खास्टो), कपडा राखेर बालिकालाई लल्हाए (हस्तान्तरण गर्ने प्रक्रिया) गरिन्छ । त्यसपछि बालिकालाई घरमा भित्र्याउने गरिन्छ । त्यसदिन आफ्ना इष्टमित्रहरूलाई भोज खुवाउने गरिन्छ । भोजमा आउने

नातेदारहरूले वाकीजाकी र विभिन्न उपहारहरू बालिकालाई दिने गर्दछन् । घरमा बेलुका दुईवटा अण्डा, रक्सी, माछा राखेर बालिकालाई लल्हाए (हस्तान्तरण गर्ने) गरिन्छ । भोलिपल्ट फेरि रक्सीसहित बालिकालाई लिएर कुमारीकहाँ पूजा गर्न जाने गरिन्छ । मन्दिरबाट चढाएर ल्याएको अण्डा बनाएर खुवाउने चलन छ । यसलाई 'चिपं थिकेगु' भनिन्छ ।

इहि गर्नु भनेको समयमा कन्यालाई संकल्प गरि राख्ने विधि हो । पहिले पहिले रजस्वला भैसकेकी छोरीलाई जन्म घरमा नै राखिराख्नु हुँदैन भन्ने मान्यता राखिन्थ्यो । यदि घरैमा राखिराखियो भने अलक्षण हुन्छ भने सोच थियो । त्यसैले समयमा नै कन्यालाई विवाह गरी अन्माइन्थ्यो । यस किसिमको सोचको कारण समाजमा बाल विवाहको चलन थियो । बाल विवाह हुँदा बालिकालाई शारीरिक एवं मानसिक असर त पर्छ नै यदि कथम कदाचित तिनको लोग्नेको मृत्यु भयो भने जिन्दगीभर विधवा भएर लोग्नेको घरमा नै बस्नु पर्दथ्यो । लोग्नेबिना लोग्नेको घरमा बस्नु पर्दा घर परिवारबाट अनेक किसिमको दुःख झेल्नु पर्दथ्यो । यस प्रकारको अवस्थाले गर्दा समाजमा एक किसिमको दुःख झेल्नु पर्दथ्यो । यस प्रकारको अवस्थाले गर्दा समाजमा एक किसिमको सामाजिक कुरुतीले जरो गाडेको थियो । बालविवाह जस्तो जघन्य अपराधबाट बचाउन बौद्ध धर्म दर्शनले इहि संस्कारको शुरू गरेको देखिन्छ । इहि यस्तो संस्कार हो जसले नारीलाई सम्मान दिलाएको छ । समयमा संकल्प गरिराखेकी कन्याले वयस्क भइसकेपछि मन पर्ने जीवनसाथी खोजी विवाह गर्न सक्छिन् भने मान्यता रहेको देखिन्छ । यसबाट इहिले नारीलाई स्वतन्त्रता प्रदान गरेको देखिन्छ । त्यसैले पनि इहि संस्कारको सांस्कृतिक महत्त्व रहेको छ ।

**सन्दर्भ सामग्री सूची**

*बज्राचार्य, र., (२०६५). **नेवार बौद्ध संस्कार**, काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।*

*राजवंशी, ल. (२०६५). **नेवार सांस्कृतिक चिनारी**, ललितपुरः नागार्जुन पब्लिकेशन प्रा. लि. ।*

*Pandey, R. (2013). **Hindu Samskaras**, Varanasi: Motilal Banarsidass Publishers Pvt. Ltd.*

**स्रोत व्यक्तिहरू**

१) विष्णु सुवाल
२) सुनमाया सुवाल
३) सुनकेशरी ग्वाछा
४) तुल्सीनारायण सुवाल
५) पुण्यश्वरी सुवाल
६) डा. सत्यनारायण सुवाल
७) सुलोचना अवाल
८) राज्यलक्ष्मी सुवाल
९) राज्यलक्ष्मी कुम्पाख


# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

## एकान्तबासमा बस्नुभएकालाई सूचना

भक्तपुर नगरका एकान्तबास (आइसोलेशन) मा बस्नुभएका सङ्क्रमित र निजका परिवारलाई सम्बन्धित वडाका जनप्रतिनिधिहरूले आवश्यक सहयोग गर्दै आउनु भएकोछ । साथै चिकित्सकहरूमार्फत् आवश्यक स्वास्थ्य उपचारमा सहयोग गर्दै आउनु भएकोछ । एकान्तबासमा बस्नुभएका सङ्क्रमित र परिवारलाई स्वास्थ्य एवम् सरसफाइलगायत अन्य कुनै समस्या परेमा नगरपालिकाका निम्न चिकित्सक तथा कर्मचारीहरूलाई सम्पर्क गर्नुहुन अनुरोध गर्दछ ।

| सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|
| १) डा. बालकृष्ण चांगुभारी | ९८६० ०५१ ०८२ |
| २) डा. विवेक बोयजु | ९८४१ ७२५ १८८ |
| ३) प्रशासकीय अधिकृत दामोदर सुवाल | ९८४९ ८२५ १०० |
| ४) शाखा अधिकृत गौतमप्रसाद लासिवा | ९८५१ १८७ ३०० |
| ५) शाखा अधिकृत दिलिपकुमार सुवाल | ९८४१ ४३२ ८६८ |

# योजनाबद्ध विजययात्राको प्रारम्भ

– हउ याङ्छी



केही समयअघि चिनियाँ कम्युनिष्ट पार्टीको उन्नाइसौँ केन्द्रीय कमिटीको पाँचौँ पूर्ण बैठक पेइचिङ्मा सम्पन्न भयो। बैठकले 'चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय कमिटीको राष्ट्रिय आर्थिक तथा सामाजिक विकासको चौधौँ पञ्चवर्षीय योजना र सन् २०३५ सालको दीर्घकालीन लक्ष्यसम्बन्धी सुझाव' ('सुझाव') पारित गर्‍यो र चीनको विकासले सामना गर्नु परिरहेको अन्तर्राष्ट्रिय र आन्तरिक अवस्थाको गहन विश्लेषण गरी सन् २०३५ मा समाजवादी आधुनिकीकरणलाई सामान्य रूपमा साकार बनाउने दीर्घकालीन लक्ष्य प्रस्तुत गर्‍यो। साथै, चौधौँ पञ्चवर्षीय योजना (सन् २०२१–२०२५) अवधिमा चीनको विकासका दिशा, प्रमुख लक्ष्य र रणनीति निर्धारण गर्‍यो।

चीनको दीर्घकालीन आधुनिक निर्माण र चरणगत विकासलाई मिलाई वैज्ञानिक ढङ्गले विकासलाई विभिन्न चरणमा विभाजित गरी सधैँ चरणगत र क्रमिक रूपमा आर्थिक सामाजिक विकासलाई अगाडि बढाउन चिनियाँ कम्युनिष्ट पार्टीको राज्य शासनसम्बन्धी एक सफल अनुभव हो। सन् १९५५ मा पहिलो पञ्चवर्षीय योजना निर्धारण गरिएदेखि अहिलेसम्म चीनमा १३ ओटा पञ्चवर्षीय योजना कार्यान्वयन भइसकेका छन्। ती योजनाहरूको निर्देशनमा चिनियाँ जनताले ७० वर्षको सङ्घर्षद्वारा आर्थिक, सामाजिक विकासको क्षेत्रमा महान् उपलब्धि हासिल गरेका छन्। देशको आर्थिक, वैज्ञानिक प्राविधिक क्षमता तथा समष्टिगत राष्ट्रिय शक्तिमा अभूतपूर्व विकास भई नयाँ उचाइमा पुगेको छ। यस वर्षको चीनको कुल गार्हस्थ उत्पादन एक हजार खर्ब युयान नाघ्ने, प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन १० हजार अमेरिकी डलर नाघ्ने अनुमान गरिएको छ। विगत ४० वर्षमा चीनले सफलता पूर्वक आफ्ना ८५ करोड जनतालाई गरिबीको रेखाभन्दा माथि पुर्‍याएको छ। विश्व गरिबी निवारणमा चीनको योगदान ७० प्रतिशतभन्दा बढी छ। यसैबीच, चीनले विश्वको सबैभन्दा ठूलो आकारको सामाजिक सुरक्षा व्यवस्था स्थापना गरेको छ। एक अर्ब ३० करोडभन्दा बढी जनतालाई आधारभूत स्वास्थ्य बीमा तथा करिब एक अर्ब जनतालाई आधारभूत वृद्धभत्ता बीमा उपलब्ध गराएको छ।

चौधौँ पञ्चवर्षीय योजना र सन् २०३५ सालको दीर्घकालीन लक्ष्यको ठूलो ऐतिहासिक महत्त्व छ। त्यसको विशेषता तीनवटा 'नयाँ' हुन्– विकासको नयाँ चरणमा प्रवेश, विकास सम्बन्धी नयाँ सिद्धान्तको तर्जुमा र विकासको नयाँ स्थितिको निर्माण।

यसवर्ष चीनले निरपेक्ष गरिबीको उन्मूलन गर्नेछ र पूर्व निर्धारित समयमा नै मध्यमस्तरीय आययुक्त समाजको सम्पूर्ण रूपले निर्माण गरी पहिलो सयवर्षे सङ्घर्षको लक्ष्य प्राप्त गर्नेछ। अर्को वर्ष चीन विकासको नयाँ चरणमा प्रवेश गर्नेछ। र, समाजवादी आधुनिक देशको सर्वाङ्गीण निर्माणको नयाँ विजययात्रा प्रारम्भ गरी दोस्रो सयवर्षे सङ्घर्षको लक्ष्य प्राप्तितर्फ अगाडि बढ्नेछ। सन् २०३५ सम्ममा चीनको आर्थिक, वैज्ञानिक तथा प्राविधिक क्षमता र समष्टिगत राष्ट्रिय शक्तिमा ठूलो वृद्धि हुनेछ। देशको शासन व्यवस्था र शासन क्षमताको आधुनिकीकरण पूरा हुनेछ। जनताको सुसंस्कृत व्यवहार तथा सामाजिक सभ्यता एक नयाँ उचाइमा पुग्नेछ। भौतिक वातावरणमा आधारभूत रूपमा सुधार हुनेछ। विश्वका अन्य



मुलुकहरूप्रतिको खुलापन एक नयाँ अवस्थामा पुग्नेछ । प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादनको स्तर मध्यम विकसित देशहरूको दाँजोमा पुग्नेछ । जनजीवन अझ सुन्दर हुनेछ । मानिसहरूको सर्वाङ्गीण विकास, सम्पूर्ण जनतालाई एकसाथ समृद्धि प्राप्तिमा अझ उल्लेखनीय ठोस प्रगति हुनेछ ।

विकाससम्बन्धी नयाँ सिद्धान्त भनेको उच्च गुणस्तरको विकासलाई मूल विषय बनाई नवीन प्रयोग तथा प्रयासलाई प्रथम अग्रगामी शक्ति बनाई समन्वयलाई आन्तरिक विशेषता, हरित रङलाई सामान्य सुलभ अवस्था बनाई, खुलापनलाई अनिवार्य मार्ग र साझा उपभोगलाई मूलभूत उद्देश्य बनाउनु हो । विकाससम्बन्धी नयाँ सिद्धान्तलाई पूर्णरूपमा तर्जुमा गर्नका लागि वैज्ञानिक प्राविधिक रूपमा शक्तिशाली देशको निर्माण गति बढाउनु पर्दछ । समन्वयात्मक क्षेत्रीय विकास तथा नयाँ प्रकारको शहरीकरणलाई अघि बढाउनु पर्दछ । हरित विकासलाई जोड दिनुपर्दछ । सम्पूर्ण क्षेत्रमा सुधारलाई गहन बनाउनु पर्दछ र उच्चस्तरीय खुल्लापनलाई अगाडि बढाउनु पर्दछ । तिनीहरूको माध्यमद्वारा जनताको सुन्दर जीवनयापनप्रति निरन्तररूपमा बढ्दै गइरहेको चाहनालाई पूर्ति गर्नुलाई मूलभूत उद्देश्य बनाई अविच्छिन्न रूपमा आमजनताको प्राप्ति, सुख र सुरक्षाको अनुभूतिलाई बढाई मानिसको सर्वाङ्गीण विकास र समाजको सर्वाङ्गीण प्रगतिलाई प्रवर्द्धन गर्नुपर्दछ ।

विकासको नयाँ स्थिति भनेको आन्तरिक आर्थिक चक्रलाई प्रमुख बनाई, आन्तरिक र अन्तर्राष्ट्रिय दुई चक्रको एकआपसमा प्रवर्द्धन हुने विकासको स्थिति हो । चीनको जनसङ्ख्या एक अर्ब ४० करोड छ, यो विश्वको सबैभन्दा ठूलो र सबैभन्दा बढी क्षमता भएको उपभोक्ता बजार पनि हो । यसमा अझ धेरै अभिवृद्धि हुने प्रचुर सम्भावना छ । आन्तरिक आर्थिक चक्रलाई प्रमुख बनाउन जोड दिँदा आन्तरिक बजार विस्तारका लागि लाभ पुग्ने हुन्छ । चिनियाँ आर्थिक विकास अझ बलियो हुनेछ । यसका साथै चिनियाँ राष्ट्रपति सी चिन फिङले भन्नु भएजस्तै चीनको विकासको नयाँ स्थिति कुनै हालतमा पनि बन्द रहने आन्तरिक आर्थिक चक्र होइन, त्यो खुला रहने आन्तरिक र अन्तर्राष्ट्रिय दोहोरो आर्थिक चक्र हो । 'सुझाव' ले पुनः जोड दिएको छ– चीनले अझ ठूलो घेरा, बृहद् क्षेत्रमा अझ गहनरूपमा विदेशी मुलुकहरूप्रतिको खुलापनलाई बढाउँदै लैजानेछ, ठूलो आन्तरिक बजारको फाइदा उठाई अन्तर्राष्ट्रिय सहकार्य बढाउनेछ र आपसी हित साझा जितलाई बजारमा उतार्नेछ ।

हामीले सहर्ष देख्यौँ, 'बेल्ट र रोड' प्रस्ताव सातवर्षको विकासपछि विश्वव्यापी रूपमा सबैभन्दा बढी ध्यानाकर्षण गर्न सफल अन्तर्राष्ट्रिय सार्वजनिक उत्पादन बनेको छ र त्यो अहिले उच्च गुणस्तरको संयुक्त निर्माणको चरणमा प्रवेश गरिसकेको छ, सहकार्यका साझेदारहरूबीच आर्थिक मिश्रणका लागि झन् महत्त्वपूर्ण भूमिका निर्वाह गरिसकेको छ । केही समयअघि तेस्रो चीन अन्तर्राष्ट्रिय आयात एक्स्पो अनलाइन र भौतिक उपस्थितिको सम्मिश्रणको रूपमा पूर्व निर्धारित मितिमै उद्घाटन गरियो । ६० भन्दा बढी देश र क्षेत्रहरूका दुई हजारवटा भन्दा बढी व्यवसाय कम्पनीहरू त्यसमा सहभागी, सहयोगी भएका थिए, कुल ७२ अर्ब ६२ करोड अमेरिकी डलर बराबरको कारोबार भयो, जसमा पहिलेको पटकभन्दा २.१ प्रतिशत वृद्धि भएको छ ।

चीन र नेपाल पहाड र नदीले जोडिएका पुस्तौँपुस्ताका मैत्रीपूर्ण, एक आपसको सुरक्षा र सहयोग गर्ने असल छिमेकी, असल साथी, असल साझेदार हुन् । कूटनीतिक सम्बन्ध स्थापना भएदेखि दुई देशबीचको विभिन्न क्षेत्रको ठोस सहकार्यले दुई देशका जनतालाई प्रत्यक्ष लाभ पुऱ्याएको छ । पोहोर साल चिनियाँ राष्ट्रपति सी चिन फिङ्ले नेपालको राजकीय भ्रमण गर्नुभयो, दुई देशका राजनेताले चीन–नेपाल सम्बन्धलाई विकास र समृद्धितर्फ अघि बढ्ने पुस्तौँपुस्ताको मैत्रीपूर्ण रणनीतिक सहकार्यका साझेदारको सम्बन्धमा स्तरोन्नति गरिएको घोषणा गर्नुभयो । अहिले दुई देशका जनता निकट रूपमा सहकार्य गर्दै भ्रमणका उपलब्धिहरूलाई मूर्त बनाउन सक्रिय रहँदै संयुक्त रूपमा कोभिड महामारीविरुद्ध सङ्घर्ष गर्दै व्यवस्थितरूपमा श्रम र उत्पादनका कार्यहरूलाई पुनः प्रारम्भ गर्दैछन् । चौधौँ पञ्चवर्षीय योजना र सन् २०३५ सालको दीर्घकालीन लक्ष्यले चीन नेपालबीच विभिन्न क्षेत्रको ठोस सहकार्यलाई बढाउन तथा संयुक्त रूपमा 'बेल्ट र रोड' को निर्माणमा उच्च गुणस्तरको विकासका लागि अझ बढी अवसरहरू प्रदान गर्नेछ ।

चीनले पहिले जस्तै शान्ति, विकास, सहकार्य साझा जितको ध्वजालाई उँचो बनाइराख्नेछ । विश्वशान्ति कायम राख्ने, संयुक्त विकासलाई प्रवर्द्धन गर्ने कूटनीतिक मान्यतालाई कायम राख्नेछ । आपसी सम्मान, सत्य तथा न्याय, सहकार्य तथा साझा जितको नयाँ अन्तर्राष्ट्रिय सम्बन्धको निर्माणलाई अगाडि बढाउनेछ । नेपाललगायतका सबै देशसँग विकासका अवसरहरू र सहकार्यका फलहरूको साझा उपभोग गर्नेछ । हातमा हात मिलाई चुनौती र जोखिमहरूको सामना गरी संयुक्तरूपमा मानवजातिको साझा भाग्यको एक समष्टिको निर्माण गर्नेछ ।

*(लेखक नेपालका लागि चिनियाँ राजदूत हुनुहुन्छ ।)*

*स्रोत : गोरखापत्र, २०७७।८।११*

# नाटक र भालु नाचबारे सङ्क्षिप्त चर्चा-२

**विगोल**

कुनै पनि निर्माणको जसरी निर्माता हुन्छ त्यसरी नै कुनै रचना या गीत, नाटकको पनि रचयिता हुन्छ। लिखित रचना कुनै श्रष्टाबाट सिर्जिएको हुन्छ र मौखिक रचना परम्परागत हुन्छ। लिखित या मौखिक त्यो रचना या साहित्यले लोकजीवनको चर्चा गरेर जीवन्तता प्रदान गरिरहेको हुन्छ। लिखित या अलिखित रचनाले व्यक्ति वा समुदायको यथार्थ घटना, इच्छा, आकाङ्छा, विचार र भावना उजागर गरेको हुन्छ। मौखिक रचना समय, परिवेश, ठाउँ र जनजीविकाअनुसार गतिशील हुन्छ, भाषा शैली फरक हुन्छ, समय बितेसँगै कति लोप हुन्छ त कति परिमार्जित हुँदै जान्छ।

लोकनाटक लोकजीवनको पूँजी हो। यसले उहिलेको जनजीवन र इतिहासको लेखाजोखा गर्न सहयोग पुर्‍याउँछ। पात्रहरूको संवाद बौद्धिकस्तरको नभए पनि हास्यात्मक, व्यङ्ग्यात्मक, रोचक र मन छुने खालको हुन्छ। पात्रहरू एक अर्काबीच ठट्यौलो पारामा, स्वाङ पार्दै, एकले अर्कोलाई उचाल्दै, बजार्दै दर्शकलाई हँसाइएको हुन्छ, मनोरञ्जन दिइएको हुन्छ। कुनै कुनै नाटकमा त जगत हँसाउन छुट्टै हास्य कलाकार (जोकर) बनाइएको हुन्छ।

नृत्य लोकनाटकको महत्त्वपूर्ण तत्त्व हो। कथा वस्तुलाई नृत्यका माध्यमबाट प्रस्तुत गरिएको हुन्छ। नाटक या नाचगानलाई प्रभावकारीरूपमा सम्प्रेषण गर्ने, घटनालाई स्वाभाविक बनाउने, दर्शनीय र मनोरञ्जन प्रदान गर्ने काम नृत्यले गर्छ। गीत र संवादको माध्यमबाट अगाडि बढाउने गेयात्मक नाटक नै लोकनाटक हो। नाटकलाई जीवन्त बनाउने रोचक बनाउने काम संवादले गर्छ। अभिनय फितलो भयो, पात्रअनुसार भेषभूषा मिलेन भने नाटक या नाचगानको स्तर घट्छ नाटकको स्वाभाविकतामा आँच पुग्छ।

भालु नाचमा गीत, कथानक, पात्र, संवाद हुन्छ। तर भालु नाचका रचयिता या स्रष्टा अज्ञात छन्। यस अर्थमा भालु नाच लोकसाहित्यको लोकनृत्य, लोकनाटक या नाटक विधाभित्र पर्छ। भालु नाच सबै ठाउँमा एकै थरीको हुँदैन, छैन। भू-बनोट, जनजाति र ठाउँ परिवेशअनुसार भिन्न भिन्न हुन्छ। अन्यत्र देखाउने भालु नाच र भक्तपुरमा देखाइने भालु नाचमा अन्तर हुन्छ। अरूकहाँ त के भक्तपुर नगरकै भार्वाचो र नगाँचामा देखाइने नाचको प्रस्तुति, गायन र नाटकको अन्त्यमा फरक पाइन्छ। भालु नाचसम्बन्धी लिखित रचना भएको भए, भालु नाचका स्रष्टा एकै व्यक्ति भएका भए भालु नाचमा समानता पाइन्थ्यो। कति नाचगान परम्परागत भएको हुँदा समयको गतिसँगै थपघट या परिमार्जन भइरहेको हुन्छ। त्यसबेला कुनै विद्यालय नभएको हुँदा भए पनि सर्वसाधारणले शिक्षा आर्जन गर्न नपाउने भएकोले कति परम्परागत नाचगानहरू गुरुकुलको भरमा चलेको हुन्छ। समयको गतिसँगै गुरुहरू हेरफेर भएका हुन्छन्। गुरुहरूमा पनि सबै त्यतिकै स्मरण हुन्छ भन्ने होइन। गुरुहरूको पनि आफ्नो रुचि, शैली र प्रस्तुति हुन्छ। यसले नाचगानमा अलि अलि या चालै नपाइकन फरक ढङ्गमा प्रस्तुत भएको हुन्छ। तर भक्तपुरको नाचगान सम्बन्धमा त्यति फरक हुने ढङ्गले प्रस्तुत भएको देखिँदैन।

पहिले पहिलेका नाटक, प्रहसन, ख्यालीहरूमा स्त्री पात्रको प्रयोग त हुन्थ्यो तर स्त्रीको भूमिका पुरुषले गर्थे। पुरुष कलाकार नै स्त्री भएर भूमिका खेल्थे। आजभोलि यसमा परिवर्तन भएको छ। पहिले पुरुष कलाकार स्त्रीको भेषमा हुन्थे भने आजभोलि स्त्री कलाकार नै पुरुषको भेषमा नाटक, प्रहसन, ख्याली र नृत्यमा भाग लिन्थे। स्त्री कलाकार त स्त्री नै हुने भए। यो समयको परिवर्तनसँगै मानिसको जीवनमा मात्र होइन नाट्यशालाको विकासमा आएको परिवर्तन हो। तर अहिलेसम्म भालु नाचमा स्त्री कलाकार देखिएको छैन। यसको पनि आफ्नै छुट्टै कारण हुनसक्छ।

नाचगानको राजधानी भक्तपुरमा परम्परागत नाचगानलाई निरन्तरता दिएर गति प्रदान गर्ने या जीवन्तता दिने प्रयास सराहनीय काम हो। यहाँका नाचगानलाई जीवन्तता दिन राजनीतिज्ञ, राजनीतिक, सामाजिक कार्यकर्ता, अगुवा, बुद्धिजीवी, नाचगानका गुरु, नाचगानप्रति चिन्ता र चासो राख्ने व्यक्तिहरू अघि सरे। लोपै भएका, लोप हुन लागेका कति नाचगानहरूको संरक्षण गर्न या निरन्तरता दिन जनप्रतिनिधिहरू पनि लागे। नाचगानको जीवन्तता दिन नै, जनतामाझ प्रदर्शन गर्न र गराउन भक्तपुर नगरपालिकाले प्रतिस्पर्धाको आयोजना गर्‍यो, भएभरका नाचगानहरू देखाउन आग्रह गर्‍यो। स्थानीय समाजसेवी, राजनीतिक कार्यकर्ता, अगुवा र नाचगानप्रेमी, नयाँ



गाईजात्रामा प्रदर्शित विभिन्न सांस्कृतिकविधाको मूल्याङ्कन गरिन्दै

पुराना नाचगानका गुरुहरूको प्रेरणा र अनुरोधको आधारमा गाईजात्रामा नाचगानहरू देखाइए। भाग लिएका नाचगानका टोलीलाई भक्तपुर नगरपालिकाले आर्थिक सहयोग गऱ्यो। पुरस्कृत टोली र सहभागी नाचगान र टोलीलाई गरेको भनपाको सहयोगले नृत्य या नाचगानका निम्ति चाहिने नाट्यसामग्रीहरू वाद्यवादन, भेषभूषा, पहिरन आदि जुटाउने अवसर मिल्यो। यसै सिलसिलामा लामो समयसम्म बन्द भएको भालु नाच फेरि प्रदर्शन गरियो। यसले रङ्कर्मी, नाचगानका टोली र सहयोगी सदस्यहरू खुसी भए। हरेक नाचगान टोलीमा वाद्यवादन, भेषभूषा र पहिरनको व्यवस्था भयो। भालु नाच पनि देखाइयो। पहिले कति नाच चाहेर पनि भेषभूषा, पहिरन र वाद्यवादको अभावले देखाउन सकिरहेको थिएन। भएका पुराना भेषभूषा काम नलाग्ने भइसकेको थियो।

भनपाले प्रत्येक गाईजात्राको अवसरमा नाचगानको प्रतिस्पर्धा गर्ने निर्णय गऱ्यो। भनपाको निर्णयअनुसार नाचगान प्रस्तुत भए। तर पनि यहाँका सबै परम्परागत नाचगान अझै प्रदर्शित भएका छैनन्। पहिले पहिले कहीं कतैबाट आर्थिक सहयोग जुट्दैनथ्यो। स्थानीय अगुवा, सामाजिक कार्यकर्ता, शुभचिन्तक र नाचगानसित सम्बन्धित व्यक्तिहरू नै अग्रसर भएर नाचगान निकाल्थ्यो या नगरभित्र नचाइन्थ्यो। भालु नाच पनि स्थानीय अगुवा, स्थानीय गुरु, स्थानीय जनता र स्थानीय कलाकारको सक्रियतामा नचाइन्थ्यो। कति नाचगान पुरानो पुस्ताले नयाँ पुस्तालाई हस्तान्तरण नगर्दा, नसिकाउँदा लोप हुने स्थितिमा छ। कति नाचगानप्रति नयाँ पुस्ताले रुचि नराख्नाले पनि लोप हुन लागेको, लोप भइरहेको देखिन्छ। यसकारण यहाँका सबै नाचगान देखाउन सकिरहेको छैन। पुराना र नयाँ पुस्ताका गुरु, कलाकार, सामाजिक राजनैतिक कार्यकर्ता अग्रसर भएमा, उत्साहित गरिएमा परम्परागत नाचगान सँगै आधुनिक नाचगान, ख्याल, एकाङ्की र नृत्यहरू प्रदर्शित हुनेछन् र यहाँका परम्परागत र आधुनिक नाट्य विधाहरूले जीवन्तता पाउने छन्।

गएको वर्ष भनपा वडा नं. १ स्थित भार्वाचोबाट गणेश दाफा भजन र भनपा वडा नं. १० स्थित नगाँचाको बाँसुरी बाजा समूहबाट भालु नाच देखाइएको थियो। ती दुई भालु नाचको उद्देश्य एउटै भए पनि भार्वाचो र नगाँचाको भालु नाचको प्रस्तुति फरक फरक देखिन्छ। भालु नाचको प्रारम्भ र अन्त्य पनि फरक देखिन्छ। कलाकारको सङ्ख्यामा पनि फरक देखिन्छ। सम्भवतः भार्वाचो र नगाँचाका भालु नाचका गुरु पनि एकै व्यक्ति होइनन्। फरक ठाउँ, फरक गुरु हुने भएकाले पनि भालु नाचमा फरक भएको हुनुपर्छ।

यहाँ भार्वाचो र नगाँचाको भालु नाचबारे सङ्क्षिप्त चर्चा गर्नेछु।

भालु नाच नाच भने पनि मात्र नाच या नृत्य होइन। यस नाचमा भालुमात्र नचाइँदैन। भालु नाच नाटक विधामा पनि परेको हुनाले यस नाचमा कथानक, पात्र, संवाद, गीत, नृत्य, वाद्यवादन र देश, काल र परिस्थितिको चित्रण पाइन्छ।

**भालु नाच**

भालुसम्बन्धी 'शिकारी' विषयक अर्को गीत यहाँ प्रस्तुत छ। यो गीत पनि मनिसुन्दर गणेश भजन भार्वाचोबाट प्राप्त भएको हो।

*फूलचोकीको माईस्थानमा बही गाउँ बस्नु*
*बही बसी वनफारी खोरियातु ल्याउनु*
*रुख सुकी आगो हाली मकैलाई मल हुन्छ*
*मछरी सफरी आयो भालु लेखाइदियो।*
*गाउँको प्रजाले दुवार्भाले उर्दी दियो है*
*घरै घरै एउटा सिपाही आउनु पर्यो है।*
*लप्तान कप्तान सुविदार हाजिर भयो है।*
*शिकारी जति डाँडै डाँडा कुकुर वन हुल्यो*
*कुकुरको स्वर सुनी मृग आएछन्।*
*मृग, भालु, बाघ मारी हर्षै जान*
*तरपति श्री सुरेन्द्रवीर विक्रम शाहदेव।*

**कथावस्तु**

भालु नाच नाच भने पनि यो नाट्य विधा हो। नाट्य विधा भएकोले भालु नाचको आफ्नै कथानक छ। विभिन्न घटनाहरूको श्रृङ्खलित प्रस्तुति नै कथावस्तु हो। कथावस्तुमा विभिन्न समयका जीवनजगत्का समाज तथा दैनिक जीवनमा घटेका र घट्न सक्ने घटनालाई जोडिएको हुन्छ। आकारको दृष्टिले भालु नाच लघु नै मान्नुपर्छ। भालु पालकले जहाँतहीं भालु छोड्दा भालुले किसानको बाली नोक्सान गरेको हुन्छ। कहिले मकै खान्छ त कहिले तोरीबाली क्षति गर्छ। भालुले मकै बाली खाएको कुरा किसानले थाहा हुन्छ। सिपाही र प्रजागण मिलेर भालुलाई घेरा हाल्छन् र गीत गाउँदै भालुको शिकार गर्छन्। भालु मालिक आफ्नो भालु खोज्दै हिँड्छ। भालु मकै बालीमा पसेको थाहा हुन्छ। भालु खोज्दै गर्दा मरिसकेको हुन्छ। मरेको भालुलाई लामा (मन्त्र जान्ने) बाट फू मन्त्र गरेर बचाउने प्रयास गर्छ। भालुलाई बचाउने लामाको मन्त्र बिगार्ने काम सिपाहीले गर्छ। पटक-पटकको प्रयासपछि पनि अन्ततः छलेर मन्त्र गरी भालु बचाइन्छ। यसकै सिलसिलामा कृषकले भालुसँग मकै खाएको या बालीको क्षतिपूर्ति माग्छ। क्षतिपूर्ति तिर्ने या नतिर्ने, कति तिर्ने विषयमा झगडा जस्तै हुन्छ। अन्ततः बाली तिराइन्छ। बाली तिराएपछि र भालु बाँचेपछिको उत्सवमा विजयोत्सवको गीत गाइन्छ। यसरी भालु नाचको कथानक अन्त्य हुन्छ।

यस भालु नाचलाई तीन चार दृश्यमा विभाजन गरिएको छ। दृश्यहरू एकै दिन या एउटै परिवेशको देखिन्छ। कथानक अघि बढाउन कृषक, सिपाही, लामा (भालु पालक) बीच ठट्यौलो पारामा संवाद अघि बढ्छ। बाली तिराउँदाका रोचक भनाइ व्यङ्ग्यात्मक देखिन्छ। भालु नाचको संरचना

हेर्दा नाचमा रहेका पात्रहरू र घटनाहरू आयोजित नभई स्वतःस्फूर्तजस्ता लाग्छन् । भालु नाच सुरुदेखि अन्त्यसम्म भालु, भालु मालिक र कृषकको वातचितमा केन्द्रित रहेको छ । बाली क्षति सम्बन्धी घटनामा आधारित नाच भएको हुँदा विवादसम्बन्धी संवादमात्र होइन सङ्घर्षका दृश्यहरू पाइन्छ ।

नाच चरित्रप्रधान नभएर घटनाप्रधान छ । नाच गीत र नृत्यबाट अन्त्य हुन्छ । नाचले तत्कालीन सामाजिक परिवेशको कलात्मक र व्यङ्ग्यात्मक तथा ठट्यौलो पारामा प्रस्तुत हुन्छ । नाचमा अङ्क एक भए पनि दृश्य तीन चार रहेका छन् । नाच विजयोत्सवमा अन्त्य हुन्छ । नाटक सामाजिक परिवेशको छ । कृषि बालीसित सम्बन्धित छ । नाचमा मञ्चीयताको परिवेश सामान्य छ । नाचमा कुनै तडकभडक र साजसज्जाको जरुरी छैन । नाचको परिवेशलाई सरल र सहजरूपमा प्रस्तुत गरिएको छ । परिवेशको मूल्याङ्कन गर्दा वास्तविक जीवनसँग मेल खाएको अनुभूति गर्न सकिन्छ अर्थात् भालु नाच कल्पनामा आधारित छैन । रङ्गमञ्चीयताको हिसाबले नाच सामान्यतः गाउँले परिवेशको देखिन्छ ।

पात्रहरूको भेषभूषा, पहिरन उहिलेकै देखिन्छ ।

## चरित्र चित्रण

यो नाट्यविधामा पात्रको महत्त्वपूर्ण भूमिका हुन्छ । नाचमा पात्रहरूले प्रयोग गर्ने अभिनय र संवाद विशिष्ट हुन्छ । विभिन्न गुणले युक्त पात्रलाई देखाउने शैली नै चरित्र चित्रण हो नाचमा आयाम र परिवेश विस्तृत नभएको हुँदा पात्रहरूको सङ्ख्या कमै छ । तत्कालीन जीवनजगतको परिवेश उल्लेख भएको यो नाचमा विभिन्न प्रवृतिका पात्रहरू रहेका छन् । नाचको पात्रविधान हेर्दा पुरुष पात्रहरूमात्र छन् । सबै पात्रहरू उत्तिकै महत्त्वका छन् । पात्रको सङ्ख्या थोरै भए पनि विषयवस्तुभन्दा पात्रको चरित्रलाई महत्त्व दिइएको हुन्छ । पात्रहरू कहीँ सशक्त देखिएका छन् भने कहीं छैनन् ।

भालु नाचका पात्रहरूमा भालु, शिकारी, लामा, कृषक, सिपाही तथा अन्य प्रजागण रहेका छन् । नाटकमा कथावस्तु र घटनालाई भन्दा चरित्र, विचार र मनोविश्लेषणलाई प्रधानता दिइएको हुँदा अभिनयात्मक प्रभाव महत्त्वपूर्ण मानिन्छ । केही पात्रहरूको अभिनय सशक्त देखिन्छ भने केही पात्रको अभिनय चित्तबुझ्दो छैन । कथावस्तुलाई गति दिने चरित्रलाई नै पात्र भनिन्छ ।

यो नाचमा लामा, सिपाही र कृषक सक्रिय पात्र हुन् । उनीहरूकै सेरोफेरोमा रहेर नाच अघि बढ्छ । सहायक पात्रमा प्रजागण, कुकुर रहेका छन् ।

नाटकमा कथा अनुकूलका पात्रहरू चयन गरिन्छ । पात्रले कथावस्तुलाई सहज, सजीव र स्वाभाविक बनाउने काम गर्छ । पात्रहरू स्थिर, अस्थिर, गतिशील र अस्वाभाविक पनि हुनसक्छन् । पात्रहरू असल र खराब दुवै चरित्रका पनि हुन्छन् । चरित्रहरू प्रमुख र सहायक गरी दुई थरीका छन् ।

भालु नाच्छ जालमा पर्छ, शिकारमा मर्छ । फेरि जिउँदो बनाइन्छ । भालुले कहिले भालुपालक, कहिले सिपाहीलाई त कहिले कृषकमाथि हमला गरेको देखाउँछ । भालु बन्ने कलाकार एउटा नाचमा सक्रिय र अभिनय राम्रोसँग गरिएको छ भने अर्को नाचमा शिथिल या सक्रिय देखिँदैन । जति चलायमान हुनुपर्ने हो, त्यो छैन । यसमा सुधारको खाँचो छ । भालुको पोशाक (पहिरन) नमिलेर पनि समस्या भएको देखिन्छ ।

लामाजु र सिपाही यस नाटकका सक्रिय कलाकार हुन् । उनीहरूको अभिनय, तीठा मीठा ठट्यौलो पारा र व्यङ्ग्यवानले दर्शकहरू मुग्ध हुन्छन् । यो भालु नाच नाटकको सकारात्मक पक्ष हो । सिपाहीको भूमिका पनि यो नाचमा कम महत्त्वको छैन । नाच या नाटकलाई मनोरञ्जन प्रदान गर्ने पात्रको रूपमा सिपाही र कृषक रहेका छन् । उनीहरू आदर्शवादी पात्र हुन् । नाचमा कुकुरलगायतका सहभागी अन्य पात्रहरू सहायक भए पनि योगदान महत्त्वपूर्ण देखिन्छ ।

## संवाद

पात्रहरूका बीचमा हुने कुराकानी वा वार्तालाप नै संवाद हो । संवादबिना कथानक अघि बढ्दैन । संवाद उपयुक्त, सार्थक र पात्र सुहाउँदो हुनुपर्छ । पात्रको स्तरअनुसार संवाद भएन भने स्वाभाविकता हुँदैन । यस नाचमा प्रवाहपूर्ण संवादको प्रयोग देखिन्छ । पात्रको स्तरअनुसार संवादको प्रयोग छ । संवाद कतै लामा त कतै छोटो देखिन्छ । बाल कलाकार नभएको हुँदा प्रौढ संवाद छ । संवाद सरल छ । गद्यमय संवाद भए पनि कताकता कवितात्मक शैली भेटिन्छ । पात्र सङ्ख्या थोरै भएको कारण यस नाच (नाटक) मा सीमित व्यक्ति बीचमात्रै संवाद भएको देखिन्छ । विशेष संवाद लामाजु, सिपाही र कृषकको देखिन्छ । नाचको सरल, सुबोध, सजीव, प्रभावोत्पादक र कलात्मक संवादमा पात्रको अन्तर्चेतना प्रकट भएको अनुभूति हुन्छ ।

बीच-बीचमा प्रश्नोत्तरात्मक शैलीको संवाद प्रयोग भएको देखिन्छ । संवाद कुनै पनि नाट्यविधाको बीज तत्त्व हो । यो अनिवार्य र अपरिहार्य छ । भालु नाचका सम्पूर्ण कार्य



भालु नाचको एक दृश्य

व्यापार अर्थात् क्रियाकलापहरू संवादकै माध्यमबाट मुखरित भएका हुन्छन् । यस नाचमा संवादद्वारा पात्रको स्वभाव, चरित्रको क्रमिक विकास, उद्देश्य प्राप्ति र देश, काल र वातावरणको झल्को देखाइन्छ । बीचमा पात्रको आन्तरिक सङ्घर्षबाट संवाद अगाडि बढेको छ । संवादमा आलङ्कारिक, पाण्डित्यपूर्ण शब्दाडम्बर भए पनि कता कता क्लिष्ट पाइन्छ । संवाद विशेषगरी लामा, सिपाही, कृषकबीच भएका छन् । संवादद्वारा आत्माभिव्यक्ति र जीवनानुभूति प्रकट भएको छ । पात्रअनुसारको संवाद छ । पात्रमा आवेग, संवेग, आक्रोशका भावहरू छचल्किएका छन् । लामा र सिपाहीले आफ्नो चारित्रिक विशेषता झल्काउने संवाद पाइन्छ । यसरी यस नाचले ऐतिहासिक घटनालाई समय सन्दर्भ मिलाएर सर्वसाधारण दर्शकहरूको मन खिचेको छ । विगतको ऐतिहासिक घटनाको स्मरण गरिएको छ ।

### देश, काल र परिस्थिति

देश भन्नाले कुनै परिवेशको ठाउँलाई बुझिन्छ । नाटकीय कार्य व्यापार गरेको ठाउँ नै देश हो । कालको अर्थ समय हो । नाचमा चित्रित घटना कुन समयदेखि कुन समयसम्मको प्रतिनिधित्व गरेको छ, त्यसको आधार नै समय हो । वातावरण या परिस्थिति भन्नाले नाचले देखाउने परिवेश या त्यसबेलाको परिस्थिति हो । भालु नाचको कथानक हेर्दा यो नेपालकै कुनै ठाउँ हो भन्ने थाहा हुन्छ । यस नाचको यकिन समय निर्धारण गर्न कठिन छ । यो परम्परागत नाच भएकोले समय निधारण गर्न समस्या देखिन्छ । तर मानव समाजको विकास र बस्ती विकाससँगै खेतीपाती गर्न थालेपछिको समयलाई लिन सकिन्छ ।

घटना गाउँले परिवेशको छ । पात्रहरूको भेषभूषा, बोलचाल पनि स्थान, समय र काल सापेक्ष छ । घटना घट्ने स्थान, त्यसको आन्तरिक एवं बाह्य परिस्थिति वातावरणभित्र पर्छ । घटना विवरणको परिस्थिति हेर्दा काठमाडौं उपत्यका या त्यस वरिपरिको कुनै स्थानलाई सङ्केत गरेको देखिन्छ । यस नाचमा पाइने परिवेशहरू वास्तविक जीवनभन्दा भिन्न छैन जस्तो अनुभूति हुन्छ । देश कालअनुसार पात्रहरूको चरित्र चित्रण, भेषभूषा, मानसिकताको प्रस्तुतीकरण भएको देखिन्छ । देश, काल र वातावरणको संयोजनको दृष्टिले भालु नाच सरलै नै देखिन्छ ।

सारमा वस्तुको घटना एवं पात्रसँग सम्बन्धित देश, काल, वातावरण नै यस नाचको परिवेश हो । कालगत दृष्टिले समयको अवधि निर्धारण गर्न नसके पनि तत्कालीन समाजको चित्रण नाचमा पाइन्छ । तत्कालीन नेपाली समाजको चित्रण गाईजात्रा परिवेश र कार्यान्वितिका दृष्टिले नाच सुगठित देखिन्छ । त्यसबेला भालुपालक होला नहोला, भालु समाप्त सकिएला कि नसकिएला, भालुले खाएको बालीको क्षतिपूर्ति लेला या नलेला, भालु मारेपछि खुसियालीमा नाचगान गर्ला कि नगर्ला भन्ने खुल्दुली हुन सकिन्छ । तर, घटना नघटिकन, परिवेश नभइकन भालु नाच कसरी देखाइन्छ ? यो अर्को यथार्थ पनि हो ।

### भाषा शैली

पात्रहरूले गर्ने कुराकानी र बोलाइको तरिका नै भाषा शैली हो । नाट्य विधामा पद्यात्मक क्लिष्ट शैलीभन्दा सरल, जनबोलीको भाषा नै उपयुक्त मानिन्छ । बोल्ने भाषा सामान्य र सरल हुँदा सर्वसाधारण जनताले बुझ्नेछन् । यस नाचमा बोलचालको भाषा छ । पात्रको स्तर अनुसार भाषाको प्रयोग भएको देखिन्छ । प्रश्नोत्तरात्मक संवाद शैली छ । भाषाले नाट्यविधालाई सरल, सरस र सुवोधगम्य बनाएको छ । पात्रहरूले बोल्ने भाषामा बौद्धिकताको पनि प्रयोग भएको छ । अङ्क विभाजन नभएकोले दृश्यहरू प्रायः छोटा छन् । नाचमा आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेको देखिन्छ ।

नाचमा उच्च आदरार्थीको शब्दको प्रयोग देखिँदैन । सामान्य आदरार्थीको शब्दहरू प्रयोग भएको देखिन्छ । बोलचालको भाषा गद्य भए पनि संवादको बीच-बीचमा उखान र टुक्काहरू प्रयोग गरिएका छन् । तत्सम, तद्भव र आगन्तुक शब्दहरू प्रयोग भएका छन् । नाचको भाषा शैली बोधगम्य छ । कतै उपदेश दिएको, कतै व्यङ्ग्य गरेको कतै नीच व्यवहार गरेको, कतै ठट्टा गर्दै मनोरञ्जन गरेका भाव या अभिव्यक्ति नाचमा पाइन्छ । दैनिक बोलचालको भाषा भएको हुँदा लोकोक्तिमूलक भाषा प्रयोग स्वाभाविक हो । अनुकरणात्मक शब्दको प्रयोगले भाषामा मिठासता दिएको छ । वाक्य गठनको दृष्टिले भाषामा सरल, संयुक्त र मिश्र वाक्य प्रयोग गरिएको छ । सारमा भाषा शैली सरल, सुबोध र रोचक नै मान्नुपर्छ ।

लामा, सिपाही र कृषकको भाषा शैली भिन्न हुनु स्वाभाविक हो । शैलीमा कृतिमताको गन्ध पाइँदैन ।

### द्वन्द्व

नाट्य विधाको प्रमुख तत्त्व द्वन्द्व पनि हो । द्वन्द्व आन्तरिक र बाह्य हुन्छ । भालु नाच द्वन्द्वप्रधान छ । तर द्वन्द्व नाचको बीचमा हुन्छ । सुरुदेखि अन्त्यसम्म द्वन्द्व देखाइएको छैन । भालुनाचमा आन्तरिक होइन बाह्य द्वन्द्व देखाइएको छ । किसानको बाली क्षति गर्ने भालु मालिक या लामासँगको द्वन्द्व छ । सिपाही, प्रजागण र लामाको द्वन्द्व बाली पीडित र पीडा दिने बीचको छ । बाली क्षति गर्दा र भालु मार्दाको द्वन्द्व स्वाभाविक हो । नाचमा व्यक्तिगत निर्णय क्षमता प्रवल देखाइएको छ । नाचमा द्वन्द्व नभएको भए भालु मालिकसँग पीडित किसानले क्षतिपूर्ति पाउँदैनन् । तर नाचमा अन्तरद्वन्द्वलाई चरमोत्कर्षमा पुऱ्याएको देखिदैन । द्वन्द्वमा पीडित पक्षलाई जिताइएको छ । तर पनि हार्ने पक्षलाई निरास बनाएको देखिँदैन । द्वन्द्वमा वर्गसङ्घर्षको सानो झलक देखिन्छ । भालु नाचमा देखाइएको द्वन्द्व कुनै विकृति र विसङ्गतिविरुद्धको होइन, प्रेम प्रसङ्गको होइन न्याय र अन्यायबीचको द्वन्द्व हो । द्वन्द्वको माध्यमद्वारा पात्रको चारित्रिक निर्माण भएको देखिन्छ । नाचमा द्वन्द्वको पनि दृश्य भएकोले दर्शकको मन खिच्न सफल भएको देखिन्छ । द्वन्द्वकै

कारण भालु मर्छ । द्वन्द्वकै कारण बालीको क्षतिपूर्ति तिराइन्छ । द्वन्द्व गरेरै समस्या समाधान गरेको घटना भालु नाचले देखाएको छ । यो द्वन्द्वले दर्शक वर्गलाई जिज्ञासा जगाउने, उत्सुकता र कौतुहल बढाउने काममा टेवा पुऱ्याएको छ ।

## गीत, अभिनय र कौतूहल

नाट्यविधामा गीत पनि पाइन्छ । लोकनाटक गेयात्मक हुन्छ । नाटकमा गीतको प्रयोग वैकल्पिक मानिन्छ । गीत सुखान्त, दुःखान्त होस् या करुण या वीर रसको किन नहोस् यसले नाटकलाई, नाचलाई रोमाञ्चक बनाउँछ, मनलाई आनन्दित तुल्याउँछ । गीतले अतीतका घटनाको वर्णन, पात्रको चरित्रोद्घाटन, मनोदशा प्रदर्शनमा योगदान गर्छ । गीत मिठासपूर्ण, कर्णप्रिय भए पनि लय, बाद्यवादनको आवाजले बुझ्न समस्या भएको देखिन्छ । गीत प्रस्ट भएमा दर्शकले गीतको मर्म बुझ्न सजिलो हुन्छ । गीत, नृत्य, अभिनयका साथ प्रस्तुत गरिने हुनाले नाटकमा भालु नाचलाई प्रभावकारी बनाइएको छ ।

अभिनय नाटकको अर्को प्राण हो, गुण हो । नाटकमा अभिनय पक्ष प्रभावकारी हुनुपर्छ । कथाको विषयवस्तुअनुसार अभिनय भएन भने नुनबिनाको तरकारीझैं खल्लो हुन्छ । नाटकलाई रोचक, आकर्षक र मन तान्ने कला हो अभिनय । दर्शकलाई आकर्षण गर्ने, हँसाउने, मनोरञ्जन दिने काम अभिनयले गर्छ । यसकारण नाच या नाटकमा कुशल अभिनेताको खाँचो छ । नाट्य विधा आफैमा अभिनयात्मक हुन्छ । भार्वाचो र नगाँचाको नाचमा भालुको अभिनय अझ सुधार्नुपर्ने देखिन्छ । एक ठाउँको भालुको अभिनय ठिक्कै छ । सिपाही र लामाजुको अभिनय ठिक्कै हो । कहिलेकाहीँ अझ बढी अभिनय गर्न खोज्दा चिप्लिएको पनि देखिन्छ ।

भालु नाच आरम्भ भएपछि विशेषगरी द्वन्द्व र संवादको क्रममा कसले के भन्छ, द्वन्द्वमा कसको जीत हुन्छ भन्ने जिज्ञासा हुन्छ या कौतूहल हुन्छ । यसरी उत्सुकता सिर्जना हुनु नै कौतूहलता हो । बाली पीडितले बालीको क्षतिपूर्ति तिराउने प्रयासमा र उसलाई जवाफ दिने क्रममा दर्शकहरूमा कौतूहलता जाग्छ, दर्शकहरूको मन तान्छ । भालु नाचको त्यो अभिनयात्मक र संवादको दृश्य हेर्नलायकको छ, सुन्नलायकको छ । यस्ता कौतूहलता जगाउने काम लामा र सिपाहीको वातचितमा हुन्छ । दर्शकवर्गको ध्यानाकर्षण गर्नसक्नु नै नाट्यविधाको सफलता हो । भालु नाचमा कुकुर प्रवेश गर्दा थप कौतूहल हुन्छ । यसरी विभिन्न अवस्थामा जन्मिने कौतूहलले दर्शकलाई आकर्षित गर्छ, कथावस्तुमा रोचकता थप्छ ।

## नृत्य

नृत्य लोक नाटकमा नाट्यविधाको अर्को महत्त्वपूर्ण र आवश्यक तत्त्व हो । कथावस्तुलाई अझ प्रभावकारी बनाउन दर्शकको मन तान्न र आकर्षण बनाउन नृत्य आवश्यक छ । यसले दर्शनीय बनाउँछ । घटनालाई स्वाभाविक र यथार्थ बनाउने, प्रभावकारीरूपमा संप्रेषण गर्ने काम नृत्यले गर्छ । नृत्य भनेपछि गायनको भूमिका पनि हुन्छ । भालु नाचमा भालुको नाच हुन्छ । अन्य प्रजागणको पनि नाच हुन्छ ।

## उद्देश्य/जीवन दर्शन

जीवनजगतप्रति प्रस्तुत भएको धारणा वा विचार नै उद्देश्य हो । उद्देश्य भनेको नाट्य विधा या नाचबाट भावकमा पर्ने प्रभाव हो । नाच या नाटक हेरेपछि दिने सन्देश, शिक्षा, उपदेश नै उद्देश्य हो । अन्याय गर्नेलाई सजाय दिनुपर्छ, सजाय दिन सङ्घर्ष गर्नुपर्छ भन्ने आशय भालु नाचको रहेको छ । उहिलेको जीवन जगतको झल्को दिनु भालु नाचको उद्देश्य हो । ठूलाबडाले श्रमजीवी वर्गका जनतालाई अवहेलना गर्ने, बेवास्ता गर्ने कामको विरोध गर्नुपर्छ भन्ने सन्देश भालु नाचमा पाइन्छ । उच्च ओहोदाका मान्छेले पनि पदको उपयोग गर्नुपर्छ, आचरण छोड्नु हुँदैन या कर्तव्यपालना गर्नुपर्छ भन्ने अनुभूति भालु नाचमा रहेको छ । भालु पालक क्षतिपूर्ति तिर्न सहमतिमा आउनु यसको दृष्टान्त हो ।

भालु नाचको उद्देश्य आनन्द दिनु, मनोरञ्जन दिनु र शिक्षा दिनु हो । विगत घटना र जीवन जगत्को कुरा नयाँ पुस्तामाझ पुऱ्याउनु पनि यसको उद्देश्य हो । वैयक्तिक स्वार्थ, लोभ, ईर्ष्या, द्वेष, घृणा र दम्भका अभिव्यक्ति भएको भालु नाचमा आपसी झगडा, स्वार्थ, लोभ, त्याग्नुपर्छ, कर्म गर्नुपर्छ, आफ्नो पुर्ख्यौली पेशा अपनाउनु पर्छ भन्ने कुरा पनि पाइन्छ ।

## निष्कर्ष

भालु नाच नाटकीय कार्य व्यापारको दृष्टिले सामान्यतः सफल नै देखिन्छ । पात्रको उचित संयोजन भएको देखिन्छ । नाचमा सुरुदेखि अन्त्यसम्म भालुकै प्रसङ्गको चर्चा छ । द्वन्द्व प्रभावकारी छ । नाचमा उहिलेको जीवन जगत्को झल्को छ । आयामको दृष्टिले यो लघु आकारको भए पनि सन्देश छरेको छ । नाचमा अत्याचार गर्नेको उदाङ्गो भएको छ । पीडितको पक्षमा सिपाही र प्रजागण लागेको दृश्य छ । नाचका पात्रहरू अधिक सक्रिय देखिए पनि केही कमजोर खालका छन् । भालुको पोशाकको समस्या देखिएको छ । बाली क्षति गर्ने भालु पालकसँग सिपाहीले क्षतिपूति लिने कि पीडित किसानले लिने भन्ने प्रश्न एक थरीको नाचमा उठाइएको छ । दुई अलग वडाको भालु नाचको उद्देश्य एउटै भए पनि प्रस्तुति र अन्त्य फरक फरक ढङ्गको छ । अभिनयमा सुधार गर्नुपर्ने देखिन्छ । पुराना बोलीचालीलाई यथावत राखेर नवीन शैलीको प्रयोग आवश्यक देखिन्छ । नेवार समुदायका विभिन्न चाडपर्व, मेला, उत्सवमा लोकगीत, लोकनाटक, लोकगाथा प्रस्तुत भएको पाइन्छ । यी नाट्यविधामा यिनीहरूकै समाजभित्रको जनजविन, जीवनशैली संस्कृतिको झलक पाइन्छ । न्यून अङ्क, केही दृश्य छन् । भालु नाचको उहिलेको जनबोली छाडेर सबै नयाँ बनाइए भालुनाचको सन्दर्भ नमिल्न सक्छ । भालु नाचका सबै कलाकार, सहयोगी नाचप्रेमी, नृत्यप्रेमी, वाद्यवादनप्रेमीहरूमा नाचगानको संरक्षण र जीवन्ततामा ऊर्जा मिलोस् ।

**महान वैज्ञानिक**

# अल्फ्रेड बर्नहार्ड नोबेल



राजेन्द्रबहादुर कायष्ठ



विश्वमा समाजको लागि योगदान दिने विभिन्न व्यक्तिहरूलाई हौसला प्रदान गर्न र सम्मान गर्नको लागि पुरस्कारहरू दिने गरिन्छ। यसमध्ये विश्वमा चर्चित र सम्मानित पुरस्कार नोबेल पुरस्कार पनि हो। यसका संस्थापक स्वीडीस वैज्ञानिक अलफ्रेड बर्नहार्ड नोबेल हुन्। उनको जन्म सन् १८२२ अक्टोबर २१ मा स्वीडेनको नोरल्याण्डगेटन शहरमा भएको थियो। उक्त समय शहरमा महामारी रोग फैलिएर अधिकांश जनताको अवस्था दयनीय थियो। उक्त शहरको एउटा गल्लीको एउटा झोपडीमा नोबेलको जन्म भएको थियो। उनको जन्म भएको समयमा घरको आर्थिक अवस्था एकदम नाजुक थियो। बाबु Immanuel Nobel र आमा Caroline Nobel का आठवटा सन्तानहरू मध्ये अल्फ्रेड चौथो सन्तान थिए। आठजना सन्तानहरूमा चारजनाको बाल्यकालमा मृत्यु भएको थियो।

नोबेलको जन्म हुँदा घरको आर्थिक अवस्था कमजोर भएकोले कमाउन भनी उनका बुबा रसिया गए। त्यहाँ उनले विभिन्न उपकरणहरू बेच्ने पसल राखे। नोबेलको बाल्यकाल स्वीडेनमा नै बितेको थियो। उनकी आमाले स्वीडेनमा किराना पसल चलाएर परिवारको जीविकोपार्जन गर्थिन्।

नोबेल ९ वर्षको हुँदा उनको परिवार स्वीडेन छाडेर उनको बुबासँग रसियामा बस्न गए। स्वीडेनको भन्दा रसियाको वातावरण नोबेलको लागि धेरै रुचिकर र आनन्ददायी लाग्यो। उनी बुबाको व्यवसायतिर आकर्षित भए। उनका बुबा बारुद बनाउने गर्दथे र उनी यसलाई बढी ध्यान दिई रमाइलो मानेर हेर्दथे। एकदिन बुबाले उनलाई घुमाउन लैजाँदा बाटोमा एउटा विद्यालय नजिक पुग्दा नोबेलले बुबालाई मलाई विद्यालय भर्ना गर्न लागेको हो भनी सोधे। नोबेलको पढाइप्रति रुचि देखेर उनलाई विद्यालयमा भर्ना गरिदिए। उनलाई पढाइमा रसायन विज्ञानमा बढी रुचि लाग्दथ्यो। उनलाई विभिन्न भाषाहरू सिक्न पनि औधी रुचि थियो। उनी १७ वर्षको हुँदा स्वीडीस, जर्मनी, फ्रेन्च, अङ्ग्रेजी र रुसी गरी पाँच भाषाहरू बोल्न सक्दथे। यही भाषा ज्ञानको आधारमा उनी विभिन्न ठाउँको भ्रमण गर्ने भनेर निस्किए। उनले २ वर्षमा इटाली, फ्रान्स, जर्मनी, स्वीडेन र उत्तर अमेरिकाको भ्रमण गरे। यो भ्रमण उनको जीवनको लागि धेरै फाइदाजनक भयो। सन् १८५० मा नोबेलले रुस छोडे र पेरिसको एउटा प्रयोगशालामा एक वर्ष जति काम गरे। केही समयपछि उनी अमेरिका गए र त्यहाँ युद्धपोत विशेषज्ञ John Ericsson को निर्देशनमा ४ वर्ष काम गरे।



नोबेल युवावस्थामा

रसायन विज्ञानमा बढी चासो राख्ने अल्फ्रेडले अध्ययनको क्रममा नाइट्रोग्लीसिरिन भन्ने रासायनिक पदार्थको बारेमा थाहा पाए जुन वस्तु विस्फोटनको लागि प्रयोग गरिन्थ्यो। एकदिन उनले नाइट्रोग्लीसिरिनलाई एउटा सानो टेष्टट्युबमा राखेर कर्कले मुख बन्द गरे र अर्को भाँडोमा बारुदको धूलो राखेर त्यसभित्र नाइट्रोग्लीसिरिन भएको टेष्टट्युब राखे। त्यसपछि उक्त भाँडोलाई आगोको झिल्कासहित एउटा खाल्डोमा फालिदिए। त्यो शक्तिशाली रूपले पड्कियो। जस्ले गर्दा छिमेकीहरू डराएर बाहिर निस्के र नोबेललाई गाली गरे। तर नोबेल विस्फोटक पदार्थ पड्काउने र यसको अध्ययनमा लाग्न छोडेनन्।

सन् १८६२ मा आफन्त र साथीहरूसँग ऋण लिएर उनले विष्फोटक पदार्थ नाइट्रोग्लीसिरिन उत्पादन गर्ने सानो कारखाना स्थापना गरे। कारखानाबाट प्राप्त आम्दानीबाट उनले अमेरिका र बेलायतमा पनि नयाँ कारखानाहरू स्थापना गर्न सफल भए। यस कामबाट नोबेलले राम्रो आम्दानी गर्न सके। सन् १८६४ मा उनको कारखानामा रहेको विस्फोटक पदार्थहरू पड्केर उनको भाइ Emil Nobel लगायत कारखानामा कार्यरत १४ जना मजदुरहरूको मृत्यु भयो। यसबाट नोबेल विस्फोटक पदार्थहरूलाई कसरी सुरक्षित रूपमा उत्पादन र भण्डारण गर्नुपर्छ भन्ने उपायहरू अध्ययनमा सोच्न थाले। सन् १८६५ मा उनले नाइट्रोग्लीसिरिन भन्दा सुरक्षित विस्फोटक पदार्थ blasting cap बनाउन सफल भए। धेरै लामो अध्ययन पछि नोबेलले सन् १८६७ मा सुरक्षित धूलो र डाइनामाइट आविष्कार गर्न सफल भए। डाइनामाइट नाम उनले ग्रीक शब्द dynamis बाट राखेका थिए। ग्रीक भाषामा यसको अर्थ Power भन्ने बुझिन्छ। डाइनामाइटको आविष्कारले उनको चर्चा विश्वभरि भयो। डाइनामाइट आविष्कारको सर्वाधिकार दर्ता उनले बेलायतमा सन् १८६७ र अमेरिकामा सन् १८६८ मा गरे। डाइनामाइटको प्रयोग सुरुङ्ग बनाउन, बाटो बनाउन, रेलमार्ग बनाउन आदिमा अत्यधिक प्रयोग हुनथाल्यो। सन् १८६० देखि सन् १८७० सम्ममा उनले युरोपका विभिन्न देशहरूमा डाइनामाइटलगायत विभिन्न विस्फोटक पदार्थहरू उत्पादन गर्ने कारखानहरू खोले। उनले यसको व्यापारको लागि बहुराष्ट्रिय संयन्त्र पनि बनाए र विस्फोटक पदार्थहरूको परिमार्जनको लागि निरन्तर लागिरहे। सन् १८७५ मा उनले डाइनामाइटको परिमार्जित र शक्तिशाली अर्को रूपमा blasting gelatin बनाउन सफल भए। नोबेलको रुचि विस्फोटक पदार्थमा भएता पनि उनले कृत्रिम रेशम र छालालगायत विभिन्न ३५० वस्तुहरू आविष्कार गरेर विभिन्न देशहरूमा आफ्नो नाममा सर्वाधिकार दर्ता गराएका थिए।



नोबेल प्रयोगशालामा

उनले जीवनभर विवाह गरेनन्। तर उनका केही एकदम मिल्ने महिलाहरूचाहिँ थिए। उनले जीवनमा तीनजना महिलाहरूसँग प्रेम गरे पनि सबैसित असफल भयो। उनी आफ्नो अध्ययन र अनुसन्धानमा निरन्तर लागिरहने गर्दथे। उनको खाने, बस्ने र सुत्ने कुनै ठेगान हुँदैनथ्यो। उनी आफनो कामलाई नै बढि महत्त्व दिने गर्दथे। कहिलेकाहिं त उनी काममा व्यस्त हुँदा कारखानामा नै सुत्ने गर्दथे। उनको काम प्रतिको मिहिनेत र लगनशीलताले गर्दा आर्थिक प्रगति दिनप्रतिदिन बढ्दै गएको थियो। पछि उनले इटालीमा रहेको प्रसिद्ध हतियार उत्पादन कम्पनी बोफोर्स पनि किने। यसरी उनले उद्योगधन्दाको विस्तार इटालीमा पनि गरे। उनका भाइहरू Ludvig र Robert ले सोही समयमा बाकु नजिकै (हाल अजरबैजानमा) मा तेल सम्वन्धी व्यवसाय गरेर प्रशस्त आर्थिक आर्जन गरेका थिए। एकपटक राजा ओस्कार द्वितीयले बोफोर्स कम्पनीको भ्रमणमा आउँदा नोबेल पनि स्वागतका लागि गएका थिए। भ्रमणका क्रममा राजाले स्वागतका लागि पठाएका बग्गीमा रहेको घोडाको प्रशंसा गरे। तर नोबेललाई यो चित्त बुझेन र राजालाई भने 'तपाईंले मेरो कम्पनीको बारेमा केही भन्नुभएन नि।' राजाले जवाफ दिए 'तपाइँ युद्धको बाटोमा हुनुहुन्छ। यसकारण तपाइँको हतियार कम्पनीको प्रशंसा नगरेको हो।' प्रत्युत्तरमा नोबेलले आफूले शान्तिको लागि आविष्कार गरेको बताए। तर नोबेललाई राजाको कुराले दिमागमा छोयो। त्यसपछि नोबेलले अन्य क्षेत्रमा पनि अध्ययन अनुसन्धान गर्न शुरु गरे।

नोबेलले आफनो अधिकांश समय विस्फोटक पदार्थको अध्ययन र आविष्कारमा बिताए। यसबाट प्रचुर मात्रामा धन पनि कमाए। उनले जिन्दगीभर विवाह गरेनन्। तर उनी फुर्सदमा साहित्यिक किताबहरू पढ्ने गर्दथे। यसबाहेक उनी नाटक, कविता र उपन्यासहरू पनि लेख्ने गर्दथे। यसमध्ये धेरै जस्तो कृति प्रकाशित गरेनन्। उनी नास्तिक र समाजवादी विचारधाराका थिए (Cobb, Cathy, and Harold Goldwhite) तर उनी प्रजातन्त्रप्रति त्यति विस्वास गर्दैनथे। उनी महिलाहरूलाई मतदान अधिकार दिन नहुने पक्षमा वकालत

गदर्थे। उनी कारखानाका मजदुरहरूको लागि दयालु, सहयोगी र मिलनसार मानिसको रूपमा चिनिन्थे। उनी आफूले आविष्कार गरेको विस्फोटक र विनाशक पदार्थले गर्दा देशहरूबीच युद्ध हुन दिँदैन भनी सोच्ने गर्दथे। उनी यसमा निक्कै आशावादी थिए। उनले विश्वभर खोलेका ९० वटा विस्फोटक र युद्ध सामग्री उत्पादन गर्ने कारखानाहरूबाट अथाह सम्पत्ति आर्जन गरे।

उनले सन् १८९५ नोवेम्वर ७ मा पेरिसमा बसेर आफ्नो इच्छापत्र बनाएका थिए। उनी एक महान् वैज्ञानिकमात्र नभएर एक उदार हृदय भएका व्यक्ति थिए। उनी पेशाले रसायनशास्त्री, इन्जिनियर, आविष्कारक र व्यापारी थिए। उनको मृत्यु सन् १८९६ डिसेम्बर १० मा इटालीको सानरेमो शहरमा भएको थियो।

उनको मृत्युपछि उनले लेखेको इच्छापत्र खोलेर हेर्दा नातेदार, साथीभाइ र सर्वसाधारण सबै आर्श्चय हुने गरी आफ्नो सम्पत्ति नोबेल पुरस्कारको लागि एउटा अक्षय कोषमा


L'Idiotie Quotadine

Sunday, April 13, 1888

The Merchant of Death is Dead!

Dr. Alfred Nobel, who made a fortune by finding ways to kill more people faster than ever before, died yesterday.

अल्फ्रेडको निधनको सामाचारको एक शीर्षक- 'मृत्यका व्यापारीको निधन'

जम्मा गरेको थाहा भयो। उनले आफ्नो जीवनभर कमाएको अथाह सम्पत्तिको ९४ प्रतिशत स्वीडेनको बैंकमा जम्मा गरी एउटा ठूलो रकमको अक्षय कोष स्थापना गरी प्रत्येक वर्षको डिसेम्बर १० मा स्वीडेनको राजधानी स्टकहोममा नोबेल पुरस्कार वितरण गरिँदै आएको छ। हाल यस कोषमा लगभग २५ करोड डलर रहेको छ। यस रकमबाट उनको इच्छाअनुसार भौतिक विज्ञान, रसायन विज्ञान, चिकित्साशास्त्र, साहित्य, शान्तिका लागि गरी पाँच विधामा नोबेल पुरस्कार प्रदान गरिन्छ। पछि अर्थशास्त्रमा समेत पुरस्कार दिने गरियो। यी पुरस्कारहरू मध्ये नोबेल शान्ति पुरस्कार एउटा नर्वेको राजधानी ओस्लोमा प्रदान गरिन्छ। यो पुरस्कार विश्वका जुनसुकै देशका नागरिकले प्राप्त गर्न सक्ने व्यवस्था गरेका थिए। यसबाट उनी विश्वका सबै मानिसहरूलाई समान दृष्टिकोणले हेर्ने गर्दथे भनी भन्न सकिन्छ। उनले एकपटक भनेका थिए 'मैले कहिल्यै पनि मेरो पेटका निम्ति ध्यान दिइनँ, त्योभन्दा मेरो जीवनपछि पाउने कीर्ति र गौरवका निम्ति ध्यान दिएँ।' नोबेल पुरस्कार पाउनु भनेको विश्वबाट नै सम्मानित हुनु हो।

हालसम्म सबैभन्दा कम उमेरमा (१७ वर्ष) नोबेल शान्ति पुरस्कार पाउने पाकिस्तानी युसुफजाइ मलाला हुन्। उनलाई सन् २०१४ मा भारतीय कैलाश सत्यार्थीका साथ संयुक्त शान्ति पुरस्कार दिइएको थियो।




युसुफजाइ मलाला

तर छनौटमा परेका पुरस्कृत हुने व्यक्तिहरूबारे बरोबर विवाद हुने गरेको छ। यो पुरस्कार विजेताले नगद अमेरिकी डलर ११,४५,०००, सुनको तक्मा र उपाधीपत्रबाट विभूषित हुने गर्दछ।




नोबेल पुरस्कारमा दिइने तक्मा

यसरी महान् वैज्ञानिक र विश्वका चम्किलो नक्षत्र अल्फ्रेड बनहार्ड नोबेलको ६३ वर्षमा संसारबाट विदा भए।

**सन्दर्भ सामग्रीहरू :**

१. युवामञ्च २. विश्वका प्रसिद्ध वैज्ञानिकहरू ३. विज्ञान प्रगति

तस्बिर:इन्टरनेट

# प्राङ्गारिक र रासायनिक मल



सबिन ख्याजू

**पृष्ठभूमि**

देश अहिले मलको अभावमा छटपटाइरहेको छ। धान रोप्ने बेला मल छैन, गहुँ छर्ने बेला मल छैन, आलु रोप्ने बेला मल छैन। नेपाललाई कृषिप्रधान देशको रूपमा चिनिन्छ तर यो शब्द आफैमा लाजको विषय बनेको छ। किनकि, नेपालले मल उत्पादन गर्न सकेको छैन वा गर्न चाहेको छैन। हरेक सालझैँ विदेशको मुख ताक्नुपर्ने स्थिति छ। सरकारमा गएका वा सरकारको नेतृत्व गरेका कुनै पनि राजनैतिक दलले मल कारखाना स्थापना गर्ने र मलमा आत्मनिर्भर बन्ने लक्ष्य राखेनन्। किसानको समस्यालाई प्राथमिकतामा राखेनन्। अझ, मलको हाहाकार हुने बेला सरकारका मन्त्रीहरू मल खरिदमा कमिशन मिलाउनमा निकै व्यस्त हुने गरेको समाचारहरू नआएका होइनन्। समस्याको चुरोबारे जनता अझै सचेत नभएको देखिन्छ, अन्यथा ठूलठूला आन्दोलन भइसक्थे होला। यस लेखमा प्राङ्गारिक र रासायनिक मलबारे छलफल गरिएको छ।



बिरुवामा मल हाल्दै

बालीको लागि आवश्यक पर्ने १६ वटा खाद्यतत्त्व छन्- कार्बन, हाइड्रोजन, अक्सिजन, नाइट्रोजन, फस्फरस, पोटासियम, क्याल्सियम, म्याग्नेसियम, सल्फर, जिंक, मोलिब्डेनम, फलाम, कपर, म्यान्गानिज, बोरन र क्लोरिन। यीमध्ये शुरुको तीन ओटा हावा र पानीबाट उपलब्ध हुन्छन्। यीबाहेकका तत्त्वहरू विरुवालाई दिनुपर्ने हुन्छ। खाद्यतत्त्वहरू दुई स्रोतबाट उपलब्ध हुन्छन्: प्राङ्गारिक र रासायनिक। प्राङ्गारिक मलमा कम्पोष्ट मल, गड्यौला मल, गोठे मल, हरियो मल, आदि पर्दछन्। रासायनिक मलमा युरिया, डिएपी, म्युरेट अफ पोटास, एसएसपी, डिएसपी, टिएसपी, एमोनियम सल्फेट आदि पर्दछन्।

**प्राङ्गारिक र रासायनिक मलबीच भिन्नता**

- प्राङ्गारिक पदार्थले माटोलाई जीवन्त बनाउँछ। प्राङ्गारिक पदार्थ आवश्यकताभन्दा कम हुँदा रासायनिक मलले राम्रो काम गर्न सकेको हुँदैन। प्राङ्गारिक पदार्थको उपलब्धताले माटोमा जैविक गतिविधिहरू बढ्ने र माटोको सूक्ष्म पर्यावरणीय चक्र सक्रिय भइरहन्छ।
- प्राङ्गारिक मलमा धेरै खाद्य तत्त्वहरू पाइन्छ। रासायनिक मलमा एक वा दुई वा तीन खाद्य तत्त्वहरू मात्र पाइन्छ। युरिया (४६:०:०), एमोनियम सल्फेट (२१:०:०:२४), डिएपी (१८:४६:०), एमओपी (०:०:६०), कम्प्लेक्सल (२०:२०:०), कम्प्लिट (१९:१९:१०), एसएसपी (०:१६:०), डिएसपी (०:३२:०), टिएसपी (०:४८:०)। रासायनिक मलहरूमा सूक्ष्म खाद्य तत्त्वहरू समावेश गरिएको हुँदैन।
- प्राङ्गारिक मल प्रयोग गर्दा खाद्य तत्त्व बिस्तारै मात्र पग्लिने र माटोमा मिसिन्छ। रासायनिक मल प्रयोग गर्दा खाद्य तत्त्व छिटो पग्लिने र माटोमा मिसिन्छ। प्राङ्गारिक वस्तु सूक्ष्म जीवाणुको सहायताले टुक्रिने र अन्तत खाद्य तत्त्वमा परिणत हुन्छन्।
- प्राङ्गारिक मलको प्रयोगले माटोलाई स्वस्थ बनाउने कार्य गर्दछ। रासायनिक मलले माटोमा अम्लियपनाको समस्या उत्पन्न हुन्छ। जस्तैः युरियामा भएको ४६ प्रतिशत नाइट्रोजनबाहेक ५४ प्रतिशत अन्य वस्तु हुन्छन्। यसैले माटोमा अम्लियपना गराउने कार्य गर्दछ।
- प्राङ्गारिक मल सस्तो र घरेलु तरिकाबाट तयार पार्न सकिन्छ। गुणस्तरीय उत्पादनको लागि प्रशोधन, परीक्षणलगायतका कार्यहरू गर्नुपर्ने हुन्छ। रासायनिक मल तयारीको लागि ठूलो लगानी र कारखानाको जरुरत हुन्छ।
- प्राङ्गारिक वस्तुमा खाद्य तत्त्वको मात्रा न्यून हुन्छ। जस्तै गाईको मलको खाद्य तत्त्वको मात्रा ३:२:१ हुन्छ। यसकारण पनि यसको मात्रा अधिक हुँदा बालीमा नकारात्मक असर कम पर्दछ। धान, गहुँ, मकै, कोदोमा ६ मेट्रिक टन प्रति हेक्टर, उखुमा १० मेट्रिक टन प्रति हेक्टर, आलुमा ३० मेट्रिक टन प्रति हेक्टर आवश्यक पर्दछ।
- प्राङ्गारिक वस्तुको प्रयोग हुँदा माटोको पानी सोस्ने क्षमता बढ्छ। रासायनिक मलले चिस्यान क्षय गर्ने कार्य गर्दछ।
- रासायनिक मलको साथै कीटनाशक र रोगनाशक रसायन (विषादी)हरूको प्रयोग हुँदा वरपरको पानी, माटोको सूक्ष्म जीवाणु, मित्र कीराहरू आदिको नाश हुन जान्छ। प्राङ्गारिक वस्तुको प्रयोगमा यो समस्या रहन्न।

कृषि बालीमा प्राङ्गारिक र रासायनिक दुवै मलको प्रयोग आवश्यक हुन्छ। बाली सघनता, वर्णशंकर जातको प्रयोग, प्राङ्गारिक मलको उपलब्धता कम हुनु आदिका कारण रासायनिक मलको माग र प्रयोगमा वृद्धि भएको हो।

## आवश्यक मलको व्यवस्थापन

प्राङ्गारिक मलको व्यवस्थित उत्पादन गर्नु जरुरी छ । गड्यौला मल, गोठे मल, आदिको आवश्यक प्रशोधन गर्ने, प्याकेजिङ गर्ने, भण्डारण गर्ने र बजारीकरण गर्ने उचित कार्य गर्नु राम्रो हुन्छ । सरकार र सम्बन्धित निकायले सीप प्रदान गर्ने, तालिम उपलब्ध गराउने, पूँजी उपलब्ध गराउनेलगायतका कार्य गरेमा यसको उत्पादन गर्न इच्छुक व्यक्ति अगाडि आउनेछ । प्राङ्गारिक खेतीको लागि क्यूवा देश निकै अगाडि छ ।

रासायनिक मलको मागअनुसार देशले मल कारखाना स्थापना गर्नु आवश्यक छ । मलमा आत्मनिर्भर बन्ने, अझ सके विदेश निर्यात गर्ने थुप्रो विकल्पहरू नभएका होइनन् । नेपाल सरकारले हरेक वर्ष विदेशबाट मल आयात गर्ने गरेको छ । त्यो पनि अपुग र ढीलो । यो लाजमर्दो विषय हो । मल आवश्यक पर्ने महिना त सरकारलाई थाहा नै हुन्छ । तर बन्दोवस्त गर्न नसक्नुको अर्थ सरकार किसान र देशको अर्थतन्त्रप्रति गम्भीर नभएको अर्थ दिन्छ ।

## अनुसन्धानमा लगानी बढाउनु आवश्यक



रासायनिक मल कारखाना

कृषिको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने नारा व्यवहारमा लागू हुन सकेन । यसको परिणाम विकसित देशहरूको तुलनामा नेपालका हरेक कृषि वस्तुको उत्पादन र उत्पादकत्व निकै पछाडि परेको छ । अनुसन्धान र विकासले समस्या समाधानको ठाउँ ओगट्न सकेको देखिएन । सन् २०१० मा कुल ग्राहस्थ उत्पादनको ०.३ प्रतिशतमात्र अनुसन्धानमा सरकारले लगानी गरेको थियो र यो देखिने गरी बढ्न सकेको छैन । विज्ञान र प्रविधिको अनुसन्धानमा बजेट बढाउनु आवश्यक छ । नेपालमा भएका प्राविधिक जनशक्तिको परिचालन गर्न सकेको भए विदेशिनु पर्दैनथ्यो । विज्ञान र प्रविधिमा अगाडि नबढेसम्म देशले प्रगति गर्न सकेको देखिन्न । हाल सञ्चालित अनुसन्धान केन्द्रहरूलाई सबलीकरण गर्ने र आवश्यकताअनुसार नयाँ अनुसन्धान केन्द्रहरू स्थापनामा जोड दिनु राम्रो हुन्छ ।

## कालो बजारी नियन्त्रण गर्नु आवश्यक

बजारको सामान्य नियमअनुसार जब बजारमा सामानको मात्रा मागभन्दा कम हुन्छ तब सामानको मूल्य बढ्छ । सामान थोरै भएको थाहा पाएपछि कालाबजारीयाले सामान लुकाउने गर्दछ र थप कृत्रिम अभाव सिर्जना हुन्छ । नेपालको बजारमा रासायनिक मलमा भइरहेको यही हुनुपर्दछ । सन् २०१६/१७ मा रासायनिक मलको माग ७,००,००० मे. टन मा ३,२४,९७७ मे. टनमात्र आपूर्ति भएको थियो । सरकार किसानप्रति संवेदनशील भएको भए मागको आंकलन अनुसार समयमै भण्डारणमा राख्नु पर्दथ्यो । यस्तो नगर्दा कालाबजारीयाहरूलाई सहज वातावरण तयार भएको छ । किसानले आफूलाई मलको अभावका कारण खेत बाँझो राख्न बाध्य भएको गुनासो गरेको पाइन्छ । **सरकार एकातिर मल उपलब्ध नगराउने अर्कोतिर खेत बाँझो राख्नेलाई सरकारको सुविधा नदिने धम्की दिन्छ ।** यसरी कृषि अर्थतन्त्र दलदलमा भासिएको अनुभूति सबैले गर्दैछन् । कालोबजारीको वातावरण सिर्जना गर्ने सरकारी र निजी दुवै पक्षको अनुसन्धान गरी कडाभन्दा कडा कारबाहीको दायरामा ल्याएमा मात्र किसानले न्याय पाउने छ ।

## मल प्रयोगबारे सचेतना

प्राङ्गारिक मल र रासायनिक मलको काम गर्ने तरिकाबारे किसानलाई सचेत बनाउनु आवश्यक छ । प्राङ्गारिक मलको प्रयोगलाई अनिवार्य गर्नुपर्ने देखिन्छ । बालीअनुसार खाद्य तत्त्व नपुगेमा मात्र रासायनिक मलको प्रयोगमा जानु राम्रो हुन्छ । रासायनिक मल चाँडै नै पग्लिने हुँदा प्रयोगमा विशेष ध्यान दिनु राम्रो हुन्छ । नाइट्रोजन हावामा उड्ने, पानीसँगै माटो मुनि चुहिने आदि हुने हुँदा नाइट्रोजनयुक्त मल जस्तै युरियालाई तीन पटक गरेर छर्नु प्रभावकारी हुन्छ । शुरुमा ५० प्रतिशत, एक महिना हाराहारीको फरकमा २५-२५ प्रतिशत टपड्रेसिङ गर्न सकिन्छ ।



प्राङ्गारिक मलको प्रयाग बढाउनु पर्ने

सबै बालीको खाद्य तत्त्वको आवश्यकता फरक हुन्छ । यसबारे किसानसँग जानकारी हुनुपर्दछ । रासायनिक मलको जथाभावी प्रयोगले वातारणमा नकारात्मक असर पुऱ्याउने, पानीको श्रोत प्रदूषित हुने, पर्यावरणमा बाधा पुग्नेलगायतका समस्याहरूबारे सचेतना कार्यक्रमहरू नियमित सञ्चालन गरिनु राम्रो हुन्छ ।

तस्बिर:लेखक

*(लेखक कृषिमा स्नात्तकोतर हुनुहुन्छ)*

# किम इल सङको संस्मरण

# शताब्दीका साथ

(भाग ९)



*(कामरेड किम इल सङको संस्मरण **'शताब्दीका साथ'** भाग ९ को पहिलो नेपाली अनुवाद यस अङ्कदेखि क्रमशः प्रकाशित गर्दैछौँ । भाग ८ सम्मको नेपाली अनुवाद प्रकाशित छन् । नीरजबाट अनुदित यस संस्मरणले कोरियाली स्वाधिनता र मुक्ति युद्धको इतिहासको समेत जानकारी हुने र पाठकहरूलाई शिक्षाप्रद हुने हाम्रो विश्वास छ -**'भक्तपुर'**)*

जापानविरोधी क्रान्तिताका साहित्य र कलाको प्रवर्द्धनको लागि उल्लेख्य ध्यान दिइएको थियो । त्यत्तिबेलाका अधिकांश साहित्यका मूलप्रति अहिले फेला परेका छन् । तिनलाई आधुनिक कलाको विधामा ढाल्ने काम पनि लगभग सकिसकेको छ । जापानविरोधी लडाइँको आगोको रापले खारिएका साहित्य र कला नै आज हाम्रो पार्टीको कला र साहित्यको परम्परा बनेको छ । हाम्रो साहित्य र कलाको इतिहासमा ती बहुमूल्य कृतिहरूले विशेष स्थान ओगटेको छ ।

मैले कोही समालोचकले जस्तै जापानविरोधी क्रान्तिकारी साहित्य र कलाका सिद्धान्तबारे चर्चा गर्न खोजेको होइन । जापानविरोधी लडाइँको समयमा साहित्य र कलाको समग्र तस्बिर बुझ्न आज सहज होस् भन्ने मनसायले म मनजियाङमा हाम्रो एकाइको सांस्कृतिक प्रस्तुतिको स्मरणमात्र गर्न खोज्दैछु ।

एउटा पूर्ण कलाको सिर्जना गर्न कुनै एउटा पर्खालले घेरिएको नगरमाथि हमला गर्नुभन्दा कम सजिलो नभएको र त्यसको निम्ति एउटा जटिल मानसिक प्रक्रिया छिचोल्नुपर्ने कुरामा म पूर्णतः सचेत छु । तर, कला र साहित्यका गतिविधि गर्न समय दिन हामी कति पनि पछि रहेनौं । यस्ता गतिविधिलाई मद्दत पुग्ने भए हामी जे गर्न पनि पछि हटेनौं ।




हाम्रो गुरिल्ला सेनामा एकजना कलाकार वा लेखकमात्र हुँदो हो त साहित्यिक रचना र सांस्कृतिक प्रस्तुति बनाउन मैले आफ्नो दिमाग धेरै खियाइरहनुपर्थेन । विडम्बना हाम्रो कुनै पनि एकाइमा एकजना पनि निपुण लेखक वा कलाकार थिएन ।

कोरियाली जनताको क्रान्तिकारी सेनाले गरेको लडाइँका नतिजा र त्यसको उच्च प्रतिष्ठाबाट प्रभावित भएर साहित्यिक क्षेत्रका केही मानिस भने सेनामा सामेल हुने प्रयास गरेका थिए ।

उनीहरू सेनामा सामेल भए कोरियाली जनताको क्रान्तिकारी सेनासँग आफ्ना गतिविधिको अभिलेख राख्ने जिम्मेवार कार्यकर्ता पाउने थियो । सेनाका प्रकाशनहरू छाप्न र सिपाहीबीच प्रभावकारी सूचना तथा उत्प्रेरणाको लागि साहित्यिक तथा सांस्कृतिक कृति बनाउन प्रतिभाशाली सम्पादक, लेखक र कलाकारहरूको राम्रो टोली तयार हुने थियो ।

तर, हामीसँग एकजना सिद्धहस्त

इतिहासकार पनि थिएन। त्यसकारण कुनै तालिम नलिएका कार्यकर्ताहरूबाट नै ऐतिहासिक अभिलेख राख्ने काम भयो। अभिलेख राख्ने यस्ता काम धेरै जसो रि तोङ बैक र रिम चुन चुले गर्ने गर्थे। उनीहरूले सकेसम्म धेरै सामग्रीको अभिलेख राख्ने प्रयास गर्थे। तर, इतिहासका धेरै खप्टिएका घटनाक्रममा तीमध्ये कति हराए कति जलेर नष्ट भए।

मुक्तिपछि हाम्रा अध्येताहरूले जापानविरोधी युद्धको इतिहासबारे अध्ययन गर्दा उनीहरूको हातमा खास कुनै लिखित अभिलेख थिएन। उनीहरूले अधिकांश अभिलेख जापानविरोधी क्रान्तिकारी सङ्घर्षमा भाग लिएका युद्धवीरहरूका संस्मरणका आधारमा तयार पारेका छन्। शत्रुका उपलब्ध दस्तावेजलाई नै उनीहरूले सन्दर्भ सामग्रीको रूपमा प्रयोग गर्नुपर्ने अवस्था बन्यो। तर, ती दस्तावेजका कतिपय कुरा बङ्ग्याइएको, अतिरञ्जनापूर्ण वा न्यूनाङ्कन गरिएका छन्। त्यसकारण हाम्रो व्यवस्थित र आधिकारिक इतिहास बनाउन सानोतिनो समस्या भोग्नुपरेको थिएन। त्यसमाथि सूचना क्षेत्रका जिम्मेवार पदमा बसेका प्रतिक्रान्तिकारी फुटपारुवाहरूले यो काममा अवरोध तेर्स्याए अथवा उनीहरू यो कामप्रति उति चासो राख्दैनथे। त्यसकारण जापानविरोधी लडाइँका ऐतिहासिक सामग्री सङ्कलन गर्ने काम पूर्णतामा सन् १९५०-दसकको उत्तरार्द्धमा मात्र सुरु भएको थियो।

त्यसकारण जापानविरोधी लडाइँको इतिहासबारे विभिन्न पुस्तकमा मिति र स्थानमा हुन सक्ने सामान्य अन्तरलाई यो असामान्य अवस्था हेरी बुझ्नु उपयुक्त हुन्छ।

जापानविरोधी लडाइँका योद्धाहरू इतिहास बनाउन लडेका थिए, आफ्नो नाम इतिहासमा लेख्न लडेका थिएनन्। पहाडी क्षेत्रमा हामी लड्दै गर्दा हामीले हरेक खालका प्रतिकूलता छिचोल्यौँ। त्यत्तिबेला भावी पुस्ताले हामीलाई सम्झनेछन् वा सम्झँदैनन् भन्ने कुराप्रति हामीले वास्ता नै गरेका थिएनौँ। यदि हामीले इतिहासमा आफ्नो नाम लेखाउन हतियार उठाएको भए हामीले यो महान् ऐतिहासिक सफलता हासिल गर्न सक्दैनथियौँ। जुन सफलतालाई आजको पुस्ताले जापानविरोधी लडाइँको इतिहास भनी जानेका छन्।

गुरिल्ला युद्ध लड्दै गर्दा हामीले ठाउँ ठाउँमा शत्रुको घेराबन्दी र हमला सामना गर्दै लगातार अघि बढिरहनुपर्थ्यो। त्यस्तो बेला गोप्य कागजको एक पाना पनि सुरक्षित राख्ने अवस्था हुँदैनथ्यो। सुरक्षालाई ध्यानमा राखेर हामीले शत्रु नियन्त्रित क्षेत्रबाट आएको सूचनाको सानो टुक्रो कागज पनि पढे लगत्तै नष्ट गर्थ्यौँ। ऐतिहासिक मूल्यका दस्तावेज र तस्बिरहरू हामी पोको पारेर कोमिन्टर्नमा पठाइहाल्थ्यौँ।

उदाहरणको लागि सन् १९३९ मा हामीले कोमिन्टर्नलाई दस्तावेजका केही पोकाहरू पठाएका थियौँ। तर, ती पोकाहरू हामीले पठाएको ठेगानामा कहिल्यै पुगेनन्। त्यत्तिबेला हराएका अधिकांश दस्तावेज भने जापानी साम्राज्यवादीका प्रहरी अभिलेख र प्रकाशनमा भेटिएका छन्। त्यस्ता दस्तावेज पुऱ्याउन हिँडेका हुलाकीलाई शत्रुले बाटोमा किन मारियो भन्नेमा कुनै सन्देह छैन। क्रान्तिको विजयपछि हामीले आफूसँगै घरमा केही कुरा ल्याएका थियौँ भने त्यो सङ्गठनका कुनै ऐतिहासिक अभिलेख वा दस्तावेज होइनन्, बरु स-साना गोजी पुस्तिकाहरू मात्र थिए। ती गोजी पुस्तिकाहरूमा क्रान्तिकारी गीत, केही कमरेडहरूका नाम र केही व्यक्तिगत जानकारी लेखिएका हुन्थे।

जापानविरोधी क्रान्तिको इतिहासको अध्ययनमा हाम्रा अध्येता साथीहरूलाई सम्बन्धित अभिलेखको अभावले निकै ठूलो अप्ठ्यारो सामना गर्नुपऱ्यो।

साम्राज्यवादका पिछलग्गु, तल्लो स्तरका लेखक, पूँजीपति वर्गको दानापानीमा चलिरहेका बुद्धिजीवीहरू हाम्रो क्रान्तिको विशिष्ट अवस्था र जटिलता नबुझी सम्भव सबै उपाय लगाएर एकाध दस्तावेज र कागजपत्रका तथ्य र सूचनाको आधारमा जापानविरोधी क्रान्तिको इतिहासलाई होचो बनाउने प्रयास गर्छन्। जापानविरोधी क्रान्तिको इतिहास कोरियाका छोरा-छोरीको जीवन र रगतको मूल्यमा बनेको इतिहास हो। कोरिया ती छोराछोरी आफ्नो मातृभूमि र क्रान्तिकारी लक्ष्यप्रति अविचल निष्ठावान थिए।

हाम्रो विचार र सामाजिक बन्दोबस्त अस्वीकार गर्ने मानिसहरूले हाम्रो पार्टीको क्रान्तिकारी इतिहासलाई होचो बनाउन सबै प्रकारका हत्कण्डा प्रयोग गर्नु कुनै आश्चर्यको कुरा होइन। इतिहासलाई कुनै रङले पोत्न सकिन्न। आगोले जलाउन सक्दैन र कुनै तरबारले टुक्रा टुक्रा बनाउन सक्दैन। उनीहरूले जेसुकै भने पनि हाम्रो इतिहास जे छ, त्यही रहन्छ।

मेरो विचारमा दोङगाङको बैठकलगत्तै हामीले **'रगतको समुद्र'** (द सी अफ ब्लड) बारे छलफल गरेका थियौँ। अनि हामीले त्यसको संवाद लेख्ने काम सुरु गऱ्यौँ। मैले भन्नै पर्छ, यो नाटक बनाउन हामीलाई मूलतः **'जियानदाओमा 'निर्मम' कारबाहीको गीत'** (ऐतिहासिक घटना) बाट प्रेरणा प्राप्त भएको थियो।

मैले यो ऐतिहासिक घटनाबारे चर्चित गीत मैले सानैमा बुबाबाट सुनेको थिएँ। बुवाले मलाई र मेरा साथीहरूलाई जियादनदाओको 'निर्मम' कारबाहीबारे सुनाउनुहुन्थ्यो। अन्टुमा सङ्गठित गुरिल्ला सेना लिएर म पूर्वी मञ्चुरिया पुग्दा जापानी सेना र प्रहरीका निर्मम कारबाहीबाट त्यहाँका जनताले अवर्णनीय वियोग भोग्नुपरेको

थाहा पाएँ। जियानदाओ वास्तवमा रगतको समुद्र बनेको थियो। दर्जनौँ र सयौँ मानिसहरूलाई एकै दिनमा तरबारले हत्या गरिएको थियो। जापानीहरूको निर्मम कारबाहीमा बन्दुकको संगीनले सयौँ कोरियाली जनताको हत्या गरेका थिए।

**'रगतको समुद्र'** हेर्दा म जहिले पनि 'जियानदाओमा निर्मम कारबाहीको गीत' सम्झन्छु। जब जब म त्यो घटनाबारे सम्झन्छु, हाम्रो राष्ट्रको पीडाले मेरा रौँ ठाडा ठाडा हुन्छन्। जापानीहरूको त्यस्तो दमनपछि पनि जियानदाओका बहुमत मानिसहरू अझै पनि साहसका साथ राइफल र मुङ्ग्रा बोकेर प्रतिरोधमा लागिरहे। आफ्नो वियोगपूर्ण भाग्यसामु उनीहरू झुकेनन्। यस्ता सबै प्रतिरोधमा महिलाहरू पनि सहभागी थिए जो कन्फुसियसले उपदेश दिएका तीन बाधा, पाँच नैतिक नियम र तीन आज्ञाकारिताका सिद्धान्तले बाँधिएका थिए। उनीहरूका काखमा मुखमा माड पार्न स–साना नानीहरू पनि थिए। उनीहरू देखेर म निकै भावुक भएँ।

घरका बन्देजहरू सबै लत्याएर समाज परिवर्तनको आन्दोलनमा होमिन तयार हुने महिलाको क्षमता हुनु भनेको क्रान्ति हो। क्रान्तिका नायक र नायिकाहरूप्रति म सीमाहीन सम्मान र प्रेम महसुस गर्छु। आफ्नो शहादत प्राप्त क्रान्तिकारी पति र बुवाको पदचिन्हमा हिँड्दै गरेका महिला र केटाकेटीप्रति मैले सहयोग र सद्भाव व्यक्त गरेको हुनाले उनीहरूका चित्र मेरो दिमागमा अमिट छन्।

म त्यस्ता महिलाको चरित्रमा आधारित कुनै सांस्कृतिक प्रस्तुत बनाउन चाहन्थेँ।

फुसोङमा हाम्रो बसाइ धेरै दिन लम्बियो। त्यत्तिबेला जनतालाई शिक्षित बनाउन हामीले धेरै ठाउँमा सांस्कृतिक कार्यक्रम गऱ्यौँ। जुनसुकै लडाइँ सकेपछि हामी त्यो ठाउँका जनता जम्मा गरेर सम्भव भए सांस्कृतिक कार्यक्रम आयोजना गर्थ्यौं। परिस्थितिले साथ नदिए सांस्कृतिक कार्यक्रमको सट्टा हामी भाषण दिन्थ्यौँ। अनि मात्र टोली अन्यत्र अघि बढ्थ्यो। क्रान्तिकारी सेनाका एकजना सिपाहीले देखाएको सांस्कृतिक प्रस्तुति हेरेर जनताले खुब ताली बजाएका थिए। एकपटक लडाइँ सकेपछि मेरा कमरेडहरूले **'जियानदाओमा निर्मम कारबाहीको गीत'** गाएका थिए। सबै दर्शक, महिला, पुरुष, युवा र ज्येष्ठ नागरिक सबैले जापानी साम्राज्यवादलाई सरापे र भावविह्वल भएर जापानसँग लड्ने संकल्प गरे। त्यो गीतले सबै मानिसलाई भावविह्वल होला भनी मैले सोचेको पनि थिइनँ। त्यसपछि मैले एउटा नाटक बनाएर जनतालाई अझ बढी शिक्षित बनाउने चाहनालाई रोक्न सकिनँ। तर, कामको चापले मलाई यो चाहना पूरा गर्न दिइरहेको थिएन।

दोङगाङको बैठक सकिएपछि रि तोङ बैकले अनपेक्षित रूपमा मेरो मनमा फेरि यो सुषुप्त चाहनालाई पुनः जगाइदिए। उनले एउटा गाउँबाट हालसालै प्रकाशित एउटा साहित्यिक पत्रिका ल्याएर मलाई देखाए। त्यो पत्रिकामा एउटा कथा थियो। त्यो कथामा सामाजिक आन्दोलनमा लागेवापत कारागारमा कैद एकजना व्यक्तिकी श्रीमतीले उनीहरूको बच्चा अरू कसैको जिम्मामा छोडेर अर्को पुरुषसँग पोइलो जान्छिन्। मैले रि तोङ बैकलाई यो कथा कस्तो लाग्यो भनी सोधेँ।

'मलाई त निकै दुःख लाग्यो', मुखमा उदास मुस्कानसहित उनले जवाफ दिए। 'जीवनमा यस्तो पनि हुने रहेछ। तर, मैले के गर्न सक्छु र ?'

'तपाईँलाई यो कथामा वर्णित घटना वास्तवमै भएको हो भन्ने कुरामा विश्वास लाग्छ ?'

'यसमा सत्यको केही अंश पक्कै छ। मेरो एकजना पुरानो परिचित व्यक्ति सामाजिक आन्दोलनका अगुवा थिइन्। उनी एकजना आवाराको प्रेममा परिन्। पछि उनले आफ्नो श्रीमान र एकजना सानो नानीसमेत छोडेर त्यही आवाराको पछि लागेकी थिइन्। कति नमिठो घटना।'

'त्यस्तो दुर्लभ घटनाले सत्यको प्रतिनिधित्व गर्छ भनेर हामी कसरी भन्न सक्छौँ र ? मैले कोरिया र मञ्चुरियामा भेटेका अधिकांश महिलाहरू आफ्ना श्रीमान र केटाकेटीप्रति ज्यादै इमानदार भएको देख्छु। उनीहरू आफ्ना छिमेकी र देशप्रति समेत सहृदयी बनेको देख्छु। ती महिलाहरूका श्रीमानहरू जब जेलमा पर्छन्, उनीहरू आफ्नो श्रीमानको बाटो पछ्याउँछन् र क्रान्तिको लागि आफ्नो सम्पूर्ण उर्जा खर्चिन्छन्। उनीहरूले आफूसँग बम र पर्चा साथमा बोकेका हुन्छन्! जब श्रीमान क्रान्तिकारी युद्धभूमिमा शहीद बन्छन्, उनीहरू आफै सैनिक पोशाक लगाएर शत्रुलाई समाप्त गर्न आफ्नो श्रीमान उभिएको युद्धको अग्रमोर्चामा उभिएर हतियार उठाउँछन्! आफ्ना केटाकेटी भोकाउँछन्, उनीहरूको पेट भर्न सबै प्रकारका कठिनाइ सामना गर्न तयार हुन्छन्। केही सीप नचले माग्नसमेत पछि पर्दैनन्। कोरियाली महिलाहरू यस्ता हुन्छन्।'

'एकजना क्रान्तिकारीले रि क्वान सुले जस्तै कोरियाली महिलाहरूको चरित्र र आफ्नो श्रीमतीको पवित्रतामाथि प्रश्न उठाए के होला ? त्यस्तो मान्छे महिलाहरूको लुगा धुने मुङ्ग्राको हमलाको शिकार हुनेछ। रि क्वान सुले 'राष्ट्रिय सुधारको सिद्धान्त' प्रकाशित गर्दा सोल सहरको सडकमा उनीमाथि बियरका बोटलको हमला भएको थियो। हाम्रा आमा वा दिदी बहिनीका लुगा धुने मुङ्ग्रा शत्रुका हतियार खोस्नमात्र प्रयोग हुने गर्दैन। यो सत्य हो। तपाईँलाई कस्तो लाग्छ रि ?'

रि तोङ बैकले मलाई नियालेर हेरे र त्यही बेला

आफ्नो धारणा परिवर्तन गरे । उनले सहमतिमा टाउको हल्लाउँदै भने, 'तपाइँको कुरा सही हो । यो नै सत्य हो ।'

मलाई थाहा छ, साहित्य र कलाको प्रमुख लक्ष्य भनेको सत्यको व्याख्या गर्नु हो । साहित्यले सत्य बोले मात्र पाठकलाई त्यसले सुन्दर र आदर्श समाजतिर डोऱ्याउन सक्छ । कला र साहित्यको पवित्र लक्ष्य भनेको सत्य प्रतिविम्बित गर्नु र जनतालाई सुन्दर र आदर्श समाजतिर डोऱ्याउनु हो ।

त्यो दिन हामीले चिनेका र नैतिकता एवम् व्यवहारको आधारमा उदाहरण बन्न सक्ने असल महिला लडाकु र महिला मजदुरबारे लामो बेर कुराकानी गऱ्यौँ ।

'जनरल, के हामीले महिला क्रान्तिकारी अवस्थाबारे कुनै एउटा राम्रो नाटक बनाउन सक्दैनौँ ?' उनले कुराकानीको अन्त्यतिर अनायास भने ।

'नाटक बनाउने विषयमा तपाइँसँग कसरी विचार आयो ? तपाइँले पढाउने गर्नुभएको जियानताओको विद्यालयमा त्यस्ता खालका सांस्कृतिक गतिविधिमा सहभागी बन्ने गर्नुहुन्थ्यो कि ?'

'यस्ता सस्ता उपन्यास लेख्ने मानिसलाई हामीले पाठ पढाउनुपर्छ भन्ने मलाई लाग्छ जनरल', आफ्नो हातमा भएको पत्रिका देखाउँदै उनले भने ।

'क्रान्तिकारी महिलाबारे चर्चा गर्ने विचार राम्रो छ', मैले उनको कुरामा सहमति जनाएँ । 'तर, नाटक बनाउन कथावस्तु पनि त चाहिन्छ । तपाइँको दिमागमा कुनै कथावस्तु खेली पो रहेको छ कि ?'

'त्यो कोही आदर्श कोरियाली महिलाको कथामा आधारित हुनुपर्छ । भन्नुको तात्पर्य कोरियाली महिलाको असल चरित्रबारे नाटक बनाउनु राम्रो होला । कोरियाली राष्ट्का दुःखले क्रान्तिकारी सङ्घर्षमा महिलाहरूलाई पनि सामेल बनाएको छ । यो सङ्घर्ष आफ्नो अस्तित्व रक्षा गर्ने एउटै मात्र बाटो हो । मेरो दिमागमा त यही कुरा खेलिरहेको छ । तपाइँलाई कस्तो लाग्छ जनरल ?'

उनका शब्द सुनेर म आश्चर्यचकित परें । महिलाहरूसम्बन्धी एउटा नाटक लेख्नेबारे जियानताओदेखि नै मैले सोचिरहेको कथावस्तु र उनको कथावस्तुमा धेरै समानता थियो ।

'तपाइँसँग कथावस्तु भए तपाइँले नै नाटक लेख्दा हुन्छ नि', मैले भनेँ ।

'म आलोचक हुँ । म सिर्जनात्मकता भएको मान्छे होइन', उनले मुख उज्यालो पार्दै भने । 'जनरल, तपाइँले नाटक लेख्नुहोस् । म त्यसको निर्देशन गर्छु', उनले भने ।

तत्क्षण मैले कुनै जवाफ दिइनँ । तथापि मेरो दिमागमा भने एकजना महिलाको चित्र क्रमशः प्रष्ट हुँदै गएको अनुभव गर्दै थिएँ । रगतको समुद्रमा आफ्नो श्रीमान र बच्चाको वियोगको घाउ निको हुँदै गएकी महिला सङ्घर्षमा होमिएको कथावस्तु मेरो दिमागमा घामजत्तिकै छर्लङ्ग बन्दै थियो । रिको नाटक लेख्ने प्रस्ताव मैले स्वीकारिसकेको थिएँ । नाटककी नायिकाको आकर्षक व्यक्तिले मलाई क्रमशः तानिरहेको थियो । मैले नाटक लेख्न थालेँ । मनचियाङमा मेरो सैनिक टुकडी आइपुग्दासम्म नाटक लेखनको काम भर्खर आधा सकिएको थियो ।

नाटक लेखन मेरो लागि निकै नयाँ अनुभव थियो । फुसोङमा हामीले नाटकहरू प्रदर्शन गरेका थियौँ । जिलिन र उचैजीमा पनि केही नाटक प्रदर्शनका कार्यक्रम भए । तथापि सशस्त्र सङ्घर्ष थालेयता भने हामीले धेरै नाटक प्रदर्शन गरेका थिएनौँ । सन् १९३० दसकको सुरुका पाँच वर्षमा हामीमध्ये केही साथीहरू गुरिल्ला आधार क्षेत्रमा नाटक प्रदर्शनबारे चासो राखेका थिए । तर, त्यत्तिबेला हामी जिलिनका दिनमा जस्तै यस्ता गतिविधिमा सक्रिय बन्न सकेनौँ । एउटा नाटक बनाउन निकै समय र मिहिनेत लाग्ने गर्छ । त्यसकारण गुरिल्ला क्षेत्रका कतिपय साथीहरू यस्ता काममा चासो राख्ने भएर पनि हामीले त्यो समयमा सम्पूर्ण समय नाटक बनाउनेमा लगाउने सक्ने अवस्था थिएन ।

हामीले पेक्डु पर्वततिर झर्दै गरेको त्यो प्रतिकूल परिस्थितिमा नाटक बनाउने जस्तो काममा किन आफ्नो मिहिनेत लगायौँ ?

जनतालाई क्रान्तिकारी भावनाले ओतप्रोत बनाउन नाटकको प्रभावकारिताबारे निकै आकर्षक शक्तिबाट हामीलाई यो क्षेत्रमा हात हाल्न हौस्यायो । त्यत्तिबेला नाटकले जति जनताको हृदय जित्न सक्ने अरू कुनै विधा नै थिएन । पछि आवाजविहीन चलचित्रहरू सिनेमाघरहरूमा निकै चर्चित बन्न थाले । संसारभर नै त्यस्ता चलचित्र लोकप्रिय बने । त्यसअघिसम्म नाटकको दाँजोमा आउन सक्ने अरू कुनै प्रभावशाली विधा थिएन ।

म चाङदोक विद्यालयमा पढ्दाका दिनमा मेरो धेरै साथीहरूसँगै म धेरै नाटकको प्रशंसक थिएँ । प्योङयाङमा कुनै चर्चित घुमन्तु नाटक टोली आइपुग्दा म नाटक हेर्न काङ युन बोमबाट प्योङयाङ पुग्थें ।

नाटक जनताले मन पराउने लोकप्रिय कलाको विधा हो । दर्शकदीर्घाका जो कोहीले पनि हेर्दाहेर्दै मूल्याङ्कन गर्न सक्छन्– 'क्या गज्जब !', 'उफ् कस्तो दिक्कलाग्दो !' अथवा 'ठीकैको रहेछ !'

सन् १९२० र १९३० को दसक नाटकको स्वर्णयुगको




'रगतको समुद्र' को एक डीभीडी आवरण

समय थियो । नाटक क्षेत्रमा निकै प्रगति भइरहेको थियो । चाङदोक विद्यालयमा भर्ना भएको बेला पुरानो शैलीका नाटकको ठाउँ नयाँ नाटकहरूले लिइसकेको थियो । दर्शकहरूले नयाँ खालका नाटक खुब मन पराएका थिए ।

प्रगतिशील लेखक एवम् कलाकारहरूले आफ्नो सम्पूर्ण उर्जा सर्वहारा वर्गको नाटक अभियानमा खर्च गरिरहेका थिए । उनीहरूले नाट्य टोलीहरू बनाइरहेका थिए । मजदुर र किसानहरूको लागि ठाउँ ठाउँमा पुगेर प्रदर्शनहरू गरिरहेका थिए । त्यस्ता टोलीहरू प्योङयाङमा पनि आइरहेका हुन्थे ।

ह्वाङ चोल, सिम योङ र उनीहरूका साथीहरू स्वतन्त्रतापछि हाम्रो देशमा निकै चिनिएको नाटक क्षेत्रका व्यक्तित्वहरू हुन् । उनीहरूले सन् १९२० र ३० को दसकदेखि नै यो क्षेत्रमा जीवन लगाएका छन् ।

त्यत्तिबेला नाटक एक प्रकारले प्रचारबाजी जस्तो पनि थियो । ५० जना जति विद्यार्थीहरू पढ्ने गाउँको एउटा सानो विद्यालयले पनि आफ्नै नाटकको विज्ञापन गरिरहेका हुन्थे । समयको प्रवाहमा बहेर हामी पनि हाम्रो क्रान्तिकारी गतिविधिका आरम्भिक दिनमा नाटकका गतिविधिमा संलग्न भयौँ ।

**'रगतको समुद्र'** को लेखन एउटा सामूहिक बुद्धिमत्ताको काम थियो । यो नाटक लेखनमा मेरा कमरेडहरूले मलाई निकै अमूल्य सल्लाह सुझाव दिए । स–साना कुरा र संवादका शब्द शब्दमा पनि उनीहरूले मलाई सुझाव दिएर सहयोग गरे ।

फुसोङ नगरमा भएको सफल लडाइँबारे जापानविरोधी टुकडीका कमान्डरहरूसँग दोङगाङमा संयुक्त बैठक सकेर म पेक्दु पर्वतको पश्चिम मनचियाङमा मुख्य सेनाको नेतृत्व गर्न उता लागेँ ।

मनचियाङ पेक्दु पर्वतको ठीकमुनि फराकिलो टारमा अवस्थित एउटा गाउँ हो । फुसोङ नगरको दक्षिणी पुछारमा यो गाउँ अवस्थित छ । चाङबाई ड्वोगु भञ्ज्याङपारि दक्षिणमा अवस्थित छ । लिनचियाङ भने लाओ भञ्ज्याङभन्दा दक्षिणपश्चिममा अवस्थित छ ।

सन् १९३६ मा मनचियाङ छरिएर रहेका ८० ओटा स–साना घरहरूको गाउँ थियो । नानदियाङजी, याङ्दीकुन, वानलिहे, डुजिदोङ आदि गाउँजस्तै फुसोङ क्षेत्र पनि जङ्गल फाडेर बसालिएको कोरियालीहरूको पातलो बस्ती हो । अन्टुमा जस्तै फुसोङमा धेरै कोरियालीहरूको बसोबास थिएन ।

मनचियाङ नगरभन्दा परको पहाडी गाउँ थियो । निकै पातलो जनसङ्ख्या भएको र बाहिरबाट मानिसको ओहोरदोहोर निकै कम भएको ठाउँ बाँकी मानव समाजभन्दा अलगको बस्ती थियो । काइँयो, रङ वा नून बेच्ने मानिसहरूबाहेक त्यो बस्तीमा बाहिरबाट अरू मानिस आउँथेन । फुसोङका सामाजिक अगुवाहरू पनि मनचियाङमा उति जाने गर्दैनथे । सो क्षेत्र हेर्ने अख्तियारी पाएका चोइ चिन योङ पनि त्यो ठाउँमा एक दुई पटक नै मात्र पुगेको हुनुपर्छ । उनी पछिका योन प्योङ चुन पनि पाँच वा छ पटकमात्र त्यहाँ पुगेको हुनुपर्छ ।

प्रसङ्गवश, यहाँ योन प्योङ चुनबारे केही कुरा गरौँ । उनी होङ पोम डोको स्वाधीनता सेनाको एउटा एकाइका कमान्डर थिए । त्यो सेना समुद्री क्षेत्रमा तैनाथ भए पछि उनी कुनै कारणवश फुसोङमा आएका थिए । त्यो कारण के हो, उनलाई बाहेक कसैलाई थाहा थिएन । फुसोङमा आएर उनी सो क्षेत्रका अधिकारी बने । उनी जोङ्गुई–बुका स्थानीय प्रशासन प्रमुख बने । उनी धेरै लामो समय काम गरेनन् । छोटो समय काम गरे तर त्यहाँका जनताबीच निकै चर्चित बने ।

पछि उनी जागिरबाट निवृत्त भए र अन्टु र दुनहुईको बीचमा रहेको अग्लो भूभागमा अवस्थित दापुचाइहे गाउँमा अकुपञ्चर उपचारमा तल्लीन भएर लागे । किम सान हो कुनै बेला त्यो गाउँ पुगेका थिए । उनले योन प्योङ चुनबारे ज्यादै

सकारात्मक कुरा गरेका थिए। आफूलाई उनले निकै राम्रो व्यवहार गरेको भन्दै किमले सन्तोष पोखेका थिए। म पनि उनकोमा पुगेँ। उनले मेरो नाडी छामे र म निकै थाकेको भने। उनले मलाई हरिणको सिङ वा जङ्गली बुटी खोज्न सकिन्छ कि भनी सोधे। उनले मलाई पाइने भए त्यसको सेवन गर्न सल्लाह दिए। उनको सल्लाहअनुसार मैले औषधि खाएँ। अनि मलाई सन्चो अनुभव भयो। स्वतन्त्रता पछि म घर फर्केको धेरै वर्ष पछि एकजना अधिकारीलाई मानसिक र शारीरिक असक्तताले थला पार्‍यो। त्यत्तिबेला आफूले सेवन गरेको औषधि सम्झेर त्यही अनुसारको औषधि खान मैले ती अधिकारीलाई सल्लाह दिएँ। केही महिनापछि उनीसँग भेट हुँदा औषधिले चकित पार्ने गरी प्रभावकारी उपचार भएको सुनाए। उनलाई त्यो औषधिबारे जानकारी आफूले चिकित्सक योन प्योङ चुनबाट दसकौँ पहिले मञ्चुरियामा थाहा पाएको बताएँ।

मनचियाङमा उनले उक्त चिकित्सकसँग मलाई थाहा नभएको कुनै अरु कारणले चिनिएका थिए।

मनचियाङ आलुको लागि चर्चित थियो। आलु त्यहाँको विशेष उत्पादन थियो। एक दुई ओटा आलु त शिशुका तकिया जत्रा ठूलो थिए। नैताउसानमा उत्पादन हुने जस्ता ठूलठूला आलु त्यहाँ उत्पादन हुन्थ्यो। मनचियाङ नदीमा लेनोक प्रजातिका माछाहरू मनग्य पाइन्थ्यो।

मनचियाङका गाउँलेहरू काठका मुढा ताछेर वा भोजपत्र छेस्कोले गाँसेर भाँडाकुँडा र खाने थाली बनाउँथे। सिमीको झोल र किम्ची खान उनीहरू चम्चा र भाँडो पनि काठकै दिन्थे।

हाम्रो पैदल टोली त्यहाँ पुग्दा गाउँको मुखैमा दुई ओटा अग्ला भोजपत्रका रुख उभिएका थिए। ती दुई रुख गाउँ पस्ने ध्वाखा जस्ता थिए। त्यही उभिएर हामी आउने सूचना पाएका गाउँका मुखिया हो राक यो अरु गाउँलेहरूसँग हामीलाई कुरिरहेका थिए। उनीहरूले हातमा काठका अम्खोरा र गिलास बोकेका थिए। तिनमा उनीहरूले घरमा पारिएको रक्सी भरेका थिए। गाउँका मुखियाले फुसोङ नगरको लडाइँबारे त्यहाँ नुन किन्न गएका एकजना किसानले खबर ल्याएको बताए। त्यसपछि नै शत्रुको गतिविधि हुन सक्ने भनी ध्यान दिइरहेको उनले सुनाए। मनचियाङको आकाशमा जापानी विमान देखेपछि उनलाई क्रान्तिकारी आफ्नो गाउँतिर आइरहेको हुनुपर्छ भनी अनुमान गरेका रहेछन्।

'यसरी खुलमखुला हामीलाई स्वागत गर्दा तपाईँलाई दुःख दिन्छन् कि भनी चिन्ता लाग्छ', मेरो हातमा ठम्याएको काठे गिलासबाट एक घुट्को घरमै पारेको रक्सी घटुक्क निले पछि मैले मुखियालाई भनेँ।

'चिन्ता नगर्नुस्। वसन्तयाममा पनि क्रान्तिकारी सेना यहाँ हुँदै गएकोले मनचियाङका प्रहरीहरू हामीलाई देख्दा लुकीलुकी हिँड्छन्। त्यसमाथि कमान्डर वाङ मारिएको र फुसोङमा जापानीहरू हारेको खबरले त उनीहरू डरले मरेका होलान्', उनले भने।

'क्रान्तिकारी सेनाका सिपाहीहरू ! के तपाईँहरू यसपालि नाच्न चाहनु हुन्छ ?', त्यहीबेला मनचियाङ खोलामाथि बाँधिएको पुलबाट एकजना किसानले चर्को आवाजमा भने।

गत वसन्तयाममा यहाँ हुनचुन एकाइका गुरिल्लाहरू आउँदा उनीहरूले विभिन्न सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए। उनीहरूले एउटा रुसी नाच पनि प्रदर्शन गरेका थिए। सोभियत सङ्घसँगको सीमावर्ती सहर हुनचुनका गुरिल्लाहरू रुसी गीत गाउन र नाच्न खुब निपुण छन्। उनीहरू नाचेको देखेर गाउँलेहरूका आँखा विस्फारित भएका थिए। आश्चर्यचकित भएर उनीहरूले भने, 'क्या गज्जबको नाच थियो त्यो ! कस्तो मज्जाले पाइताला बजारेका थिए। हामीले त हात हल्लाएको, कम्मर मर्काएको र कुम चलाएका नाचमात्र हेरेका थियौँ। तर, यो त नयाँ खालको नाच थियो।'

'हो, यो त नाचमात्र होइन। यो न नाचभन्दा धेरै अब्बल प्रस्तुति हो', रि तोङ बैकले जवाफमा भने। उनले नाटकको कुरा गरेका थिए।

म गाउँको मुखियाकै घरमा बसेँ। उनको घरको मेरो बुवासँग आत्मिय सम्बन्ध थियो। दस वर्षअघि लुटेरा डाँकाहरूको हातबाट कोङ योङले मेरो बुवालाई जोगाउने क्रममा यही घरमा लुकाएका थिए। पछि कोङ योङ र मुखियाले बुवालाई फुसोङसम्म पुर्‍याए।

यही घरमा बसेर मैले **'रगतको समुद्र'** लेखनको बाँकी काम निरन्तरता दिएँ। जोन कुक जिनको निधन भइसकेको थियो। क्रान्तिकारी जनसेनाका अखबार सोगवाङको सम्पादन गर्ने र पछिल्ला दिनमा धेरै कथाहरू लेखेर योगदान गरेका किम योङ गुक सेनामा भर्ती भइसकेका थिएनन्। त्यसकारण मनचियाङमा यो नाटक लेखनको सबै काम मैले नै पूरा गर्नुपरेको थियो।

रि तोङ बैकले कोरियामा प्रकाशित विभिन्न पत्रपत्रिका, पुस्तिका आदिको जोहो गरेर मलाई सहयोग गरे।

ती सबै प्रकाशनहरूबाट मलाई तत्कालीन राजनीतिक घटनाक्रम, सामाजिक तथा आर्थिक अवस्था र साहित्य तथा कला क्षेत्रमा भएका विकासबारे जानकारी प्राप्त भयो।(क्रमशः)
(KIM IL SUNG, REMINISCENCES, With the Century, Excerpt (9) बाट)

नेपालीमा अनुवाद : नीरज

पुस्तक परिचय

# 'सम्पदा पुन:निर्माण तथा जीर्णोद्धार' सचित्र पुस्तकबारे केही चर्चा



कृतिका प्रजापति

नेपाल कला, संस्कृति र सम्पदाका दृष्टिकोणले विश्वकै गौरव गर्न लायक देशमध्येमा पर्दछ । भौगोलिक रूपमा छिमेकी देशहरू चीन र भारतको तुलनामा निकै सानो भएर पनि सांस्कृतिक विविधताका हिसाबले नेपालले विश्वसामु ख्याति कमाइरहेको तथ्य हामीमाझ छ । अझ काठमाडौं उपत्यकाका ऐतिहासिक एवम् सांस्कृतिक महत्त्व बोकेका यहाँका कला, संस्कृति र सम्पदाहरूले नेपाललाई विश्वमाझ पृथक ढङ्गले पहिचान दिइरहेका छन् । साथै काठमाडौं उपत्यकाका सातओटा पुरातात्त्विक सम्पदाहरू विश्व सम्पदामा सूचीकृत हुनु आफैमा नेपालीहरूको लागि गौरवको विषय बनेको छ । यसर्थ सांस्कृतिक सम्पदा नै नेपालको असली गहना हो भन्दा अत्युक्ति नहोला ।



आवरण

कला, संस्कृति र सम्पदाहरूको संरक्षण, जीर्णोद्धार तथा पुन:निर्माणको कुरा गर्नुपर्दा भक्तपुर नगरपालिका देशकै स्थानीय तहहरूमध्ये अग्रपङ्क्तिमा पर्न आउँछ । भक्तपुर नपा यहाँको सम्पदा जोगाउने अभियानमा छ । २०७२ सालको विनासकारी महाभूकम्पबाट देशको अन्य ठाउँहरूमा जस्तै भक्तपुर नगरपालिकाका सम्पदा तथा निजी घरहरूमा नराम्रो क्षति पुगेको थियो । भक्तपुर नगरपालिकाका जनप्रतिनिधि र यहाँका जनताको संयुक्त पहलमा भूकम्पबाट भत्केका र बिग्रेका सम्पदाहरूले बिस्तारै पुन:जीवन पनि पाउँदै गएको छ । स्थानीय जनताको सहभागितामा उपभोक्ता समितिमार्फत नगरपालिकाले गरिरहेको विकास निर्माणका कार्यहरू आज देशभरिका स्थानीय सरकारहरूको लागि अनुकरणीय कार्य बनिरहेको यथार्थ पनि हामीमाझ छ । 'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' नारालाई सार्थक बनाउँदै नगरपालिकाले यहाँका मूर्त तथा अमूर्त सम्पदाहरूको संरक्षण कार्यलाई निरन्तरता दिइरहेको छ ।

यसै सन्दर्भमा २०७४ सालको स्थानीय तहको निर्वाचनपश्चात भक्तपुर नगरपालिकामा जनप्रतिनिधि बहालीपछि नपाले भूकम्पपछि हालसम्म सम्पन्न गरेका र निर्माणाधीन सम्पदाहरूको विवरण समेटिएको **'सम्पदा पुन:निर्माण तथा जीर्णोद्धार'** नामक २२२ पृष्ठको सचित्र पुस्तक प्रकाशित गरेको छ । विश्वभर महामारीको रूपमा फैलिएको कोरोना जोखिमका कारण २०७७ साल असोज ११ गते विश्व पर्यटन दिवसको अवसरमा सो पुस्तकको विमोचन नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद माननीय प्रेम सुवालको प्रमुख आतिथ्यमा अनलाइनमार्फत भएको थियो । भक्तपुर नपा वडा नं. १ देखि १० वटै वडाहरूमा पुन:निर्माण तथा जीर्णोद्धार भएका मन्दिर, पाटी, ढुङ्गेधारा, प्रवेशद्वार, पोखरी, इनार, सत्तल तथा अन्य गरी १०३ वटा सम्पदाहरूको सङ्क्षिप्त विवरणसहितको रङ्गीन तस्बिरहरू निकै नै आकर्षक देखिन्छ । साथै ३४ वटा सम्पदाहरूको जीर्णोद्धार चालु अवस्थामा रहेको तथ्य पनि सो पुस्तकमा समावेश छ । पुस्तकले नेपाल सरकारअन्तर्गत पुरातत्त्व विभागद्वारा निर्मित केही सम्पदाहरूलाई पनि महत्त्वपूर्ण स्थान दिइएको छ ।


पृष्ठावरण

# भक्तपुर नपाको आइसोलेसन केन्द्र एक अविस्मरणीय अनुभव

● *नरेश शाक्य*

कोरोना भाइरस (कोभिड–१९) व्यापक फैलिरहेको बेला सुरक्षाका मापदण्डहरू राम्रैसँग पालना गरिरहेभैँ लाग्दथ्यो, तर म भ्रममा रहेछु। कोजाग्रत पूर्णिमाको तीनदिनअघि मलाई सामान्य ज्वरो आयो र त्यो आखिर कोभिड–१९ को लक्षण रहेछ। एक साताभित्र परिवारका सातै सदस्य एवं भार्वाचो बस्ने सानो दिदीको पीसीआर नतिजा पोजिटिभ आयो। सारा परिवारमा कोरोना सङ्क्रमण पुष्टि भयो।

मेरो जेठा दाइ, ठूली दिदी र मेडिकल अफिसर भाञ्जाको सुझावबमोजिम घरका केही सदस्य आइसोलेसन केन्द्रमा बस्न जाने निर्णय गर्‍यौँ। घरमा सबैजना अलग अलग बस्ने स्थिति भएन। सबै जना कोचिएर बस्दा जोखिम अझ बढ्ने प्रवल सम्भावना थियो। मेरो पुराना मित्र सरोजराज गोसाईसँग भक्तपुर नगरपालिकाको बहुउद्देश्यीय भवन ब्रम्हायणीमा सञ्चालन गरेको भ.न.पा. आइसोलेसन केन्द्रबारे बुझेँ। उहाँले भक्तपुर नगरमा सङ्क्रमण नफैलून् भन्ने उद्देश्यले आवश्यक सुविधा र राम्रो प्रबन्धसहित निःशुल्करूपमा आइसोलेसन केन्द्र सञ्चालन गरेको बताउनुभयो। २०७७ कार्तिक २३ गते आइतबार मलगायत बा, आमा र भतिजा गरी ४ जना भनपाको आइसोलेसन केन्द्रमा बस्न भ.न.पा. ३ नं. वडाध्यक्ष राजकृष्ण गोरामार्फत प्रक्रिया अगाडि बढायौँ। केन्द्र सञ्चालनको मुख्य जिम्मेवारी पाउनुभएका गौतम लासिवाले फोन गर्नुभयो। साँझ एम्बुलेन्सबाट हामीलाई लिन आउने हुनाले तयारी अवस्थामा रहन उहाँले भन्नुभयो। अत्यावश्यक सबै सामग्री केन्द्रमै उपलब्ध गराइने हुनाले कपडाबाहेक केही नल्याउन पनि उहाँले भन्नुभयो।

हामी केन्द्रमा पुग्दा ४ वटा अलग–अलग झोलामा नाम लेखेर त्यसमा हामीलाई आवश्यक पर्ने सामग्रीहरू राखिएका थिए। त्यसमा स्यानिटाइजर, मास्क, टुथपेस्ट, टुथब्रश, औषधि, साबुन, पेपर रोल, जडीबुटी मसला आदि थिए। बा, आमालाई पहिलो तलाको ज्येष्ठ नागरिक वार्ड तथा म र भतिजालाई दोस्रो तलाको पुरुष वार्डमा व्यवस्थापन गरिएको रहेछ। हामी बसेको कोठामा ४ वटा बेड थिए। बेडमा तकिया, तन्ना र ब्लाङ्केटको व्यवस्था थिए। प्रत्येक बेडमा पानी तताउने इलेक्ट्रिक केटली,

---

➲ पुस्तकको आवरण पृष्ठमा राखिएको नेपालकै अग्लो भक्तपुरको ऐतिहासिक पाँचतले मन्दिर (ङातापोल्हँ) को तस्बिर निकै प्रष्ट र आकर्षक छ। कोलम्बसले अमेरिका पत्ता लगाउनुभन्दा अगाडि नै भक्तपुरको पाँचतले मन्दिर बनिसकेको तथ्य जगजाहेर छ। यसर्थ भक्तपुर नपाले अन्तर्राष्ट्रिय जगतमा महत्त्वपूर्ण स्थान ओगटेको पाँचतले मन्दिरको छोटो समयमै मौलिक प्रविधिको प्रयोग गरी जीर्णोद्धार गरी संसारलाई नै आश्चर्यचकित बनाइदिएको छ। साथै मन्दिर जीर्णोद्धारमा देखिएको स्थानीय जनताको आर्थिक सहयोग, जनश्रमदान र जनलहरले भक्तपुरको शान अझ बढाएको महसुस हुन्छ।

प्रस्तुत पुस्तकमा भक्तपुरका स–साना सम्पदाहरूदेखि ठूला र महत्त्वपूर्ण सम्पदाहरूलाई महत्त्वपूर्ण स्थान दिइएको छ। भक्तपुरका सम्पदाहरूको नाम, विवरण, निर्माणकाल, लागत अनुमान, जम्मा खर्चसहितको विवरण राखी नगरपालिकाले प्रकाशन गरेको यो पुस्तकलाई आर्थिक पारदर्शिताको नमुनाको रूपमा लिन सकिन्छ। पुस्तकमा सांस्कृतिक नगर भक्तपुरको सङ्क्षिप्त परिचय र भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको भनाइले पनि भक्तपुर नगर र भक्तपुर नगरपालिकाको काम–कारबाहीबारे थप जानकारी प्राप्त गर्न मद्दत पुगेको छ। नगर प्रमुखको भनाइले विदेशी सहयोगबिना नै भक्तपुर नपाले आफ्नै स्रोतमा गरेका विकास निर्माणका कामहरूबाट अरु निकायहरूले पनि अनुकरण गर्नुपर्ने आवश्यकताबोध गराएको छ। भक्तपुरको कला, संस्कृतिमाथि अध्ययन अनुसन्धान गर्ने विद्यार्थी, शिक्षक, अनुसन्धाता र पत्रकारहरूको निम्ति यो सचित्र पुस्तक एउटा पठनीय र सङ्ग्रहनीय सन्दर्भसामग्रीको रूपमा रहनेछ।

पुस्तकलाई आधिकारिकता प्रदान गर्न प्रकाशकको नाम पनि उल्लेख भएको भए अझ परिस्कृत हुने थियो। पुस्तकमा समाविष्ट पाटी, ढुङ्गेधारा, मन्दिर, सत्तलहरूको स्थान विशेष नामभन्दा पनि मौलिक नामलाई जोड दिनु समयसापेक्ष हुन्थ्यो। रङ्गीन फोटोसहितको यो मोटो पुस्तकको यथोचित मूल्य र विषयवस्तु पनि पुस्तकमा संलग्न गरिएको भए सुनमा सुगन्ध थपिने थियो। भक्तपुर नपाको चालु अवस्थामा रहेको ३४ वटा सम्पदा समाविष्ट अर्को फोटो पुस्तक पनि प्रकाशन हुनेमा पाठकहरू आशावादी छन्।

यसर्थ समय–सान्दर्भिक र ऐतिहासिक दस्तावेजको रूपमा पुस्तकको स्थान अद्वितीय रहनेछ। साथै भक्तपुर नपाको यस कार्यबाट अन्य स्थानीय तहहरूको लागि आफूले गरेका विकास निर्माणका कार्यहरू सङ्ग्रहित पुस्तकहरू प्रकाशन गर्न प्रेरित गर्ने देखिन्छ। सचित्र पुस्तक प्रकाशनको लागि भक्तपुर नगरपालिकाप्रति साधुवाद!

थर्मोमिटर साइड टेबुलमा राखिएका थिए। करिडोरमा अक्सिजन नाप्ने, ब्लड प्रेसर नाप्ने यन्त्र राखिएका थिए। सूचना र मनोरञ्जनका लागि टेलिभिजन र इन्टरनेटको पनि व्यवस्था गरिएको थियो। कुनै अप्ठेरो वा समस्या परेको खण्डमा प्रशासन र नर्सिङ्ग शाखामा इन्टरकम फोनमार्फत सेवा लिन सकिने व्यवस्था थियो। प्रत्येक कोठामा रहेको स्पिकरबाट बेलाबेलामा साबुन पानीले हात धुन, स्यानिटाइजर प्रयोग गर्न, कोठा एवम् शौचालय सफा राख्नेजस्ता नियमहरूबारे जानकारी गराइराख्नुहुन्थ्यो। बिहान, दिउँसो र साँझ गरी दिनको ३ पटक ब्लड प्रेसर, अक्सिजनको मात्रा, ज्वरो र मुटुको चाल नापेर नर्सिङ्ग शाखामा जानकारी दिनुपर्नेरहेछ। हरेक दिन दिउँसो ३ बजे चिकित्सकहरू हाम्रो स्वास्थ्य अवस्थाबारे जानकारी लिई आवश्यकताअनुसार औषधी दिनुहुन्थ्यो। नर्स बहिनीहरू हामीलाई मनोबल बढाउन हौस्याइरहने अत्यन्त मिलनसार, सहृदयी, मृदुभाषी र प्रोफेसनल पायौँ। बिहान नास्ता, ११ बजे खाना, ३ बजे खाजा र बेलुका खाना ल्याइन्थ्यो। हामीले



करिडोरमा भौतिक दूरी कायम राख्दै सुरक्षित ढङ्गले पालैपालो खाना लिन जानुपर्दथ्यो। हामीलाई दिइने खाना तात्तातो, ताजा, स्वस्थकर एवं सन्तुलित पायौँ। यसमा अण्डा, मासु, फलफूल र गेडागुडीको क्वाटी सुप पनि समावेश हुन्थ्यो। स्वासप्रश्वाससम्बन्धी अभ्यास फिजियोथेरापिस्ट सलिना ब्यान्जूबाट जूम एपमार्फत सिकाइन्थ्यो। हाम्रो स्वास्थ्य सुधारका लागि नियमित अभ्यास गर्नुपर्दथ्यो। दिनहुँ माइकिङ्ग गरेर कोभिड-१९ को सङ्क्रमण फैलन नदिन चेतना जगाउने र सार्वजनिक स्थलहरूमा डिसइन्फेक्टेन्ट बेलाबेलामा छरिरहेको हामी सबै नगरवासीहरूले देखेकै कुरा हो, सङ्क्रमण पुष्टि भइसकेकाहरूबाट थप अरुलाई नफैलुन् भन्ने उद्देश्यले भनपाले सञ्चालन गरेको भनपा आईसोलेसन केन्द्र नमुनालायक छ। भनपा भक्तपुरवासीहरूको स्वास्थ्यप्रति सजग र गम्भीर रहेछ भन्ने तथ्य आइसोलेसन केन्द्रमा बिताउँदा झन् प्रस्ट भयो। मेरो जेठा दाइले भन्नुभयो, 'हामीले जे जति सुविस्ता लिएर भनपा आइसोलेसन केन्द्रमा बस्यौँ, निजी क्षेत्रबाट सञ्चालित काठमाडौँको केन्द्रमा प्रतिव्यक्ति दिनको ८ हजार लाग्छ।' यो सुन्दा भनपाप्रति गर्व महसुस भयो। भनपाले गरेको यो उदाहरणीय कार्यको अरू, जिल्लाका स्थानीय निकायहरूले पनि अनुसरण गर्नुपर्ने देखिन्छ।

अहिले चाडपर्व सकिएर जाडोयाम सुरु भइसकेकोले सङ्क्रमण अझ बढ्नसक्ने देखिन्छ। कोही सङ्क्रमणको चपेटामा आइहालेमा असुरक्षित ढङ्गले घर, परिवार अनि समाजमा सङ्क्रमण फैलिनबाट जोगाउन भनपा आइसोलेसन केन्द्र सफल छ। कोभिड-१९ नियन्त्रणमा योगदान पुऱ्याउनु प्रत्येक नगरवासीको कर्तव्य हो। सबैजनाको घरमा आइसोलेसनमा बस्ने उपयुक्त वातावरण नहुने भएकोले भनपा आइसोलेसन केन्द्र उत्तम विकल्प हो भन्ने मलाई लाग्दछ। यसका लागि भनपाले पनि माइकिङ्ग गरेर आइसोलेसन केन्द्र निःशुल्करूपमा सञ्चालन गरिरहेको व्यहोरा जानकारी गराउनुपर्दछ। यस भनपा आइसोलेसनमा बस्न इच्छुक कोभिड-१९ सङ्क्रमितहरूले अहिले जाडोको समयलाई मध्यनजर गर्दै न्यानो लुगाहरू एउटा थप ब्लाङ्केट, एउटा थर्मस, केही बिस्कुट, पाउडर दूध वा हर्लिक्स आदि बोकेर आउँदा बेस होला, अरू सम्पूर्ण व्यवस्था केन्द्रले गरेको देखिन्छ। भनपा आइसोलेसनका व्यवस्थापकलाई खानामा चिल्लो र नुनको मात्रा केही कम हुनेगरी मिलाउन अनुरोध गर्न चाहन्छु। यस महान् अभियानका लागि भनपाका मेयर सुनिल प्रजापति, आइसोलेसन व्यवस्थापक गौतम लसिवा, डाक्टर, नर्स, अफिसका दाजुभाइ, खाना व्यवस्थापन गर्ने एवम् प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउनुहुने सम्पूर्णप्रति म र मेरो परिवार सदा कृतज्ञ रहिरहनेछु। ७५ वर्ष उमेर पुगेका मेरो बा, आमालगायत मेरी दिदी र भतिजा हामी सबै दुई हप्ता भनपा आइसोलेसन केन्द्रमा बसेर कोरोनाको लडाइँ जितेर प्रशन्नताका साथ घर फर्कन सफल भयौँ। यो समय मेरो जीवनको अविस्मरणीय पलको रूपमा सदा मानसपटलमा रहिरहनेछ।

स्रोत : मजदुर दैनिक, २०७७।८।११

# बजार अनुगमन

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा तिहारलाई दृष्टिगत गरी विभिन्न मितिमा भक्तपुर नगरभित्रको बजार अनुगमन गरियो ।

**टौमढीदेखि नासमनासम्म**

कार्तिक २८ गते टौमढीदेखि नासमनासम्म आठओटा खाद्य पसलहरू अनुगमन गरियो । तिहारमा पटाका बेचबिखन रोक्न र अखाद्य तथा गुणस्तरहीन र मूल्यवृद्धि नियन्त्रण गर्न अनुगमन गरिएको संयोजक गोराले बताउनु भयो ।

अनुगमनमा दर्ता नभएको पसल तिहारलगतै कार्यालय खोलेपछि पसल दर्ता गर्न निर्देशन दियो । त्यस्तै पसल दर्ता प्रमाणपत्र नवीकरण गर्न र देखिने गरी राख्न, पसल व्यवस्थित गर्न, खाद्यको अनुज्ञापत्र लिई प्याकेजिङ सामानमा लेबल राखीमात्र बिक्री वितरण गर्न, सरसफाइमा ध्यान दिन, पेटी र पेटीमुनि सामान नराख्न र माक्स, पञ्जा र सानिटाइजरको व्यवस्था गरी हुलमुल नगरी सामाजिक दूरी कायम गरी व्यापार व्यवसाय गर्न निर्देशन दिइयो ।

त्यस्तै अनुगमनमा भेटिएका म्याद नाघेका सामानहरू विभिन्न नामका जुस, स्प्राइट, मयुरी सुजि, कुकिज बिस्कुट, युनिबिक बिस्कुट, माक्सकोला, सब्जी मसला, बिएमसि मसला, पप, जाम, पापड जफत गरी नष्ट गरियो ।

**मिठाइ पसल अनुगमन**

कार्तिक २९ गते च्याम्हासिंहदेखि दत्तात्रयसम्म ६ ओटा मिठाइ पसलहरूको अनुगमन गरियो ।

तिहारमा अखाद्य मिठाइ, रङ्ग बढी भएको र मूल्य बढी लिने वा महँगो गरी बिक्री वितरण गरेको जनगुनासोको आधारमा तिहार लक्षित गरी मिठाइ पसल अनुगमन गरेकोमा रङ्ग बढी भएको अखाद्य र गुणस्तरहीन मिठाइहरू जफत गरी नष्ट गरिएको थियो ।

खाद्य ऐन २०२३ तथा खाद्य नियमावली २०२७ बमोजिम मानव उपभोगको लागि तयारी खाद्य पदार्थ मिठाइ इत्यादिमा खाद्य रङ्गको अधिकतम सीमा २०० पिपिएम अर्थात एक किलोमा २०० मिलिग्रामसम्म वा ५ किलोमा १ ग्राममात्र हाल्न पाइनेमा मिठाइ पसलमा अज्ञानताको कारण रङ्गको तौल नलिईकन अन्दाजी प्रयोग गर्दा तोकिएको सीमाभन्दा बढी रङ्ग हाल्ने गरेको पाइएको छ । साथै बढी रङ्ग हालेको मिठाइ खाएमा कलेजोको क्यान्सर हुने, मृगौला बिग्रने, कपाल झर्ने इत्यादि हुने भएकोले तोकिएको सीमाभन्दा माथि खाद्य रङ्ग हालेमा दूषित खाद्य पदार्थ हुने र खाद्य ऐन बमोजिम त्यस किसिमको कसुरमा ५० हजार रूपैयाँसम्म जरिवाना वा ५ वर्षसम्म कैद वा दुवै सजाय हुने कानुनी व्यवस्था भएको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका खाद्य निरीक्षक शिवप्रसाद भण्डारीले बताउनु भयो ।

अनुगमनमा पसल नवीकरण गर्न, कामदारहरूलाई माक्स, पञ्जा, एप्रोन र हेयरनेट लगाएरमात्र काम गराउन, मिठाइमा रङ्गको मात्रा मिलाउन जोखेरमात्र राख्न, प्याकेजिङ मिठाइ र खाद्य पदार्थ खाद्यबाट अनुज्ञापत्र लिएर लेबल राखेरमात्र बिक्री वितरण गर्न, पसल दर्ता नभएकोले तिहार लगतै दर्ता गर्न, पसल व्यवस्थित गरी सरसफाइमा ध्यान दिन, तताएको तेल लामो समय प्रयोग नगर्न तथा नवीकरण नभएको तराजु जफत गरी तिहारलगतै कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

**टौमढीमा**

कार्तिक ३० गते अनुगमन टोलीले टौमढीमा रहेको फलफूल पसलहरू अनुगमन गरियो ।

पसलेहरूले तिहारमा अति आवश्यक फलफूलगायत समानहरूमा तौल नपुग्ने गरी बिक्री वितरण गरी उपभोक्ताहरूलाई ठगेको भनी जनगुनासोको आधारमा गरिएको अनुगमनमा अधिकांश पसलका ढक तराजु नमिलेको पाइएकोले काँटा २४ ओटा, दुई किलोको ढक २० ओटा, एक किलोको ढक ४४ ओटा, आधा किलोको ढक ३० ओटा, दुईसय ग्रामको ढक ६ ओटा, सय ग्रामको ढक २ ओटा, पचास ग्रामको ढक १ ओटा र २० ग्रामको ढक १ ओटा जफत गरिएको वडा निरीक्षक रामकृष्ण प्रजापतिले बताउनुभयो ।

उपरोक्त अनुगमनमा समितिका सदस्य हरिराम सुवाल, रोशनमैया सुवाल, भनपा श्यानिटेशनका व.नि.रामकृष्ण प्रजापति, उद्योग वाणिज्य सङ्घका गौतम सुजखु, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक कुमारी रानामगर, घरेलु तथा साना उद्योग कार्यालयका सिताराम त्वायना, लक्ष्मीप्रसाद बाटी र भनपा कर शाखाका अर्जुन खाईतुको सहभागीता थियो ।

**भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रबाट लाभ उठाउनु होस् ।**

## तस्बिरमा केही गतिविधि






नेमकिपाका सांसद प्रेम सुवाल, भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिलगायतको टोलीले साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड (दायाँ) र कृषि सामग्री कम्पनी लिमिटेडको कार्यालय पुगेर समयमै रासायनिक मल उपलब्ध गराउन आग्रह गर्‍यो । (मङ्सिर ५ गते)



बागमती प्रदेशका सामाजिक विकास मन्त्री युवराज दुलालबाट भक्तपुर अस्पतालमा पीसीआर परीक्षण सेवा र सघन उपचार कक्षको उद्घाटन गर्नु हुँदै (कार्तिक २७ गते)



प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा सहकारी संस्थाहरूको वार्षिक साधारणसभा सञ्चालनबारे छलफल (कार्तिक २७ गते)

## तस्विरमा केही गतिविधि



नपा प्रमुख सुनिल प्रजापतिबाट ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा नर्सिङका नवआगन्तुक विद्यार्थीहरूलाई मार्गनिर्देशन कार्यक्रम (मङ्सिर १० गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबाट वडा नं. ५ मा पुन:निर्माण भइरहेको च्यासिलिङ मण्डपको निरीक्षण (मङ्सिर १० गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा नपाका जनप्रतिनिधि र स्वास्थ्य मन्त्रालयका प्रतिनिधिहरूको कोभिड १९ बारे बैठक (कार्तिक २५ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति र कीर्तिपुर नपाका प्रमुख रमेश महर्जनबीच भेटपछि कीर्तिपुरको टोली भक्तपुर लायकुको अवलोकन गर्दै (कार्तिक १९ गते)

## तस्बिरमा केही गतिविधि



वडा नं. ६ स्थित प्रसिद्ध विश्वकर्मा द्यःछेँ (टेराकोटा) पुनःनिर्माण जारी



वडा नं. ४ स्थित इखालाछी मठ लई रु. १,९०,५४,२००।७६ मा पुनः निर्माणको लागि जनप्रतिनिधिहरूबाट संयुक्त शिलान्यास (मङ्सिर १० गते)





वडा नं. ५ स्थित च्यासिलिङ मण्डपको जारी पुनःनिर्माणमा स्थानीयहरूबाट जनश्रमदान

## तस्बिरमा केही गतिविधि





वडा नं. ४ स्थित बाराही पुलको रु. १,२६,२०,७९० लईमा पुन:निर्माण कार्य जारी



वडा नं. ६ स्थित बन्ती पाटीको पुन:निर्माण कार्य जारी



लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा कालिदह (कालदह्चा) र इन्द्रायणी पीठ ढुङ्गे धारामा सरसफाइ (कार्तिक २२ गते)

# म एकान्त कुमारी हुँदा



सानुमैया शाक्य

एकान्त कुमारी हुनलाई ३२ लक्षणयुक्त बालिका हुनु पर्छ । जस्तै : दाँत नझरेको, कुनै घाउ चोट नभएको आदि । एकान्त कुमारी शाक्य वा बज्राचार्य परिवारको ३ देखि १० बर्षको बालिकालाई गरिन्छ । एकान्त कुमारी छान्नलाई कुमारी घरबाट मान्छे आउँछ । त्यसदिन कुमारी घरको मान्छेले फूल र प्रसाद दिएर लिन आउने दिन तोकेर जान्छ । ती बालिकालाई तलेजु लानको लागि तोकेको दिनमा मान्छे आएर कुमारी घर लिएर जान्छ । पुजारी घर लिएर गएपछि तलेजुको नाइके वा पुजारीलाई भेट्टाउने गरिन्छ । ती बालिकासँग पुजारी अगाडि राखेर कुरा गरिन्छ । त्यसरी कुरा गर्दा ती बालिका पुजारीसँग डरायो वा रोयो भने त्यसलाई कुमारीको लागि योग्य मानिँदैन र अर्कै बालिका खोज्नुपर्ने हुन्छ । कुमारी बनाउन तलेजुको नाइकेको अगाडि नडराउने र नरुने हुनु पर्दछ । अनि यस्तै बालिकालाई मात्र कुमारी बनाउने चलन हालसम्म पनि छ । यसरी कुमारीको लागि योग्य भएपछि मात्र तलेजुको पुजारीले फूल र प्रसाद दिएर पूजा गरी कुमारीलाई आफ्नै घर फर्काइन्छ । यसरी तलेजुको पुजारीले छानिएको बालिकालाई हाम्रो महान चाड दशैंको घटस्थापनाको चार दिन अगाडि कुमारी घरबाट मान्छे लिन आउँछ । घटस्थापनाको एक दिन अगाडि कुमारीलाई नुहाउन लगाई गरगहनायुक्त कुमारी घरको लुगा लगाइदिन्छ । त्यसपछि सगुन दिएर कुमारीको रूपमा पूजा गरिन्छ ।

म शाक्य थर भएको परिवारमा जन्मेकी र कुमारी बनाउने केटी शाक्य वा बज्राचार्य परिवारबाट हुने भएकोले मैले पनि कुनै समय कुमारी बन्ने शौभाग्य पाएँ । साथै मेरी तीन दिदीहरू पनि पालैपालो कुमारी भइसकेका थिए । दाइका अनुसार मलाई ६ वर्षको उमेरमा कुमारी बनाइएको र ३ वर्षसम्म कुमारी भएकी थिएँ । तर मलाई याद छैन । दाइको भनाइमा म पुजारीको अगाडि नरोएको र नडराएकोले मलाई कुमारीमा छानिएको थियो । साथै म कुमारी छानिएपछि निकै रमाएको दाइले सुनाउनु हुन्थ्यो । म कुमारी हुँदा मन आनन्द हुनुको साथै सबैले मान्ने, खुट्टा ढोग्ने, पूजा गर्ने भएकोले आफू देवीनै भएको मनमा लाग्दो हो । बच्चादेखि बुढाबुढीसम्मले अनि जन्म दिने आमा र बुबासमेतले पूजागरी खुट्टा ढोग्दा आफूलाई भाग्यमानी भएको भान भएको थियो होला । म कुमारी भएको आजभन्दा ३३ वर्ष अगाडि हो । मलाई म कुमारी हुँदाका केही पलहरू भने सम्झन्छु ।

घटस्थापनाको दिन बिहान कुमारीलाई पूजाको लागि रातो पहिरन लगाइदिन्छ र टाउकोदेखि खुट्टासम्म गरगहनाले सजाई दिन्छ । त्यस दिन कुमारीको सिंहासनमा राखेर कुमारीको विधिपूर्वक पूजा गरिन्छ । कुमारी सधैँ रातो पहिरनमा सजिएकी हुन्छिन्, जुन रंग देवी देवताको शक्तिको रूपमा मानिन्छ । कुमारी भएर कुमारी घर आएपछि त्यहाँको नियममा बस्नुपर्ने हुन्छ । बिहान पूजा सकेपछि कुमारीलाई पूजाको लागि हरेक बिहान साकोठा मन्दिरमा लाने गरिन्छ । त्यसपछि कुमारीलाई फेरि कुमारी घर नै पुऱ्याइन्छ । यसरी साकोठा मन्दिर लग्दा कुमारीको खुट्टाले भुइँ छुन हुँदैन भनेर बोकेर नै लाने गरिन्छ । यसरी कुमारी घरबाट भित्र छिरेपछि त्यो कुमारी फेरि बाहिर आउन मिल्दैन अर्थात त्यस कुमारीलाई ढोकाबाट बाहिर आउने अनुमति छैन । दिनभरि भित्रै बस्नुपर्ने हुन्छ । दशैंको नवौं दिन अर्थात नवमीको दिन सबै कुमारीलाई पूजाको लागि कुमारी घरमा भेला गरिन्छ । त्यहाँ पन्ध्रजना कुमारी हुन्छ । एकान्त कुमारी कुमारीहरूमा पनि सबभन्दा ठूलो अर्थात प्रमुख कुमारीको रूपमा लिइन्छ । त्यस दिन सबैलाई रातो पहिरनमा सजाएर राखेको हुन्छ । सबैलाई पुजारीले पूजा गरी बाहिर पठाइन्छ । साथै त्यस दिन सबैलाई चासुखेल चोकमा राखेर पूजा गर्ने गरिन्छ भने एकान्त कुमारीलाई त्यहाँ पूजा सकेपछि बोकेर तलेजुतिर लिएर जान्छ । तलेजु मन्दिरमा पुजारीले लसकुस गरी तलेज मन्दिरभित्र लगिन्छ । जहाँ तलेजु भवानीका साथमा १०८ ओटा बलि चढाएको जनावरका टाउकाहरू राखिएका हुन्छन् । उक्त कोठा अँध्यारो हुन्छ । त्यहाँ कुनै बत्तीको उज्यालो हुँदैन । दियोको उज्यालोले मात्र त्यस कोठा देखिन्छ । यसरी अँध्यारो पूजा कोठामा राखिएका टाउकाहरूको आँखाले कुमारीलाई जिस्काइरहेको हुन्छ । तलेजु भवानीसँग कुमारीलाई राखेर पुजारीले आफ्नो पूजा शुरु गर्छ । पूजा सकेपछि पुजारीले कुमारीलाई भोजनको लागि त्यस अँध्यारो पूजा कोठामा छाडेर बाहिर निस्कन्छ । पुजारीले यसरी एक्लै छोड्नाको कारण कुमारी र तलेजु भवानीबीच कुराकानी होस् भन्ने भनाइ रहेको छ । यसरी कुमारी पनि त्यस तलेजु भवानीका साथ ती टाउकाहरूसँग एक आपसमा हेरिरहेको हुन्छ । त्यहाँ भएका १०८ वटै जनावरहरूको आँखा खुल्लै हुन्छ । मानौं तिनीहरू मरेको होइन जीउँदै जस्तै प्रतित हुन्छ । म कुमारी हुँदाको मलाई अहिलेसम्म पनि स्मरण छ कि मलाई एक्लै पुजारीले छोडेर जाँदा म विभिन्न प्राणीका आँखाहरू नियाली रहन्थे । अनि मलाई ती टाउकाहरूले जिस्काइरहेको जस्तो लाग्थ्यो । म र ती प्राणीको टाउकोहरू बीच मानौं कुनै लुकामारी चलेको अनुभव हुन्थ्यो । अहिले इतिहास हेर्दा तत्कालीन समयमा राजा जयप्रकाश मल्लले कुमारी प्रथा चलाउनुमा आफ्नो राजनैतिक स्वार्थको लागि आध्यात्मिक शक्ति प्राप्त गर्न, तलेजु भगवानलाई खुशी तुल्याउन कुमारी केटीलाई भोग गर्न दिएको थियो । कालान्तरमा यो चलनले प्रथाको रूप

लियो, जुन हालसम्म प्रचलित छ। तर मलाई त्यस एकान्त र अँध्यारो कोठामा म माथि कसैले भोग गरेको याद छैन। त्यस पूजा कोठामा भोजन र तलेजुको भोग सकेपछि कुमारीले पुजारीलाई बोलाउँछ। कुमारीको आवाज सुनेपछि पुजारी भित्र आएर कुमारीलाई बाहिर लिएर जान्छ। यसरी जाँदा तलेजुको मूलढोकालाई एक पाइलामा नाघ्नु पर्ने हुन्छ। कुमारी बाहिर लिएर जाँदा त्यहाँ कसैको पनि आगमन हुनुहुँदैन। सबै एक ठाउँमा लुकेर बस्नुपर्ने हुन्छ। जब कुमारीलाई बोकेर तलेजुको ढोकाबाट बाहिर लगिन्छ तब बाजालाई बोलाइन्छ र बाजाका साथ भक्तजनहरू बाहिर निस्कनु पर्ने हुन्छ। त्यसपछि बाहिर पनि कुमारीको पूजा गरिन्छ। बाजागाजाका साथ राति कुमारीलाई कुमारी घर पुऱ्याइन्छ र कुमारी घर पुगेपछि फेरि सगुन दिई कुमारीलाई पूजा गरिन्छ। यसरी मलाई पूजा गर्दा रमाइलो अनुभव भएको थियो भन्ने आफू साँच्चीनै देवी भएको अनुभव भएको अहिलेपनि आभास हुन्छ। सम्भवतः म ६/७ वर्षको समयमा कुमारी हुँदा पनि म निकै रोमान्चित र गौरव भएको अनुभव भएको थियो।

नवमीको भोलिपल्ट अर्थात दशमीको दिन कुमारीलाई भक्तजनबाट दर्शन गराउन र पूजाको लागि बिहानै सूर्यमढीको चोकमा राख्ने गरिन्छ। यसरी सूर्यमढीको चोकमा राख्दा कोही आफन्त वा भक्तजनले पूजाको लागि घर लान पनि सक्दछ। यसरी पूजाको लागि लाँदा कुमारीलाई दही चिउरा खुवाउने गरिन्छ। यसरी कुमारीलाई आफ्नो घरमा निम्ता गरी दही चिउरा खुवाउँदा देवीको आशिष् लाग्ने, घरमा दशा विग्रेको वा कुनै अपशकुन हुनेवाला छ भने देवीले हटाइदिन्छ भन्ने जनविश्वास अहिले पनि छ। त्यसैले यस्तो चलन चलेको हुनुपर्दछ भन्ने मेरो ठम्याइ छ। मलाई पनि सुकुलढोकाको एक परिवारले आफ्नो घरमा लगेर दही चिउरा खुवाएको सम्झना अहिलेसम्म ताजै छ। मलाई देवी सम्झी मेरो खातिरदारी गरेको अझसम्म पनि याद छ। साथै मलाई कसैकसैले देवीनै सम्झेर पैसा दिएर जाने गरेको घटना पनि याद छ।

त्यस दशमीको दिन दिउँसो कुमारीलाई आफ्नो परिवारका सदस्यले पूजाको लागि लिन आउने गरिन्छ। तर कुमारीलाई एक्लै पठाउँदैन। कुमारी घरको मान्छे पनि सँगै जाने गरिन्छ। घरको पूजा सकिएपछि फेरि कुमारीलाई कुमारी घरमा नै लाने गरिन्छ। यसरी एकान्त कुमारीलाई दशैंको पूर्णिमासम्म राखिन्छ। तर पूर्णिमापछि पनि यदि कुमारीले कुमारी घर छोडेन या मानेन् भने त्यही कुमारी घरमा जति दिन बस्न मन गर्छ त्यति दिन राख्न पर्ने चलन अद्यापि छ। एकान्त कुमारीले चाहेसम्म कुमारी भएर बस्न सक्छिन् तर उनमा कुनै कमजोरी देखिनु हुँदैन। जस्तै : दाँत झर्ने, मासिक स्राव हुने, घाउ चोट पटक लाग्ने आदि।

कुमारी जहिल्यै गम्भीर मुद्रामा हुन्छिन्। पूजाको समयमा यदि कुमारी रोयो वा हाँस्यो भने त्यस भक्तजनलाई अशुभ हुनसक्छ। कुमारी गम्भीर मुद्रामा हुनु नै राम्रो मानिन्छ र जसले कुमारी गम्भीर मुद्रामा भएको बेला पूजा गरिन्छ, त्यस भक्तजनको इच्छा पुरा हुनेगर्छ भन्ने जनविश्वास छ। तर म कुमारी हुँदा भक्तजनको इच्छा कत्तिको पूरा गरेँ भन्न सम्बन्धमा मलाई थाहा छैन तर मलाई अहिले सम्झना भएसम्म मलाई पूजा गरिसकेपछि भक्तजनहरू निकै खुशी र आनन्द महसुस गरेको याद अझै छ।

एकान्त कुमारी जो पायो त्यसलाई बनाउन पाइँदैन। यसरी जसलाई पायो त्यसलाई एकान्त कुमारी बनाई फूल र प्रसाद दिएर गयो भन्ने त्यही दिन देखि ती बालिका विरामी हुने विश्वास अहिलेपनि छ। म कुमारी हुँदा पूजाको लागि पाँचतले मन्दिर भित्र पनि लगिएको झिनो सम्झना छ।

कुमारीलाई कसैले आफ्नो पूजाको लागि घरमा लानुपऱ्यो भने एक दुई दिन अगाडि नै कुमारीलाई खबर गर्नुपर्ने हुन्छ। यसरी बोलाउँदा कसै कसैले नवदुर्गा गणलाई पनि पूजाको लागि बोलाउने चलन छ। मलाई सुकुलढोकाको भक्तजनले पूजाको लागि लाँदा त्यसबेला नवदुर्गा गणको मुकुण्डोको पनि पूजाको भएको थियो। तर त्यसबेला नवदुर्गाको मुकुण्डोले कुमारीलाई हेर्नु हुँदैन भनेर कुमारीलाई माथि कोठामा राखियो भन्ने नवदुर्गाको मुकुण्डोलाई तल चोकमा राखिएको थियो। यसको मतलव त मलाई पनि थाहा छैन। तर त्यसबेला मलाई नवदुर्गाको मुकुण्डो त्यहाँबाट लिएर नगएसम्म मलाई तल आउन दिएन।

कुमारी भएको केटीले विवाह गर्नु हुँदैन भन्ने भनाइ रहेको छ। यदि कुमारी भएको केटीले विवाह गरेमा उसको श्रीमानको मृत्यु हुन्छ भन्ने मान्यता रहेको छ। तर मभन्दा अघिका धेरै कुमारीले विवाह गरेको र उनीहरूको श्रीमानलाई केही नभएकोले तथ्य मैले सुनेको थिएँ। तापनि मलाई त्यसबेला केही डर लागेको थियो। कुमारीको निधारमा त्रिनेत्र चित्रित हुन्छ। जुन तेस्रो आँखा अटल हो। जसले विश्वको सबैलाई नास गरिदिन्छ भन्ने जनविश्वास छ।

कुमारीमा देवीको शक्ति छ भन्ने महसुस म कुमारीबाट हटेपछि भयो। त्यसबेला पहिलेदेखि चलिआएको नियमलाई पालना नगरी दाँत झरेको कुमारी छानिएको थियो। जुन तलेजु मन्दिरको लागि अशुभ थियो। त्यस वर्ष नवमीको दिन बलिका लागि राखिएका जनावरहरूको मृत्य भएको थियो।

म कुमारी हुँदा त्यति बोल्दिन थिएँ। बिहान पूजा सकेपछि भोजन गराउँथ्यो। त्यसपछि म एक्लै बसिरहन्थे। दिउँसो बाहिरका साथीहरू मसँग खेल्न आउँथे। कुमारी घरबाट निस्केर घरमा बस्दा पनि चिनेका मानिसहरूले बाटोमा भेट्दा पैसा चढाउने र प्रसाद दिएर जान्थ्यो। मलाई त्यस्ता दिनहरू सम्झँदा अहिले पनि रमाइलो लाग्दछ। एक दिन कुमारी घरमा खेल्दै गर्दा म लडेँ। त्यसबेला मेरो एउटा दाँत झऱ्यो। अनि म कुमारी हुन अयोग्य भएँ। त्यसपछि मलाई कुमारीबाट निकालिएको दाइ बताउनु हुन्थ्यो। तर मलाई त्यो घटना याद छैन।

*(स्रोत : मजदुर दैनिक)*

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासी स्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७७ कार्तिक ६ गते, बिहिबार

**उपस्थिति**

१. प्रमुख श्री सुनिल प्रजापति उपस्थित
२. उपप्रमुख श्री रजनी जोशी ऐ
३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री ऐ
४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला ऐ
५. वडाध्यक्ष श्री राजकृष्ण गोरा ऐ
६. वडाध्यक्ष श्री कुमार चवाल ऐ
७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य ऐ
८. वडाध्यक्ष श्री हरिराम सुवाल ऐ
९. वडाध्यक्ष श्री उकेश कवां ऐ
१०. वडाध्यक्ष श्री महेन्द्र खायमली ऐ
११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व ऐ
१२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौमिखा ऐ
१३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल ऐ
१४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) ऐ
१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) ऐ
१६. नगर कार्यपालिका सदस्य श्री सरिना ह्योला ऐ
१७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल ऐ
१८. सचिव श्री रामलाल श्रेष्ठ ऐ

## निर्णयहरू

### ल.इ. पेश्की फछ्र्यौट, म्याद थाप र भुक्तानी

| क्र.सं | योजनाका विवरण | वडा नं. | बजेट | ल.ई.रकम | रि ल.ई. रकम | पेश्की | भुक्तानी रकम | खर्च रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | |
| १ | ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माण कार्य अर्न्तगत प्लम्बिङ र स्यानिटरी सामान जडान कार्य | १ | नपा | १,५४४,५७६।३८ | १,६४२,०६७।०४ | | | | | | | ट्वाइलेट र अन्य थप नयाँ कार्य गर्नुपर्ने भएकोले |
| | **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | | |
| १ | यालाछैं उकालोदेखि बालाखु गणेश मन्दिर सम्म ढुङ्गा छपाइ | २ | नपा | ५,४४४,५३३।१५ | | २,०००,०००।०० | १,२०२,११९।०० | ३,२०२,११९।५५ | ३,२७८,५०२।३७ | चालु | लक्ष्मी प्रसाद सुवाल | पहिलो पेश्की रू १६,५०,००० आ.पे.फ. भई नपुग रू ३,०५,५५०।०० भुक्तानी भई थप पेश्की रू २,००,०००।०० मात्र दिने |
| २ | रानी पोखरी संरक्षण कार्य | १ | नपा | ६,४६७,१४८।३० | | १,५००,०००।०० | ४३०,४२८।०० | १,९३०,४२८।०० | १,९७८,५१२।८५ | चालु | श्याम सुन्दर बाटी | थप रू २१,००,०००।०० मात्र पेश्की दिने |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | भोलाछें पोखरी निर्माण कार्य | ६ | नपा | ३,१३९,२९१।४७ | | ३००,०००।०० | ६४७,३६०।६५ | २,८१४,५०९।५५ | ३,९६४,५४४।९८ | सम्पन्न | कुष्ण भक्त दुवाल | पहिलो पे.फ. रू १०,००,०००।०० फछ्यौंट गरी रू १८,६७,१४८।९० भुक्तानी लगिसकेको |
| ४ | हनुमानघाट स्थित मु:दिपको उत्तर तर्फको पर्खाल निर्माण तथा वातावरण सुधार कार्य गर्ने | | नपा | १,९६२,८०३।८५ | | ५००,०००।०० | ७७१,३२३।४६ | १,२७१,३२३।४६ | १,३९३,२७२।५९ | सम्पन्न | आस काजी बनमाला | बाँकी रकम भुक्तानी महलबाट |
| | **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | |
| १ | रानी पोखरी संरक्षण कार्य | १ | नपा | | २०७७/०३/३० सम्म म्याद थप भएकोमा मिति २०७८ असार २५ सम्म म्याद थप गर्ने | | | | | | | लकडाउनको कारण कार्य ढिला भएकोले |
| १ | च्यासिं मण्डप निर्माण कार्य | ५ | नपा | | मिति २०७७ फागुन मसान्तसम्म म्याद थप गर्ने | | | | | | | लकडाउनको कारण कार्य ढिला भएकोले |
| | **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | |
| १ | ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माण कार्य अर्न्तगत प्लम्बिङ र स्यानिटरी सामान जडान कार्य | ९ | नपाङ्ग | | | | १,०९६,५५५।८४ | | १,५८७,४६७।०५ | | सुन्दर कन्स्ट्रक्सन | |
| २ | Internet Connection (FTTE-Standard Package 40/40 mbps) | ९ | नपा विपद व्यवस्थापन कोष | | | | २५,४२५।०० | | | | | खर्च ब्यहोर्ने स्रोत प्रकोप व्यवस्थापन कोष |
| ३ | ब्रम्हायणी बहुउद्देश्यीय भवनमा कोटा स्टोन छाप्ने, ग्रिल फिटिङ्गङ्गङ्गङ, मुठः फिटिङ, छाना छाउने कार्य | ९ | नपा | | | | २६३,२००।०० | | | | | |
| | **अन्य** | | | | | | | | | | | |
| १ | Street light जडान कार्य (ठेक्का नं. bktmun/NCB/works/16/076/77) को लागि प्रयोग हुने Luminaires को आवश्यक Inspection र Testing प्रयोजनार्थ Factory Acceptance Test को लागि Manufacturer's Factory visit को लागि हालको COVID-19 कोरोना भाइरसको सङ्क्रमण महामारीका कारण भक्तपुर नगरपालिका कार्यालयका प्रतिनिधिहरूलाई पठाउन सम्भव नभएकोले सम्झौताको Specification अन्तर्गत 7.1.4 clause अनुसार Third Party Inspection का लागि Expert Team को प्रतिवेदनअनुसार Specificaton मा उल्लेखित Bureau Veritas, TATA र TUV Nord मध्ये TUV Nord लाई Third Party Inspection गराउन उपयुक्त राय प्राप्त भएको हुँदा सोही बमोजिम TUV Nord लाई Third Party Inspection को लागि छनौट गर्ने निर्णय अनुमोदन गरियो । | | | | | | | | | | | |
| २ | बाराही पुल पुन:निर्माण कार्य (पहिलो चरण) को लागि ट्रान्सफर्मर सार्नुपर्ने भएकोले ने.वि.प्रा. बाट उक्त ट्रान्सफर्मर सार्नको लागि कुल लागत अनुमान रू. १,२१,७२२।६८ (भ्याटसहित) देखिएको र ने.वि.प्रा.को कार्यविधि २०७६ को बुँदा नं. ९ (१) अनुसार स्थानीय निकायले कुल लागतको ७० प्रतिशत व्यहोर्नुपर्ने भएकोले कुल लागतको ७० प्रतिशत रू. ८५,२०५।८७ (भ्याटसहित) बजेट व्यवस्थापन गर्ने निर्णय अनुमोदन गरियो । | | | | | | | | | | | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क) भक्तपुर नगरपालिकाबाट चालू आ.व.०७७।७८ मा नपाको लागि आवश्यक १ थान एम्बुलेन्स (क्याटलग सपिङ्ग) विधिबाट खरिदको लागि मिति २०७७।६।९ र ११ गते प्रकाशित सिलबन्दी प्रस्ताव आह्वानको सुचनाअनुसार म्यादभित्र पर्न आएका प्रस्तावहरूमा प्रस्तावदाता सिप्रदी ट्रेडिङ्ग कम्पनीबाट TATA WINGER 3200WB HIGH AMBULANCE:BS4 टु–व्हिल ड्राइभ सस्पेन्सन चेन सिस्टम भएको प्रस्ताव पेश भएकोमा मूल्य भा.रु. १०,५०,०००।– र अन्य खर्च ने.रु. १,००,०००।– हुन आएकोमा आर्थिक प्रस्ताव स्थानीय तहले पैठारी गर्ने एम्बुलेन्सको परिधि भित्र नरहेको हुँदा उक्त कम्पनीलाई आर्थिक प्रस्तावमा सुविधा र मूल्य समायोजनको लागि पत्राचार गरिएकोमा सो अनुसार मूल्यमा छुट समायोजन गरी कुल भा.रु. ९,००,०००।– र ने.रु. १,४५,०००।– (अन्तशुल्क र भैरहवा, सुनौली हुँदै भक्तपुरसम्मको डेलीभरीसहित) को प्रस्ताव सारभूत रूपमा प्रभावग्राही भएकोले सो प्रस्ताव स्वीकृत गरी सिप्रदी ट्रेडिङ्ग कम्पनीसँग सम्झौता भएकोमा सो **सम्झौता अनुमोदन** गर्ने निर्णय गरियो।

ख) भक्तपुर नगरपालिका भित्रका नगरवासीहरूको स्वास्थ्यलाई ख्याल गरी नगरपालिकाले **अनलाइनमार्फत् शारीरिक अभ्यास तालिम सञ्चालन** गर्ने निर्णय गरियो।

ग) भक्तपुर नगरपालिकाद्वारा सञ्चालित आइसोलेसन केन्द्रमा वाशिङ्ग मेशिन २ थान, टिभी १ थान उपलब्ध गराए वापत रु. ४,९७,२०१।– वर्ल्ड भिजन इन्टरप्राइजेजलाई **भुक्तानी दिने** निर्णय गरियो।

घ) भक्तपुर नगरपालिकाद्वारा सञ्चालित आइसोलेसन केन्द्रमा कम्प्युटर र प्रिन्टर खरिद गरेवापत रु. ८६,५००।०१ एक्स्प्लोर आई.टी.इन्टरप्राइजेजलाई **भुक्तानी दिने** निर्णय गरियो।

ङ) नपाद्वारा सञ्चालित बा ३ च को एम्बुलेन्सको मर्मत् वापत रु. ३,३००।लक्ष्मीनारायण सुवाललाई **भुक्तानी दिने** निर्णय गरियो।

च) भनपाद्वारा सञ्चालित को १ स १६८६ को ट्राइसाइकलले मिति २०७६ माघ १० गते बा ६९ प ९६११ को मोटरसाइकललाई ठक्कर दिंदा क्षति भई मर्मत गरेवापत रु. ९,७७५।– लक्ष्मी अटो वर्क शपलाई **भुक्तानी दिने** निर्णय गरियो।

छ) भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा ३ च ८७९ को फोहोरमैला सङ्कलन गर्ने गाडी मर्मत गरेवापत रु. ५५,९०६।७५, बा ३ च ८७३ को गाडी मर्मत वापत रु. ६६,१६१।५० र नपाको बा ३ च को एम्बुलेन्स गाडी मर्मत वापत् रु. ७२,८५६।७५ गरी कुल रु. १,९४,९२५।– अजिमा अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो।

ज) नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु.७,५७०।– बालकृष्ण खाजाघरलाई **भुक्तानी दिने** निर्णय गरियो।

झ) नपामा विभिन्न समयमा जुस उपलब्ध गराए वापत रु. ६,९९०।– एच.एस. जुस सेन्टरलाई **भुक्तानी दिने** निर्णय गरियो।

ञ) वडा नं ९ का वडाअध्यक्ष श्री रबिन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाद्वारा ब्रम्हायणी बहुउद्देश्यीय भवनमा सञ्चालित आइसोलेसन केन्द्र व्यवस्थापनका लागि प्रकोप व्यवस्थापन कोषबाट रु. १५,००,०००।–(पन्ध्र लाख मात्र) पेश्की लिई रु. १५,१७,४५८।५९ खर्च गरी नपुग रकम रु. १७,४५८।५९ माग गरिएकोमा निजको नाउँको पे.फ. गरी नपुग रकम भुक्तानी दिने निर्णय गरियो। साथै, उक्त आइसोलेसन केन्द्र व्यवस्थापन गर्न यस कोषबाट थप रु. ५,००,०००।–(पाँच लाख मात्र) **पेश्की दिने** निर्णय गरियो।

# मिति २०७७ कार्तिक २६ गते, बुधबार

## निर्णयहरू

मिति २०७७/०७/२४ गतेको निम्न निर्णयहरू अनुमोदन गरियो :

| १. मिति २०७७/०७/२४ गतेकोनिम्न निर्णयहरू अनुमोदन गरियो : | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | योजनाका विवरण | वडा नं | बजेट | ल.ई.रकम | रि ल.ई. रकम | पेश्की | भुक्तानी रकम | खर्च रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
| **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | जगाती चोकदेखि आदर्श भीमसेन तीनदोबाटो ढुङ्गे पुलसम्म खानेपानी लाइन राख्ने कार्य | ७ | खानेपानी | ५,०९,५३५।९८ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **रिभाइज्ड इष्टिमेट स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | च्यासिलिङ् मण्डप पुन:निर्माण कार्य | ५ | नपा | ३२,७०,१७०।०० | ४,८१,१७०६।१३ | | | | | | | पुरानो सामान मक्किएर काठको परिमाण बढेको |
| २ | यालाछैं उकालोदेखि बालाखु गणेश मन्दिरसम्म ढुङ्गा छपाइ कार्य | २ | नपा | ५४,४४,५३३।१५ | ६०,९१,४७०।९४ | | | | | | | स्थानीयहरूको मागअनुसार ढुङ्गामा चिजेलिङ्ग र कार्य क्षेत्र वृद्धि |
| **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भ.न.पा. ३ नं. वडा कार्यालय निर्माण कार्य | ३ | नपा | ९८,८७,५८०।५० | | ३२,०००,००।०० | ८,७६,४६९।०० | ४०,७६,४६९।०० | ४,५९४,४५८।०८ | आ.पे.फ | रामसुन्दर खाताखो | दोश्रो पेश्की रू.३२,००,०००। दिने |
| २ | अरनिको सभाभवन पर्खाल निर्माण कार्य | ६ | नपा | ३१,०९,९४६।०९ | | २०,००,०००।०० | | ६,२९,२५१।०० | ११,४९,२८५।७१ | टेन्चस म्मसम्पन्न | जगनाथ सुजखू | १३,७९,३७७।०० बैंक दाखिला |
| ३ | च्यासिलिङ् मण्डप पुन:निर्माण कार्य | ५ | नपा | ३२,७०,१७०।०० | ४८,११,७०६।१३ | १५,००,०००।०० | १७,०२,२९८।०० | ३२,०२,२९८।०० | ३३,९२,८१७।०० | आ.पे.फ | राजाराम चवाल | थप पेश्की ५,००,००० दिने |
| ४ | वत्सलादुर्गा मन्दिर पुन:निर्माण कार्य | ३ | नपा | १,२८,६२,२१३।८३ | अन्तिमपे.फ. | ३५,०००,००।०० | | १५,४७,४८१।०० | २१,९९,००२।११ | सम्पन्न | रामहरि गोरा | ६,२७,५१०। आर्थिक सहयोग बैंक दाखिला |
| | | | | | कुलपे.फ. | ९४,००,०००।०० | २,६५,७४५।६६ | ७७,१३,२२६।६६ | ९६,६८,९३१।२८ | | | १९,५२,५१९।०० बैंक दाखिला |
| ५ | यालाछें उकालोदेखि बालाखु गणेश मन्दिरसम्म ढुङ्गा छपाइ | २ | नपा | ५४,४४,५३३।१५ | ६०,९१,४७०।९४ | १६,५०,०००।०० | ३,०५,५५०।३७ | १९,५५,५५०।३७ | २५,२३,५२६।४१ | सम्पन्न | लक्ष्मी प्रसाद सुवाल | पहिलो पे.फ. |
| | | | | | | २०,००,०००।०० | १४,९६,८१५।५५ | ३४,९६,८१५।५५ | ३५,३८,९०४।३९ | | | अन्तिम पे.फ |
| | | | | | | ३६,५०,०००।०० | १८,०२,३६५।९२ | ५४,५२,३६५।९२ | ६०,६२,४३०।८० | | | कुल पे.फ |
| **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | सडक बत्ती जडान कार्य (ठेक्का नं. bktmun/NCB/works/16/076/77 | नेपाल सरकार विशेष अनुदान | | २०७७ कार्तिक २५ गतेसम्म म्याद भएकोमा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७/४/१६ गतेको प.सं. २०७७/७८ च.नं. १९ को पत्रअनुसार र कोभिड–१९ को कारण म्याद थप गर्नुपर्ने भएकोले मिति २०७७ पुस २५ गतेसम्म म्याद थप गर्ने । | | | | | | | | |
| २ | च्यासिलिङ् मण्डप पुन:निर्माण कार्य | ५ | नपा | २०७६ चैत २५ गतेसम्म म्याद भएकोमा कोभिड–१९ को कारण बजारमा काठको अभाव भएकोले मिति २०७७/१०/३० गतेसम्म म्याद थप गर्ने । | | | | | | | | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो –

क. भक्तपुर नगरपालिकाका स्थानीय वासिन्दा मुनु कोजूलाई शैक्षिक ऋण दिने सम्बन्धमा निजको शैक्षिक प्रमाणपत्रको सक्कल प्रति निज अध्ययनरत विराट मेडिकल कलेजमा रहेकोले उक्त कलेजबाट सोको आधिकारिक जानकारी प्राप्त गरी निजबाट सक्कल प्रमाणपत्र पछि बुझाउने शर्तमा निजलाई **शैक्षिक ऋण प्रदान गर्ने** निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकाले स्नातक तहमा राजनीति शास्त्र र संस्कृति विषय लिई अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति दिने निर्णय बमोजिम नपाद्वारा सञ्चालित ख्वप कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई **छात्रवृत्ति प्रदान गर्ने** निर्णय गरियो ।

ग. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराएवापत रु.२,०२०।– भ्mछँ खाजा घरलाई **भुक्तानी दिने** निर्णय गरियो ।

घ. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराएवापत रु.९,६३०।– ब्रदर्श क्याफेलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ङ. वडा नं. १ का वडाअध्यक्ष श्री श्यामकृष्ण खत्रीलाई भक्तपुर नगरवासीहरूको शारीरिक तथा मानसिक विकास गर्ने उद्देश्यले तयार पारेको शारीरिक अभ्यास प्रशिक्षण तालिम भादगाउँ टेलिभिजनबाट छायाँकन एवं प्रसारण गराएवापत रु.२२,६६०।– **भुक्तानी दिइएको अनुमोदन** गरियो ।

**एङ्गेल्सको द्वि शताब्दीऔं जयन्ती**

# एङ्गेल्सका कृतिहरूमाथि परिचर्चा




विश्व सर्वहारा वर्गका महान् गुरु एवम् दार्शनिक फ्रेडरिक एङ्गेल्सको २०० औं जन्म दिवसको अवसरमा मङ्सिर १३ गते नेपाल क्रान्तिकारी मजदुर सङ्घ केन्द्रीय समितिको आयोजनामा एङ्गेल्सका कृतिहरूमाथि परिचर्चा कार्यक्रम भयो ।



अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले संसारभर श्रमिक जनताको आन्दोलन र सङ्घर्ष उठिरहेको अवस्थामा मजदुर-किसानको राजनीतिक दलको सान्दर्भिकता बढ्दै गएको बताउनुभयो । उहाँले निश्चित परिस्थितिमा राजनीतिक दलको जन्म हुने र परिस्थितिमा आएको परिवर्तनअनुसार दलहरूले काम गर्न नसके समयसँगै तिनीहरू ऱ्हास हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'एङ्गेल्सका समाजवादः काल्पनिक वा वैज्ञानिक, साम्यवादका सिद्धान्त, जर्मनी र फ्रान्सका किसानहरूको आन्दोलन, मार्क्सको समाधिस्थलमा दिनुभएको भाषण आदि कृतिको पनि चर्चा हुन आवश्यक छ । उहाँले विभिन्न देशका कम्युनिस्ट र मजदुर पार्टीलाई दिनुभएको सल्लाहको अध्ययन गर्न जरुरी छ ।'

अध्यक्ष बिजुक्छेँले दिवस र जन्म जयन्ती मनाउँदा सम्बन्धित व्यक्तिका कृति र योगदानबारे अघिबाट नै अध्ययन थाल्नुपर्नेमा जोड दिनुभयो ।



प्रकाश धौबजीश्रेष्ठ

कार्यक्रममा नेपाल प्राध्यापक समाजका उपाध्यक्ष प्रकाश धौबजीश्रेष्ठले एङ्गेल्सको कृति 'परिवार, निजी सम्पत्ति र राज्यसत्ताको उत्पत्ति' कृतिबारे चर्चा गर्नुहुँदै मानव समाजको विकासक्रममा मार्क्सवादी दृष्टिकोणबारे प्रकाश पार्नुभयो ।




राजेन्द्र चवाल

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय अध्यक्ष राजेन्द्र चवालले एङ्गेल्सले काम गर्दाताकाको युरोपबारे प्रकाश पार्नुभयो । उहाँले मार्क्ससँग एङ्गेल्सको वैचारिक मित्रता उदाहरणीय भएको बताउनुभयो । एङ्गेल्सको कृति 'बेलायतका मजदुरवर्गको अवस्था'बारे चर्चा गर्दै तत्कालीन बेलायती मजदुरहरूको दयनीय अवस्थाले उहाँलाई मार्क्ससँग नजिक पुऱ्याएको बताउनुभयो ।

कार्यक्रममा नेक्रामसङ्घका उपाध्यक्ष उपेन्द्र सुवाल र सचिव राजवीर डंगोलले पनि बोल्नुभएको थियो ।

कोरोनाबाट बच्न पटक पटक
साबुन पानीले हात धोऔं ।
शारीरिक दूरी कायम गरौं ।

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं ।

# प्रदूषण गर्ने उद्योग स्थानान्तरणबारे प्रमुख प्रजापतिसँग कार्यदलका संयोजक रेग्मीको भेट

भक्तपुर नगरपालिका वडा नं. २ स्थित भक्तपुर औद्योगिक क्षेत्रभित्र सञ्चालित ध्वनि र धुँवा प्रदूषण गर्ने उद्योग स्थानान्तरणबारे भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव डा. नारायणप्रसाद रेग्मी नेतृत्वमा आएको टोलीले मङ्सिर १२ गते भक्तपुरमा भेट भयो ।



भक्तपुर औद्योगिक क्षेत्रभित्र सञ्चालित ध्वनि, धुँवा र रसायन प्रदूषण गर्ने उद्योगहरू बन्द गर्न स्थानीय जनताको मागपछि उद्योग मन्त्रालयबाट गठित कार्यदलको तर्फबाट आएको टोलीसँग नगर प्रमुख प्रजापतिले भक्तपुर औद्योगिक क्षेत्रलाई घरेलु तथा साना उद्योग वा हस्तकला ग्रामको रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै उद्योग क्षेत्रभित्र सञ्चालित धुँवा, धूलो फाल्ने डाइङ, टेक्सटाइल र रङ्गरोगण उद्योगहरूलाई तत्काल उपयुक्त ठाउँमा स्थानानान्तरण गर्नुपर्नेमा जोड दिनुभयो ।

स्थानीय किसानको जग्गा सस्तोमा अधिग्रहण गरी भक्तपुर साना उद्योग क्षेत्र स्थापना गरिएकोमा स्थापनाको उद्देश्यविपरीत ध्वनि, धुवाँ, रसायन प्रदूषण फाल्ने टेक्सटाइल, डाइङ, रङरोगन, प्लास्टिक उद्योगलगायतका उद्योगहरू सञ्चालनप्रति जनताको विरोध रहँदै आएको हुँदा सरकारकै नीतिअनुरुप ती उद्योगहरू उपत्यका बाहिर स्थानान्तरण गर्नुपर्ने उहाँले बताउनुभयो ।

उहाँले भक्तपुर नपालाई उद्योग क्षेत्रमा स्थापित कतिपय उद्योगीहरूले नपाको निर्देशन पालना नगरेको र नपालाई तिर्नुपर्ने करसमेत नतिरी सञ्चालन गरिरहेकोतर्फ ध्यानाकर्षण गराउनुहुँदै विश्व सम्पदा सूचीमा सुचीकृत भक्तपुरको मानव स्वास्थ्यलाई हानि पुऱ्याउने खालका प्रदूषण फाल्ने उद्योगहरूलाई पहिलो चरणमा स्थानान्तरणको लागि आवश्यक पहल गरिदिन आग्रह गर्नुभयो ।

बैठकमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव डा. नारायणप्रसाद रेग्मीले भक्तपुर औद्योगिक क्षेत्रभित्र सञ्चालित उद्योगबारे जनताको गुनासो सम्बोधन हुने ढङ्गले उद्योगहरू स्थानान्तरणको विषयमा स्थायी समस्या समाधानको लागि आफूहरू तयार रहेको बताउनुभयो । साना उद्योगको रूपमा स्थापित सो उद्योगहरूमा हाल जथाभावी जनचाहना विपरीत मानव स्वास्थ्यलाई हानि पुऱ्याउने ढङ्गले उद्योग सञ्चालन भइरहेकोमा मन्त्रालय नै अनभिज्ञ रहेको टोलीका एक प्रतिनिधिले बतायो ।

बैठकमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ, वडाध्यक्ष हरिप्रसाद बासुकला, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका (कानुन) का उपसचिव बालकृष्ण निरौला र उपसचिव एकदेव अधिकारीको उपस्थिति थियो ।

## हार्दिक समवेदना



**स्व. न्हुछेमाया बज्राचार्य**

जन्म : १९९३ असोज | निधन : २०७७ मंसिर १३

भक्तपुर नगरपालिकाका कर्मचारी दिव्यलक्ष्मी बज्राचार्यका ममतामयी माता **न्हुछेमाया बज्राचार्य**को दुःखद निधनमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

# कीर्तिपुर र दक्षिणकाली नपाको टोली भक्तपुरमा

**कीर्तिपुर नगरपालिका**

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनबीच भक्तपुरमा कार्तिक १९ गते भेट भयो। भक्तपुर नगरपालिकाले नगरका विभिन्न सम्पदाहरूमा गरिरहेको रात्रीकालीन बत्ती व्यवस्थाहरू स्थलगत अवलोकनको लागि भक्तपुर पुग्नुभएका प्रमुख महर्जन, उपप्रमुख सरस्वती खड्का र प्रमुख प्रशासकीय अधिकृत सीता परियारले प्रमुख प्रजापतिसँग नगरपालिकामा भेट गर्नुभएको हो।



दुइ नगर प्रमुखहरूको भेटमा सम्पदा संरक्षणलगायत दुइ नगरबीच सांस्कृतिक आदान प्रदानबारे छलफल भयो।

भेटमा नगर प्रमुख प्रजापतिले भक्तपुरको पर्यटन विकासका लागि भइरहेको प्रयासहरूलाई थप प्रभावकारी र व्यवस्थित गर्ने उद्देश्य लिएर अगाडि बढिरहेको बताउनुहुँदै कोभिड १९ का कारण यहाँको पर्यटन क्षेत्रमा पुगेको असर र चुनौतीहरूबारे जानकारी गराउनुभयो।

भक्तपुरमा आन्तरिक पर्यटन प्रवर्द्धनको लागि सांस्कृतिक केन्द्र निर्माण गर्ने सोच रहेको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले कोभिड १९ को जोखिमका कारण भक्तपुर महोत्सव स्थगित गर्नु परेको बताउनुभयो। भक्तपुर नगरपालिकाले अनलाइनमार्फत शारीरिक व्यायाम प्रशिक्षण सुरु गरिरहेको, भक्तपुरको विकास निर्माण स्थानीय जनसहभागितामा चालु रहेको बताउनुहुँदै उहाँले भक्तपुरको सांस्कृतिक एवम् ऐतिहासिक महत्त्व बोकेका सम्पदा क्षेत्रहरूमा रातको समयमा पनि उतिकै आकर्षक बनाउने उद्देश्यले क्रमशः व्यवस्थित बत्तीको व्यवस्था गरिरहेको बताउनुभयो।

भेटमा कीर्तिपुरका नगर प्रमुख महर्जनले भक्तपुरको सम्पदाहरूमा बत्ती व्यवस्था गर्ने प्रविधि कीर्तिपुर नपाले पनि सिक्न चाहेको बताउनुभयो। कीर्तिपुर नगरपालिकाको सम्पदा बस्तीहरूमा मौलिकता जोगाउने ढंगले पुरानै शैलीमा घर पुनःनिर्माण तथा जीर्णोद्धार कार्यमा जोड दिइरहेको बताउनुहुँदै प्रमुख महर्जनले कीर्तिपुरको हाते तानको प्रविधि लोप हुने क्रममा रहेको हुँदा सोको संरक्षणमा नगरवासीहरूलाई उत्साहित गर्ने कार्यहरूलाई प्राथमिकता दिइरहेको बताउनुभयो।

भेटपश्चात भक्तपुर नपाका उपप्रमुख रजनी जोशी नेतृत्वको टोलीले उहाँहरूलाई दरबार क्षेत्रलगायत भक्तपुरका विभिन्न सम्पदा क्षेत्रहरूको संध्याकालीन दृष्यहरू स्थलगत अवलोकन गराउनुभयो।

**दक्षिणकाली नगरपालिका**

त्यस्तै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र दक्षिणकाली नगरपालिकाका उपप्रमुख बसन्ती तामाङ (डंगोल) को नेतृत्वमा आएको टोलीबीच मङ्सिर १२ गते भेट भयो।

नगर प्रमुख प्रजापति र भक्तपुरको दरबार क्षेत्रमा अवस्थित राष्ट्रिय कला सङ्ग्रहालयको स्थलगत अवलोकनको लागि भक्तपुर पुग्नुभएका दक्षिणकाली नपाका उपप्रमुख तामाङ नेतृत्वको टोलीबीच भक्तपुरको शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण र विकास निर्माणलगायतका विभिन्न विषयमा छलफल भयो।

सांस्कृतिक नगर भक्तपुरमा स्वागत गर्नुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिका नयाँ सङ्ग्रहालय निर्माणको क्रममा रहेको र भक्तपुर नपालाई देशकै नमुना नगरपालिका



भक्तपुर नपाका प्रमुख, उपप्रमुखलगायतसँग दक्षिणकाली नगरपालिकाको टोली

बनाउने उद्देश्य रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाभित्र अवस्थित ऐतिहासिक तथा सांस्कृतिक महत्त्व बोकेका सम्पदाहरू परम्परागत शैलीमै जीर्णोद्धार र पुनःनिर्माणमा जोड दिँदै आइरहेको बताउनुहुँदै उहाँले सम्पदा संरक्षण कार्यमा भक्तपुरका जनताको साथ र सहयोग निरन्तर पाइरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको विशेषता र योगदानबारे चर्चा गर्नुहुँदै नगर प्रमुख प्रजापतिले देशका अरु स्थानीय तहहरूले पनि शैक्षिक संस्था सञ्चालन गरी बहुसङ्ख्यक जनतालाई कम शुल्कमा गुणस्तरीय उच्च शिक्षा प्रदान गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाले कोभिड नियन्त्रणमा गरेका गतिविधि र प्रयासहरूबारे अवगत गराउनुहुँदै उहाँले नगरपालिकाले ७५ शय्याको आइसोलेसन केन्द्र व्यवस्थित रूपमा सञ्चालन गरिरहेको र अनलाइनमार्फत शारीरिक अभ्यासको तालिम पनि सुरुवात गरिसकेको बताउनुभयो ।

छलफलमा उठेका जिज्ञासामाथि प्रस्ट पार्नुहुँदै प्रमुख प्रजापतिले नगरपालिकाले दक्ष जनशक्ति उत्पादनको निम्ति डकर्मी र सिकर्मीको तालिम सञ्चालन गरिरहेको, मौलिक शैलीको घर निर्माण गर्न स्थानीय जनतालाई उत्साहित गर्दै अनुदानको व्यवस्था गर्दै आइरहेको, जनज्योति पुस्तकालयको स्तरोन्नति, कोभिड महामारीका कारण जनप्रतिनिधिहरूको अगुवाईमा भक्तपुरका प्रसिद्ध जात्राहरू स्थानीय जनतासँगको सल्लाहमा शान्तिपूर्वक रूपमा स्थगित गरेको बताउनुभयो ।

भेटमा दक्षिणकाली नपाका उपप्रमुख बसन्ती तामाङले भक्तपुरको कला सङ्ग्रहालय व्यवस्थापन, संस्कृति, सम्पदा संरक्षण, विकास निर्माणलगायतका कार्यहरूबाट आफूहरूले पनि सिक्न चाहेको बताउनुभयो । करिब एक वर्ष अगाडि भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको निरीक्षणको क्रममा भक्तपुरको अध्ययन अवलोकन गरेको स्मरण गर्नुहुँदै सो क्रममा भक्तपुरबाट धेरै कुरा सिक्ने अवसर प्राप्त भएको उहाँले बताउनुभयो ।

दक्षिणकाली नपा ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाहरू जगेर्ना गर्ने हेतुले अगाडि बढिरहेको बताउनुहुँदै उहाँले छिमेकी नगरपालिकाहरूसँग भगिनी सम्बन्ध कायम गर्न आफूहरू इच्छुक भएको बताउनुभयो ।

दक्षिणकाली नपाले कोभिड नियन्त्रण र रोकथामका क्रममा धेरै चुनौतीहरू सामना गर्नुपरेको बताउनुहुँदै नगरपालिकाले जनताको मागअनुरुप कोभिड बीमा गरेको र नपाको आफ्नै स्रोतबाट पीसीआर परीक्षण गर्ने योजना रहेको उहाँले बताउनुभयो । कोभिड नियन्त्रणकै सिलसिलामा दक्षिणकाली नपाले २० शय्याको आइसोलेसन केन्द्र सञ्चालनमा ल्याएको उहाँले बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले स्वागत गर्नुभएको उक्त कार्यक्रममा भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले पनि बोल्नुभएको थियो ।



दक्षिणकाली नगरपालिकाको टोली अवलोकनमा

टोलीलाई भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ र प्रशासकीय अधिकृत दामोदर सुवालले खादा ओढाई पुष्पगुच्छासहित स्वागत गर्नुभएको थियो ।

उपप्रमुख रजनी जोशी नेतृत्वको टोलीले दक्षिणकाली नपाका प्रतिनिधिमण्डललाई नगरपालिकाको सम्पूर्ण शाखा तथा उपशाखा, नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालय, भक्तपुर दरबार क्षेत्रस्थित राष्ट्रिय कला सङ्ग्रहालय, तलेजु परिसर, पचपन्न झ्याल दरबार, वत्सला मन्दिर, पाँचतले मन्दिर, भैरवनाथ मन्दिरलगायतको स्थलगत अवलोकन गराउनुभयो ।

भेटमा भक्तपुर नपाका जनप्रतिनिधि, दक्षिणकाली नपाका जनप्रतिनिधिहरू, शेषनाराण मन्दिरका पुजारी, फर्पिङ जात्रा पर्व संरक्षण समिति, टोल सुधार समिति, जननेत्र पुस्तकालय तथा विभिन्न शाखा–उपशाखाका पदाधिकारीहरूको उपस्थिति रह्यो ।

नगर प्रमुख प्रजापतिले उहाँहरूलाई नगरपालिकाद्वारा प्रकाशित फोटो पुस्तक र केही प्रकाशनहरू उपहारस्वरुप प्रदान गर्नुभयो ।

# हनुमन्ते खोलामा रसायनयुक्त तरल पदार्थ मिसाएकोमा स्थानीयको विरोध

भक्तपुर नगरपालिका वडा नं ८ लिबाली र थुसाचा हुँदै बग्ने हनुमन्ते खोलामा सोही स्थानमा रहेको ओम सञ्जीवनी डेरी प्रालिले मानव स्वास्थ्यको लागि हानिकारक रसायन मिसिएको सेतो तरल पदार्थ निष्कासन गरेकोमा स्थानीय जनताले विरोध गरेका छन् । पूरा खोला नै सेताम्य हुने गरी सेतो रङको विषाक्त पानी खोलामा मिसाएपछि स्थानीय जनताले विरोध गरेका हुन् ।



'यसअघि पनि यसरी सेतो तरल पदार्थ खोलामा मिसाउने गरिएको थियो । मङ्गलबार (९ गते) भने ठूलो परिमाणमा त्यस्तो तरल पदार्थ खोलामा मिसाएको देखियो', स्थानीय कृष्णगोविन्द लाखाले भन्नुभयो ।

मङ्गलबार बिहान खोलामा मिसाइएको सेतो तरल पदार्थले थुसाचादेखि हनुमानघाटसम्मको खोला सेतै देखिएको थियो ।

यसअघि खोला सुधारको निम्ति भएका बैठकमा स्थानीयले खोलामा विषाक्त पानी नमिसाउन आग्रह गर्दा सो डेरीका प्रतिनिधिले उपरान्त त्यस्तो तरल पदार्थ खोलामा नमिसाउने प्रतिबद्धता व्यक्त गरेका थिए । तथापि, कहिले धेरै त कहिले थोरै गरी सेतो तरल पदार्थ खोलामा मिसाउने काम हुँदै आएको स्थानीयको भनाइ छ ।

जनस्वास्थ्यमा हानि पुऱ्याउने कस्टिक सोडा प्रयोग भएको तरल पदार्थ खोलामा मिसाएको जनगुनासो आएपछि भक्तपुर नगरपालिकाले अनुसन्धान थालेको छ । मङ्गलबार नै भक्तपुर नपाका कर्मचारीहरू उद्योगमा पुगी सो विषयमा सोधपुछ गरेको बताइएको छ । प्राप्त जानकारीअनुसार उद्योगको फ्यान बिग्रँदा १९ सय लिटर दूध र दही बिग्रेपछि खोलामा मिसाइएको थियो । यसअघि पनि उद्योगका उपकरण सफा गर्न कस्टिक सोडा प्रयोग गरिएको तरल पदार्थ खोलामा मिसाउने गरिँदै आएको थियो ।

भक्तपुर नगरपालिका वडा नं ८ का वडाध्यक्ष महेन्द्र खायमलीले खोलामा सेतो तरल पदार्थ मिसाएको विषयमा जनगुनासो आएपछि आवश्यक अनुसन्धानको लागि नगरपालिकाका कर्मचारी खटाई प्रतिवेदन बुझाउने प्रक्रिया अघि बढाइएको बताउनुभयो ।

खोलामा मिसाइएको सेतो तरल पदार्थ खोलाको दायाँ–बायाँ खेतीमा सिँचाइको लागि प्रयोग गर्दा बालीनालीमा खराबी गरेको स्थानीयको भनाइ छ । खोला छेउ खोलिएको उद्योगले यसरी जथाभावी रसायनयुक्त तरल पदार्थ खोलामा मिसाउनु पर्यावरण र जनस्वास्थ्यको लागि खराब भएकोले जिम्मेवार निकायले तत्काल कारबाही गर्नुपर्ने स्थानीय बासिन्दाको भनाइ छ ।

# कालदहचा र इन्द्रायणी पीठ ढुङ्गे धारामा सरसफाइ

लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा कालिदह (कालदहचा) र इन्द्रायणी पीठ ढुङ्गे धारामा कार्तिक २२ गते सरसफाइ कार्यक्रम भयो । सरसफाइपछि भएको कार्यक्रममा भनपा वडा नं. २ का सदस्य श्यामसुन्दर मातांले अरूको भरमा नभई हामी आफैले सफा गर्नुपर्ने र एक सहकारी एक सम्पदा सफाइ कार्यमा लोकेश्वर बचतले सहयोग गरेको बताउनुभयो ।

आयोजक संस्थाका अध्यक्ष राजन जतिले सहकारी संस्था वित्तीय कारोबारमा मात्र सीमित नभई सामाजिक र सांस्कृतिक कार्यमा पनि जुटिरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर जिल्ला भलिबल सङ्घका अध्यक्ष



एवं समाजसेवी विनोदचरण राय र संस्थाका सचिव कृष्णराम तुकंबन्जारले पनि बोल्नुभएको थियो ।

# नर्सिङ र सिभिलका विद्यार्थीहरूलाई मार्गनिर्देशन

भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थान नर्सिङ विभागका नवआगन्तुक विद्यार्थीहरूको मार्गनिर्देशन कार्यक्रम मङ्सिर १० गते सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि कलेज सञ्चालक समितिका अध्यक्ष एवम् नगर प्रमुख सुनिल प्रजापतिले विद्यार्थीहरूले आफ्नो पेशा र विषयमा दृढ विश्वास लिएर अगाडि बढ्न प्रेरित गर्नुहुँदै असफलताबाटै सफलता प्राप्त गर्ने ज्ञान हासिल हुने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले जनताको स्वास्थ्यलाई प्राथमिकतामा राखी ख्वप अस्पताल सञ्चालनको तयारीमा जुटिरहेको बताउनुहुँदै उहाँले कोरोना महामारीबीच निजी अस्पतालहरूले जनतालाई लुटिरहेको बताउनुभयो ।

विद्यार्थीहरू अरुबाट हौसला र प्रेरणा लिएर अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै सीपयुक्त विद्यार्थी तथा जनशक्तिहरू कहिल्यै भोको बस्नुपर्ने स्थिति नआउने उहाँले बताउनुभयो ।

नर्सिङका विद्यार्थीहरूले समर्पित भावना लिई बिरामीको सेवा गर्ने ढङ्गले आफ्नो पेशामा आबद्ध हुनुपर्ने भन्नुहुँदै नगर प्रमुख प्रजापतिले पढाई सँगसँगै व्यवहारिक ज्ञानको पनि सही सदुपयोग गर्नुपर्ने बताउनुभयो । उहाँले नवआगन्तुक विद्यार्थीहरूलाई व्यक्तिगत स्वार्थबाट टाढा रही समाज परिवर्तनको निम्ति काम गर्न प्रेरित गर्नुभयो ।

ख्वप बहुप्राविधिक अध्ययन संस्थान सञ्चालक समितिका सदस्य एवम् भनपा ९ नं. का वडाध्यक्ष रबिन्द्र ज्याख्वले संस्थान स्थापनाको उद्देश्य र परिचयबारे अवगत गराउनुभयो ।

भक्तपुरलगायत विभिन्न जिल्लाका विद्यार्थीहरूलाई सस्तोमा गुणस्तरीय नर्सिङ शिक्षा प्रदान गर्न संस्थानले सफलता हासिल गरिरहेको बताउनुहुँदै उहाँले नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले दक्ष र इमानदार जनशक्ति उत्पादनका साथै संस्कारयुक्त विद्यार्थी उत्पादन गरिरहेको बताउनुभयो ।

नयाँ पुस्ताका विद्यार्थीहरूमा अफ्नो देशप्रतिको सकारात्मक दृष्टिकोण हट्दै गइरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै वडाध्यक्ष ज्याख्वले आफूले सिकेको ज्ञान र सीपलाई समाजमा व्यवहारिक ढङ्गले उपयोग गर्नुपर्ने बताउनुभयो ।

ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्रमुख डा. रत्नसुन्दर लासिवाले गैरनाफामूलक संस्थाको रूपमा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानले देश र जनतामा समर्पित हुने दक्ष जनशक्ति उत्पादनमा जोड दिइरहेको बताउनुभयो ।




नर्सिङ पेशा संवेदनशील पेशा भएकोले आफ्नो पेशामा इमानदारीपूर्वक र असल व्यवहारबाट सबैमा सकारात्मक प्रभाव पार्ने ढङ्गले कार्य गर्न मार्गनिर्देश गर्नुभयो ।

कार्यक्रममा विभागीय प्रमुख सुमित्रा बुढाथोकी र नर्सिङ प्रथम वर्षका इन्चार्ज शोभालक्ष्मी प्रजापतिले पनि बोल्नुभएको थियो ।

त्यस्तै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नपाबाट सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा शैक्षिक सत्र २०७७/७८ मा सिभिल इन्जिनियरिङ विषय अध्ययनका लागि भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूको अभिमुखीकरण कार्यक्रम भौतिक दूरी कायम गरी मङ्सिर १५ गते भयो ।

कार्यक्रममा कलेज सञ्चालक समितिका अध्यक्ष एवम् नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले प्राविधिक शिक्षाको महत्त्वलाई मनन् गर्दै मुलुकमा प्राविधिक जनशक्तिको उत्पादन बढाउन यो विषयलाई प्राथमिकताका साथ लिएको बताउनुभयो ।

प्राविधिक शिक्षाले विद्यार्थीको क्षमता अभिवृद्धि गर्नुका साथै रोजगारीको अवसर पनि सिर्जना गर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले देशको योजनाबद्ध दिगो विकासको निम्ति प्राविधिक शिक्षाले निकै महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । प्राविधिक ज्ञानको सही सदुपयोगले देशको विकास निर्माणले तीव्रता पाउने बताउनुहुँदै उहाँले वर्तमान समयमा नैतिकवान र इमानदार नयाँ पुस्ताको आवश्यकता रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले अन्तर्राष्ट्रिय जगतमा प्रतिस्पर्धा गर्न सक्षम युवा जनशक्ति तयार गर्न ख्वप विश्वविद्यालय सञ्चालनको निम्ति आवश्यक तयारीमा जुटिरहेको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले विद्यार्थीहरूलाई आफ्नो शैक्षिक योग्यताका साथसाथै व्यवहारिक र सैद्धान्तिक ज्ञानको एकीकृत शक्तिले सफल र अब्बल तुल्याउँछ भन्नुभयो ।

# इन्टरनेट युद्ध : नयाँ प्रविधिबाट क्युवाली क्रान्तिलाई परास्त गर्ने संरा अमेरिकी योजना

मोबाइल फोन, इन्टरनेट र सामाजिक सञ्जालको यस युगमा संरा अमेरिकाले आकाशवाणी रेडियो र टेलिभिजनको समयदेखि नै सूचना प्रविधिको प्रयोग गरी क्युवामाथि आक्रमण गरिरहेको छ ।

संरा अमेरिकाले गएको जनवरी २०१८ मा क्युवा इन्टरनेट टास्क फोर्स बनाएको थियो । यो संरा अमेरिकाको क्युवाली क्रान्तिलाई परास्त गर्ने लामो ध्वंशात्मक योजनाको सिलसिला हो ।

आमसञ्चारको माध्यमबाट मनोवैज्ञानिक युद्धदेखि इन्टरनेटको माध्यमबाट प्रविधि युद्धसम्म संरा अमेरिकाले क्युवाली क्रान्तिविरुद्ध निरन्तर आक्रमण गरिरहेको छ । क्युवा प्रशासनको दक्षता, कुशलता र क्युवाली क्रान्तिप्रति जनताको साथले संरा अमेरिकी योजना विफल हुँदै आएको छ ।

**मार्च १७, १९६०**

तत्कालीन संरा अमेरिकी राष्ट्रपति ड्वाइट डी. आइजनहावरले क्युवाविरुद्ध एक गोप्य कार्ययोजनालाई प्रमाणीकरण गरे । सो योजनाअनुसार सीआईएलाई रेडियो स्टेसन सञ्चालन र राजनैतिक प्रोपागाण्डा गराइयो । मे १७, १९६० मा क्युवाली टापूमै पहिलो ११६० किलोहर्ज तरङ्गको रेडियो स्टेसन विकास भयो ।

**सेप्टेम्बर २२, १९८१**

राष्ट्रपति रोनाल्ड रेगनले एउटा कानुन बनाई क्युवामा रेडियो प्रसारणको लागि राष्ट्रपतीय आयोग गठन गरे र रेडियो मार्टीजस्ता संरा अमेरिकापरस्त रेडियो स्टेसनहरू स्थापना गरी क्युवामा नियोजितरूपमा कार्यक्रम प्रसारण योजना तयार गरियो ।

**मे २०, १९८५**

कट्टर क्युवाविरोधी रोनाल्ड रेगन प्रशासनद्वारा पहिलोपल्ट गैरकानुनीरूपमा रेडियो मार्टी नामको रेडियो प्रशारण क्युवाली टापूभरि तरङ्गित गरियो र क्युवाली समाजवादी क्रान्तिविरुद्ध 'लोकप्रिय विद्रोह' को नाममा उत्तेजित पार्ने काम भयो ।

---

➲ ख्वप बहुप्राविधिक अध्ययन संस्थान सञ्चालक समितिका सदस्य एवम् भनपा ९ नं. का वडाध्यक्ष रबिन्द्र




ज्याख्वले नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा उच्च शिक्षा हासिल गर्न विभिन्न जिल्लाबाट विद्यार्थीहरू सहभागी हुनु सुखद् पक्ष रहेको बताउनुहुँदै आफूमा भएको सीप तथा ज्ञान देश र समाजप्रति इमानदारीपूर्वक उपयोग गर्न आग्रह गर्नुभयो । विद्यार्थीहरू किताबी ज्ञानका साथै प्रयोगात्मक शिक्षामा पनि जोड दिएर अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै वडाध्यक्ष ज्याख्वले समग्रमा समाजको सकार ात्मक प्रगतिको निम्ति दक्ष जनशक्ति उत्पादनमा कलेजले जोड दिइरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष महेन्द्र खायमलीले कामदार वर्गका विद्यार्थीहरूलाई उच्च शिक्षा प्रदान गर्ने उत्कृष्ट थलोको रूपमा स्थापित भक्तपुर नपाद्वारा सञ्चालित कलेजहरूले स्थापनाकालदेखि भक्तपुरको शैक्षिक, सामाजिक र सांस्कृतिक स्तर उकास्न मद्दत पुऱ्याइरहेको छ भन्नुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत र ामलाल श्रेष्ठले स्थापनाकालदेखि स्थानीय सरकारको अभ्यास गरिरहेको भक्तपुर नपाले देशभरिका स्थानीय तहहरूको लागि शिक्षा, क्षेत्र तथा विकास निर्माणलगायतको क्षेत्रमा र ोग मोडलको रूपमा कार्य गरिरहेको साथै ख्वप विश्वविद्यालय स्थापनाको लागि आवश्यक पूर्वाधार विकासको क्रममा र हेको बताउनुभयो ।

ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्रमुख रत्नसुन्दर लासिवाले संस्थान स्थापनाको उद्देश्यबारे चर्चा गर्नुहुँदै प्रतिस्पर्धाको युगमा विद्यार्थीहरूलाई नयाँ नयाँ खोज र अनुसन्धानमूलक शिक्षा प्रदान गर्न संस्थान प्रयत्नशील रहेको बताउनुभयो ।

कार्यक्रममा सिभिल विभागका विभागीय प्रमुख र मेश सुवालले प्राविधिक शिक्षा क्षेत्रमा संस्थानले गरिरहेको योगदानबारे प्रष्ट पार्नुभयो ।

---

**मार्च २७, १९९०**

विध्वंशक रेडियो मार्टीलाई पछ्याउँदै संरा अमेरिकी पूँजीपतिहरूको दसौँ लाख लगानी र अन्तर्राष्ट्रिय मूल्य–मान्यताविपरीत टीभी मार्टीको प्रसारण सुरु गरियो । क्युवाली सरकारद्वारा टीभी मार्टीको प्रसारण तरङ्गलाई क्युवाली टापूभरि प्रभावकारीरूपमा रोक लगाइयो ।

**सन् २००४**

जर्ज डब्लु बुश प्रशासनले क्युवाको समाजवादलाई परास्त गर्न नयाँ योजना बनायो । नयाँ योजनाअनुसार अन्य तेस्रो देशका सरकारको माध्यमबाट क्युवामा अन्य विषयसँगसँगै खुला इन्टरनेटको पहुँच बनाउने प्रयास गरियो । त्यसको लागि सूचना प्रवाह तथा प्रजातन्त्रवादी गतिविधि र प्रविधिमा पहुँचजस्ता अभियानहरू सञ्चालन गराइयो ।

**सन् २००६**

'प्रजातान्त्रिक भविष्यको लागि क्युवा कोष' को स्थापना गरी क्युवाविरोधी प्रचारबाजीको लागि २ करोड ४० लाख अमेरिकी डलर सहयोग गरी अनलाइन गतिविधिहरू चलाइयो ।

**फेब्रुअरी २००६**

संरा अमेरिकी राज्य विभाग प्रमुख कोन्डोलिजा राइसद्वारा चीन, इरान र क्युवामा अभिव्यक्ति स्वतन्त्रता र सूचना तथा विचारको स्वतन्त्र प्रवाह बढाउने उद्देश्यअनुरूप 'विश्व इन्टरनेट स्वतन्त्रता टास्क फोर्स' बनाइयो ।

**जुलाई २००७**

राष्ट्रपति जर्ज डब्ल्यु बुशद्वारा चौथो 'साइवरस्पेस' सेना निर्माणको लागि आह्वान गरियो । (यो प्रविधि युद्धको लागि हो ।)

**डिसेम्बर २००९**

यूएसएड कार्यक्रमअन्तर्गतका अमेरिकी नागरिक अलान फिलिप ग्रोसलाई गैरकानुनी सञ्चार उपकरणसहित क्युवाली सरकारले पक्राउ गरी मार्च २०११ मा क्युवाली कानुनअनुसार १५ वर्षको जेल सजाय गरियो । डिसेम्बर १७, २०१४ मा दुई देशको सम्झौताबमोजिम ग्रोसलाई अमेरिका पठाइयो ।

**मार्च २०११**

क्युवामा विभिन्न उपकरण र सफ्टवेयरहरूको तस्करी गराई गैरकानुनीरूपमा इन्टरनेटका एन्टिनाहरू राख्ने 'अपरेसन सर्फ' नामक गोप्य योजना क्युवाली सुरक्षाद्वारा विफल बनाइयो ।

**सन् २०११**

सिनेटर रिचर्ड लुगरको अनुरोधमा सिनेटको विदेश सम्बन्ध समिति ल्याटिन अमेरिकाका प्रमुखलगायत वरिष्ठ कूटनीतिज्ञहरू रहेको टोलीले ल्याटिन अमेरिकामा संरा अमेरिकाले चाहेको जस्तो प्रजातन्त्रलाई प्रचार गर्न र बलियो गरी स्थापना गर्न सामाजिक सञ्जाल र प्रविधिलाई कसरी प्रयोग गर्ने विषयमा धेरै महिना लगाएर अनुसन्धान गर्‍यो । अनुसन्धानको रिपोर्टमा क्युवाविरुद्ध संरा अमेरिकी विध्वंशकारी योजना र कार्यहरूको निर्लज्ज तरिकाले प्रशंसा गरियो ।

**मार्च २१, २०१२**

गुगलको प्रायोजनमा आयोजित 'How the internet can unfreeze an island frozen in time.' अर्थात् इन्टरनेटले कसरी एउटा स्थिर टापूलाई चलायमान बनाउँछ भन्ने कार्यक्रममा संरा अमेरिकी अति रुढीवादी हेरिटेज फाउन्डेसन सहभागी भयो ।

**अप्रिल, २०१४**

यूएसएडको आर्थिक लगानीमा निर्मित जुनजुनियो नामक सामाजिक सञ्जाल सुरु गरियो । क्युवाली ट्वीटर भनिएको जुन जुनियोमा सुरुमा त विवादरहित गैरराजनीतिक सन्देशहरू प्रचार गरियो । पछि बिस्तारै क्युवाली जनतालाई आन्दोलनको आह्वान गर्ने, क्युवाको समाजवादलाई अस्थिर बनाउनेजस्ता राजनीतिक सन्देशहरू फैलाइयो ।

पिरापिडियो नामक एसएमएसमा आधारित सामाजिक सञ्जालले रेडियो र टीभी मार्टी एवं जुनजुनियोले जस्तै क्युवाली व्यवस्थालाई ध्वंश गर्न प्रचार गर्ने मञ्चको काम गर्‍यो । पिरामिडियोले सूचनालाई तीव्ररूपमा फैलाउन एउटा एसएमएसको पैसामा आफ्नो सञ्जालका सदस्यहरू सबैलाई एकैचोटि सन्देश पठाउन सकिने सुविधा दियो ।

संरा अमेरिकाले नै बनाएको कमोसन नामक ताररहित सञ्जालमा पनि दसौँ लाख डलर अमेरिकी लगानी गरी क्युवामा प्रयोग गराइयो र क्युवाविरुद्ध प्रचार गर्‍यो ।

**सेप्टेम्बर १२-१३, २०१६**

गैरकानुनीरूपमा क्युवाविरोधी रेडियो र टेलिभिजन चलाइरहेको क्युवा ब्रोडकास्टिङ कार्यालय (ओसीबी) को तत्वावधानमा संरा अमेरिकाले पहिलो क्युवा इन्टरनेट स्वतन्त्रता सम्मेलन आयोजना गर्‍यो । सम्मेलनले क्युवाली टापूका 'स्वतन्त्र' भनिएका संरा अमेरिकापरस्त पत्रकारहरू, नयाँ प्रविधि आविष्कारकहरू, र नयाँ प्रविधि अभियन्ताहरूलाई एक ठाउँमा ल्याई क्युवाको राजनीतिक प्रणाली परिवर्तनको आवाज उठाइयो ।

**जनवरी २०१८**

ट्रम्प प्रशासनले नयाँ इन्टरनेट टास्क फोर्स बनाई क्युवाको आन्तरिक व्यवस्था ध्वस्त बनाउने घोषणा गर्‍यो । संरा अमेरिकी सरकारी र गैरसरकारी कार्यालयहरूलाई क्युवाली टापूमा स्वतन्त्र सूचना प्रवाहलाई प्रचारप्रसार गर्ने जिम्मा दिइयो । वासिङ्टनको यो पहल नयाँ प्रविधिको प्रयोगबाट क्युवाको राजनीतिलाई अस्थिर बनाउने संरा अमेरिकी योजनाको अर्को रूप हो ।

*नेपाली अनुवाद : आक्रोश*

*स्रोत– ग्रान्माडटसीयू/मजदुर (मार्ग ५)*

# प्रजिअ हुमकला पाण्डेको बिदाइ



भक्तपुरबाट गृहमन्त्रालयमा सरुवा हुनुभएका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेलाई एक समारोहबीच मङ्सिर १० गते बिदाइ गरियो । भक्तपुर नगरपालिकाको आयोजनामा भएको कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले उहाँलाई दोसल्ला ओढाई भक्तपुरको प्रसिद्ध मयूर झ्याल मायाको चिनोको रूपमा प्रदान गरी बिदाइ गर्नुभयो ।

बिदाइ कार्यक्रममा नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिका सार्वजनिक हितको निम्ति विभिन्न चुनौतीहरू सामना गर्दै अगाडि बढिरहेको बताउनुभयो ।

कोभिड महामारीबीच भक्तपुर नगरपालिकाले पारदर्शी ढङ्गले जनताको हितलाई प्राथमिकतामा राखी कार्य अगाडि बढाइरहेको बताउनुहुँदै उहाँले जनप्रतिनिधि, प्रशासन र स्थानीय जनताको संयुक्त प्रयासका कारण भक्तपुरमा कोरोना नियन्त्रणलगायतमा प्रभावकारी कामहरू भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाको कार्यसम्पादन देशभरिका स्थानीय तहहरूले हेरिरहेको हुँदा जनप्रतिनिधि र कर्मचारीहरूले अझ बढी सेवाको भावनाले काम गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर क्यान्सर अस्पताल सरकारको मातहतमा सञ्चालन हुनु सकारात्मक भएको बताउनुहुँदै प्रमुख प्रजापतिले अस्पतालमा कार्यरत कर्मचारीहरूको व्यवस्थापनका विषयमा सम्बन्धित मन्त्रालयसमक्ष ध्यानार्षण गराइसकेको बताउनुभयो । भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले जिल्ला प्रशासन कार्यालयले कोभिड नियन्त्रण र रोकथामलगायत विभिन्न क्षेत्रहरूमा भक्तपुर नपासँग प्रशंशनीय ढङ्गले समन्वय गरी काम गरिरहेको बताउनुभयो ।

कार्यक्रममा प्रजिअ हुमकला पाण्डेले भक्तपुरमा करिब १ वर्षको कार्यसम्पादनबाट आफू निकै सन्तुष्ट रहेको बताउनुहुँदै भक्तपुरको शिक्षा, स्वास्थ्य, विकास निर्माणलगायतका क्षेत्रमा भक्तपुर नगरपालिकाको कार्य प्रशंसनीय भएको बताउनुभयो । भक्तपुर नगरपालिकाले जिल्ला प्रशासन कार्यालयप्रति गरेको सद्भाव र समन्वयप्रति आभार प्रकट गर्नुहुँदै प्रजिअ पाण्डेले भक्तपुर नपा ऐन, नियम र कानुन पालनामा अब्बल रहेको बताउनुभयो ।

भक्तपुरमा कोभिड १९ रोकथाम र नियन्त्रणका प्रयासहरू जनमैत्री भएको बताउनुहुँदै उहाँले भक्तपुरका ऐतिहासिक तथा सांस्कृतिक महत्त्व बोकेको जात्रा तथा पर्वहरू जनताकै सहभागितामा व्यवस्थित तरिकाले सम्पन्न हुनु सकारात्मक भएको बताउनुभयो ।

बिदाइ कार्यक्रममा भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले पनि बोल्नुभएको थियो भने भक्तपुर नगरपालिकाका वडाध्यक्ष र कार्यपालिका सदस्य र भक्तपुर नपाका शाखा प्रमुखहरूको उपस्थिति थियो ।

**भक्तपुर जिल्लामा कोरोना सङ्क्रमितको विवरण (मङ्सिर ६ गतेसम्म)**

| क्र. सं. | नगरपालिका | कूल सङ्क्रमित | | | निको भएका | | | सक्रिय सङ्क्रमित | | | मृत्यु | | | एकान्तबास | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | अस्पतालमा | | | घरमा | | |
| | | | | | | | | | | | | | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | भक्तपुर | ८४४ | ७४४ | १५८८ | ७२७ | ६६७ | १३९४ | ९१ | ६२ | १५३ | २६ | १५ | ४१ | १८ | ९ | २७ | ७३ | ५३ | १२६ |
| २ | चाँगुनारायण | ४३० | २५३ | ६८३ | ३५९ | २१६ | ५७५ | ६७ | ३६ | १०३ | ४ | १ | ५ | ५ | ३ | ८ | ६२ | ३३ | ९५ |
| ३ | मध्यपुर थिमि | १५६२ | १२३८ | २८०० | १२७१ | १००८ | २२७९ | २६८ | २२० | ४८८ | २३ | १० | ३३ | १८ | १२ | ३० | २५० | २०८ | ४५८ |
| ४ | सूर्यविनायक | १३५४ | ९६९ | २३२३ | ११०३ | ७९६ | १८९९ | २४० | १६५ | ४०५ | ११ | ८ | १९ | १८ | १३ | ३१ | २२२ | १५२ | ३७४ |
| ५ | अन्य | १३० | ८३ | २१३ | ९७ | ६८ | १६५ | ३३ | १५ | ४८ | | | | ० | ० | ० | ३३ | १५ | ४८ |
| | जम्मा | ४३२० | ३२८७ | ७६०७ | ३५५७ | २७५५ | ६३१२ | ६९९ | ४९८ | ११९७ | ६४ | ३४ | ९८ | ५९ | ३७ | ९६ | ६४० | ४६१ | ११०१ |

स्रोत : जिल्ला स्वास्थ्य कार्यालय, भक्तपुर/मजदुर दैनिक

# रासायनिक मल समयमै उपलब्ध गराउन आग्रह

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवाल, भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, भक्तपुर जिल्ला पार्टी अध्यक्ष न्हुछेभक्त फोजू, नगर कृषि समितिका संयोजक एवम् वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोरा, प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठको टोलीले मङ्सिर ५ गते साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड र कृषि सामग्री कम्पनी लिमिटेडको कार्यालय काठमाडौँमा पुगेर किसानलाई समयमै रासायनिक मल उपलब्ध गराउन आग्रह गऱ्यो ।




सांसद सुवालले रोपाइँको बेला पनि किसानहरूलाई समयमा मल उपलब्ध नभएको र अहिले गहुँ छर्ने तथा आलु रोप्ने बेलामा पनि मलको हाहाकार भएकोले दुवै संस्थाको ध्यानाकर्षण गराउनुभयो ।

पञ्चायतकालमा मात्र होइन बहुदल र गणतन्त्रमा समेत स्थिति उस्तै हुनुबाट सरकार र सम्बन्धित निकाय जिम्मेवार नदेखिएको उल्लेख गर्नुहुँदै उहाँले सरकारले १२ अर्ब रूपैयाँको मल समयमै खरिद नगरेको हुँदा देशको कृषि उत्पादनमा खबौँ रूपैयाँको नोक्सान भएको तर्फ सम्बन्धित अधिकारीहरूको ध्यानाकर्षण गराउनुभयो ।

उहाँले भक्तपुरमा यस वर्ष गहुँ खेती बढ्ने र सोहीबमोजिम मल आपूर्ति बढाउनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रजापतिले मलको ठेक्का प्राप्त गरी आपूर्ति नगरेकाहरूलाई पाँच करोड रूपैयाँ जरिवाना नपुग्ने भएकोले त्यसबाट भएको नोक्सानीको क्षतिपूर्ति भराउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

साल्ट ट्रेडिङ कर्पोरेसन लि.का प्रमुख कार्यकारी अधिकृत उर्मिला श्रेष्ठले नेपाललाई आवश्यक रसायनिक मलमध्ये ३० प्रतिशत मल साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडबाट आठ वर्षदेखि आपूर्ति भइरहेको उल्लेख गर्नुहुँदै तीन महिनाअगाडिको निर्देशिकाअनुसार मंसिर महिनादेखि स्थानीय तहको उपमेयर वा उपाध्यक्षको संयोजकत्वमा गठित समितिबाट सिफारिस भएका सहकारीलाई मल बिक्रीको डिलर प्रमाणपत्र दिने र मल उपलब्ध गराउने बताउनुभयो ।

कृषि सामग्री कम्पनी लिमिटेडका प्रबन्धक सञ्चालक नेत्रबहादुर भण्डारीले ठेकेदारले मल नल्याउँदा मलको हाहाकार भएको र अबको एघार दिनभित्र पर्याप्त मल आपूर्ति हुने बताउनुभयो ।



उहाँले मल नल्याएका पाँच ठेकेदारलाई पाँच करोड रूपैयाँको दरमा जरिवाना गरेको बताउनुभयो ।



भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
ब्यासी, भक्तपुर
BYASI, BHAKTAPUR
बागमती प्रदेश, नेपाल

पत्र संख्या : ४९२
चलानी नं. : १०३४

मिति:- २०७८/८/५

श्री कृषि सामाग्री कम्पनी लि.
काठमाडौं ।

विषय: रसायनिक मल सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा काठमाडौं उपत्यकालगायतका देशका विभिन्न ठाउँका किसानहरुले गहुँ बाली र तरकारी बाली लगाउने अहिलेको समयमा भक्तपुर नगरपालिकाका कृषकहरुलाई समेत रसायनिक मलको अभाव भएको र रसायनिक मल यथाशिघ्र उपलब्ध गराउन नसकिए कृषि उत्पादनमा ह्रास आइ देशकै कुल राष्ट्रिय उत्पादनमा समेत असर पुऱ्याउने स्थितिलाई मध्ये नजर गरी यथाशिघ्र रसायनिक मलको व्यवस्थाको लागि अनुरोध गर्दछु । साथै यस नगरपालिकाबाट नगरपालिकाक्षेत्रका सहकारी संस्थाहरुलाई आवश्यक मात्रामा रसायनिक मल उपलब्ध गराउन सिफारिस गर्दा १०/२० प्रतिशत मात्र मल उपलब्ध गराएको भनि सूचना प्राप्त भएको हुँदा पर्याप्त मात्रामा मल उपलब्ध गराई दिनुहुन पनि अनुरोध गर्दछु ।

सुनिल प्रजापति
प्रमुख

कृषि सामग्री कम्पनी लि. लाई

# रासायनिक मल उपलब्ध गराउन कृषि मन्त्रीको ध्यानाकर्षण

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवाल, भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाको टोलीले मंसीर ७ गते कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भुषालसँग भेट गरी रासायनिक मल सहज रुपमा उपलब्ध गराउन ध्यानाकर्षण गरायो ।

सो अवसरमा मन्त्री भुषालले यस वर्ष काठमाडौँ उपत्यकालगायत तराई क्षेत्रमा मकै खेती विगतको तुलनामा बढी जग्गामा लगाउने भएको उल्लेख गर्नुहुँदै नेपालको नीतिगत व्यवस्थाअनुसार धान बाली र गहुँ बालीलाई लक्षित गरी मल खरिद गरिने गरेको बताउनुभयो ।

➲ कृषि विकास मन्त्रालयले जिल्लागत मलको कोटा तोकेको बताएपछि सांसद सुवालले कोटाअनुसार मल पठाएर बाँकी यही गोदाममा राख्नु उचित नभएको हुँदा कोटा सच्याइ बढाएर पठाउनुपर्ने औँल्याउनुभयो ।


भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
ब्यासी, भक्तपुर
BYASI, BHAKTAPUR
बागमती प्रदेश, नेपाल

पत्र संख्या : २९०
चलानी नं. : १०३६
मिति:- २०७७।८।५

श्री साल्ट ट्रेडिङ कर्पोरेशन लि.
काठमाडौं ।

विषय: रसायनिक मल सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा काठमाडौं उपत्यकालगायतका देशका विभिन्न ठाउँका किसानहरुले गहुँ बाली र तरकारी बाली लगाउने अहिलेको समयमा भक्तपुर नगरपालिकाका कृषकहरुलाई समेत रसायनिक मलको अभाव भएको र रसायनिक मल यथाशिघ्र उपलब्ध गराउन नसकिए कृषि उत्पादनमा ह्रास आइ देशकै कुल राष्ट्रिय उत्पादनमा समेत असर पुऱ्याउने स्थितिलाई मध्ये नजर गरी यथाशिघ्र रसायनिक मलको व्यवस्थाको लागि अनुरोध गर्दछु । साथै यस नगरपालिकाबाट नगरपालिकाक्षेत्रका सहकारी संस्थाहरुलाई आवश्यक मात्रामा रसायनिक मल उपलब्ध गराउन सिफारिस गर्दा १०/२० प्रतिशत मात्र मल उपलब्ध गराएको भनि सूचना प्राप्त भएको हुँदा पर्याप्त मात्रामा मल उपलब्ध गराई दिनुहुन पनि अनुरोध गर्दछु ।

सुनिल प्रजापति
प्रमुख

साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडलाई

साल्ट ट्रेडिङका वरिष्ठ अधिकारी पंकज जोशी र कृषि सामग्री कम्पनीका बिक्री प्रमुख राजेन्द्रबहादुर कार्कीले पनि मल आपूर्ति गर्न तदारूकतासाथ लागिपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले रसायनिक मलको व्यवस्थाको लागि कृषि सामग्री कम्पनी लि. र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडलाई बुझाएको अनुरोध पत्र :

उहाँले रासायनिक मलको प्रयोग कृषिमामात्र नभइ अन्य विभिन्न काममा समेत प्रयोग हुने गरेको पाइएको बताउनु हुँदै सहकारी र अन्य माध्यमबाट यसको भण्डारण, चोरी गरी बिक्री गर्ने गरिएको हुँदा यसको नियमन र कालाबजारी नियन्त्रणको लागि सफ्टवेयरको व्यवस्था गरिएको जानकारी दिनुभयो ।

सांसद सुवालले रासायनिक मल उपलब्ध गराउन कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कम्पनी लि.मा समेत ध्यानाकर्षण गराएको जानकारी दिनुहुँदै कृषि विकास



मन्त्रालयले जिल्लागत मलको कोटा तोकेर मल पठाउनु उचित नभएको बताउनु हुँदै स्थानीय आवश्यकताअनुसार मलको व्यवस्था हुनुपर्ने औँल्याउनु भयो ।

यस वर्ष कोभिड-१९ का कारण भक्तपुर जिल्लामा रहेका ७५ वटा इँटाभट्टाहरु सञ्चालन नहुने हुँदा विगतको तुलनामा थप ४० हजार रोपनी जग्गामा गहुँ छर्ने र आलु रोप्न किसानहरुलाई आवश्यक मलको व्यवस्था गर्नुपर्ने उहाँले अवगत गराउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रजापतिले यस वर्ष आवश्यकभन्दा न्यूनमात्र मल आपूर्ति भएको उल्लेख गर्नुहुँदै मलको ठेक्का कबुल गरी आपूर्ति नगर्ने ठेकेदारहरुलाई उनीहरुको धरौटी जफतमात्रै होइन उनीहरुको कारण भएको नोक्सानीको क्षतिपूर्ति भराउनुपर्ने बताउनुभयो ।

उहाँले स्वदेशमै मल कारखाना स्थापनाले मात्रै मलमा आत्मनिर्भर हुने र मलको दीर्घकालीन समाधान हुने बताउनुहुँदै कृषिमा राम्रो विकास गर्न नसक्नुकै कारण रोजगारीको निम्ति युवाहरु विदेशिन बाध्य भएको हो भन्नुभयो ।

मन्त्रालयले अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन लक्ष्य बनाई मलको समस्या समाधान गर्नेतर्फ ध्यान दिइरहेको मन्त्री भुषालले जानकारी दिनुभयो ।

उपत्यकाको वायु प्रदूषण व्यवस्थापनबारे गोष्ठी

# निर्णय कार्यान्वयन नभएसम्म वातावरण प्रदूषण नियन्त्रण सम्भव छैन

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, वातावरण विभाग, विश्व स्वास्थ्य सङ्गठन, नेपाल नगरपालिका सङ्घ र स्वच्छ ऊर्जा नेपालको संयुक्त आयोजनामा काठमाडौं उपत्यकाको वायु प्रदूषण व्यवस्थापनका विषयमा उपत्यकाका स्थानीय सरकारका प्रमुख/उपप्रमुखहरूसँग मंसिर ४ गते अनलाइन गोष्ठी सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरमा उद्योग विकास निर्माणलगायतका कार्यबाट वातावरण प्रदूषण भइरहेको बताउनुहुँदै नेपाल सरकारको आ.व. २०७३/७४ को प्रतिबद्धताअनुसार भक्तपुर औद्योगिक क्षेत्र काठमाडौं उपत्यका बाहिर स्थानान्तरण गर्ने रहे पनि सोको कार्यान्वयन हुन नसकेको बताउनुभयो । सरकारले बनाएका निर्णय राम्रोसँग कार्यान्वयन नभएसम्म नेपालमा वातावरण प्रदूषण नियन्त्रण सम्भव नभएको उहाँले बताउनुभयो ।



प्रमुख प्रजापतिले भक्तपुर औद्योगिक क्षेत्रभित्र सञ्चालित धुवाँ, ध्वनि र धूलो प्रदूषण गर्ने उद्योगहरूले वरपर बसोबास गर्ने नागरिकहरूको स्वास्थ्यमा नकारात्मक असर पुऱ्याइरहेको हुँदा स्थानीय जनताको मागअनुरूप धुवाँ, धूलो र ध्वनि प्रदूषण गर्ने उद्योगहरू स्थानान्तरणको निम्ति मन्त्रालयसमक्ष आवश्यक पहल भइरहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले उपत्यकालाई सफा, सुन्दर र सांस्कृतिक सम्पदाहरू संरक्षित क्षेत्रको रूपमा विकास गर्न उपत्यकाका सबै नगरपालिकाहरूले आ–आफ्नो विशेषताअनुसार योजना बनाई अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो । रोग लागिसकेपछि उपचार गर्नुभन्दा रोग लाग्न नदिन वातावरण प्रदूषण नियन्त्रणतर्फ सङ्घ, प्रदेश र स्थानीय तहले जोड दिनुपर्ने उहाँले बताउनुभयो ।

राजनैतिक पहुँचको आधारमा ठेक्का दिने प्रवृत्तिका कारण नगरकोट सडकमा पीच हुन नसकेको भन्नुहुँदै उहाँले सडक फराकिलो पार्ने क्रममा भक्तपुरदेखि साँगाको सडक छेउका रुखहरू काटिँदा बस्तीहरू उजाड देखिएको बताउनुभयो ।

विश्वभरि फैलिरहेको कोभिड १९ र वायु प्रदूषणबीच सम्बन्ध रहेको बताउनुहुँदै उहाँले वायु प्रदूषण बढी भएको ठाउँमा बस्नेहरूमा कोभिड १९ को सङ्क्रमण पनि बढी हुने गरेको र कोभिड १९ का कारण मृत्युसमेत हुने सम्भावना बढी रहेको बताउनुभयो ।

नेपाल नगरपालिका सङ्घका अध्यक्ष एवम् धुलिखेल नपाका प्रमुख अशोककुमार ब्यान्जुले भक्तपुरमा फोहोरको उचित व्यवस्थापन भएकै कारण भक्तपुर नगरपालिका 'सफा सहर' (Clean City) को रूपमा विकास भइरहेको र उपत्यकामा स्वच्छ सहरको अभियान सुरु गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

काठमाडौं उपत्यकामा वायु प्रदूषण बढिरहँदा नागरिकहरूको स्वास्थ्यमा नकारात्मक असर पुगेको बताउनुहुँदै अध्यक्ष ब्यान्जुले वायु प्रदूषण न्यूनीकरण र नियन्त्रणमा काठमाडौं उपत्यकाका स्थानीय सरकारहरूको भूमिका महत्त्वपूर्ण भएको र उपत्यकालाई सरसफाइको उत्कृष्ट सहर बनाउन योजना बनाउनुपर्ने बताउनुभयो ।

काठमाडौं उपत्यकाका नगरपालिकाहरूले फोहोर मैला व्यवस्थापनको एकीकृत योजना सञ्चालन आवश्यक भएको बताउनुहुँदै उहाँले उपत्यकाका नदीहरूको सफाइ अभियान सञ्चालन र वायु प्रदूषण व्यवस्थित गर्ने योजनाहरू आवश्यक भएको बताउनुभयो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय स्वास्थ्य समन्वय महाशाखा प्रमुख प्रा.डा. जागेश्वर गौतमले वायु प्रदूषणका कारण विश्वभर करिब ६० लाख मानिसहरूको मृत्यु हुने गरेको र विश्व स्वास्थ्य सङ्गठनका अनुसार सन् २०१८ मा नेपालमा वायु प्रदूषणका कारण करिब ७ हजार जनाको मृत्यु भएको बताउनुभयो ।

काठमाडौं उपत्यकाको वायु प्रदूषण विश्व स्वास्थ्य सङ्गठनको मापदण्डभन्दा पाँच गुणा बढी रहेको बताउनुहुँदै डा. गौतमले सवारीसाधनबाट हुने उत्सर्जन, विकास निर्माणका गतिविधिबाट निस्किने धूलोका कण, उद्योगधन्दा तथा इँटाभट्टाबाट हुने प्रदूषण, जथाभावी फोहोर फाल्ने तथा बाल्ने लगायतका कार्यहरू काठमाडौंमा वायु प्रदूषण हुनुको प्रमुख कारणहरू रहेको बताउनुभयो ।

कार्यक्रममा महालक्ष्मी नगरपालिकाका प्रमुख रामेश्वर श्रेष्ठले उपत्यकाको वायु प्रदूषण नियन्त्रणको लागि विकास निर्माणका योजना सञ्चालन वातावरण मैत्री हुनुपर्ने, फोहोर व्यवस्थापन व्यवस्थित गर्नुपर्ने, नयाँ बन्ने घरहरूमा अनिवार्य शिल्ड सेप्टी ट्यांक निर्माण गर्नुपर्नेलगायतका योजनाहरू आवश्यक भएको बताउनुभयो ।

# विश्व दीर्घ दम खोकी दिवसको अवसरमा प्रवचन

## 'काठमाण्डौ उपत्यकाभित्र १९ प्रतिशत मानिसहरूमा दम खोकीको समस्या'

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्र भक्तपुरको आयोजनामा विश्व दीर्घ दम खोकी दिवसको अवसरमा मंसिर ३ गते अनलाइनमार्फत प्रवचन कार्यक्रम सम्पन्न भयो।



कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले जनताको स्वास्थ्यलाई प्राथमिकतामा राखी दम रोगीहरूको उपचारको लागि भक्तपुरको च्याम्हासिंहमा श्वासप्रश्वास पुनःस्थापना केन्द्र सञ्चालनको तयारी गरिरहेको बताउनुभयो।

कोभिड महामारीबीच पनि भक्तपुर नपाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रले दैनिक ५०० जनाको हाराहारीमा बिरामीहरूको उपचार गरिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले कोभिड न्युनीकरणको लागि सबैको सामूहिक भावना आवश्यक भएको बताउनुभयो।

धुम्रपान, वायु प्रदूषण, धुँवा र रसायन प्रदूषण गर्ने उद्योग, परम्परागत पेशा आदिका कारण दम रोगीहरूको सङ्ख्या दिनानुदिन बढिरहेको बताउनुहुँदै उहाँले भक्तपुर औद्योगिक क्षेत्रका धुँवा, धूलो तथा रसायन प्रदूषण गर्ने उद्योगहरू काठमाडौं उपत्यका बाहिर स्थानान्तरण गर्न आवश्यक पहल भइरहेको बताउनुभयो।

प्रमुख प्रजापतिले शिक्षक-कर्मचारीहरूले असल व्यवहार र नागरिक भावना विद्यार्थीहरूलाई सिकाउनुपर्ने बताउनुहुँदै शिक्षकहरू सचेत, सङ्गठित र अध्ययनशील हुनुपर्ने बताउनुभयो।

विशेष अतिथि वरिष्ठ दम रोग विशेषज्ञ डा. सन्तकुमार दासले दीर्घ दम रोगसम्बन्धी प्रस्तुतिकरण देखाउनुहुँदै विश्वभरिमा ६ देखि ७ प्रतिशत मानिसहरूमा दम खोकीको समस्या देखिएको तथ्याङ्क रहेकोमा काठमाण्डौ उपत्यकाभित्र १९ प्रतिशत मानिसहरूमा यो रोगको समस्या देखिएको बताउनुभयो।

दम रोगको पहिचान समयमै हुन सके यसको नियन्त्रण र उपचार सम्भव भएको बताउनुहुँदै डा. दासले दीर्घ दम रोगीको जीवनयापनमा नकारात्मक असर पुग्नुका साथै आर्थिक नोक्सानी पनि हुने बताउनुभयो। भक्तपुर नगरपालिकाले सञ्चालनमा ल्याउने श्वासप्रश्वास पुनःस्थापना केन्द्रबाट दम खोकीका रोगीहरू लाभान्वित हुने उहाँले बताउनुभयो।

कार्यक्रममा जनस्वास्थ्य सेवा केन्द्र प्रमुख डा. रत्नसुन्दर लासिवाले दीर्घ दम रोगले सामाजिक र आर्थिक पक्षमा दीर्घकालीन असर पुग्ने हुँदा समयमै यस रोगको पहिचान गरी उपचार गर्नुपर्नेमा जोड दिनुभयो।

---

चाँगुनारायण नगरपालिकाकी उपप्रमुख वीणा बास्तोलाले भक्तपुरमा सञ्चालित इँटाभट्टाले अत्यधिक वायु प्रदूषण हुँदा जनताको स्वास्थ्यमा नकारात्मक असर पुगिरहेको बताउनुहुँदै नगरपालिकाभित्र इँटाभट्टा सञ्चालन स्वीकृतिमा कडाइ गर्नुपर्ने बताउनुभयो।

नेपालका लागि विश्व स्वास्थ्य सङ्गठन कार्यालय जनस्वास्थ्य प्रशासक डा. खुर्शि आलम हैदरले वायु प्रदूषण विश्वकै लागि चुनौती बनिरहेको बताउनुहुँदै वायु प्रदूषण नियन्त्रणको लागि एकीकृत योजनाको खाँचो रहेको औंल्याउनुभयो।

उहाँले भन्नुभयो – 'काठमाडौं उपत्यकामा बढ्दो वायु प्रदूषणका कारण यहाँका नागरिकहरूमा स्वास्थ्य समस्या बढिरहेको छ। वायु प्रदूषणले नागरिकहरूमा नसर्ने रोगको जोखिम बढाइरहेको भन्नुहुँदै उहाँले विश्व स्वास्थ्य सङ्गठनले नेपालको वायु प्रदूषण नियन्त्रणमा खेलिरहेको भूमिकाबारे प्रष्ट पार्नुभयो।

कार्यक्रममा स्वच्छ ऊर्जा नेपालका तर्फबाट प्रा.डा. सन्जयनाथ खनालले 'काठमाडौं उपत्यकाको वायु प्रदूषणको वर्तमान अवस्था' बारे र वातावरण विभागका प्रवक्ता इन्दुविक्रम जोशीले 'वायु प्रदूषण नियन्त्रणमा स्थानीय सरकारहरूको भूमिका' बारे प्रस्तुतीकरण देखाउनुभएको थियो।

काठमाडौं महानगरपालिका वातावरण विभाग प्रमुख हरि श्रेष्ठले वायु प्रदूषण नियन्त्रणको लागि सडकहरू कालोपत्रे गर्ने, सडकको दायाँबायाँ हरियाली प्रबर्द्धन गर्ने, काठमाडौं महानपामा साइकल लेन सुचारु गर्ने योजनाहरू रहेको बताउनुभयो।

कार्यक्रममा वातावरण विभागका महानिर्देशक मुकुन्दप्रसाद निरौला र स्वच्छ ऊर्जा नेपालका अध्यक्ष भूषण तुलाधरले पनि बोल्नुभएको थियो।

**नेपाल संवत् ११४१ नववर्षको शुभकामना कार्यक्रम**

# ‘भाषा बोल्ने जनता नभएपछि भाषा पनि बिलाउने’

नेपाल संवत् ११४१ को नयाँ वर्ष शुभारम्भको अवसरमा कार्तिक ३० गते नेपालभाषा साहित्य त:मुंज्याको आयोजनामा अनलाइन शुभकामना कार्यक्रम भयो। त:मुंज्याको आयोजनामा हरेक वर्ष सयौँ बाजागाजा टोली, सांस्कृतिक समूह र सर्वसाधारणको सहभागितामा नेपाल संवत्को पहिलो दिन शुभकामना सांस्कृतिक ऱ्यालीसहित भक्तपुरको खौमास्थित भाषासेवी तथा शिक्षासेवी जगतसुन्दर मल्लको अर्धकदको प्रतिमामा माल्यार्पण गरिँदै आएकोमा यो वर्ष कोभिड-१९ महामारीलाई ध्यानमा राखी अनलाइन कार्यक्रम गरिएको हो।



अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)

कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छें (रोहित)** ले हरेक भाषा मानव सभ्यताको सम्पत्ति भएकोले सबै भाषाको विकास आवश्यक भएको बताउनुभयो। कुनै पनि भाषाको विकासको लागि हजारौँ वर्ष लाग्ने चर्चा गर्नुहुँदै उहाँले भाषा बोल्ने जनता नभएपछि भाषा पनि बिलाउने बताउनुभयो।

‘हडप्पा, मोहेन्जोडारो र मिश्रको सभ्यताको लिपि भए पनि बोल्ने मानिस नहुँदा ती सभ्यताका भाषा हराउँदै गए। जनता रहेमात्र भाषा रहन्छ’, उहाँले भन्नुभयो।

रोगबारे जनतामा जानकारी नहुनु र सरकारले पनि बेवास्ता गरेको कारण जनताले अनाहकमा ज्यान गुमाउनुपरेको चर्चा गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले काठमाडौं उपत्यकामा धेरै जनसङ्ख्या भएकोले जनता महामारीबारे अझ बढी सजग हुनुपर्ने आवश्यकता औँल्याउनुभयो।

सबै फुल एकै टोकरीमा राख्दा कुनै पनि बेला नचिताएको दुर्घटना हुनसक्नेजस्तै धेरै जनसङ्ख्या एकै ठाउँमा राख्दा कुनै पनि बेला महामारी फैलिए धेरै मानिसले ज्यान गुमाउनुपर्ने खतरा आउन सक्ने भन्नुहुँदै उहाँले ठूलठूला सहर बनाउँदा धनीमानीलाई मात्र फाइदा हुने र सर्वसाधारण जनताले दु:ख पाउने विचार राख्नुभयो।

सामान्य परिस्थितिमा जस्तै महामारी फैलिरहेको बेलामा पनि भोजभत्तेर गर्दा सङ्क्रमण व्यापक बनेको चर्चा गर्नुहुँदै विगतमा विभिन्न रोग फैलिँदा पुर्खाले गरेको अभ्यासलाई पुन: जीवन दिनुपर्नेमा उहाँले जोड दिनुभयो।

सामाजिक दूरी कायम राख्ने, साबुन-पानीले हात धुने र मास्क लगाउनेजस्ता अभ्यासलाई जोड दिनुहुँदै उहाँले भोज बोलाउने र जाने काम महामारीको समयमा बन्द गर्नुपर्ने बताउनुभयो।

उहाँले भक्तपुरका जनताको निम्ति हस्तकला उद्योग बनाउन भनी सस्तोमा लिएको जनताको जग्गामा बनाएको औद्योगिक क्षेत्रमा जनताको स्वास्थ्यमा नकारात्मक असर पार्ने कलकारखाना चलाउन दिन नहुने पनि बताउनुभयो।

‘शासक वर्ग प्रत्यक्ष वा अप्रत्यक्ष हत्यारा हुने गर्छ। दास युगमा पनि त्यस्तो थियो। अहिले पनि दास युग बाँकी नै छ। वर्तमान सरकारले पनि धेरै सङ्ख्यामा काठमाडौं उपत्यकामा जनता थुपारेर गरिब जनतालाई विस्थापित गर्न खोजिरहेको छ। यो सरकार पनि जातिवादी सरकार हो‘, बिजुक्छेँले भन्नुभयो।

नेपालका शासक राजनीतिक दलहरू बडाराष्ट्र अहङ्कारवादी र सङ्कीर्ण भएको भन्नुहुँदै उहाँले अरू जाति र भाषाभाषीमाथि दमन गर्ने शासक प्रवृत्तिले नयाँ नयाँ हिटलर र मुसोलिनीको जन्म हुने बताउनुभयो।

देशको सन्तुलित विकासको निम्ति नेमकिपाले पच्चीस वर्षअघिदेखि भन्दै आएको कुरालाई शासक दलले बेवास्ता गरेको हुनाले आजको अवस्था आएको उहाँको भनाइ थियो।

नेमकिपाका सचिव तथा प्रतिनिधिसभा सदस्य **प्रेम सुवाल**ले नेपालमा विक्रम संवत्भन्दा अघि नै नेपाल संवत् लेख्ने प्रचलन भएको बताउनुहुँदै



प्रेम सुवाल

नेपालका सबै विद्यालयमा नेपालभाषाको लिपि र संवत्बारे पढाउनु उपयुक्त हुने धारणा राख्नुभयो ।

देशभर जनतालाई आवश्यक पूर्वाधारको विकास नहुँदा सबै मानिस काठमाडौं ओइरिएको कारण उपत्यकाका सांस्कृतिक सम्पदामा विनाश भइरहेको बताउनुहुँदै उहाँले देशको सन्तुलित विकासको जिम्मेवारी राज्यको भएको चर्चा गर्नुभयो ।

काठमाडौं उपत्यकाभित्रका उद्योगहरू उपत्यकाबाहिर स्थानान्तरण गर्ने प्रतिबद्धता व्यक्त भए पनि आजसम्मका सरकारले त्यसको कार्यान्वयन नगरेकोमा उहाँले खेद व्यक्त गर्नुभयो ।

काठमाडौं उपत्यकाभित्र डाइङ् कारखाना खोल्न नपाउने भए पनि भक्तपुर औद्योगिक क्षेत्रमा अझै पनि जनताको स्वास्थ्यमा खराबी गर्ने कलकारखाना चलिरहेको उहाँले उल्लेख गर्नुभयो ।

कोभिड–१९ सङ्क्रमित बिरामीको निःशुल्क उपचार गर्नुपर्नेमा



प्रमुख सुनिल प्रजापति

जोड दिनुहुँदै आउजाउमा कडाइ गर्नुका साथै खुला सीमा बन्द गर्नुपर्ने आवश्यकता सांसद सुवालले औँल्याउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सांस्कृतिक अतिक्रमणको कारण नेवार समुदायको जनसङ्ख्या कम नभए पनि नेपालभाषा बोल्नेको सङ्ख्या क्रमशः कम हुँदै गएको बताउनुभयो ।

उहाँले हरेक वर्ष नयाँ वर्षको दिन माल्यार्पण गरिँदै आएको मास्टर जगतसुन्दर मल्लको प्रतिमाको ऐतिहासिकताबारे चर्चा गर्नुहुँदै भन्नुभयो, 'नेपालभाषाका ४ खम्बामध्ये मास्टर जगतसुन्दर मल्ल पनि एक हुनुहुन्थ्यो । मातृ भाषाबाट पढ्ने अवसर पाए छिट्टै सिक्न सकिन्छ भनी मातृभाषालाई जोड दिने मल्लले विभिन्न साहित्यहरू नेपालभाषामा अनुवाद गर्नुभयो र नेपालभाषालाई समृद्ध बनाउन मद्दत गर्नुभयो । नेमकिपाका जनप्रतिनिधिहरू भक्तपुर नगर पञ्चायतमा निर्वाचित भएपछि उहाँको जन्मस्थान खौमामा उहाँको सालिक राख्ने निर्णय भयो । तर तत्कालीन पञ्चायती व्यवस्थाको लागि त्यो मान्य भएन । सालिक अनावरणकै दिन सरकारले राति 'चोरेर' लग्यो । त्यसको विरोधमा त्यसबेला जनताले सशक्त विरोध गरे । २०४६ सालको आन्दोलनबाट पञ्चायती व्यवस्था समाप्त भएपछि मात्रै उहाँको सालिक फिर्ता भयो र सोही ठाउँमा स्थापना गरी हरेक वर्ष नेपाल संवत् नयाँ वर्षको अवसरमा माल्यार्पण गरी कार्यक्रम गर्दै आएको हो ।'

उहाँले नेपालभाषाको विकास



सनकमान महर्जन

र प्रवर्द्धनको लागि भक्तपुर नगरपालिकाले गर्दै आएको गतिविधिबारे जानकारी दिनुभयो ।

नेमकिपाका अर्का केन्द्रीय सदस्य **सनकमान महर्जन**ले सर्वोच्च अदालतले कोभिड सङ्क्रमितलाई निःशुल्क उपचार गर्न आदेश दिए पनि आदेश मान्न सरकार तयार नभएको बताउनुभयो ।

'नेकपा सरकार गरिब जनताको सरकार होइन, भारतीय



नारायण महर्जन

विस्तारवाद र अमेरिकी साम्राज्यवादको पृष्ठपोषणमा बनेको सरकार हो', उहाँले भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य तथा जनसाहित्य गोष्ठी, कीर्तिपुरका **नारायण महर्जन**ले कोभिड–१९ को नियन्त्रणमा सरकार असफल भए पनि जनस्तरमै महामारीको प्रतिरोधमा सजग हुनुपर्ने बताउनुभयो ।

सरकारले काठमाडौं



सुरेन्द्रराज गोसाई

उपत्यकाका सम्पदा र संस्कृति मास्न विकासको नाममा विनाश गरिरहेको धारणा उहाँले राख्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईले** प्रदेशको अभ्यास थालेको तीन वर्ष भइसक्दा पनि प्रदेशको भूमिका अस्पष्ट भएको बताउनुभयो ।

उहाँले शासक दलहरूभित्रको गुटगत झगडाको कारण केन्द्रीय, प्रदेश र स्थानीय तहसम्मका सरकारले जनताको आवश्यकताअनुसारको काम गर्न नसकेको बताउनुभयो ।

शासक दलको अदूरदर्शिता र सङ्घीयताप्रति गलत बुझाइको कारण पनि प्रदेशको अभ्यास प्रभावकारी नभएको चर्चा गर्नुहुँदै उहाँले शासक दलहरू जनताको आन्दोलनविपरीत गइरहेको बताउनुभयो ।


सृजना सैंजू

नेमकिपाका केन्द्रीय सदस्य तथा बागमती प्रदेश सभा सदस्य **सृजना सैंजूले** जनताका शत्रु र जनताको पक्षमा लगातार लडिरहेका मित्रलाई चिन्नुपर्ने विचार राख्नुपर्ने धारणा राख्नुभयो ।


चन्द्रबहादुर उलक


डा. हरिप्रसाद मानन्धर

'जनताको सङ्घर्षले मात्र शासकलाई ठीक ठाउँमा ल्याउन सक्नेछ । देशका शासकहरू असल नहुँदा देशमा नयाँ–नयाँ समस्या आउनुका साथै समयसँगै गरिनुपर्ने काम हुनसकेको छैन', उहाँले भन्नुभयो ।


नरेन्द्र ब्रह्माचार्य

नेपालभाषा साहित्य तःमुंज्याका अध्यक्ष **चन्द्रबहादुर उलकको** सभापतित्वमा भएको कार्यक्रममा काभ्रेका डा. **हरिप्रसाद मानन्धर**, ललितपुरका **नरेन्द्र ब्रह्माचार्य**, लेखक **आशाकुमार चिंकबञ्जार** र **सविन ख्याजूले** पनि बोल्नुभएको थियो ।



# भक्तपुर अस्पतालमा आइसीयु कक्ष र पीसीआर प्रयोगशाला उद्घाटन

बागमती प्रदेशका सामाजिक विकासमन्त्री युवराज दुलालले प्रदेश सरकारको सहयोगमा भक्तपुर अस्पतालमा ल्याइएको पीसीआर परीक्षण सेवा र सघन उपचार कक्ष (आइसीयु) को कार्तिक २७ गते एक समारोहबीच उद्घाटन गर्नुभयो। भक्तपुर जिल्लामा कोरोना सङ्क्रमण तीव्र बन्दै गएपछि समुदायस्तरमा कोरोना फैलिन नदिनको लागि भक्तपुर नगरपालिका वडा नं. १ मा अवस्थित भक्तपुर अस्पतालमा प्रदेश सरकारको सहयोगमा पीसीआर परीक्षण सेवा औपचारिक रूपमा आजबाट सुरु गरिएको हो।

उद्घाटन कार्यक्रममा प्रदेश मन्त्री दुलालले आर्थिक वर्ष २०७६/७७ को वार्षिक समीक्षा गर्दा भक्तपुर अस्पतालको प्रगति अरु अस्पतालको भन्दा उत्कृष्ट भएसँगै भक्तपुर अस्पताल बागमती प्रदेशकै उत्कृष्ट अस्पताल हुन सफल भएको बताउनुभयो।




एनजीओद्वारा सञ्चालित भक्तपुर क्यान्सर अस्पतालको थुप्रै बेथितिहरू औँल्याउनुहुँदै मन्त्री दुलालले भक्तपुर क्यान्सर अस्पताल सरकारी व्यवस्थापनमा सञ्चालन गर्ने निर्णय गरिसकेको बताउनुभयो। सरकारको मातहतमा सञ्चालनपश्चात भक्तपुर क्यान्सर अस्पतालले भरतपुर अस्पतालमा जस्तै सस्तोमा स्तरीय क्यान्सर उपचार सेवा प्रदान गरिने उहाँले आश्वस्त पार्नुभयो।

मन्त्री दुलालले प्रदेश अस्पतालको आन्तरिक सुदृढीकरणको लागि नेतृत्व व्यवस्थापनमा जोड दिँदै अगाडि बढेकै कारण अस्पतालको विकास सम्भव भएको जिकिर गर्नुहुँदै प्रदेश सरकार कोभिड महामारीमाथि विजय प्राप्त गर्ने लक्ष्यका साथ अगाडि बढिरहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर अस्पताल बागमती प्रदेशकै सर्वोत्कृष्ट अस्पताल साबित भएकोमा खुशी प्रकट गर्नुभयो। उहाँले भक्तपुर अस्पताल हाल भक्तपुरलगायतका क्षेत्रहरूका बिरामीहरूको विश्वास जित्न सक्नु सबैको लागि खुशीको विषय भएको बताउनुभयो।

नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले व्यवस्थित आइसोलेसन सञ्चालन गरी कोरोना सङ्क्रमितहरूलाई आवश्यक परामर्श सेवा पनि दिइरहेको बताउनुहुँदै कोरोना जोखिमलाई ध्यानमा राखेर अनलाइनमार्फत शारीरिक व्यायाम पनि सुरुवात गरिसकेको बताउनुभयो।

कोभिड महामारीबीच निजी अस्पताल जनताको सेवाभन्दा नाफा र संस्थागत फाइदाको निम्ति सञ्चालन भएको कुरा पुष्टि भएको बताउनुहुँदै प्रमुख प्रजापतिले सरकारले आफ्नो पूर्व निर्णय सच्याउँदै सरकारी अस्पतालमा कोरोना परीक्षण र उपचार निःशुल्क गर्ने निर्णय सकारात्मक भएको बताउनुभयो।

बागमती प्रदेशका प्रदेश सदस्य डा. राजेन्द्रमान श्रेष्ठले वर्तमान समयमा भक्तपुर अस्पताल सञ्चालनमा ठूलो विकास भइरहेको बताउनुहुँदै जनप्रतिनिधि, प्रशासन, अस्पताल व्यवस्थापन, चिकित्सक र कर्मचारीहरूको सामूहिक प्रयासका कारण अस्पतालको प्रगति सम्भव भएको बताउनुभयो।

कार्यक्रममा अस्पतालका मेडिकल सुपरिटेन्डेट डा. सुमित्रा गौतमले पीसीआर सेवाको प्रारम्भिक परीक्षण भइरहेको र भक्तपुर अस्पतालबाट पीसीआर परीक्षण निःशुल्क रूपमा गरिने जानकारी दिनुभयो। भक्तपुर अस्पतालमा पीसीआर परीक्षणको व्यवस्थाका लागि भक्तपुरका जनप्रतिनिधि एवम् जनताले निरन्तर पहल गर्दै आइरहेको स्मरण गर्नुहुँदै डा. गौतमले कोभिड महामारीबीच पनि अस्पतालले अहोरात्र बिरामीहरूको उपचार र सेवामा समर्पित भएर लागिपरेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका वडाध्यक्ष तथा कार्यपालिका सदस्यहरूको पनि उपस्थिति रहेको थियो भने जिल्ला समन्वय समिति भक्तपुरका संयोजक नवराज गेलाल, भक्तपुर अस्पताल व्यवस्थापन समितिका अध्यक्ष मिलन सुवाल, पत्रकार महासङ्घ भक्तपुर जिल्लाका अध्यक्ष पुष्कर बुढाथोकीलगायतले पनि शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो।

मन्त्री दुलाल, नगर प्रमुख प्रजापति, प्रदेश सांसदलगायतले पीसीआर प्रयोगशालाको औपचारिक उद्घाटन पश्चात अस्पतालको सघन उपचार कक्ष (आइसीयु) को स्थलगत अवलोकन गर्नुभयो।

## भक्तपुर क्यान्सर अस्पतालका कर्मचारी समस्याबारे स्वास्थ्यमन्त्रीसँग छलफल

नेपालमजदुर किसान पार्टीका सांसद प्रेम सुवाल, भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाको टोलीले मङ्सिर ७ गते स्वास्थ्य मन्त्री भानुभक्त ढकालसँग भेट गरी भक्तपुर क्यान्सर अस्पताल सञ्चालन कार्यविधिमा भएको अस्पष्टता र कर्मचारी सम्बन्धी व्यवस्थापन सम्बन्धमा ध्यानाकर्षण गराउनुभयो।

सांसद सुवालले कार्यविधिमा २०-२२ वर्षदेखि अस्पतालमा कार्यरत रही स्थायी, अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरुलाई कार्यविधिमा समितिले करारमा नियुक्ति गर्ने भनिएको हुँदा त्यसलाई हटाई कार्यरत कर्मचारीहरुले विगतमा खाइपाई आएको सुविधामा नघट्ने गरी समितिले निरन्तरता दिनु पर्नेतर्फ मन्त्री ढकालको ध्यानाकर्षण गर्नुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख प्रजापतिले क्यान्सर अस्पतालमा कार्यरत कर्मचारीहरुमध्ये आधाजसो स्थायी भैसकेको हुँदा ती कर्मचारीहरुलाई कुनै किसिमको समस्या नहुने गरी अस्पताल सञ्चालनको लागि उचित वातावरण बनाउन मन्त्री



ढकाललाई आग्रह गर्नुभयो।

स्वास्थ्यमन्त्री ढकालले गठन आदेशबाट कर्मचारीलाई अप्ठेरो हुन गएको भए छलफल गरी खाइपाई आएको सुविधालाई असर नपर्ने गरी व्यवस्थापन गर्न आफू सकारात्मक भएको बताउनुभयो।

छलफलमा मन्त्रालयका डा. गुणराज लुईटेलको पनि सहभागिता रहेको थियो।

## सहकारी संस्थाहरूको वार्षिक साधारणसभाबारे छलफल

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा कोभिड १९ रोग सङ्क्रमणबीच सहकारी संस्थाहरूको वार्षिक साधारणसभा सञ्चालनबारे सहकारी समाज भक्तपुरका प्रतिनिधिहरूबीच कार्तिक २७ गते छलफल कार्यक्रम सम्पन्न भयो।

छलफलमा नगर प्रमुख प्रजापतिले कोभिड नियन्त्रण तथा रोकथामको विषयमा भक्तपुर नगरपालिकाले गरिरहेको गतिविधि र आइसोलेसन केन्द्रबाट भइरहेको सेवा प्रवाहबारे अवगत गराउनुभयो।

कोरोना नियन्त्रणको लागि भक्तपुर नपाको प्रकोप



व्यवस्थापन कोषमा भक्तपुरका सहकारी संस्था तथा विभिन्न सङ्घ संस्थाहरूले आर्थिक तथा भौतिक सहयोग गरिरहेको बताउनुहुँदै उहाँले भक्तपुर अस्पतालमा आजबाट नि:शुल्क पीसीआर परीक्षण सेवा सुरु भइसकेको र उक्त अस्पताललाई सुविधासम्पन्न अस्पताल बनाउन सम्बन्धित निकायहरूमा आवश्यक पहल गरिरहेको बताउनुभयो। तिहारको समयमा सङ्क्रमणको जोखिमलाई ध्यान दिँदै सहकारी संस्थाहरूले आफ्ना सदस्यहरूलाई भीडभाड हुने कार्यमा संलग्न नहुन र सुरक्षाका मापदण्ड अपनाई सुरक्षित ढङ्गले चाडपर्व मनाउन आग्रहसहित जनचेतना अभिवृद्धि हुने सन्देश प्रवाहको लागि सहकारीकर्मीमाझ आग्रह गर्नुभयो।

सहकारी समितिका संयोजक एवम् भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले भक्तपुरका सहकारी सङ्घ संस्थाले कोरोना नियन्त्रणको लागि निरन्तर आर्थिक र भौतिक सहयोग गर्दै नगरपालिकाको कामहरूमा साथ र सहयोग गर्दै आइरहेको छ भन्नुभयो।

छलफल कार्यक्रममा विभिन्न सहकारी संस्थाका प्रतिनिधिहरूले विश्वभर फैलिएको कोभिड १९ को सङ्क्रमणको चुनौतीलाई ध्यानमा राखेर सहकारी संस्थाहरूको वार्षिक साधारणसभा फेसबुक लाइभ वा टिभीबाट प्रत्यक्ष प्रसारण गरी अनलाइन (जुम) मार्फत गर्नु उपयुक्त हुने, सहकारी विभागको मापदण्ड अवलम्बन गरी साधारणसभा सञ्चालन गर्नुपर्ने, नियामक निकायको स्वीकृति लिएर पुस मसान्तभित्र साधारण सभा गर्नुपर्ने, निषेधाज्ञा खुकुलो भए पनि कोरोना सङ्क्रमितहरू बढ्दै गइरहेको वर्तमान अवस्थामा अनलाइन माध्यमबाट सभा सञ्चालन गर्नु उपयुक्त हुनेलगायतका सुझावहरू प्रस्तुत गर्नुभयो।

# कोभिड नियन्त्रणबारे ज्ञापनपत्र हस्तान्तरण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई कोरोना भाइरस सङ्क्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धमा जनसरोकार समन्वय समितिका प्रतिनिधि टोलीले कार्तिक २६ गते एक ज्ञापनपत्र हस्तान्तरण गऱ्यो ।



ज्ञापनपत्र बुझ्दै नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुरमा कोरोना रोकथाम र नियन्त्रणको लागि नगरपालिकाद्वारा सञ्चालित आइसोलेसन केन्द्रका सेवा सुविधाहरू र नगरपालिकाले गरेका गतिविधिहरूबारे अवगत गराउनुभयो । उहाँले काठमाडौं उपत्यकामा कोरोना सङ्क्रमण फैलिने सम्भावनालाई ध्यानमा राखेर गृहमन्त्रालय र सङ्घीय मामिला मन्त्रालयमा भएको बैठकहरूमा उपत्यका छिर्ने नाकाहरू कडाइ गर्नुपर्ने माग गरेको तर उचित सम्बोधन नहुँदा काठमाडौं उपत्यका कोरोनाको केन्द्रको रूपमा अगाडि बढिरहेको बताउनुभयो ।

कोरोनाविरुद्ध लड्न सबैजना एकीकृत भएर अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै नगर प्रमुख प्रजापतिले जनतालाई कोरोनाबारे सचेत बनाउने कार्यलाई निरन्तर अगाडि बढाइरहेको बताउनुभयो ।

जनसरोकार समन्वय समितिका संयोजक श्यामकृष्ण प्रजापतिले कोरोनाको जोखिम बढिरहेको अवस्थामा सङ्क्रमणको रोकथाम र नियन्त्रणमा राज्यको सक्रिय भूमिका हुनुपर्ने र जनताले नि:शुल्क रूपमा स्वास्थ्य उपचार पाउने सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो ।

ज्ञापनपत्रमा भक्तपुरका प्रत्येक वडामा नि:शुल्क पीसीआर टेष्टको व्यवस्था गर्न, भक्तपुरमा व्यवस्थित आइसोलेसन व्यवस्था गर्न, सम्भावित सङ्क्रमण रोक्न भीडभाड नियन्त्रणका लागि स्वयम्सेवक परिचालन गर्न, सङ्क्रमणको जोखिम बढिरहेको सन्दर्भमा फुटपाथ, ठेला व्यापार र व्यवसाय पूर्णरूपमा बन्द गर्न र भक्तपुर अस्पताल अगाडिको पार्किङ व्यवस्थित गर्न, सरकारी निकायहरू कोभिड १९ नियन्त्रणको लागि सर्वपक्षीय संयन्त्र निर्माण गर्नुपर्ने मागहरू उल्लेख रहेको छ ।

# कोरोना रोकथामबारे विनेभासाका पदाधिकारीहरूसँग छलफल

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कोरोना भाइरस सङ्क्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धमा विराट नेपालभाषा साहित्य सम्मेलन केन्द्रीय समितिका पदाधिकारीहरूसँग कार्तिक २६ गतेछलफल गर्नुभयो ।

छलफलमा प्रमुख प्रजापतिले कोरोनाबाट नगरवासी जनतालाई जोगाउन सबैको संयुक्त प्रयास आवश्यक भएको बताउनुहुँदै तिहारको समयमा भीडभाड हुने कुनै किसिमको औपचारिक कार्यक्रम नगर्न र न्हूदँ ज्यालीजस्ता कार्यक्रमहरू स्थगित गर्न पहल गरी दिनुहुन विराट नेपालभाषा साहित्य सम्मेलन केन्द्रीय समितिका पदाधिकारीहरूलाई आग्रह गर्नुभयो ।

विराट नेपालभाषा साहित्य सम्मेलन केन्द्रीय समितिका अध्यक्ष महेन्द्रगोपाल कर्माचार्यले भक्तपुर नगरपालिकाले कोरोना रोकथामको लागि गरिरहेको काम सराहनीय भएको बताउनुहुँदै आफ्नो संस्थाको तर्फबाट खुला रूपमा कुनै पनि कार्यक्रम नगर्ने अरुलाई पनि कार्यक्रमहरू नगर्न विज्ञप्तिमार्फत आह्वान गरी सहयोग गर्ने वचन दिनुभयो ।



छलफलमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, विराट नेपालभाषा साहित्य सम्मेलनका कोषाध्यक्ष रामगोपाल चगुठी पनि उपस्थित हुनुहुन्थ्यो ।

### जनप्रतिनिधिहरू र स्वास्थ्य मन्त्रालयका प्रतिनिधिहरूबीच

# कोभिड १९ रोकथाम, नियन्त्रण तथा उपचारबारे छलफल

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नपाका जनप्रतिनिधि र स्वास्थ्य मन्त्रालय, जनस्वास्थ्य कार्यालयका प्रतिनिधिहरूको उपस्थितिमा विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ रोकथाम, नियन्त्रण र उपचार गर्ने विषयमा कार्तिक २५ गते नगरपालिकाको सभाकक्षमा बैठक बस्यो।

छलफलमा कोभिड नियन्त्रणबारे भक्तपुर नगरपालिकामा भए/गरेका काम कारबाहीहरूको बारे अवगत गराउनुहुँदै नगर प्रमुख प्रजापतिले नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको तर संविधानले निर्दिष्ट गरेबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वयको अभाव महसुस भइरहेको बताउनुभयो।

स्रोत र साधनको अभावबीच पनि जनप्रतिनिधिहरूले आ–आफ्नो क्षमताअनुसार कोरोनाबाट समाजलाई जोगाउन सक्रियतापूर्वक लागिरहेको बताउनुहुँदै भक्तपुर नगरपालिकाले नेपाल सरकारको कार्यविधिअनुसार प्रकोप व्यवस्थापन केन्द्र (सीएमसी) गठन गरी कोरोना नियन्त्रण तथा रोकथाममा क्रियाशील ढङ्गले काम गरिरहेको प्रमुख प्रजापतिले बताउनुभयो।

कोरोना जोखिमबीच पनि भक्तपुर नगरपालिकाले अति आवश्यक सेवा प्रदान गर्दै आइरहेको बताउनुहुँदै नगरवासी सङ्क्रमितहरूको लागि सुविधायुक्त ७५ बेडको आइसोलेसन केन्द्र निर्माण गरी कोभिडको यो जटील अवस्थामा पनि चिकित्सकहरूलाई पालो मिलाएर भक्तपुर नगरपालिकाका जनस्वास्थ्य केन्द्रहरूले ३०० भन्दा बढी जनतालाई नियमित रूपमा सेवा प्रदान गरिरहेको बताउनुभयो।

स्वास्थ्य मन्त्रालयका प्रतिनिधि डा. बासुदेव पाण्डेले कोभिड नियन्त्रणमा भक्तपुर नगरपालिकाले गरिरहेको कार्य अनुकरणीय भएको बताउनुहुँदै कोरोना सङ्क्रमितहरूको पहिचान हुन नसक्दा सङ्क्रमणको खतरा झन् बढ्दै गइरहेको बताउनुभयो। उहाँले सङ्क्रमितको कन्ट्याक्ट ट्रेसिङको आधारमा पीसीआर परीक्षण गराई निको नभएसम्मको लागि सङ्क्रमितहरूको लागि उचित परामर्शको आवश्यकता रहेको बताउनुभयो।

छलफलमा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष प्रेमगोपाल कर्माचार्य, वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवाल, ३ नं. वडाध्यक्ष राजकृष्ण गोरा, भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, भनपा वडा नं. ८ का वडाध्यक्ष महेन्द्र खायमलीले पनि कोरोना रोकथाम तथा नियन्त्रणको लागि सुझावहरू प्रस्तुत गर्नुभयो।



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्र प्रमुख डा. रत्नसुन्दर लासिवाले कोरोना बीमाले जनतामाझ अन्योल सिर्जना गरिरहेको बताउनुहुँदै सञ्चारमाध्यमहरूमा कोरोनाबारे गलत भ्रम पैदा गरिरहेको र त्यस्ता गलत सूचना र भ्रमको खण्डन नेपाल सरकारको आधिकारिक निकायबाट हुनुपर्ने बताउनुभयो।

वरिष्ठ जनस्वास्थ्य निर्देशक रीता जोशीले नगरका हरेक टोलमा 'कोभिड सहजीकरण समूह' गठन गरी कोरोना नियन्त्रण प्रभावकारी बनाउने विषयमा प्रस्तुतिकरण देखाउनुभयो।

कार्यक्रममा स्वास्थ्य कार्यालय भक्तपुरका वरिष्ठ जनस्वास्थ्य अधिकृत कृष्ण मिजारले पनि बोल्नुभएको थियो।

प्रतिनिधि सभा श्रम समितिमा

# 'कोभिडको महामारी परेका श्रमिकहरुको व्यवस्थापनमा स्थानीय तहको भूमिका' बारे छलफल

प्रतिनिधिसभा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको आयोजनामा कोभिड १९ महामारीको मारमा परेका श्रमिकहरूको व्यवस्थापनका लागि काठमाडौं उपत्यकाका स्थानीय तहहरूले गरेको व्यवस्था सम्बन्धमा सोमबार सङ्घीय संसद सचिवालयको सभाकक्षमा कार्तिक २४ गते बैठक सम्पन्न भयो ।

समितिका अध्यक्ष माननीय विमलप्रसाद श्रीवास्तवको सभातित्वमा सम्पन्न उक्त बैठकमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले कोरोना रोकथाम तथा नियन्त्रणको लागि महानगर र नगरपालिकाबाट भए/गरेका गतिविधि र कार्यहरूबारे अवगत गराउनुभयो ।

बैठकमा समितिका सभापति श्रीवास्तवले कोरोना महामारीबीच काठमाडौं उपत्यकाको सरसफाइमा विशेष जोड दिनुपर्ने र विपन्न वर्गका श्रमिकहरूको निम्ति रोजगारी सिर्जनाको लागि स्थानीय तहहरूले आवश्यक भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।

कोरोनाको महामारी दिन प्रतिदिन बढ्दै गएको औँल्याउनुहुँदै सभापति श्रीवास्तवले बजारमा हुने भीड व्यवस्थापन, श्रमिक जनताको लागि रोजगारी सिर्जना, ढल व्यवस्थापनलगायतका कार्यहरूको व्यवस्थापनको लागि आग्रह गर्नुभयो । भक्तपुर नगरपालिकाले एकद्वार प्रणालीमार्फत कोभिड महामारीमा परेका पीडित जनतालाई राहत वितरण गरेको उहाँले बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले देशमा कोरोनाको कारण भयावह स्थिति आउँदा समेत संविधानले निर्दिष्ट गरेबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वयको अभाव महसुस भएको बताउनुभयो । कोरोनाबाट समाजलाई जोगाउन भक्तपुरका जनप्रतिनिधिहरू सक्रियतापूर्वक लागिरहेका बताउनुहुँदै प्रमुख प्रजापतिले कोरोनाविरुद्ध लड्न एकीकृत शक्तिको खाँचो औँल्याउनुभयो ।

भक्तपुर नगरपालिकाले ७५ शय्याको छुट्टै आइसोलेसन केन्द्र सञ्चालन गरिरहेको र नगरपालिकाद्वारा सञ्चालित आइसोलेसन केन्द्रमा ८८ जना नगरवासीहरूले सेवा प्राप्त गरिसकेको बताउनुहुँदै प्रमुख प्रजापतिले घरमै आइसोलेसनमा बस्नेहरूको लागि नगरपालिकाले ७२ घण्टाको एकपटक छुट्टै टोलीले फोहोर सङ्कलन गर्ने व्यवस्था, स्वास्थ्य परामर्शको लागि २ जना चिकित्सक र अन्य व्यवस्थापनको लागि आवश्यक कर्मचारीहरूको व्यवस्था गर्दै आएको बताउनुभयो ।

बैठकमा काठमाडौं महानपाका प्रमुख विद्यासुन्दर शाक्यले उपत्यकास्तरीय आइसोलेसन निर्माणको लागि आवश्यक पहल भइरहेको अवगत गराउनुहुँदै उपत्यकाका अस्पतालहरूमा कोरोना सङ्क्रमितहरूको उपचारको लागि आइसीयु र भेन्टिलेटरको अभाव रहेको औँल्याउनुभयो । काठमाडौं महानपाले मानव सेवा आश्रमसँग सहकार्य गरी श्रमिक जनताको हितमा आवश्यक सहयोग कार्यलाई अगाडि बढाइरहेको बताउनुहुँदै प्रमुख शाक्यले ➲



# वागीश्वरी माविको नयाँ भवन शिलान्यास

वागीश्वरी माध्यमिक विद्यालय कमलविनायकमा विद्यालय व्यवस्थापन समितिका सदस्य एवं अग्रज मोहनप्रसाद प्रजापतिले कार्तिक २१ गते नयाँ भवनको शिलान्यास गर्नुभयो ।

शिलान्यास कार्यक्रमका प्रमुख अतिथि मोहनप्रसाद प्रजापतिले वागीश्वरी माविको भौतिक पूर्वाधार निर्माणको अनुभव बताउनुहुँदै विद्यालयमा कार्यरत शिक्षक शिक्षिकाहरूले भौतिक निर्माणका साथै शैक्षिक गुणस्तर वृद्धि गर्नमा पनि उत्तिकै मिहिनेत गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षक कर्मचारीहरूले कर्मचारी मानसिकतालाई त्यागी विद्यालयलाई आवश्यक भएको समयमा समय दिन उत्प्रेरित हुनुपर्छ भन्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका तथा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले भवन निर्माणमा संलग्न सबैले पारदर्शी रूपमा समयमै भवन निर्माण सम्पन्न गर्न अनुरोध गर्नुभयो ।

बागमती प्रदेश सरकारबाट नमूना घोषित भएको यस विद्यालयले गर्ने कार्यहरू पनि नमूना हुनुपर्ने भन्नुहुँदै उहाँले




वागीश्वरी माविले नजिकै रहेका सामुदायिक विद्यालयलाई पनि सँगै अगाडि लगिरहेको बताउनुभयो ।

विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद धन्छाको सभापतित्वमा सम्पन्न कार्यक्रममा जिल्ला आयोजना कार्यान्वयन इकाईका भरत श्रेष्ठ, प्रा.डा सिद्धिवीर कर्माचार्य, विद्यालयका संयोजक पूर्वसहायक प्रधानाध्यापक ज्ञानसागर प्रजापतिलगायतको उपस्थिति थियो ।

---

➲ काठमाडौं महानगरपालिकाले २३ हजार नगरवासीहरूको निःशुल्क पीसीआर परीक्षण गरिसकेको बताउनुभयो ।

विभिन्न सङ्घ संस्थाले काठमाडौंको खुलामञ्चमा अव्यवस्थित तरिकाले गरिरहेको खाना वितरण कार्यलाई काठमाडौं महानपाले बन्द गर्ने निर्णय गरेको बताउनुहुँदै उहाँले कोरोना सङ्क्रमण जोखिमका कारण काठमाडौंको सांस्कृतिक एवम् ऐतिहासिक महत्त्व बोकेका जात्रा र पर्वहरू सामान्य रूपमा मनाउन नगरवासीहरूमाझ आग्रह गरेको बताउनुभयो ।

बैठकमा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सदस्य माननीय बिन्दा पाण्डेले काठमाडौंको खुलामञ्चमा भइरहेको अस्वस्थकर खाना खुवाउने कार्य बन्द गरी उचित ठाउँको व्यवस्थापन गर्नुपर्ने, आइसोलेसनको व्यवस्थापन प्रभावकारी ढङ्गबाट हुनपर्ने र स्थानीय तहका श्रमिकहरूको सूची दर्ता व्यवस्थित ढङ्गले राख्नुपर्ने बताउनुभयो ।

मा. अभिषेकप्रताप शाहले हाल समुदायस्तरमा कोरोना सङ्क्रमितहरू बढिरहेको हुँदा रोकथाम र नियन्त्रणमा थप चुनौती थपिरहेको बताउनुहुँदै उपत्यका छिर्ने नाकाहरूमा व्यवस्थित ढङ्गले सवारीसाधनहरूमा विषाणुनासक औषधिहरू छर्ने कार्य हुनुपर्ने, गरिब वर्गलाई खाना खुवाउनुभन्दा रोजगारी सिर्जना गरिनुपर्ने बताउनुभयो ।

मा. भीमसेनदास प्रधानले कोरोना नियन्त्रण र रोकथामको लागि राज्य नै क्रियाशील हुनुपर्ने बताउनुहुँदै कोरोना महामारीबीच विकास निर्माणका कामहरूलाई थाती राखी जनताको स्वास्थ्य रक्षाको निम्ति स्थानीय तहहरू अग्रसर हुनुपर्ने बताउनुभयो । उहाँले कोभिड नियन्त्रणको लागि जम्मा भएको कोषको सही सदुपयोग हुनुपर्नेमा जोड दिनुहुँदै रोजगारी गुमेका दैनिक ज्यालादारीमा काम गर्ने श्रमिकको व्यवस्थापनबारे सरकारले उचित कदम चाल्नुपर्ने बताउनुभयो ।

समितिका सदस्य मा. देवेन्द्र पौडेलले खुलामञ्चमा खाना खुवाउने व्यवस्थाको अन्त्य हुनुपर्ने, मा. सोमप्रसाद पाण्डेले कोरोना रोकथामको लागि जनप्रतिनिधिहरूको प्रयत्न सराहनीय भएको, मा. प्रकाश रसाइलीले उपत्यका छिर्ने नाकाहरूमा कुनै सुरक्षा उपाय अवलम्बन नभएको तथा बेरोजगारीको तथ्याङ्क अद्यावधिक गरिनुपर्ने र मा. मायादेवी न्यौपानेले उपत्यकामा हरियाली प्रवर्द्धनको लागि पार्कहरूको निर्माण गरिनुपर्नेलगायतका धारणाहरू व्यक्त गर्नुभयो ।

बैठकमा नगर प्रमुख प्रजापति, महानगरपालिकाका प्रमुख शाक्यले कोभिडको महामारीमा परेका श्रमिकहरूको व्यवस्थापनमा स्थानीय तहले खेलिरहेको भूमिकामाथि उठेका जिज्ञासामाथि प्रष्ट पार्नुभयो ।

बैठकमा श्रम मन्त्रालयका प्रतिनिधि र वैदेशिक रोजगारका महानिर्देशकलगायतले कोभिड नियन्त्रणमा आफ्नो क्षेत्रबाट भए/गरेका कार्यहरूबारे विस्तृतमा जानकारी दिनुभयो ।

# भक्तपुर क्यान्सर अस्पताल अब सरकारी अस्पतालसरह

लामो समयदेखि अन्योलमा रहेको भक्तपुर क्यान्सर अस्पताललाई नेपाल सरकारले सरकारी अस्पतालसरह सञ्चालन गर्ने निर्णय गरेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट प्रस्तुत प्रस्तावमाथि छलफल गरी कार्तिक २४ गतेको मन्त्रिपरिषद्को बैठकले भक्तपुर क्यान्सर अस्पताललाई अस्पताल विकास समिति गठन गरी सञ्चालन र व्यवस्थापन गर्ने निर्णय गरेको छ ।




भक्तपुर नगरपालिकाको स्वामित्वमा रहेको जमिनमा नेपाल अर्बुद रोग निवारण समाजले भोगाधिकार प्राप्त गरी सञ्चालनमा रहेको सो अस्पतालमा नेपाल अर्बुद रोग निवारण समाजका पदाधिकारीबाट मनपरीरूपमा सञ्चालन भएपछि स्थानीय जनताको आग्रहमा भक्तपुर नगरपालिकाले अलग सञ्चालन समिति बनाई सञ्चालन गरेको थियो । नेपाल अर्बुद रोग निवारण समाजका पदाधिकारीबाट भएको भ्रष्टाचारको विरोध गर्दै अस्पतालको चुस्त सञ्चालनको निम्ति भक्तपुर नगरपालिकाले चालेको कदमविरूद्ध उक्त समाजले दायर गरेको रिटमा सर्वोच्च अदालतले 'हाललाई भक्तपुर नगरपालिकाले गठन गरेको सञ्चालक समितिलाई पनि कुनै काम नगर्न' अन्तरिम आदेश जारी गरेपछि अस्पतालको सञ्चालन अन्योलमा रहेको थियो ।

नेपाल सरकारको कार्तिक २४ गतेको निर्णयले अस्पताल सञ्चालनमा रहेको अन्योल अन्त्य भएको छ । नेपाल अर्बुद रोग निवारण समाज नामको गैरसरकारी संस्थाअन्तर्गत अस्पतालका कुनै पनि चल-अचल सम्पत्ति वैधानिक नभएको अवस्थामा अब सबै सम्पत्ति नेपाल सरकारअन्तर्गत सञ्चालन हुने भएको छ । नेपाल सरकारको सो निर्णयअनुसार निवारण संस्था र नगरपालिकाले गठन गरेका दुवै सञ्चालक समिति निस्क्रिय हुने भएका छन् । नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको अधिकारीको अध्यक्षतामा गठन हुने अस्पताल विकास समितिले अस्पतालको सञ्चालन गर्नेछ ।

सरकारको सो निर्णयले अस्पतालमा उपचारमा आउने बिरामी र त्यहाँ कार्यरत स्वास्थ्यकर्मी र कर्मचारीलाई सहज हुने बताइएको छ । सरकारी स्वामित्वमा जानासाथ उपचार र परीक्षण शुल्कमा हालभन्दा सस्तो गर्न सकिने अस्पतालमा कार्यरत एक कर्मचारीले भन्नुभयो । हाल २७९ जना स्वास्थ्यकर्मी र कर्मचारी कार्यरत अस्पतालका सबैलाई अब अस्पताल विकास समितिअन्तर्गत सेवालाई निरन्तरता दिइनेछ । आगामी दिनमा स्वास्थ्यकर्मी र कर्मचारी भने लोकसेवा आयोगको विधि प्रक्रियाअनुसार भर्ना गरिनेछ ।

सरकारको निर्णयबारे प्रतिक्रिया दिँदै भक्तपुर क्यान्सर अस्पतालको फेसबुक पेजमा लेखेको छ, 'नेपाल सरकारको जग्गामा सञ्चालित भक्तपुर क्यान्सर अस्पताल कानुनी रूपमा बेवारिसे भई नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७-७-२४ को निर्णयअनुसार यस अस्पताललाई भक्तपुर क्यान्सर अस्पताल विकास समिति गठनमार्फत सञ्चालन गर्ने भएकोले यस अस्पतालमा कार्यरत सम्पूर्ण कर्मचारी र अस्पताल प्रशासन उक्त निर्णयको स्वागत गर्दछौं । भविष्यमा अस्पतालको विकास, क्यान्सर बिरामीहरूले सस्तो, सुलभ र गुणस्तरीय सेवा पाउने आशा र कर्मचारीहरूको स्थायित्व र वृत्ति विकासको अपेक्षा राखेका छौं ।'

प्राप्त जानकारीअनुसार सो अस्पताल चितवनको भरतपुर क्यान्सर अस्पतालकै ढाँचामा सञ्चालन गरिनेछ ।

के गर्दै छ
भक्तपुर नगरपालिका ?
थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्
- 'भक्तपुर' मासिक
- 'ख्वप पौ'
- http://bhaktapurmun.gov.np
- www.bhaktapurkhabar.com
- www.facebook.com/BhaktapurMunicipality/
- ख्वप स: (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० - ८:३० र शुक्रबार साँझ ६:३० - ७:३० सम्म
- अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६

# ध्वनि र धुवाँ प्रदूषण गर्ने उद्योग स्थानान्तरणबारे छलफल

नेपाल मजदुर किसान पार्टीका सङ्घीय सांसद प्रेम सुवाल, भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति, वडाध्यक्षलगायतका प्रतिनिधि टोली र औद्योगिक क्षेत्र व्यवस्थापन लि. मुख्य कार्यालय बालाजु काठमाडौँका महाप्रबन्धक सुभाष सिटौलाबीच कार्तिक २३ गते भक्तपुर नगरपालिका वडा नं. २ स्थित भक्तपुर औद्योगिक क्षेत्रभित्र अवस्थित ध्वनि र धुवाँ प्रदूषण गर्ने उद्योगहरू स्थानान्तरणबारे छलफल भयो ।



टोलीले औद्योगिक क्षेत्र व्यवस्थापन लि. मुख्य कार्यालयका निर्देशक तथा अधिकारीहरूसँग भएको उक्त छलफलमा भक्तपुर औद्योगिक क्षेत्रलाई नेपाल सरकारले आर्थिक वर्ष २०७३/७४ को बजेट वक्तव्यको प्रतिबद्धताअनुसार काठमाडौँ उपत्यका बाहिर स्थानान्तरण गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन र औद्योगिक क्षेत्रको स्थापनाको उद्देश्यअनुसार भक्तपुर साना औद्योगिक क्षेत्र कायम गरी टेक्सटाइल, डाइङ र अन्य रसायन प्रदूषण फाल्ने नेपो इण्डष्ट्रिजलगायत उद्योगहरू स्थानीय पीडित जनताको निवेदन र भक्तपुर नगरपालिकाको पत्रअनुसार अविलम्ब हटाउन आग्रह गऱ्यो ।

छलफलमा सङ्घीय सांसद सुवालले मानव बस्तीभित्र अवस्थित भक्तपुर औद्योगिक क्षेत्रभित्र सञ्चालित ध्वनि र धुवाँ प्रदूषण फाल्ने उद्योगहरू जनताको चाहनाबमोजिम स्थानान्तरण हुनुपर्ने र नेपो इण्डष्ट्रिजलगायतबाट स्थानीय जनता पीडित भएको हुँदा त्यस्ता टेक्सटाइल र डाइङलगायत ध्वनि धूलो फाल्ने उद्योग सञ्चालनमा रोक लगाउनुपर्नेमा जोड दिनुभयो । साना औद्योगिक क्षेत्रको रुपमा स्थापित उक्त उद्योग क्षेत्रमा अपारदर्शी ढङ्गले काम भइरहेकोमा आपत्ति जनाउनुहुँदै सांसद सुवालले मानव बस्तीभित्र सञ्चालित उद्योगहरूले जनताको चाहनाबमोजिम सञ्चालन हुनुपर्नेमा औद्योगिक क्षेत्र व्यवस्थापन लि. को ध्यानाकर्षण गर्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ढिलो न्याय दिनु अन्याय भएको बताउनुहुँदै जनताको गुनासो सम्बन्धित निकायबाट समयमै सम्बोधन नभए अराजकता ल्याउन सक्नेतर्फ ध्यानाकृष्ट गर्नुभयो । विश्व सम्पदा सूचीमा सूचीकृत सांस्कृतिक नगरभित्र सञ्चालित सो उद्योगहरूले पर्यटकीय नगरमा नकारात्मक असर पारिरहेको बताउनुहुँदै नेपो उद्योगलाई ध्वनि र धुवाँ प्रदूषण नहुने गरी बिहान १० देखि ५ बजेसम्म चलाउने निर्देशन दिइएकोमा कार्यान्वयन नभएको हुँदा तत्काल कारबाही गर्नुपर्ने बताउनुभयो ।

औद्योगिक क्षेत्र व्यवस्थापन लि. मुख्य कार्यालय बालाजु काठमाडौँका महाप्रबन्धक सुभाष सिटौलाले भक्तपुर औद्योगिक क्षेत्र स्थानान्तरणको विषयमा उद्योग मन्त्रालयले समिति गठन गरी आवश्यक निरीक्षणपश्चात कसरी अगाडि बढ्नु उचित हुने टुंगो लाग्ने बताउनुभयो । कुनै पनि उद्योग स्थानीयको चाहनाविपरीत अगाडि बढ्न नसक्ने बताउनुहुँदै सिटौलाले दर्ताबिना सञ्चालन भएका उद्योगहरू कानुनको दायरामा आउने प्रष्ट पार्नुभयो ।

छलफलमा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला, औद्योगिक क्षेत्र व्यवस्थापन लि. मुख्य कार्यालयका सृजना श्रेष्ठ, कार्यालयका निर्देशक सञ्जयलाल मानन्धर, भक्तपुर नपाका कर्मचारी गौतमप्रसाद लासिवा र पीडित स्थानीय विनोदचरण रायको पनि उपस्थिति रहेको थियो ।

## बसिबियाँलोको उत्तर



**भूमि व्यवस्थापनसम्बन्धी कर्मचारीलाई तालिम**

# 'कर्मचारीको मूल्याङ्कन प्रमाणपत्रले नभई व्यवहारमा जनताले गर्ने'

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले तालिममा सिकेको ज्ञानलाई व्यवहारमा उतार्नुपर्नेमा जोड दिनुहुँदै कर्मचारीको मूल्याङ्कन प्रमाणपत्रले नभई व्यवहारमा जनताले गर्ने बताउनुभएको छ ।




भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, काभ्रेको आयोजनामा कार्तिक २१ गते भएको स्थानीय तहको लागि भूमि व्यवस्थापनसम्बन्धी एकहप्ते तालिमको समापन कार्यक्रमका प्रमुख अतिथि प्रमुख प्रजापतिले कृषि प्रधान देशमा रसायनिक मलबिना धान रोप्नुपर्ने स्थितिले देशको अर्थतन्त्रमा नराम्रो असर पर्ने बताउनुभयो ।

उहाँले नेपालमै रसायनिक मल कारखाना स्थापना गरेको भए किसानले समयमा गुणस्तरीय मल प्राप्त गर्ने, कृषि उत्पादन बढ्ने र विदेश निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्न सकिने बताउनुभयो ।

उहाँले नीति निर्माताहरूको कमजोरीले गर्दा अन्नको भण्डारको रूपमा रहेको तराई भारतको लागि पानीको भण्डार बनेको छ र हाम्रा लाखौं नागरिकहरू बर्सेनी डुबानमा परेका छन् भन्नुभयो । भारतले गरेको भूमि अतिक्रमण र अनियमित बाँध निर्माणको हामीले विरोध गर्नुपर्ने उहाँले भन्नुभयो ।

सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वयको अभावले कतिपय काममा असहजता महसुस गर्नुपरेको उल्लेख गर्नुहुँदै तीनै तहहरू आ-आफ्नो अधिकार क्षेत्रभित्र स्वायत्त छन् । कोही कसैको मातहतमा बस्नुपर्दैन, उहाँले भन्नुभयो ।

भूमि व्यवस्थापन केन्द्रका निर्देशक रमेश ज्ञवालीले नेपाल सरकारले यो वर्ष ६० वटा मालपोत कार्यालयहरूलाई स्थानीय तहमा हस्तान्तरण गर्ने घोषणाअनुसार कर्मचारीलाई दक्ष बनाउन तालिम सञ्चालन गरेको बताउनुभयो ।

तालिमबारे सङ्क्षिप्त जानकारी तालिम संयोजक सञ्जय मानन्धरले प्रस्तुत गर्नुभयो भने भक्तपुर नपाका इन्जिनियरि हरिबहादुर सुवालले तालिमबाट कानुनी र व्यवहारिक ज्ञान प्राप्त भएकोमा खुशी व्यक्त गर्नुभयो ।

भक्तपुर, काभ्रे र सिन्धुली गरी तीनवटा जिल्लाका स्थानीय तहका कर्मचारीहरूलाई भूमिसम्बन्धी तालिम सञ्चालन गरिएको थियो ।

कार्यक्रमको सभापतित्व कार्यकारी निर्देशक नारायण ज्ञवालीले गर्नुभएको थियो ।

# नगर प्रमुख प्रजापति र नगर विकास कोषका कार्यकारी निर्देशक सापकोटाबीच भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र नगर विकास कोषका कार्यकारी निर्देशक कृष्णप्रसाद सापकोटाबीच कार्तिक २१ गते नगरपालिकाको सभाकक्षमा भेट बैठक भयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको मिवा इतापाके आवास योजना क्षेत्रमा पूर्वाधार निर्माणका साथै नगरमा व्यवस्थित पार्किङ निर्माण सम्भाव्यताबारे छलफल भयो ।



# प्रकोप व्यवस्थापन कोषलाई आर्थिक सहयोग जारी

*भक्तपुर नगरपालिकाको प्रकोप व्यवस्थापन कोषलाई कोरोना सङ्क्रमण तथा रोकथामको लागि विभिन्न संस्थाहरूबाट आर्थिक सहयोग प्रदान गर्ने क्रम जारी रहेको छ ।*

नपुखु बचत तथा ऋण सहकारी संस्था लि. ले कार्तिक १९ गते रु. ५० हजार रूपैयाँ आर्थिक सहयोग प्रदान गरेको छ ।



नपुखु साकोस

श्रमजीवी बचत तथा ऋण सहकारी संस्था लि. ले २०७७ कार्तिक २१ गते, रु. ५१ हजार १ सय ११ रूपैयाँ सहयोग रकम हस्तान्तरण गरेको छ ।



श्रमजीवी साकोस



चाख साकोस

चाख बचत तथा ऋण सहकारी संस्थाले कार्तिक २६ गते रु. ५० हजार आर्थिक सहयोग प्रदान गरेको छ ।



चण्डेश्वरी अजिमा साकोस

चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.ले भक्तपुर नगरपालिकालाई कार्तिक २६ गत रु. ६० हजार आर्थिक सहयोग प्रदान गरेको छ ।




गुरु गणेश साकोस

गुरु गणेश बचत तथा ऋण सहकारी संस्था लि.ले कार्तिक २६ गते रु. ४० हजार आर्थिक सहयोग गऱ्यो ।

सूर्यविनायक नगरपालिकास्थित भविष्य नेपाल नामक संस्थाले कार्तिक २६ गते रु. १ लाख २५ हजार आर्थिक सहयोग गऱ्यो ।

सुकुलढोका बचत तथा ऋण सहकारी संस्थाद्वारा महामारी रुपमा फैलिरहेको कोभिड नियन्त्रण तथा रोकथामको लागि भक्तपुर नपाको प्रकोप व्यवस्थापन कोषमा➲

# विद्यालय सञ्चालनको विषयमा सरोकारवालाहरूसँग छलफल

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा नोबेल कोरोना भाइरस (कोभिड १९) महामारीका कारण लामो समयदेखि बन्द रहेका विद्यालयहरू सञ्चालनको विषयमा सामुदायिक र संस्थागत विद्यालयहरूका सरोकारवालाहरू बीच मङ्सिर ११ गते छलफल भयो ।

छलफलमा नगर प्रमुख प्रजापतिले सरकारले सुरक्षा मापदण्ड पूरा गरेर विद्यालय सञ्चालन गर्न 'विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा २०७७' सार्वजनिक गरिसकेको अवस्थामा स्थानीय तहले कोरोनाको अवस्था हेरेर विद्यालय सञ्चालन गर्न सकिने हुँदा नगरपालिकाले सरोकारवालाहरूसँग विभिन्न चरणमा छलफल अगाडि बढाइरहेको बताउनुभयो ।

कोभिड १९ को जोखिम बढिरहेको वर्तमान अवस्थामा सङ्क्रमणको जोखिमलाई मूल्याङ्कन गरी विद्यालयमा विद्यार्थीहरूको उपस्थितिमा कक्षा सञ्चालन गर्नु थप जोखिम मोल्नुपर्ने आशङ्का व्यक्त गर्नुहुँदै नगर प्रमुख प्रजापतिले अनलाइन कक्षालाई परिस्कृत ढङ्गले अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो ।

सहभागी शिक्षक सङ्गठनका प्रतिनिधिहरूले कोरोना सङ्क्रमणको जोखिमलाई ध्यानमा राखी विद्यार्थीहरूको भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्न हतार नगर्न सुझाव दिनुभयो ।

छलफलमा सामुदायिक तथा संस्थागत विद्यालयका प्रतिनिधिहरूले लामो समयदेखि बन्द रहेका विद्यालयहरू सञ्चालन गर्नुपूर्व कक्षाकोठाहरू निर्मलीकरण गर्नुपर्ने, जनस्वास्थ्य सुरक्षाका मापदण्डको पूर्णत: पालना गर्नुपर्ने, वैकल्पिक शिक्षण पद्धतिलाई जोड दिँदै लानुपर्ने, कक्षा अवधिको समय छोट्याउने वा हप्तामा केही दिन वा केही घण्टा गरी कक्षा सञ्चालन गर्ने, अनलाइन कक्षामा सहभागी नभएका विद्यार्थीहरू सामाजिक दूरी कायम गरी विद्यालयमा कक्षा लिन सकिनेलगायतका विकल्पहरू रहेको बताउनुभयो । उहाँहरूले विद्यार्थी सङ्ख्यालाई आधार मानेर



चरणबद्ध विद्यालय सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्ने, शिक्षकहरूलाई प्रविधियुक्त बनाउन आइसीटी तालिमलाई निरन्तरता दिनुपर्ने, विद्यालय सञ्चालन गर्ने विषयमा अभिभावकबीच अन्तरसंवादको खाँचो औँल्याउनुभयो ।

छलफलमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, वडाध्यक्ष प्रेमगोपाल कर्माचार्य, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ, नगर शिक्षा शाखा प्रमुख हरिप्रसाद निरौला, विद्यालयस्तरीय परीक्षा समितिका प्रतिनिधिहरू, संस्थागत विद्यालय सङ्घ (इसान), प्याब्सन र एन.प्याब्सनका प्रतिनिधिहरूको उपस्थिति थियो ।

---

➲ मङ्सिर १४ गते रु. २५,०००।- रुपैयाँ आर्थिक सहयोग प्रदान गऱ्यो ।

उक्त रकम हस्तान्तरण कार्यक्रममा नगर प्रमुख प्रजापतिले कोभिड १९ रोकथाम र नियन्त्रणको लागि भक्तपुर नपालाई गरेको सहयोगको लागि नगरपालिकाको तर्फबाट धन्यवाद ज्ञापन गर्नुका साथै सहयोगीहरूलाई नगरपालिकाद्वारा प्रकाशित 'फोटो पुस्तिका' र केही प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।



भविष्य नेपाल गैसस



सुकुलढोका साकोस

# म्याराडोनाको निधनमा विश्वका नेताहरूद्वारा श्रद्धाञ्जली

विश्वका एक महान् फूटबल खेलाडी डियगो अर्मान्डो म्याराडोनाको ६० वर्षको उमेरमा मङ्सिर १० गते हृदयाघातका कारण निधन भयो । । उहाँको असामयिक निधनमा विश्वका राजनीतिक, धार्मिक र सामाजिक नेताहरूले गहिरो दुःख प्रकट गर्दै श्रद्धाञ्जली प्रकट गरेका छन् ।

म्याराडोनाको निधनको खबरले फूटबलप्रेमी विश्वमा शोक र स्तब्धताको एक लहर दौडेको छ । फूटबलका अहिलेसम्मकै एक महान् खेलाडी डिएगो म्याराडोना अर्जेन्टिनाले सन् १९८६ मा फिफा विश्वकप जित्दा उहाँ टीम क्याप्टेन हुनुहुन्थ्यो । उहाँ सन् १९८२ को विश्वकप फूटबलबाट विश्वचर्चित बन्नुभएको थियो । त्यसबेला उहाँ २१ वर्षको मात्र हुनुहुन्थ्यो ।



म्याराडोना सन् १९८६मा विश्व कप उचाल्दै

अर्जेन्टिनाको तर्फबाट चारवटा विश्वकप खेल्नुभएका उहाँले ९१ खेलमा ३४ गोल गर्नुभएको थियो ।

एक वक्तव्य जारी गर्दै क्युबाका पूर्वराष्ट्रपति तथा क्युबाली कम्युनिस्ट पार्टीका प्रथम सचिव आर्मी जनरल राउल क्यास्ट्रोले आफ्नो, पार्टीको र क्युबाली जनताको तर्फबाट म्याराडोनाप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्नुभएको छ ।

क्युबाका राष्ट्रपति मिग्वेल डियाल कानलले अर्जेन्टिनी राष्ट्रपति अल्वर्टो फर्नान्डेजलाई एक समवेदनापत्र लेखी म्याराडोनाको परिवार र अर्जेन्टिनी जनताप्रति क्युबा सरकार र क्युबाली जनताको तर्फबाट गहिरो दुःख र समवेदना प्रकट गर्नुभएको छ ।

म्याराडोनाको निधनले विश्वले एक महान् फूटबल खेलाडी र फूटबलका हर्ताकर्तामात्र गुमाएको नभई क्युबाले क्युबाली समाजवादका एक सच्चा समर्थक र एक मित्र गुमाएको उल्लेख गर्नुभएको छ । म्याराडोनाले आफ्नो लागि क्युबा दोस्रो घर रहेको र क्युबाली क्रान्तिका सर्वोच्च कमान्डर फिडेल क्यास्ट्रो दोस्रो पिता रहेको पटक-पटक उल्लेख गर्नुभएको थियो ।

म्याराडोनाको फूटबल जीवनजत्तिकै उहाँको राजनीतिक दृष्टिकोण पनि उहाँको जीवनको महत्त्वपूर्ण भागको रूपमा रहेको थियो । म्याराडोना क्युबाली समाजवादी क्रान्ति र भेनेजुयलाको बोलिभारियाली समाजवादी क्रान्ति तथा बोलिभियालगायत ल्याटिन अमेरिकी देशहरूको वामपन्थी आन्दोलन र प्रगतिशील रूपान्तरणका एक अडिग र खुला समर्थक रहँदै आउनुभएको थियो । म्याराडोनाले ल्याटिन अमेरिकी देशहरूमा संरा अमेरिकी साम्राज्यवादको गुप्त र खुला हस्तक्षेपको विरोध गर्नुभएको थियो । उहाँले क्युबालगायत ल्याटिन अमेरिकी देशहरूको बरोबर भ्रमण गर्नुभएको थियो ।

म्याराडोनाका एक घनिष्ठ मित्र एवं भेनेजुयलाका राष्ट्रपति निकोलस माडुरोले म्याराडोनाको निधनमा ट्विटर एकाउन्टमा लेख्नुभएको छ, 'म्याराडोना, फूटबलका एक महान् खेलाडीको प्रस्थानले हामीलाई गहिरो शोकमा पारेको छ । उहाँ हाम्रो एक दाजुभाइ र भेनेजुयालाका निःशर्त समर्थक हुनुहुन्थ्यो । प्रिय र असान्दर्भिक 'पेलुसा' तपाइँ सदा हाम्रो हृदय र विचारधारामा रहनुहुनेछ । यस क्षणमा मैले जे अनुभूति गरिरहेको छु त्यसलाई व्यक्त गर्न मसित सही शब्दहरू छैनन् । अमेरिका रहुन्जेल तपाइँ रहनुहुनेछ ।'

अर्जेन्टिनाका राष्ट्रपति अल्वर्टो फर्नान्डेजले डियगो म्याराडोनाको निधनले आफू अनाथ भएको उल्लेख गर्दै तीन दिन राष्ट्रिय शोकको घोषणा गर्नुभएको छ ।



राष्ट्रपति भवनमा कफिनमा राखिएको म्याराडोनाको पार्थिव शरीरमा श्रद्धाञ्जली अर्पण गर्दै

त्यस्तै बोलिभियाका पूर्वराष्ट्रपति इभो मोरालेसले म्याराडोना सत्य र विनम्रताका सच्चा प्रशंसक रहेको उल्लेख गर्दै डियगो बोलिभियाको फूटबलका महान् रक्षक र बोलिभियालाई अत्यन्तै माया गर्ने ल्याटिन अमेरिकी धर्तीपुत्र रहेको उल्लेख गर्नुभयो ।

बोलिभियाका वर्तमान राष्ट्रपति लुइस आर्सेले ट्विटरमा लेख्नुभएको छ, ल्याटिन अमेरिकी दाजुभाइ तथा फूटबलका महान् १० नं. डियगो अर्माण्डो म्याराडोनाकोको निधनले गहिरो दुःख लागेको छ । यस अपूरणीय क्षतिमा विश्व शोकमग्न छ । म उहाँका प्रियजन र समग्र विश्व फूटबल परिवारप्रति हाम्रो समवेदना प्रकट गर्न चाहन्छु ।

मध्य अमेरिकी राष्ट्र निकारागुवा सरकारको तर्फबाट राष्ट्रपति ड्युानियल ओर्टेगा र उपराष्ट्रपति रोसारियो मुरिल्लोले हस्ताक्षर गरेको समवेदना विज्ञप्तिमा 'हामीले फेरि अर्का महान् मानिस गुमायौँ । क्रान्तिका एक सच्चा प्रेमी र योद्धा गुमायौँ' उल्लेख छ ।

यसैबीच ब्राजिलका पूर्वराष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले लेख्नुभएको छ, 'डियगो अर्मान्डो म्याराडोना अर्जेन्टिनाका मात्र नभई पूरै विश्व फूटबलका एक हस्ती हुनुहुन्थ्यो ।'

(६) गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्नेछ ।

(७) नेपाल सरकार तथा प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी सो कार्यान्वयन गर्न प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिका तथा नगरपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ ।

(८) गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँगको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

(९) गाउँपालिका तथा नगरपालिकाले सङ्घीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नु पर्नेछ ।

(१०) गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्न सक्नेछ ।

**२५. समन्वयमा कार्य गर्नु पर्ने** : (१) गैरसरकारी सङ्घ संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक सङ्घ संस्थाले स्थानीय तहसँगको समन्वयमा रही कार्य गर्नु पर्नेछ ।

तर कुनै अन्तराष्ट्रिय गैरसरकारी सङ्घ संस्थाले स्थानीय तहसँग समन्वयमा काम गर्दा त्यस्तो कामको लागि नेपाल सरकारको पूर्व स्वीकृति लिएको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहसँग समन्वय गर्दा देहाय बमोजिम गर्नु पर्नेछः–

(क) स्थानीय तहसँग भएको सम्झौताका आधारमा कुनै अध्ययन, सर्वेक्षण वा कार्यक्रम सञ्चालन गर्ने,

(ख) आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय तहको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गराउने,

(ग) स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउने ।

(३) यस दफाको विपरीत कुनै सङ्घ संस्थाले काम गरेमा स्थानीय तहले त्यस्तो काम कारबाहीको कार्यान्वयन गर्न रोक लगाउन सक्नेछ ।

(४) समन्वय सम्बन्धी अन्य व्यवस्था स्थानीय कानून बमोजिम हुनेछ ।

**२६. साझेदारी वा संयुक्त व्यवस्थापनमा कार्य गर्न सक्ने** : गाउँपालिका तथा नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहको लागि देहायको विषयमा अन्य गाउँपालिका वा नगरपालिकासँग साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापन गर्न सक्नेछः–

(क) बृहत पूर्वाधार निर्माण, ठूला मेसिन तथा औजार खरिद र व्यवस्थापन,

(ख) विपद् व्यवस्थापन,

(ग) यातायातको सञ्चालन तथा व्यवस्थापन,

(घ) फोहोरमैला बिसर्जनस्थल वा प्रशोधन प्रणालीको विकास र सञ्चालन,

(ङ) दमकल तथा एम्बुलेन्स सेवाको सञ्चालन,

(च) बस्ती विकास तथा भू–उपयोग योजना,

(छ) पर्यटन, प्रविधि तथा संस्कृतिको प्रवर्द्धन र विकास,

(ज) संयुक्त उद्यम,

(झ) आधारभूत तथा माध्यमिक तहको प्राविधिक शिक्षाको सञ्चालन, प्रवर्द्धन र विकास,

(ञ) स्थानीय बजार व्यवस्थापन र वातावरण संरक्षण,

(ट) अन्तरस्थानीय तह भगिनी सम्बन्ध,

(ठ) असल अभ्यास र अनुभवको आदान प्रदान,

(ड) भौतिक तथा आर्थिक सहयोग,

(ढ) अन्य उपयुक्त विषय । **(क्रमशः)**



Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 55

CHAPTER XXIV...

## CHANGES IN THE GOVERNMENT

Jang's exclusion from office was the result of his being looked on by the King and Queen as a partisan of the Heir-Apparent, whose influence at this juncture was giving way before that of his step-mother, and who was known to favour Jang, while he detested the other Ministers. At the same time, Jang was known to be a man of so much energy, talent, and daring, that the Court could not afford to make an enemy of him; he was therefore allowed to retain the rank of general, with the command of the three regiments previously given to him. But he had no actual office in the Government.

The new Cabinet professed very friendly sentiments towards the British Government, and the Maharajah formally offered the use of his army in the event of hostilities occurring between the British and the Sikhs. He repeated the offer on hearing of the battles of Mudki and Firozeshahr. The Lahor Government applied to the Nipalese to assist them by making a diversion in our rear, in the Terai or towards Oudh. The King sent an answer that "when the Sikhs had taken Delhi, it would be time enough to think of it." At the time of the Panjab war, individuals might, and did, talk arrogantly of war; but no party, nor people of influence, ever thought of serious collision with the British.

After hearing of the victory of Sobraon the Rajah made a formal request to the Governor-General, "that the British Government, in this day of its triumph, and augmented possessions, should give something out of its abundance to its poor friend of Nipal, which had been so staunch, and offered her troops so often." He modestly asked for Kamaon, or some territory in the Terai yielding two or two and a half lakhs!

CHAPTER XXV.

For upwards of a year after the murder of Martabar Singh no material changes occurred in the state of parties and politics at Kathmandu. Unavowed jealousies naturally existed among the Ministers, but nothing occurred which seemed likely to lead to a " breach of the peace."

There were three distinct parties at the capital: —

1st. The party of the Queen, who was anxious to secure the crown for her own son, and meantime the Regency for herself. This party, by far the most powerful, was led by General Gagan Singh, Com- mander-in-Chief. Although a parvenu, his personal demeanour was not arrogant, but his birth and previous occupation made him unpopular with the other chiefs; while his notorious amour with the Queen made him an object of jealousy and dislike to the King and royal family. He always openly used the name and authority of the Queen, whose agent he professed to be, and on whom he was constantly in attendance.

2nd. The party of the Heir-Apparent.—The Prince was now comparatively quiet, and his party neither numerous nor strong. His chief partisan, Jang Bahadur, was growing lukewarm, and seemed half inclined to join the Queen's side.



THE "GOLDEN GATE" IN THE DARBAR, BHATGAON
Built, A.D. 1754.

3rd. The party of the Rajah. — This included the Chauntrias and many of the more quiet and least ambitious of the chiefs. The King, though weak and vacillating himself, had hitherto succeeded in playing the rival parties so cleverly one against the other that things had, on the whole, turned out very much to his own profit and advantage. His chief stay was on Fateh Jang, a high-minded and unambitious chief, who was then evidently waiting for events, and though nominally Premier, took very little part in any of the business of Government except that belonging to the foreign department. General Abhiman Rana followed the lead of Fateh Jang, and confined his attention to civil affairs. He was a sensible, well-disposed man, but of no great energy or ability.

(To be continued)

भक्तपुर BHAKTAPUR (MONTHLY) मासिक

# वर्ष ३७ को विषय सूची

## वर्ष ३७ अङ्क १, २०७६ मंसीर/ सङ्ख्या २७६


१) अपांगता दिवसमा बोसियो र एथ्लेटिक्स प्रतियोगिता
२) भक्तपुर नपाबाट सैनिक मुख्यालयलाई प्रसिद्ध मयुरको झ्याल उपहार
३) जनता र सेनाबीचको सुमधुर सम्बन्ध निरन्तरता हुने विश्वास
४) लिम्पियाधुरासहितको नेपालको नक्सा सरकारलाई हस्तान्तरण
५) जनस्वास्थ्य सेवा केन्द्र, च्याम्हासिंहमा सामान्य शल्यक्रिया सेवा शुरु
६) बढ्दो गर्भपतनको समस्या विकृति
७) नेपाल ट्रष्टका सुरक्षा गार्डलाई कब्जामा लियो भन्ने कुरा सत्य होइन
८) इन्द्रायणीपीठमा पाठेघर र स्तन क्यान्सर शिविर
९) ईन्जिनियरिङ कलेजमा नेपालको सिमानाबारे प्रवचन कार्यक्रम
१०) 'देशघातीहरू पुस्तौंसम्म 'नर्क' मा जाने छन्'
११) भक्तपुर नपाद्वारा पसल व्यवसायीहरूको भेला
१२) डर्बेन्ट शहर र रसियन कल्चरका प्रतिनिधिमण्डल भक्तपुरमा
१३) देकोमिवाइतापाके जग्गा एकीकरण आयोजनाको जग्गाधनी–मोही भेला
१४) भक्तपुर नगरलाई गौरव गर्न लायक सहरको रूपमा विकास गर्ने
१५) समाजको हितको निम्ति काम गर्नुपर्ने
१६) बंगलादेशका राष्ट्रपतिको नेपाल भ्रमण
१७) राष्ट्रपति हमिदले सोधे–यी दुई भवन किन भिन्न शैलीका ?– उपेन्द्र लामिछाने
१८) अध्यक्ष बिजुक्छेंसित प्रजग कोरियाली प्रतिनिधिमण्डलको भेट
१९) नरसिंह मन्दिर–इखालाछि मठ पुन:निर्माण गर्न उपभोक्तासमिति गठन
२०) भक्तपुर नपाद्वारा विद्यालयहरूको अनुगमन
२१) प्रजग कोरियाली प्रतिनिधिमण्डलबाट भक्तपुरको अवलोकन
२२) नगरव्यापी विद्यालयस्तरीय खेलकूद प्रतियोगिता सम्पन्न
२३) भक्तपुर क्यान्सर अस्पतालमा क्यान्सर सर्भाइभर मिट
२४) वडा नं. ३ मा शारीरिक व्यायामशाला उद्घाटन
२५) मेधा माविको भवन शिलान्यास
२६) राजनीतिक पार्टी विचारको विद्यालय
२७) उपत्यकाका बागमतीसमेतका नदीहरू संरक्षणको विषयमा सरोकारवालाहरूबीच छलफल
२८) भक्तपुर नगरपालिकाको बैठक निर्णय
२९) नेवार समाजको एक मौलिक संस्कार इहि –ओम धौभडेल
३०) विस्तारवादी भारतले हेक्का राखून् –सञ्जय दुवाल
३१) महेन्द्र–सेना–गुगल –विकास श्रेष्ठ
३२) सरकार बिउँभने कहिले हो ? –केदार केसी
३३) सुगौली सन्धि मान्ने कि १९५० को ? –प्रकाश नेपाल
३४) उत्तरी नर्वेको एक हप्ता यात्रामा जाँदा (२) –अनिता प्रजापति
३५) रोलमोडल भक्तपुर:शिक्षा, स्वास्थ्य र संस्कृतिबाट अरुले के सिक्ने ? –सुदर्शन अर्याल
३६) स्थानीय पाठ्यक्रम कति प्रभावकारी ?–कल्पना भट्टराई
३७) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
३८) **'भक्तपुर' वर्ष ३६ को विषय सूची**
३९) अतिक्रमित भूमि फिर्ता लिन (सम्पादकको पृष्ठ)

**साथमा** :–वागीश्वरी कलेजको सातौं कलेज सभा सम्पन्न/मालपोत क्षेत्रमा अनुगमन/आधारभूत तह परीक्षा समिति २०७६ गठन/वडा नं. २ मा तीनदिने कौसी खेती तालिम/वडा नं. ३ मा कौसी खेती तालिम/सामुदायिक विद्यालयका प्रध्यानाध्यापकहरूको भेला सम्पन्न/श्री पद्मको वार्षिकोत्सव/कुस्मा नपाका वडाध्यक्ष भक्तपुर नपामा/उपत्यकाव्यापी तेक्वान्दो प्रतियोगिता सम्पन्न/विदेशबाट सिकेको ज्ञान स्वदेशमा प्रयोग गर्नुपर्छ–प्रमुख प्रजापति/उपनिर्वाचन सम्पन्न/बससिबियाँलो/निर्देशन पालना नगर्नेलाई कडा कारबाही/वडा नं. १० कार्यालय परिसरमा सरफाइ/ टोलटोलमा जिमखाना/भक्तपुरका वडामा अब 'रनिङ मेसिन'










सहितका दुइटा निःशुल्क जिमखाना/SKETCHES FROM NIPAL (43) Henry Ambrose Oldfield/भान्छा–बदामले लम्ब्याउँछ आयु/भक्तपुर नपा घरदैलो नर्सिङ्ग सेवा २०७६ कार्तिक महिनाको प्रतिवेदन/कार्तिक महिनाको पर्यटक तथ्याङ्क ।

## वर्ष ३७ अङ्क २, २०७६ पुस/ सङ्ख्या २७७

१) नेपाल भ्रमण वर्ष भक्तपुरमा प्रभातफेरीबाट शुभारम्भ
२) भक्तपुरको तःपुखुमा डुङ्गा सञ्चालन
३) भव्य सन्ध्याकालीन सांस्कृतिक सम्पदा पदयात्रा
४) भारतीय विस्तारवादविरुद्ध विशाल जनप्रदर्शन
५) नेपाल भ्रमण वर्ष २०२० र भक्तपुर महोत्सव २०७६ सम्बन्धमा पत्रकार भेटघाट
६) महारथी पूर्णचन्द्र थापाद्वारा रानीपोखरी अवलोकन
७) २२ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस भक्तपुरमा हुने
८) भक्तपुर नगरपालिकामा सांस्कृतिक गुरु भेला
९) भक्तपुर नपाद्वारा ३२९ वर्ष पुरानो नगरा पुनःस्थापित
१०) ख्वप इन्जिनियरिङ कलेजमा छात्रवृत्ति विवरण
११) भक्तपुर नपाद्वारा विद्यालयस्तरीय एथ्लेटिक्स प्रतियोगिता
१२) तिब्बतको प्रतिनिधिमण्डलबाट भक्तपुर अवलोकन
१३) सफाइ मजदुरको मिहिनेतले नगर सफा
१४) भक्तपुर नगरपालिकाको ७० औं स्थापना दिवस
१५) 'भक्तपुर पूरै सम्पदा शहर'– प्रमुख सुनिल प्रजापति
१६) भक्तपुर नगरपालिकाको ७० औं वार्षिकोत्सवमा खेलकुद प्रतियोगिता
१७) अर्थतन्त्रमा स्वतन्त्र नभएको देश राजनीतिक रूपमा पनि स्वतन्त्र नहुने
१८) 'ख्वपमा छोराछोरी भर्ना गर्न ताकेता गर्ने सांसद र मन्त्रीले कोटा थप्न मान्दैनन्'
१९) वागीश्वरी कलेजको नयाँ भवनको शिलान्यास
२०) विद्यार्थीहरूमा राजनीतिप्रतिको वितृष्णाले देश कमजोर हुने
२१) पैसा र आश्वासन बाँड्ने बद्मास राजनीतिक दलबाट जनता सचेत बन्नुपर्ने– अध्यक्ष बिजुक्छेँ
२२) भक्तपुर नपाको कार्यशैली फरक
२३) भ्रमण वर्षको पहिलो औपचारिक कार्यक्रम
२४) नेपाली खेलाडीहरूको विश्व कीर्तिमानसहित तेह्रौं साग सम्पन्न
२५) भक्तपुर नगरपालिकाको बैठक निर्णय
२६) डातापोँल आकाश छुने धरोहर–ओम धौभडेल
२७) एमसीसी–आइपीएसको गँड्यौला उनेको बल्छी–एस. किजू
२८ ऐतिहासिक स्रोतसामग्री अध्ययनमा नेपाल भाषाको महत्त्व:एक अध्ययन–डा. बलराम कायस्थ
२९) लि–का–लिमा दुईतिहाइको कायरता–डी.श्रेष्ठ
३०) रणजित मल्ल र पृथ्वीनारायण शाह –डा. वीरेन्द्रप्रसाद कायस्थ
३१) 'कुहिरोभित्र लुकेको घर'–एक चर्चा –रत्नसुन्दर शाक्य
३२) 'हामी ठेकेदारहोइन,उपभोक्ता समितिमा विश्वास गर्छौं': सुनिल प्रजापति
३३) भक्तपुर (कविता) –विकल प्रजापति
३४) नेपाल भ्रमण वर्ष 'चाँदीको घेरा' (सम्पादकको पृष्ठ)

**साथमा** :–सैनिक आवासीय महाविद्यालयको ४२ औं वार्षिकोत्सव सम्पन्न/ऐतिहासिक र सांस्कृतिक शहरहरूलाई आदर्श नगरको रूपमा विकास गर्नुपर्ने/नेपाल भ्रमण वर्ष २०२० अभियान सफल पार्न तयारी बैठक/कौसी खेती तालिम/नवप्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण/सृजनानगरमा व्यायमशाला र ब्याडमिन्टन खेल मैदानको उद्घाटन/सहकारी व्यवस्थापक क्षमता अभिवृद्धि तालिम/चार महिने पाक शिक्षा तालिमका प्रशिक्षार्थीहरूको नगरकोटमा भेटघाट कार्यक्रम/विद्यार्थीलाई देशभक्त बनाउने विद्यालय सफल/प्याब्सन भक्तपुर नगरको पहिलो अधिवेशन/आयुर्वेदिक तथा वैकल्पिक चिकित्सा शिविर/राष्ट्रियसभा सदस्यको चुनाव/समन्वय र सहकार्यले बढी बिरामीको सेवा गर्न सकिने/हेपाटाइटिस बी रोगको निःशुल्क परीक्षण शिविर/भक्तपुर नगरपालिकाद्वारा नयाँ प्रजिअलाई स्वागत/भनपाद्वारा प्रजिअ नारायणप्रसाद भट्टको बिदाई/बजार अनुगमन/भक्तपुर नपामा धुलिखेल नपाको प्रतिनिधि मण्डल/रंगिन पेज/माहेश्वरीमा पाक्षिक सरसफाइ/ बसिबियाँलो/ भक्तपुरमा मन्दिरजस्ता शौचालय, निःशुल्क जिमखाना–कृष्ण आचार्य/भक्तपुरका वडापिच्छे जिमखाना–प्रविता श्रेष्ठ/भक्तपुरको रानीपोखरी : सेनाको कब्जाबाट मुक्त ३९० वर्ष









पुरानो नासो– कृष्ण आचार्य/जब सन्ध्या हुन्छ, सम्पदा सहर चम्किन्छ– सौरभ ढकाल/भक्तपुरमा शौचालय क्रान्ति:मौलिक शैलीमा सबैका लागि– सहयोग रञ्जित /बलियो बन्दै वत्सला– उपेन्द्र लामिछाने/स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (२) /SKETCHES FROM NIPAL (44) Henry Ambrose Oldfield/जाडोमा किन बढ्छ श्वास प्रणालीको समस्या ?/भक्तपुर नपा घरदैलो नर्सिङ्ग सेवा २०७६ मंसिर महिनाको प्रतिवेदन/मंसिर महिनाको पर्यटक तथ्याङ्क ।

## वर्ष ३७ अङ्क ३, २०७६ माघ/ सङ्ख्या २७८

१) वाकुपति चाँगुनारायण मन्दिर परिसरमा फेला परेका अभिलेख एवं कलावस्तु– डा.पुरुषोत्तमलोचन श्रेष्ठ
२) ऐतिहासिक परिप्रेक्षमा भक्तपुर : एक दृष्टि–डा.बलराम कायस्थ
३) भक्तपुर हनुमानघाटको ऐतिहासिक माघ धलं (व्रत)–ओम धौभडेल
४) एन्जेलो ब्राक्सतोन हर्नडोन : अश्वेत कम्युनिष्ट नेता –धीरेन्द्रमान बिजुक्छें
५) कथाबाट सुरु भएको नेवार साहित्य–प्रेमशान्ति तुलाधर
६) भक्तपुर नगरपालिकाको बैठक निर्णय
७) 'समाजवादी आन्दोलन पुस्तौं पुस्तासम्म अघि बढ्ने छ'– अध्यक्ष नारायणमान बिजुक्छें
८) भक्तपुरमा २२ औंभूकम्प सुरक्षादिवस मूल समारोहको कार्यक्रम सम्पन्न
९) एमसीसी सम्झौता नेपालको हितमा छैन : अध्यक्ष बिजुक्छें
१०) 'ठेकेदारलाई भन्दा जनतालाई विश्वास गर्छौं'–प्रमुख सुनिल प्रजापति
११) भूकम्पसुरक्षादिवस २०७६ को व्यवस्थापनउपसमितिको बैठक सम्पन्न
१२) 'भूकम्पीय जोखिम न्युनीकरण तथा व्यवस्थापन' विषयक एक दिने कार्यशाला सम्पन्न
१३) 'सधैं अरु सामु हात थापेर संवृद्ध नेपाल र सुखी नेपाली बन्न सक्दैन'– प्रमुख प्रजापति
१४) ऐतिहासिक भैरवनाथ मन्दिर जीर्णोद्धारसम्बन्धी आय–व्यय र पुस्तक सार्वजनिकीकरण
१५) सरकारले पूँजीपति वर्गको हितमा कानुन बनाइरहेको छ
१६) 'सङ्घर्ष गर्नुको विकल्प छैन'
१७) भक्तपुर महोत्सव २०७६ मूल समारोह समितिको बैठक सम्पन्न
१८) शान्ति सुरक्षा, भारी गाडी तथा ट्राफिक व्यवस्थापन सम्बन्धी छलफल
१९) सम्पदा पुनर्निर्माणमा भक्तपुर नपाको उल्लेख्य प्रगति
२०) बेल्जियमका राजकुमारी एस्ट्रिडद्वारा भक्तपुरका सम्पदाको अवलोकन
२१) अरनिको सभाभवन निर्माणस्थल परिसरमा सरसफाइ
२२) भक्तपुर नगरपालिकाद्वारा शैक्षिक ऋण प्रदान
२३) जनस्वास्थ्य केन्द्रमा पानी ट्याङ्की शिलान्यास
२४) जनस्वास्थ्य केन्द्रमा हेपाटाइटिस बी को परीक्षण
२५) प्रदेश नं. ३ को नाम बागमती, राजधानी हेटौंडा
२६) नगरपालिकास्तरीय विपद् जोखिम न्युनीकरणसम्बन्धी सचेतना कार्यक्रम
२७) भक्तपुर नगर सानो तर महत्त्वपूर्ण
२८) वडा गतिविधि
२९) देशको व्यापारको हितमा पनि सोच्नुपर्ने
३०) भक्तपुर नगरपालिका नमुना नगरपालिका
३१) सधैँ पर्यटकीय भक्तपुर
३२) भक्तपुर नगरका सबै वडामा नि:शुल्क जिमखाना, बदलियो दैनिकी
३३) यसरी खुला भयो सेनाले ओगटेको भक्तपुर टुँडिखेल
३४) बधाई नेमकिपा ! (सम्पादकको पृष्ठ)

**साथमा** :–रंगीन पृष्ठ/भूकम्प सुरक्षा दिवस तयारी भेला/भूकम्प प्रतिरोधी घरको प्रदर्शनी/भक्तपुर नपामा चौतारा सांगाचोकगढी नपाको टोली/वाकुपतिनारायण मन्दिरको छानामा सुनको जलपलगाउने कार्य शुरु/आधारभूत स्काउट माष्टर तालिम सम्पन्न/लान्चापलीमा प्रहरी साझेदारी कार्यक्रम/कास, म पनि भक्तपुर नगरवासी भएकी भए.../बसिबियाँलो/ तिलौराकोटको उत्खनन जारी/ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (३)/SKETCHES FROM NIPAL (45) Henry Ambrose Oldfield/वृद्धवृद्धालाई जाडोबाट कसरी जोगाउने ? के खुवाउने ?/भक्तपुर नपा घरदैलो नर्सिङ्ग सेवा २०७६ पुस महिनाको प्रतिवेदन/पुस महिनाको पर्यटक तथ्याङ्क ।

## वर्ष ३७ अङ्क ४, २०७६ फागुन/ सङ्ख्या २७९

१) धवाहरूको इतिहास –ओम धौभडेल







२) एन्जेलो ब्राक्सतोन हर्नडोन:अश्वेत कम्युनिष्ट नेता(२)–धीरेन्द्रमान बिजुक्छेँ
३) बेल विवाह संस्कार र ज्योतिषशास्त्र –डा.वीरेन्द्रप्रसाद कायस्थ
४) काठमाडौं उपत्यका 'मनचिन्ते झोला' होइन–विकास श्रेष्ठ
५) हुक्कामा फस्दै युवापुस्ता –श्रीराम कासिछ्वा
६) 'भक्तपुरमा गोर्खाली हमला'–एक चर्चा –सजीव श्रेष्ठ, बोडे
७) भक्तपुर नगरपालिकाको बैठक निर्णय
८) नपाले अरु संघ–संस्थामा पनि ध्यान दिनुपर्ने (भक्तपुर नपाको छैटौं नगरसभा)– अध्यक्ष नारायणमान बिजुक्छेँ
९) 'मौलिक पहिचानलाई कही कतैबाट हस्तक्षेप वा अतिक्रमण नहोस्'–प्रमुख सुनिल प्रजापति
१०) एमसीसीको विरोधमा नेमकिपाको विशाल जुलुस
११) 'भक्तपुरका हरेक नागरिक कलाकार' (धिमेबाजा प्रतियोगिता)
१२) अमर शहीदको स्मृतिमा अन्तरनगर एथ्लेटिक्स प्रतियोगिता
१३) 'अन्तर नगर खेलकुद प्रतियोगिता शहीदहरूप्रति समर्पित'–सुनिल प्रजापति
१४) प्रमुख सुनिल प्रजापति र नेपाली सेनाका मेजर जनरल निरञ्जनकुमार श्रेष्ठबीच भेट
१५) ङातापोल मन्दिर जीर्णोद्धार निर्देशकसमितिको बैठकबाट निर्णय
१६) भक्तपुर नपामा स्थानीय पाठ्यक्रमबारे विज्ञहरूसँग परामर्श बैठक
१७) 'मिलेनियम च्यालेन्ज कर्पोरेशन र इन्डो प्यासिफिक स्ट्राटेजी' विषयक प्रवचन कार्यक्रम
१८) 'अमेरिकी एमसीसी सम्झौता संसदबाट अनुमोदन हुनबाट रोक्नु आवश्यक छ'– सुनिल प्रजापति
१९) श्वासप्रश्वास पुनर्स्थापना केन्द्रको दोस्रो चरणको सम्झौता
२०) शैक्षिक संस्थाको सफलता शिक्षक र विद्यार्थीको संयुक्त मिहिनेत र प्रयासले सम्भव हुने
२१) ङातापोल मन्दिर जीर्णोद्धारसम्बन्धी अन्तरक्रिया
२२) 'सम्पदा निर्माणमा जनताको अपनत्व अनुभव–राम्रो पक्ष'–सुनिल प्रजापति
२३) कोरोनाविरुद्ध चिनियाँ प्रतिरोधप्रति नेमकिपाको ऐक्यबद्धता
२४) राष्ट्रिय कला सङ्ग्रहालय पुन:निर्माणबारे छलफल
२५) भक्तपुर महोत्सवको तयारी तीव्र
२६) विश्व क्यान्सर दिवसको अवसरमा जनचेतनामूलक कार्यक्रम
२७) समाजको सेवा नै धर्म हो
२८) नगरमा शैक्षिक गतिविधि
२९) वडा गतिविधि
३०) पुरातत्त्वविद् तारानन्दको निधन
३१) धिमे, एथ्लेटिक्स र महोत्सव (सम्पादकको पृष्ठ)

**साथमा** :–रंगीन पृष्ठ/शारीरिक व्यायाम सामग्री चोरी/गमला फुटाउनेहरूलाई रु. पाँचहजार जरिवाना/जिल्ला सामुदायिक आँखा केन्द्रको स्तरोन्नतिबारे छलफल/बसिबियाँलो/'कोरोना भाइरस' रोग विषयमा छलफल तथा परामर्श/चीनमा कोरोना भाइरसको महामारी/जनस्वास्थ्य केन्द्रमा कर्मचारी भेला/उत्कृष्ट खेलाडी चयन गर्ने राम्रो अवसर/डीप बोरिङको पानी परीक्षण वितरण/धिमेबाजा प्रतियोगितासम्बन्धी संस्कृतिकर्मीहरूको भेला/ताप्लेजुङको मिक्वाखोला गापाका प्रतिनिधिमण्डल भक्तपुर नपामा / शारीरिक र मानसिक रूपमा स्वस्थ रहन खेलकुद आवश्यक/अरनिको सभाभवन निर्माणस्थल परिसरमा सरसफाइ/स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (४)/SKETCHES FROM NIPAL (46) Henry Ambrose Oldfield/ ब्लड प्रेसर लो भएमा के गर्ने ?/भक्तपुर नपा घरदैलो नर्सिङ्ग सेवा २०७६ माघ महिनाको प्रतिवेदन/माघ महिनाको पर्यटक तथ्याङ्क ।

## वर्ष ३७ अङ्क ५, २०७६ चैत/ सङ्ख्या २८०

१) हामी स्वस्थ र सुरक्षित भएमा नै अन्य कामहरू गर्न सक्छौं–अन्तवार्ता,–प्रमुख सुनिल प्रजापति
२) कोरोना विषाणुको सङ्क्रमण रोक्न भक्तपुर नपाले के गरिरहेको छ ?–रविन्द्र ज्याख्व
३) बिस्केट जात्रामा अन्तर्निहित धार्मिक सांस्कृतिक पक्षको विश्लेषण–डा. बलराम कायस्थ
४) पोखरीहरूको शहर– भक्तपुर–ओम धौभडेल
५) किन प्रवर्द्धन गरिनुपर्छ ख्वपका इन्जिनियरिङ कलेजहरू–सुनिल दुवाल









६) काठमाडौँ उपत्यकाका पोखरीहरू–दामोदर न्यौपाने
७) भक्तपुर नगर क्षेत्रका पोखरी/ढुङ्गेधारा/शौचालयको विवरण
८) द्रुतमार्ग र भारत निर्भरताको बाटो दलाल पूँजीवादी सोच –एन.वि. दुवाल
९) खेलकुद विश्वविद्यालयको आवश्यकता –मुना बासुकला
१०) सामुदायिक विद्यालयको गुणस्तर –कमल के.
११) वडाध्यक्ष डायरी –रसिक
१२) ङातापोल निर्माण कथा (१)–डा.जनकलाल वैद्य
१३) भक्तपुर नगरपालिकाको बैठक निर्णय
१४) प्रा.डा. शिवप्रसाद धौभडेलको निधन
१५) 'लकडाउन' मा दैनिक उपभोग्य सामग्रीको आपूर्ति व्यवस्थापन गर्ने विषयमा बैठक
१६) भक्तपुर नगरपालिकाद्वारा तरकारी बजार लाग्ने स्थानहरूमा एक मिटरको दूरी कायम
१७) भक्तपुर नगरपालिकाको अनुरोध
१८) नेपालमा पहिलोपटक देशव्यापी 'लकडाउन'
१९) बिस्का जात्रा औपचारिकतामा सीमित हुने
२०) भक्तपुर नपाको छैटौं नगरसभा सम्पन्न
२१) दुगुरेस्थित बेची व्वङ र शारीरिक सुगठनका सामग्रीहरूको उद्घाटन
२२) विश्व मृगौला दिवस कार्यक्रम
२३) नगरभित्रका अस्पताल प्रमुखहरूसँगको बैठक
२४) परीक्षा सञ्चालन गर्ने विषयमा सरोकारवालाहरूको बैठक
२५) कोरोना भाइरसको संक्रमण विश्वव्यापी
२६) नफैलदै रोकौं, फैलिएपछि त .... (सम्पादकको पृष्ठ)

**साथमा** :–बसिबियाँलो/बिहान १० बजेदेखि १२ बजे सम्ममात्र पास उपलब्ध गराउने/टौमढीको तरकारी बजार सारियो/पाइपलाइनमा सरसफाइ/कोभिड १९ बारे मन्त्रालयको आकस्मिक बैठक/बिस्का जात्रा सम्पन्न गर्न सरोकारवालाहरूको बैठक/भक्तपुर नपामा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षार्थीहरू/भक्तपुर नपामा तार भूमिगत गर्न छलफल/ख्वप अस्पताल भवन निर्माणसम्बन्धी प्राविधिक समितिको बैठक/इन्जिनियरिङ कलेजमा विशेष डिजिटल फोटोग्राफी तालिम/आयुर्वेद उपचार विधिबारे अभिमुखीकरण/ क्रिकेटको उपाधि सैनिक महाविद्यालयलाई/भक्तपुर नगरपालिकाको अपिल/भोजभतेर, पिकनिक, दाफा भजनलगायतका कार्यहरू नगर्न/भक्तपुर नगर क्षेत्रका विद्यालयहरू बन्द/अत्यावश्यक सामग्री खरिदसम्बन्धी भक्तपुर नपाको सूचना/रसियाका ख्याति प्राप्त कलाकारहरू भक्तपुरमा/स्थायी कर्मचारीहरूलाई नियुक्ति पत्र प्रदान/ दादुरा–रुबेला खोप अभियानबारे अभिमुखीकरण/नगरमा शैक्षिक गतिविधि/जगाति र च्याम्हासिंहमा औषधि पसल अनुगमन/कोरोना सङ्क्रमितकालागि छुट्टै बेडको व्यवस्था गर्न भक्तपुर नपाद्वारा अनुरोध/स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (५)/ SKETCHES FROM NIPAL (47) Henry Ambrose Oldfield/ फागुन महिनाको पर्यटक तथ्याङ्क ।

## वर्ष ३७ अङ्क ६, २०७७ वैशाख/ सङ्ख्या २८९

१) कोरोना भाइरसको जोखिम र हाम्रो दायित्व–सुनिल प्रजापति
२) कोरोना सङ्कट : मेयर अभिमत –रसिक
३) कोरोना सङ्कटबारे बुझ्ने प्रयास : भिडियो कन्फरेन्स –रसिक
४) विगतको महामारी इतिहासको पानाबाट–ओम धौभडेल
५) कोरोना भाइरसविरुद्ध बहुआयामिक युद्ध –प्रकाश नेपाल
६) खाद्यान्न व्यवस्थापनका उपायहरू –सबिन ख्याजू
७) लकडाउन समयका परिदृश्यहरू –कृतिका प्रजापति
८) कोरोना सङ्क्रमणबाट सुरक्षित रहन सन्देश (नेमकिपा अध्यक्ष बिजुक्छैं, सचिव एवं सांसद सुवाल, नपा प्रमुख प्रजापति, प्रदेश सांसद गोसाई र सैंजू)
९) नेक्रा युवा सङ्घ र नेक्रा विद्यार्थी सङ्घको अपिल
१०) देवाली पूजा पछि र मातातीर्थ औँसी घरमै बसी मनाउने
११) विपद् व्यवस्थापन केन्द्रको बैठकबाट विभिन्न निर्णय
१२) भक्तपुर जिल्ला विपद् व्यवस्थापन केन्द्रका निर्णयहरू
१३) कोरोना रोकथाम तथा लकडाउनमा भक्तपुर नपाका गतिविधि (स्वयंसेवक परिचालन, अनुमतिपत्र वितरण, उपभोग्य सामग्रीहरूको सहज आपूर्तिबारे सरोकारवालाहरूसँग बैठकहरू)
१४) खाद्यान्न आपूर्ति र राहत वितरणमा एकरूपता ल्याउनु आवश्यक : मन्त्री त्रिपाठी
१५) भक्तपुरको ऐतिहासिक बिस्का जात्रा सामान्य पूजामै सीमित गरिने
१६) बिस्का पूजामा सीमित, सबै जात्रा स्थगित
१७) भक्तपुर नगरपालिकाका सबै वडामा राहत वितरण
१८) अन्तरवार्ता–'यो राहत मजदुरलाई मात्र होइन, खान नपाएका सबैका निम्ति हो'–प्रमुख सुनिल प्रजापति
१९) कुराकानी –'घरडेरीमै पुगेर राहत बाँड्दैछ भक्तपुर नगरपालिका'
२०) एक सयभन्दा बढी देशका २३० वटा राजनीतिक दलको कोभिड–१९ विरुद्ध संयुक्त आह्वान




२१) मेयर प्रजापतिको भिडियो अपिल
२२) दुईहजार वर्षमा पहिलोचोटि सुनसान भक्तपुरको वैशाख –सविना श्रेष्ठ
२३) भक्तपुर अस्पतालले जनताको विश्वास जित्ने ढङ्गले बिरामीहरूको सेवा गर्दैछ– मे.सु. डा. सुमित्रा गौतम
२४) कोरोना भाइरस सङ्क्रमणबाट जोगिन लकडाउनको पूर्ण पालना गरौं –डा. रत्नसुन्दर लासिवा
२५) भक्तपुरमा कोभिड–१९ का विरामी भक्तपुर अस्पताल र केएमसीले मात्र हेर्ने
२६) मेलम्चीको पानी पहिलो चरणमै भक्तपुर आउने
२७) वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीलाई पत्नी शोक
२८) खानेपानी सन्तुलित वितरण गर्न निर्देशन

२९) विपद् व्यवस्थापन कोषमा सहयोग गर्नेहरूको नामावली
३०) भक्तपुर नगरपालिकाको बैठक निर्णय
३१) ङातापोल निर्माण कथा (२) –डा. जनकलाल वैद्य
३२) कोरना (चिनाखँ) – चन्द्रबहादुर उलक
३३) नागरिकको अहं भूमिका (सम्पादकको पृष्ठ)

**साथमा** :-नेपालमा कोरोना भाइरसको परीक्षण/नेपालमा कोरोना सङ्क्रमण/लकडाउन अवज्ञा गर्ने पसलको सामान जफत/भर्चुअल कक्षा प्रसारण/भनपा प्रमुखबाट छिपा ताँ ढलान निरीक्षण/जनस्वास्थ्य सेवा केन्द्रमा कोरोना परीक्षण सुरु/छ हजार कृषकलाई निःशुल्क धानको बिऊ वितरण/भनपाको बजार अनुगमन/७६ दिनपछि उहानमा कोरोना पराजित/लकडाउनमा विभिन्न गतिविधि (रंगीन पृष्ठ)/अमेरिकाले जवाफ नदिएको तीन शंका/लकडाउन पालना गराउन खोज्दा कांग्रेसी कार्यकर्ताद्वारा आक्रमण/पाठकको पत्र/विश्वमा कोभिड-१९को स्थिति/स्थानीय सरकार सञ्चालन ऐन (६)/ SKETCHES FROM NIPAL (48) Henry Ambrose Oldfield/चैत महिनाको पर्यटक तथ्याङ्क ।

## वर्ष ३७ अङ्क ७, २०७७ जेठ/ सङ्ख्या २८२

१) भक्तपुर नपामा जनप्रतिनिधिहरूको तीन वर्ष
२) सरकारले बिर्सेको संसद पुनःस्थापनाको दिन – विवेक
३) जनप्रतिनिधिमाथि 'गाली' को वर्षा –रसिक
४) धार्मिक, सांस्कृतिक महत्त्व बोकेको ऐतिहासिक सम्पदास्थल चाँगुनारायण– डा. बलराम कायस्थ
५) ख्वँःहृःको सत्तलको शिलालेख र गणेशमूर्तिको तोरणको अभिलेख– प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठ
६) पानी –राजेन्द्रबहादुर कायष्ठ
७) महामारीले सिकाएको पाठ– ओम धौभडेल
८) संरा सङ्घ जाने कुरै नगर, किन ? –सञ्जय दुवाल
९) सङ्कटमा खाद्य सुरक्षा –सबिन ख्याजू
१०) सुरक्षा अङ्गको सही उपयोग आवश्यक –विकास श्रेष्ठ
११) एउटा नमुना स्थानीय तह –जयप्रसाद तिमिल्सिना
१२) दुई तिहाइको सरकार कायरमा नदरियोस् –प्रकाश नेपाल
१३) कोभिड १९ ले तर्साएपछिका तीन दिन ...–पुण्यराम लाखा
१४) विस्तारवादी भारतको अतिक्रमणविरुद्ध नेमकिपाको विरोध जारी
१५) 'हतियार र सैन्य शक्तिले जित्दैन सबै लडाइँ' – का. रोहित
१६) प्रमलाई सांसद सुवालको १० बुँदे सुझाव
१७) 'भारतीय हस्तक्षेपको विरुद्ध सशक्त आन्दोलनको आवश्यकता छ'– सुनिल प्रजापति
१८) नेपाली भूमिमाथि भारतीय अतिक्रमणको विरोध
१९) विस्तारवादी अतिक्रमणविरूद्ध जिल्ला-जिल्लामा जुलुस र सभा
२०) सीमा बचाउ अभियान नक्सा समितिको वक्तव्य
२१) नेपालको पूरा नक्सा सार्वजनिक
२२) **साम्राज्यवादविरोधी, समाजवादका अथक अभियन्ता कामरेड मिखाइल लुकासको निधन**
२३) मिखाइल लुकासको देहावसानमा अनलाइन शोकसभा
२४) मिखाइल लुकासको सम्झना – नारायणमान बिजुक्छेँ
२५) कामरेड मिखाइल लुकास सङ्क्षिप्त जीवन परिचय
२६) 'भर्च्युयल कक्षा सञ्चालनले देशभरका विद्यार्थीहरूलाई सहयोग पुगिरहेको छ'–सुनिल प्रजापति
२७) भक्तपुर नगरपालिकाको बैठक निर्णय
२८) भक्तपुर नपाबाट भक्तपुर अस्पताललाई सुरक्षा सामग्री प्रदान
२९) भक्तपुर अस्पताल सुधारोन्मुख
३०) लकडाउनलाई थप कडाइ गरिने
३१) उपत्यकामा लकडाउन थप कडा पार्ने गृहमन्त्रालयको निर्णय
३२) भक्तपुर नगर क्षेत्रमा कोरोना सङ्क्रमित
३३) ङातापोल निर्माण कथा (३) –डा. जनकलाल वैद्य
३४) नेपालको वास्तविक नक्सा (सम्पादकको पृष्ठ)

**साथमा** :-रङ्गीन पृष्ठ/भक्तपुर नपाका महिला वडा सदस्य कोरोना सङ्क्रमण मुक्त/भक्तपुर नगरपालिकाद्वारा सञ्चालित भर्चुअल कक्षा प्रभावकारी भएको प्रतिक्रिया/विभिन्न शैक्षिक संस्था र समूहहरूको अभिरूची/ नेपालमा कोरोना सङ्क्रमण/विश्वमा कोभिड-१९ को स्थिति/प्रकोप व्यवस्थापन कोषमा सहयोग गर्नेहरूको नामावली/नगर प्रमुख प्रजापति अस्पताल निरीक्षणमा/भक्तपुरको खानेपानी समस्याबारे छलफल/एकद्वार प्रणालीविपरीत पक्षपाती काम गर्नेमाथि कारबाही माग/पाँच युएन महिलामा एक नेपाली डाक्टर/बुद्धजयन्ती र चण्डेश्वरी जात्रा औपचारिकतामै सीमित/तुलुहिटी निकास खोलियो/अव्यवस्थित केबुल तार हटाइयो/सूर्यमढीको नासः द्यःको पुनः निर्माण सम्पन्न/जनश्रमदानसँगै च्याम्हासिंह प्रवेशद्वार पुनर्निर्माण सम्पन्न/स्थानीय सरकार सञ्चालन ऐन,२०७४(७)/ SKETCHES FROM NIPAL (49) Henry Ambrose Oldfield ।

## वर्ष ३७ अङ्क ८, २०७७ असार/ सङ्ख्या २८३

१) भक्तपुर नगरपालिकाको सातौं नगरसभा
२) भक्तपुर नपाको आ.व.२०७७/७८ को नीति तथा कार्यक्रम-सुनिल प्रजापति
३) आ.व. २०७७/७८ को अनुमानित बजेट– रजनी जोशी
४) नगरवासीहरूका आधारभूत आवयकता पूरा गर्दै घोषणापत्रका कार्यक्रमलाई पनि समेट्ने –रजनी जोशी
५) नमूना नगरपालिकाको पहिचान बनाउनमा नगरवासीको साथ र सहयोग अमूल्य– इन्द्रप्रसाद बस्याल
६) एमसीसी साम्राज्यवादी अमेरिकाको आर्थिक हतियार–सुनिल प्रजापति
७) कृषिमा आत्मनिर्भरता 'मनको लड्डु'–विवेक
८) नेवारहरूको परिचय र उत्पत्ति–डा.हरिराम सुवाल
९) कोरोनाले जहानमात्र होइन, सम्पूर्ण सहारा गुम्ने खतरा बढ्यो–रसिक
१०) कोरोना सङ्क्रमित हुँदाको अनुभूति–छोरीमैयाँ सुजखू (प्रजापति)
११) सुब्बा कृष्णलाल र उनले लेखेको 'मकैको खेती'–डा. बलराम कायस्थ
१२) फलेहितिको वि.सं.१७३६ को शिलाभिलेख –पुरुषोत्तमलोचन श्रेष्ठ
१३) प्रा.डा. शिवप्रसाद धौभडेल–ओम धौभडेल
१४) हाम्रो खाना– राजेन्द्रबहादुर कायष्ठ
१५) हाइड्रोपोनिक्स : एक वैकल्पिक खेती –सबिन ख्याजू
१६) कृषिप्रधान देशमा मल कारखाना छैन ! –सञ्जय दुवाल
१७) Teacher's Commendable Role for Enhancing Student

Centered Learning Atmosphere–Prof.Bhupendra Hada, Ph.D.

१८) कहाँ हरायो त्यो आदर्श सहर ? -प्रोफेसर अरुण गुप्ता

१९) भक्तपुर नगरपालिकाको बैठक निर्णय

२०) 'विदेशीले नेपालको नगरिकता लिन नसकोस् भन्नेमा राज्य जहिल्यै सचेत हुनुपर्ने'

२१) ङातापोल मन्दिर जीर्णोद्धार निर्देशक समितिको बैठक

२२) उपत्यकामा ठूल्ठूला सहरको विकासले समस्या थपिने

२३) भक्तपुर नपाबाट प्रहरी उपरीक्षक तारादेवी थापालाई स्वागत

२४) प्रा.डा. जटाधर झाको बिदाइ

२५) भक्तपुरका प्रहरी उपरीक्षक सबिन प्रधानको बिदाइ

२६) संविधान संशोधन सर्वसम्मत, निशान छाप अद्यावधिक

२७) अमेरिकी जातिभेदको विरोधमा विश्वव्यापी ऐक्यबद्धता

२८) ङातापोल निर्माण कथा (४) -डा. जनकलाल वैद्य

२९) भारतका 'हितैषी' कि एमसीसीका विरोधी ? (सम्पादकको पृष्ठ)

**साथमा** :-बसिबियाँलो/सीमा रक्षाको विगुल फुकिदेउ-रामकृष्ण प्रजापति/कलर पेज/नपाको ध्यानाकर्षण होस् /हस्तकलाका सामग्रीहरु बनाउने तालिम/ङातापोलको वर्षबन्धन/कसिमला पाँय् मोबाइल एपमा/अफ्रिकी सलह नेपाल प्रवेश/विद्यालयहरूकै आन्तरिक मूल्याङ्कनका आधारमा प्रमाणपत्र दिइने/लकडाउनको स्वरूप परिवर्तन/डेंगु के हो ? लक्षण र बच्ने उपाय/ प्रमुख सुनिल प्रजापतिद्वारा नगरको ढुङ्गा छपाइ कार्यको स्थलगत निरीक्षण/ सङ्क्रमित भेटिएपछि भक्तपुरको मुलाछैँमा सिल/नेपालको जनसङ्ख्या तीन करोड नाघ्यो/जिल्ला फुटबल सङ्घ विघटनविरुद्ध टिम क्लब र फुटबल खेलाडीहरूको भेला/नेपाल स्काउटबाट भक्तपुरका चार युवा सम्मानित/धान दिवसको दिन सरकारद्वारा रोपाइँ गर्न रोक/क्यान्सर अस्पताल सुचारु राख्ने पक्षमा चिकित्सक र कर्मचारी/ नेपालमा कोरोना सङ्क्रमण/ विश्वमा कोभिड-१९ को स्थिति /ङातापोल मन्दिर संरक्षणार्थ /स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (८)/SKETCHES FROM NIPAL (50) Henry Ambrose Oldfield ।

## वर्ष ३७ अङ्क विशेष, २०७७ साउन/ सङ्ख्या २८४

### सातौं नगरसभा

१) भक्तपुर नपाको आ.व.२०७७/७८ को नीति तथा कार्यक्रम-सुनिल प्रजापति

२) आ.व. २०७७/७८ को अनुमानित बजेट (पूर्णपाठ)-रजनी जोशी

३) भक्तपुर नगरपालिकाको विनियोजन ऐन २०७७

४) आ.व.२०७७/०७८ को अनुमानित बजेट विवरण

५) भक्तपुर नगरपालिकाको आर्थिक ऐन २०७७

६) विभिन्न समितिहरूको प्रतिवेदन

७) भक्तपुर नगरपालिका वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी ऐन, २०७७

८) भक्तपुर नगरपालिकाको सहकारी ऐन २०७४ मा संशोधन गर्नुपर्ने बुँदाहरू

९) भक्तपुर नगरपालिकाको सातौं नगरसभा (प्रतिवेदन) (२०७७ असार ७ गते, आइतवार- असार १६ गते मङ्लबार)

१०) 'हाम्रा हरेक काम खुल्ला र पारदर्शी छ' (सम्पादकको पृष्ठ)

## वर्ष ३७ अङ्क ९, २०७७ साउन/ सङ्ख्या २८५

१) 'सम्पदा संरक्षणमा श्रमदान र आर्थिक सहयोग गर्नु भक्तपुरवासीको विशेषता' -प्रमुख प्रजापति

२) 'क्यान्सर अस्पतालमा उपचारको अभाव भए पुरानो व्यवस्थापन समिति जिम्मेवार हुनेछ'- प्रमुख प्रजापति

३) सिङ्गो समाज र देश बनाउन अगाडि बढ्ने अपेक्षा-प्रमुख सुनिल प्रजापति

४) सम्झनामा पद्युम्न प्रजापति (राजा दाइ)- सुनिल प्रजापति

५) ज्याप् जातिको अर्थ र उत्पत्ति- डा. हरिराम सुवाल

६) कानुन नै सबथोक हो र ?- रसिक

७) नेपाली समाजको संरचना- डा. बलराम कायस्थ

८) तुछिमलाको ऐतिहासिक विश्वकर्मा द्यःछैँ- ओम धौभडेल

९) जङ्क खाना- राजेन्द्रबहादुर कायष्ठ

१०) सलह कीरा र व्यवस्थापन- सबिन ख्याजू

११) 'विदेशीको सहयोग नलिदैमा भक्तपुरको सम्पदा संरक्षण रोकिने छैन'- केशव तमखु

१२) वाकुपति चाँगुनारायण मन्दिरः एक परिचय- हिना सुवाल

१३) सम्पदा पुनर्निर्माणमा भक्तपुर मोडल- सुदर्शन अर्याल

१४) क्युवाली चिकित्सकहरू आफ्नो ज्यान जोखिममा राखेर संसारका जनताको सेवा गर्दैछन्'- प्रमुख सुनिल प्रजापति

१५) स्वास्थ्यकर्मीहरूबीच अन्तरक्रिया (दुई मन्तव्य)

१६) भक्तपुर नगरपालिकाको बैठक निर्णय

१७) गाईजात्रा पर्वबारे नगर प्रमुख सुनिल प्रजापतिको सन्देश

१८) भक्तपुर नपाद्वारा गाईजात्रा पर्व २०७७ सञ्चालनबारे सरोकारवालाहरूसँग छलफल

१९) अपराधीलाई राजनैतिक संरक्षण दिने प्रवृत्ति भएसम्म भ्रष्टाचार नियन्त्रण नहुने

२०) राष्ट्रिय परिचयपत्र नागरिकतासँग जोडिएकाले सचेत हुनुपर्ने

२१) चिनियाँ कम्युनिष्ट पार्टीबाट प्राप्त सर्जिकल मास्क हस्तान्तरण

२२) समाजवादी देश महामारी नियन्त्रणमा सफल

२३) भक्तपुर नपालाई संस्थागत विद्यालयहरूको ध्यानाकर्षणपत्र

२४) ख्वप इन्जिनियरिङ कलेजका नयाँ विद्यार्थीलाई अभिमुखीकरण

२५) ३१८ वर्ष पुरानो ऐतिहासिक विश्वकर्मा आगछैँको शिलान्यास

२६) वाकुपति नारायणका पाटी र ढुङ्गेधाराको उद्घाटन

२७) पूर्ववडाध्यक्ष पद्युम्न प्रजापतिको निधन

२८) 'ख्वपको पहिचान' सन्दर्भसामग्री सार्वजनिकीकरण

२९) भ्रष्टाचारविरोधी दिवसमा विविध कार्यक्रम

३०) ङातापोल निर्माण कथा (५)- डा. जनकलाल वैद्य

३१) सरकारको कार्य उल्टो ? (सम्पादकको पृष्ठ)

**साथमा** :-बसिबियाँलो/प्रकोप व्यवस्थापन कोषमा सहयोग गर्नेहरूको नामावली/नेपालमा कोराना सङ्क्रमण/विश्वमा कोभिड-१९ को स्थिति/गाईजात्रा व्यवस्थापनका लागि स्वयम्सेवक इन्चार्ज बैठक/गाईजात्रा प्रदक्षिणा मार्ग निरीक्षण/गाईजात्रा पर्व सुरक्षित र औपचारिकतामा सीमित गरी मनाउन वडावासी भेला/गाईजात्रा पर्वलाई औपचारिकतामा सीमित गर्नु समयको आवश्यकता/भक्तपुर नगरका आधारभूत विद्यालयहरूको प्रतिवेदन हस्तान्तरण/बजार

अनुगमन/ऐतिहासिक एवम् सांस्कृतिक पञ्चदान पर्व स्थगित गर्ने निर्णय/'वाटर रेस्क्यु ड्रिल' अभ्यासका प्रशिक्षक तथा प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण/नेपाल क्रान्तिकारी किसान सङ्घ ५३ औं वर्षमा पव्रेश/भनपाका प्रमुख प्रजापतिसित तुल्सीपुर उपमहा नपाका प्रमुख पाण्डेको भेट/उच्च जोखिमकै बीचमा लकडाउन अन्त्य/वडा नं. १० मा वडावासीको भेला/वत्ती पाटी शिलान्यास/माहेश्वरी दूब्यंके फल्चाको शिलान्यास/फोटो प्रतियोगिताको पुरस्कार वितरण/'यो ट्रम्प भाइरस' हो'/शुल्क नउठाउन र क्षतिपूर्ति दिन आग्रह/श्रद्धाञ्जली सभा/यस वर्षको गुँला पर्व स्थगित/सलह कीराबाट बालीमा हुने प्रकोपबारे प्रवचन/स्थानीय पाठ्यक्रमको सन्दर्भ सामग्री 'ख्वपको पहिचान' का लेखकहरूसँग छलफल/ कीटजन्य रोगहरू बारे अभिमुखीकरण/भक्तपुर नपा पूर्ण खोप सुनिश्चित घोषणा हुँदै/महाकाली क्षेत्र संरक्षण समितिको साधारणसभा / प्रमुख प्रजापतिद्वारा दुई दिने प्राथमिक उपचार तालिम उद्घाटन/सरिता गिरी पार्टीबाट निष्काशित/एमसीसीबाट अमेरिकी कानुनले बाँधिन्दैन रे/स्थानीय सरकार सञ्चालन ऐन, २०७४(९)/ SKETCHES FROM NIPAL (51) Henry Ambrose Oldfield (51)/पर्यटक तथ्याङ्क (वार्षिक) ।

## वर्ष ३७ अङ्क १०, २०७७ भाद्र/ सङ्ख्या २८६

१) 'गणतन्त्रका शासकमा सामन्ती भाषा र पक्षपात चालु रहनु राम्रो लक्षण होइन'–नारायणमान बिजुक्छेँ
२) 'नगरवासीहरूले नपाका हरेक निर्णयलाई सकारात्मक रूपमा लिई साथ र ... –प्रमुख प्रजापति
३) 'समन्वय र सहकार्यले मात्रै कोरोनाबाट बचाउन सकिन्छ'–प्रमुख सुनिल प्रजापति
४) भक्तपुर काण्ड : राज्यद्वारा रचित एक असफल षड्यन्त्र– विवेक
५) भक्तपुर काण्ड : राजनैतिक इतिहासमा कालो दिन– उकेश कवां
६) गोविन्द दुवालसँगको अन्तरवार्ता
७) 'भक्तपुर काण्ड' सम्बन्धी पुस्तकहरूबारे– समा
८) भक्तपुर नगरको ऐतिहासिकता– डा. हरिराम सुवाल
९) नबिराउनु, नडराउनू– रसिक
१०) कान्तिपुरका मल्लकालीन दरबारिया भारदारहरू– डा. बलराम कायस्थ
११) नेवारी संस्कारमा गरुड पुराण र त्यसभित्र लुकेको मानव विज्ञान– डा. वीरेन्द्रप्रसाद कायस्थ
१२) रणजित मल्ल र सातबहाले राजकुमारहरू– ओम धौभडेल
१३) तलेजु भवानीलाई महिष बलि र परिकार– रविन्द्र मुनंकर्मी
१४) महान वैज्ञानिक थोमस अल्वा एडिसन– राजेन्द्रबहादुर कायष्ठ
१५) गानोडर्मा च्याउ र उपयोगिता– सबिन ख्याजू
१६) पुर्वजहरूको निर्माण प्रविधिबारे ध्यान दिने कि ?– गणेशभक्त शिल्पकार
१७) भक्तपुर नगरापलिकाको बैठक निर्णय
१८) भक्तपुर काण्डको भर्त्सना कार्यक्रम
१९) भक्तपुर काण्ड पञ्चायतले योजनाबद्ध तरिकाले रचेको षड्यन्त्र
२०) भक्तपुर नपामा भक्तपुर काण्डको भर्त्सना
२१) स्वयम्सेवकहरूबीच अभिमुखीकरण कार्यक्रम
२२) सम्पदा पुनःनिर्माणमा समुदायको सहभागिता प्रभावकारी
२३) लोकप्रिय कवि घिमिरेको निधन
२४) भक्तपुर नगर प्रवेश गर्ने मुख्य नाकाहरूमा निगरानीको लागि कर्मचारीहरू खटाइयो
२५) काठमाडौं उपत्यकामा निषेधाज्ञा
२६) सरकारले जिम्मेवारी बहन नगर्दा जनताले दुःख पाए
२७) अनलाइन माध्यमबाट पठनपाठन अगाडि बढाउनुको विकल्प छैन
२८) राष्ट्रिय परिचयपत्र वितरण स्थगित गर्ने निर्णय
२९) भक्तपुर नपामा प्रमुख प्रशासकीय अधिकृतको बिदाइ र स्वागत
३०) सहकारी संस्थाहरूको साधारणसभा सञ्चालनबारे अन्तरक्रिया
३१) मौलिकता जोगिने गरी संरक्षण हुनु उदाहरणीय
३२) खेलको प्रमाणपत्रलाई शैक्षिक मान्यता दिई रोजगारीको सृजना गर्नुपर्ने
३३) ङातापोल्हँ मन्दिर संरक्षण कार्यको प्रतिवेदन
३४) कोरोनासँग निहुँ नखोजौं (सम्पादकको पृष्ठ)

**साथमा** :–रङ्गीन पृष्ठ/भक्तपुर नपाको प्रकोप व्यवस्थापन कोषमा सहयोग गर्ने संस्था, व्यक्ति तथा सङ्घ–संस्थाहरूको नामावली/नेपालमा कोरोना सङ्क्रमण/विश्वमा कोभिड–१९ को स्थिति/परीक्षा नतिजा निकाल्दा बेथिति हटाउनु पर्ने/भक्तपुरमा अत्यावश्यक बाहेकका सबै सेवा बन्द/भक्तपुरमा सार्वजनिक यातायात बन्द/भक्तपुरको रानी पोखरी जीर्णोद्धार कार्य पुनः सुचारु/मालपोत कर र घर–जग्गा दररेटसम्बन्धी अभिमुखीकरण/बजार अनुगमन/ङातापोल्हँ निर्माण कथा (६)/स्क्रब टाइफस के हो ? लक्षण र बच्ने उपाय/पाठकपत्र/स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (१०)/SKETCHES FROM NIPAL (52) Henry Ambrose Oldfield (52) ।

## वर्ष ३७ अङ्क ११, २०७७ असोज/ सङ्ख्या २८७

१) नेपालको संविधान र स्थानीय तहको चुनौती–प्रमुख सुनिल प्रजापति
२) देश कतातिर पूँजीवाद वा समाजवाद ?– क्रिश्चिना
३) स्वास्थ्य क्षेत्र निजीकरण र त्यसको परिणाम– विवेक
४) 'उपत्यका छिर्ने नाकामा कडाइ गर्न नसक्दा उपत्यकामा सङ्क्रमण फैलियो'– प्रमुख सुनिल प्रजापति
५) सम्पदा संरक्षण र पर्यटनमा कोभिड १९ को चुनौती– उपप्रमुख रजनी जोशी
६) कोरोना नियन्त्रणमा सहकारीहरूको भूमिका महत्त्वपूर्ण हुने– प्रमुख प्रजापति
७) संस्कारको परिचय र यसको आवश्यकता– डा. हरिराम सुवाल
८) भक्तपुरका ऐतिहासिक ढोकाहरू– ओम धौभडेल
९) पञ्चामृत लेपन– तेजेश्वरबाबु ग्वंगः
१०) भारत–पाकिस्तान सम्बन्ध र कश्मिर मुद्दा– डा. बलराम कायस्थ
११) क्युवा र भक्तपुर नपाःशिक्षा र स्वास्थ्य– डा. बालकृष्ण चागुँभारी
१२) आइज्याक न्युटन– राजेन्द्रबहादुर कायष्ठ
१३) कोभिड १९ रोगबारे आफुलेजानेको कुरा– डा. रविन्द्र पाण्डे
१४) विरुवा संरक्षणका केही उपायहरू–सबिन ख्याजू
१५) 'हाम्रो अभ्यास २०७७' पुस्तक अध्ययन गर्दा–कृतिका प्रजापति
१६) अस्ट्रेलिया मेलबर्नको यात्रा संस्मरण– हेरा ख्याजू
१७) 'आयुर्वेद रोगको निदान गर्ने विज्ञानमात्र नभएर जीवनका लागि ...– डा. नदन कडँल
१८) 'कोरोना सङ्क्रमितलाई हेला होइन सहयोग गरौँ'–सुनिता खुसु

१९) भक्तपुरका महिलाहरूले 'रेस्क्यू' गरेको रानीपोखरी- सुदीप श्रेष्ठ
२०) रानीपोखरी (न्हू पखु) लाई नयाँ जीवन दिने भक्तपुरका महिला कालिगड-जेनिश लागजु
२१) भक्तपुर नगरपालिकाको बैठक निर्णय
२२) बजारमा बिक्ने होइन देश र जनताप्रति समर्पित जनशक्ति तयार गर्नु आवश्यक
२३) अनलाइन कक्षा सञ्चालन र शुल्क सम्बन्धमा नगर शिक्षा समिति भक्तपुरका निर्णयहरू
२४) विश्व पर्यटन दिवसमा 'सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धार' सचित्र पुस्तक विमोचन
२५) नगर पम्रुख प्रजापतिलाई सयुंक्त परीक्षा समितिको ध्यानाकर्षण पत्र
२६) आवश्यक सुविधासहित भक्तपुर नपाको आइसालेसन केन्द्र सञ्चालन
२७) ख्वपका नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत तथा अभिमुखीकरण
२८) ख्वपमा कानुन विषयको अध्ययन र महत्त्वबारे प्रवचन
२९) भक्तपुर नगरपालिकाबाट प्रकोप व्यवस्थापनमा एक करोड उनान्नसी लाख खर्च
३०) स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी सहकारी संस्थाहरू सञ्चालन गर्न पहल गर्ने
३१) कोरोना महामारी नियन्त्रणमा केन्द्र, प्रदेश र स्थानीयतहबीच समन्वय भएन
३२) 'भक्तपुर नपाले स्वास्थ्य उपचार र अन्य सेवाको परामर्शको लागि चिकित्सक
३१) दुई तिहाइसँग अपेक्षा (सम्पादकको पृष्ठ)

**साथमा-** दशैं औपचारिकतामा सीमित गर्न छलफल/रङ्गीन पृष्ठ/नेपालमा कोरोना सङ्क्रमण/विश्वमा कोभिड-१९ को स्थिति/परीक्षा सञ्चालन बारे अनलाइन अभिमुखीकरण/बसिबियाँलो/प्रमुखबाट रानीपखुको निरीक्षण/कोभिड रोकथामका लागि जनस्वास्थ्य सेवा केन्द्रबाट भएका कार्य/सुरक्षा नीति अपनाएर व्यवसाय सञ्चालिन गरिने/कोरोना भाइरसको सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि सहकारी संस्थाहरूको भूमिकाबारे छलफल/निषेधाज्ञामा अनियमित निर्माण भत्काइयो/भक्तपुर नपाको प्रकोप व्यवस्थापन कोषमा सहयोग गर्ने संस्था, व्यक्ति तथा सङ्घ-संस्थाहरूको नामावली/भक्तपुरमा पीसीआर मेसिनको लागि पहल/निषेधाज्ञा खकुलो/आङ रितामा हार्दिक श्रद्धाञ्जली !/स्वामी अग्निवेशको निधन/गुणस्तरहीन सानिटाइजर प्रयोग नगरौं/ङातापोल्हँ निर्माण कथा (७)/स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (११) / SKETCHES FROM NIPAL (53) -Henry Ambrose Oldfield-107 ।

## वर्ष ३७ अङ्क १२, २०७७ कार्तिक/ सङ्ख्या २८८

१) कोभिड महामारीले देखायो पूँजीवाद र समाजवादको भिन्नता-नारायणमान बिजुक्छें
२) कोभिडका बिरामीको परीक्षण र उपचार निःशुल्क गर्नुपर्ने-प्रेम सुवाल
३) 'भनपा जनताको स्वास्थ्य प्रति अत्यन्त संवेदनशील छ'-सुनिल प्रजापति
४) नेमकिपाको कोभिड १९ र रेशम मार्गबारेको विचार-सुरेन्द्र गोसाई
५) भक्तपुर दरबार क्षेत्र र त्यहाँका केही सांस्कृतिक सम्पदाहरू-डा. बलराम कायस्थ
६) नेपाल संवत् : राष्ट्रिय संवत् कि नेवार संवत् ?-आशिषकाजी श्रेष्ठ
७) भक्तपुर तलेजुमा दीक्षा प्रथा-ओम धौभडेल
८) नेपालको गौरवमय राष्ट्रिय लिपि : रञ्जना लिपि-दिवाकर श्रेष्ठ
९) बत्तीमुनि अँध्यारो-सुषमा सापकोटा रिसाल
१०) ज्यापू जातिको बालककालीन जीवनमा गरिने विभिन्न संस्कारहरू-१-डा. हरिराम सुवाल
११) 'कोरोनालाई हेलचक्र्याइँ नगर्नु होला'-कुमार चवाल
१२) वर्तमान सन्दर्भ-सेवामुखी प्रशासनको महत्त्व-धरणीधर खतिवडा
१३) नाटक र भालु नाचबारे सङ्क्षिप्त चर्चा-१-बिगोल
१४) महान वैज्ञानिक ग्यालिलियो ग्यालिली-राजेन्द्रबहादुर कायष्ठ
१५) Enough is Enough–दामोदर सुवाल
१६) नगदे बाली-सबिन ख्याजू
१७) भक्तपुर नगरपालिकाको स्पष्टोक्ति
१८) 'फ्रूट र मनगढन्त कुराले भाइरस मर्दैन'-हुआ चुनयिङ
१९) 'ख्वपको पहिचान' सन्दर्भ सामग्री सरसरती नियाल्दा-कृतिका प्रजापति
२०) भक्तपुर नपाको आइसोलेशन केन्द्रमा बिताएका दिनहरू-सृजना बासुकला
२१) भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णहरू
२२) चालीसौं नेपालभाषा साहित्य तःमुंज्या सम्पन्न
२३) उद्योग राज्यमन्त्री दुगडद्वारा भक्तपुर औद्योगिक क्षेत्र निरीक्षणःउद्योग हटाउन नाराबाजी
२४) भक्तपुर औद्योगिक क्षेत्रका प्रदूषण फाल्ने उद्योग स्थानान्तरणबारे
२५) दशैंमा नगर प्रमुख सुनिल प्रजापतिको सन्देश
२६) कोरियाली मजदुर पार्टीको स्थापना दिवसमा नेमकिपाको शुभकामना
२७) काठमाडौं उपत्यकाको यातायात र ट्राफिक व्यवस्थापनबारे छलफल
२८) कोरियाली मजदुर पार्टीको स्थापना दिवसमा नेमकिपाको शुभकामना
२९) 'एक क्षेत्र-एक मार्ग'बारे नेपाल-चीन राजनीतिकदलबीच प्रथम सम्मेलन
३०) पुनः निषेधाज्ञा गर्न नेपाल सरकारसमक्ष आग्रह
३१) दशैंमा तलेजुभित्र बलि नदिने र विधिपूर्वक सामान्य पूजामा सीमित गर्ने निर्णय
३२) कोभिड-१९ बारे अन्तर्राष्ट्रिय सम्मेलन
३३) सरकारको ज्यानमारा नीति (सम्पादकको पृष्ठ)

**साथमा**ःबसिबियाँलो/रङ्गीन पृष्ठ/दशैंको शुभकामना आदानप्रदान/अत्यावश्यक बाहेकका सेवा अनिश्चितकाल स्थगित/पीसीआर परीक्षण निःशुल्क गर्न सर्वोच्चको परमादेश/'कोरोना महामारी केन्द्र' को स्थिति/कोभिड १९ को 'सहर केन्द्रित असर र रोकथाम' विषयक अन्तरसंवाद/सूर्यविनायक वीरदल गणका प्रमुख सेनानीको स्वागत र बिदाइ/१० वडामा बाजा टोलीहरूको भेला/वडा सदस्य शिल्पकारको राजीनामा स्वीकृत/कोरोना नियन्त्रण गर्न विभिन्न संस्थाबाट आर्थिक सहयोग/दशैंलाई मध्य नजर गरी बजार अनुगमन/भारतमा दैनिक सरदर २८ जना किसानद्वारा आत्महत्या/**ङातापोल्हँ निर्माण कथा (८) (समाप्त)**/नेपालमा कोरोना सङ्क्रमण/विश्वमा कोभिड-१९ को स्थिति/स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (१२)/SKETCHES FROM NIPAL (54) -Henry Ambrose Oldfield ।

सम्पादकको पृष्ठ

# भ्रष्टाचारमा नेपाल नम्बर एक

भ्रष्टाचार पूँजीवादको छायाँ हो । भ्रष्टाचारको अन्त्य भएमा पूँजीवादको फेरि न्वारान गर्नुपर्ने हुन्छ । त्यसैले भ्रष्टाचारलाई पूँजीवादको छायाँमात्र होइन प्राणवायु नै भने पनि फरक पर्दैन ।

ट्रान्सपरेन्सी इन्टरनेसनलले हालै विश्वव्यापी भ्रष्टाचारको स्थितिबारे प्रतिवेदन सार्वजनिक गरेको छ । त्यस्तो प्रतिवेदन हरेक वर्ष प्रकाशित गर्छ । ती प्रतिवेदनमा देशहरूको स्थान तल माथि हुनेगर्छ । कतिपय प्रतिवेदन विवादास्पद पनि हुने गरेको छ । यद्यपि प्रतिवेदनले विभिन्न देशमा भ्रष्टाचारको स्थितिको जानकारी दिनेगर्छ ।

सन् २०१९ मा भ्रष्टाचारको स्थितिबारे सार्वजनिक गरिएको प्रतिवेदनमा १८० देशको सूचीमा नेपाल ११३ औँ स्थानमा परेको छ । नेपालमा भन्दा धेरै भ्रष्टाचार हुने देशहरू ७७ ओटा रहेछन् । यसले सरकारलाई नेपालमा भन्दा बढी भ्रष्टाचार हुने देशहरू पनि भएकोले 'गर्व' गर्ने ठाउँ दिएको छ ।

तर एसियाका १६ देशहरूको स्थिति हेर्दा भने सत्तामा बस्नेहरूको चुच्चेनाक फेदमै पुगेको छ । एसियाली देशहरूमा विगतमा अरु देश भ्रष्टाचारमा १ नम्बरमा पर्थे भने अहिले नेपाल १ नम्बरमा परेको छ । प्रतिवेदनको लागि गरिएको सर्वेक्षणमा सहभागीहरूमध्ये ५८ प्रतिशतले नेपालमा भ्रष्टाचार बढेको बताएका छन् । त्यस्तै भ्रष्टाचार बढ्नुको कारणमा ८४ प्रतिशत सहभागीले सरकारतिर औँला सोझ्याएका छन् । यसबाट दुई तिहाइको सरकार भ्रष्टाचार बढाउनमा जिम्मेवार रहेको स्पष्ट हुन्छ । साथै एसियामा नेपाललाई भ्रष्टाचारमा १ नम्बरमा पुऱ्याउन पनि 'सक्षम' देखिएको छ ।

'सुखी र समृद्ध नेपाल' भट्याउन सत्ताधारीहरू थाकेका छैनन् । 'भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता' को थेगोले जनताको कान टट्टाइसकेको छ । 'म भ्रष्टाचार गर्दिन र अरुलाई पनि गर्न दिन्न' भन्ने दुईतिहाइ सरकारका प्रमको 'महावाणी' मेचीदेखि महाकालीसम्म गुञ्जिरहेकै छ । तर व्यवहारमा ठ्याक्कै उल्टो भएको तथ्य प्रतिवेदनमा सार्वजनिक भएको छ । यसले देशमा कोरोनाजस्तै भ्रष्टाचारको पनि महामारी फैलिरहेको छ ।

भ्रष्टाचार पञ्चायतकालमा थियो, बहुदलमा निरन्तरता पायो र गणतन्त्रमा झाँगिएको छ । दुई तिहाइको सरकार झनै भ्रष्ट भएको छ । भ्रष्टाचारमा १ नम्बर रातारात भएको होइन । यस अघिका सबै सरकारहरू जिम्मेवार छन्, पूर्वसरकारहरूको जगमा दुईतिहाइ सरकारले महल खडा गरेको मात्र हो ।

सरकारले 'प्रतिवेदन अस्वीकार्य' बताएको छ । अनुहारमा लागेको कालो दाग पुछ्नुको साटो ऐना फुटाएर भ्रष्टाचार नियन्त्रणको लागि सरकारले गरेका प्रयास पनि अस्वीकार गरेको टिप्पणी सुनिएको छ ।

भ्रष्टाचार नियन्त्रणको लागि बनाइएका कानुनहरू बुँख्याचा र गठन गरिएका संवैधानिक र सरकारी निकायहरू दूधको साछी विरालो सावित भएका छन् ।

भ्रष्टाचार चोरी, डकैती, हत्याजस्ता अपराधभन्दा गम्भीर र दूरगामी प्रकृतिको छ । त्यसैले सजाय पनि अपराधको प्रकृति अनुकूल हुनुपर्थ्यो र पर्छ । भ्रष्टाचारको प्रकृति र मात्रा हेरी मृत्युदण्डको बन्दोबस्त गर्न नेमकिपालगायत धेरैले माग गर्दै आएका छन् । तर सत्तामा जाने र बस्नेहरू 'आफ्नो खुट्टामा आफैले बञ्चरो हान्ने काम' होला भनेर डराउँदै आएका छन् । परिणाम देश आज एसियाको १ नम्बरको भ्रष्ट देश बनेको छ । भोलि ट्रम्प सरकारले कोरोनालाई जानीजानी बेवास्ता गर्दा महामारी पीडितमा विश्वको १ नम्बर भएझैँ नेपाललाई पनि भ्रष्टाचारमा विश्वकै १ नम्बरमा पुऱ्याउने हो कि ?!



प्रतिनिधि सभा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको आयोजनामा कोभिड १९ महामारीको मारमा परेका श्रमिकहरूको व्यवस्थापनका लागि उपत्यकाका स्थानीय तहहरूले गरेको व्यवस्था सम्बन्धमा बैठक (कार्तिक २४ गते)



नेमकिपाका सांसद प्रेम सुवाल, भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिलगायतको टोली र औद्योगिक क्षेत्र व्यवस्थापन लि. का महाप्रबन्धक सुभाष सिटौलाबीच भक्तपुर औद्योगिक क्षेत्रभित्रका प्रदूषण गर्ने उद्योगहरू स्थानान्तरणबारे छलफल (कार्तिक २३ गते)



भक्तपुर लायकुको भण्डारखाल पुखुको बिलाछेँ पुन:निर्माण जारी